# परिच्छेद एक

# शोध परिचय

## १.१ विषय परिचय

सुस्मिता नेपाल वि.सं.२०२७ सालको वैशाख पूर्णिमाको दिन ललितपुर जिल्लाको चापागाउंमा जन्मेकी हुन् । उनको पिताको नाम मीन बहादुर थापा र आमाको नाम नारायणी थापा हो । सुस्मिता नेपालले २०४७ सालमा,"जुनलाई चियाउन खोज्नेलाई" भन्ने शीर्षकको कविताबाट साहित्यिक रचना सुरु गरेको पाइन्छ । उनले कक्षा ८ सम्म बज्रबाराही मा.वि.मा र ९ देखि १० सम्म ललितपुर मा.वि.मा अध्ययन गरिन् । त्यसपछि आई.ए. देखि एम. ए. सम्म पद्मकन्या क्याम्पसबाट आफ्नो उच्च शिक्षा पास गरिन् । उनको साहित्यिक यात्रा एकान्त पनि रुन्छ (२०५३) उपन्यासबाट सुरु भएको हो । उनका ८ वटा कृतिहरु प्रकाशित भइ सकेका छन् । त्यसमध्ये कथा,उपन्यास र कविता रहेका छन् । उनी हाल शिक्षण पेशामा संलग्न हुनुको साथै गुञ्जन साहित्यिक संस्थासँग पनि सम्बध्द रहेको देखिन्छ । वास्तविक जीवनलाई समेटेर र समाजको कुनै पनि पक्षसंग इमान्दार भएर लेखिएको लेखन उत्कृष्ट मान्ने सुस्मिता नेपाली समाजको यथार्थतासंग निकै नजिक देखिन्छिन् । सुस्मिताले आफ्नो पति (मञ्जुल) लगायत पारिजात, विजयमल्ल, तेहेमिना, महाइवतादेवी, इन्द्र बहादुर राई, दौलत विक्रम विष्ट, रमेश विकल, सरुभक्त श्रेष्ठ, मेक्सिम गोर्की, गोपाल प्रसाद रिमाल आदिका साहित्यिक रचनाबाट प्रेरणा प्राप्त गरेको देखिन्छ ।

सुस्मिता नेपालले वि.सं.२०५४ सालको राष्ट्रिय कविता महोत्सव लगायत अन्य विविध कार्यक्रममा पुरस्कृत हुने मौका पाइन् । कुनै पनि कुरालाई कलात्मक ढंगले प्रस्तुत गरिने कलालाई नै उनी सफल साहित्य मान्छिन् । सुस्मिता प्रकृतिसंग ज्यादै नजिकिएर साहित्य रचना गर्छिन् । प्रकृतिको स्वच्छता र मानव जीवनका उतार चढावसंग साक्षात्कार गर्दै उनले आफ्ना साहित्यिक रचना सिर्जना गरेकी छन् । उनका साहित्यिक रचना समाजमा चेतनाको दीप बाल्न अत्यन्तै सफल देखिन्छन् । उनका कृतिहरुले समाजलाई धैर्यता,अनुशासन तथा शिष्टाचारको पाठ पढाएको छ । उनी महिलालाई साहित्यका क्षेत्रमा उतार्न आग्रह गर्छिन् । महिला माथि गरिने भेदभावको खुलेर विरोध गर्न पनि सुस्मिता त्यत्तिकै सरल देखिन्छिन् । उनी प्रेमलाई जीवनको सुन्दर पक्ष मान्छिन् । आफूले आफूलाई नढाँटी बाच्ने जीवन सुन्दर हो भन्ने उनको विचार रहेको देखिन्छ । सकारात्मक सोचाइ,लोक कल्याणकारी विचार एउटा लेखकमा भएमा त्यसका रचनाले सही बाटो देखाउँछ भन्ने उनको धारणा रहेको देखिन्छ । प्रसिध्द साहित्यकार मञ्जुलसंगको सहयात्रा उनको लागि संयोग भएको मानिन्छ । यही संयोगले स्वदेशी तथा विदेशी विशिष्ट साहित्यिक व्यक्तित्वसंगको साक्षत्कारले उनको प्रतिभाले फस्टाउने मौका पाएको उनी बताउँछिन् । उनको भविष्यमा यात्रा निवन्ध विधातिर कलम चलाउने सोच राखेकी छन् ।

## १.२ शोध समस्या

(क) सुस्मिता नेपालको साहित्यिक प्रवृत्तिहरु के कस्ता छन् ?
(ख) सुस्मिता नेपालको कथात्मक प्रवृत्तिहरु के हो ?
(ग) सुस्मिता नेपालको कथाहरुको मूल्यांकन कसरी गर्न सकिन्छ ?

## १.३ शोधको उद्देश्य

(क) सुस्मिता नेपालको साहित्यिक प्रवृत्तिहरुको चिनारी गराउनु
(ख) सुस्मिता नेपालको कथाहरुको प्रवृत्तिहरुको निरुपण गर्नु
(ग) सुस्मिता नेपालको कथाहरुको विश्लेषण गरी उनको स्तर निर्धारण गर्नु

## १.४ शोध : पूर्वकार्य समीक्षा

नेपाली साहित्यको इतिहासमा देखा परेका विभिन्न व्यक्तिहरुको साहित्यिक व्यक्तित्वको अध्ययन गर्ने परम्परा रहेको पाइन्छ । कतिपय त्यो अध्ययनको दायरा भित्र पर्न सक्छन् भने कति साहित्यकारहरु अध्ययन परम्पराबाट बाहिरिएका पनि छन् । साहित्यकार सुस्मिता नेपाल बारेमा पनि हालसम्म छुट्टै अध्ययन नभई केही पत्र पत्रिका र समालोचनात्मक टिप्पणीहरु पुस्तकहरुमा सामान्य चर्चा मात्र भएको पाइन्छ । जे जति भए पनि ती चर्चा परिचर्चाका विवरणका रुपमा प्रस्तुत गरिनु सान्दर्भिक हुन आउँछ ।

अभि सुवेदीले लेखको शीर्षक सगरमाथा पत्रिका (२०५३) मा सुस्मितालाई उत्पीडित ग्रामीण नारीको वेदनालाई अभिव्यक्त गर्न सफल उपन्यासकारका रुपमा चित्रण गरेका छन् ।

सुलोचना मानन्धरले सम्पूर्ण आकाश वर्ष १ अंक १८ (२०५३।०२।१६) मा सुस्मिताका उपन्यास महिला समस्या प्रधान हुनुको साथै उत्पीडित महिलाको चित्रण गरेर देखाउने ऐना सावित भएको कुरा वताएकी छन् ।

ऋषिकेश द्वीपले जनधारणा वर्ष ५ अंक ८ (२०५३ जेष्ठ १७)मा सुस्मिता नेपाली साहित्यको आकाशमा उदयीमान भएर उदाएकी एउटी सफल साहित्य स्रष्टा हुन् जसले नेपाली साहित्य भण्डारमा नयाँ कृति थप्ने काममा सफल छन् भनी चित्रण गरेका छन् ।

प्रतिपक्ष साप्ताहिक (२०५३ असार) मा सुस्मिता पुरुष प्रधान समाजका भोग्याका रुपमा रहेका नारीको उत्पीडन र दयनीय अवस्थाको चित्रण गरी नेपाली साहित्यलाई चुल्याउन सफल स्रष्टा भनी उल्लेख गरिएको छ ।

शिवप्रसाद भट्टराईले हु.द.स.वा.ना २ वर्ष ९६ अंक ९७ (२०५३ साउन २६ शनिवार) मा सुस्मिता सर्पहरुले काँचुली फेरे जसरी स्वास्नी फेर्ने लोग्नेलाई पनि परमेश्वरका दर्जा दिने हीन

मनोबलका कारणले अन्यायमा परी शिकार भएका महिलाहरुको सहि विश्लेषण गर्न सफल देखिएकी वताएका छन् ।

दौलत विक्रम विष्टले मेरा छातीका कोलाजहरु (२०५५) को भूमिकामा प्रतिकात्मक उपन्यासकी स्रष्टा मानिन्छिन् सुस्मिता । अभिव्यञ्जनात्मक शैलीमा समाजका यथार्थताको चिरफार गर्ने सिलसिलामा उनको अभिव्यक्ति बुध्दि सम्मत देखिन्छ भनी सुस्मिता नेपालको कथात्मक शैलीको चिनारी गराएका छन् ।

प्रतापचन्द्र प्रधानले समाचार पत्र (२०५५।०१।२९) मा सुस्मिता सिङ्गो सहरलाई आफ्नो रचनामा भित्र्याएर त्यसका राम्रा नराम्रा पक्षहरुलाई केलाउन सामर्थवान् महिला स्रष्टाका पंक्तिमा खुट्किलो थप्ने महान साहित्यकार भनेका छन् ।

प्रकाश साप्ताहिक वर्ष १६ अंक ४० (२०५५) मा सुस्मिता नवोदित उपन्यासकार हुन् । समालोचकका आँखामा आशालाग्दो प्रतिभा हुन् जसको लेखनले निरन्तरता पाएको खण्डमा ठूलो फट्को हान्ने कुरा अनुमान गर्न सकिन्छ भनी उल्लेख गरिएको छ ।

समालोचक ठाकुर पराजुलीले हिमालय टाइम्स वर्ष-३ अंक -२३९ (भदौ -४,२०५५मा उपन्यासकार सुस्मिता दृश्य नै दृश्यले कथानक सिगार्ने स्रष्टाका रुपमा परिभाषित गरेका छन् ।

भागीरथी श्रेष्ठ कान्तिपुर,कोसेली शनिवार (२ माघ,२०५५) मा सुस्मिता आशावादी, कर्मशील, विवेकशील र सत्यको पुञ्ज लिएर जिउने एक प्रेरणाकी खानी हुन् जो महाभारतको कृष्ण जन्माउने स्रष्टा मात्र नभएर पुरातन औपन्यासिक रुढिग्रस्त टापुहरु भत्काउदै नयां टापुहरु सिर्जना गर्ने साहसी उपन्यासकारका रुपमा चित्रण गरेकी छन् ।

हटन्यूज सन्ध्याकालिन (२०५७ साउन,आइतबार ) मा सुस्मिता प्रेमको सुन्दर पक्ष नै जीवन मान्छिन् । प्रेमविनाको जीवन निरर्थक मान्छिन् । पारिवारिक बोझ,सामाजिक विभेद,नारी अपेक्षाका कारण उनीहरुमा पर्न गएको कुठराघात तथा स्वयम्ले पनि उचित वातावरण बनाउन नसक्नु , आदि कारणहरुले महिला लेखिकाहरु पलायन भएको बताउँछिन् र उनीहरु माथि गरिने भेदभावको अन्त्य चाहन्छिन् भनी उल्लेख गरिएको छ ।

माधव खनालले तरुण राष्ट्रिय साप्ताहिक वर्ष ४,अंक २५ (२०५७ असोज १६ गते) मा सुस्मिता सुख र दुःख जीवनका सुन्दर कुरा मान्छिन् । उनी संघर्ष विनाको जीवन जीवन मान्दिनन् भनेका छन् ।

विमल भौकाजीले हिमालय टाइम्स वर्ष १६ अंक ११७ (बैशाख २०५८) मा सुस्मिता निसन्देह यथार्थ चित्रण गर्न विलम्ब नगर्न एक स्पष्ट वक्ता हुन् जो समाजका काला पात्रहरुलाई खबरदारी गर्छिन् ।

अन्नपुर्ण पोष्ट नेपाल राष्ट्यि दैनिक सोमवार (असोज २०,२०५९) मा सुस्मिताले साहित्य व्यावसायिक बनाउदा साहित्य साहित्य बन्दैन भनेकी छन् । जीवनका हरेक भोगाइलाई कलात्मक शैलीमा प्रस्तुत गर्ने अभिव्यक्तिलाई मात्र उनी साहित्य मान्ने कुरा उल्लेख गरिएको छ ।

महिला संसार अन्नपूर्ण पोष्ट शनिवार (३ भदौ २०६३) मा सुस्मिता राम्रो विचार,परोपकारी भावना,सकारात्मक सोचाईले भरिएका रचनाले नै समाजलाई प्रगतितर्फ डोऱ्याउने कुरामा जोड दिन्छिन् भनिएको छ ।

कवि तथा गायक मञ्जुलले ताल-हृदय भित्रको कविताको भूमिका (२०६४) मा सुस्मिता दयाकी प्रतिमूर्ति हुन्,सबैको सुख र शान्ति र समुन्नतिको कामना गर्ने महान विचारक हुन् भनी वताएका छन् ।

वैरागी जेठाका अनुसार 'हवाइजहाजसंगै उडेको मन' ( कथा संग्रह २०६६) मा वर्तमान युगमा सरल र मृदुभाषामा कथा लेखेर रसास्वाद दिने सुस्मिता बज्रस्वांठहरुद्वारा सताइएमा पनि नडराई त्यस्तासंग सामना गरी विश्वविख्यात देशका विद्वानहरुका समाजमा पुगी संसार हल्लाउने छन् भन्ने कुरा व्यक्त गरेका छन् ।

किशोर पहाडीले हवाइजहाजसंगै उडेको मन ( २०६६ साल ) मा सुस्मिता गद्यको साथै पद्य लेखनमा पनि सिपालु भएको कुरा व्यक्त गरेका छन् ।

यस लेखमा उल्लेखित सामाग्रीहरुका आधारमा सुस्मिताले गरेका कार्यहरुको परिचायत्मक जानकारी दिइएको छ । सुस्मिताले गरेका कामहरुको विश्लेषणात्मक अध्ययन र कृतिका सैध्दान्तिक मान्यताका आधारमा सुव्यवस्थित र योजनाबध्द अध्ययन विश्लेषण आजसम्म भएको देखिंदैन । त्यसैले यस शोधपत्रमा उनले नेपाली साहित्यमा पुऱ्याएको योगदान र प्रकाशित कृतिहरुको अध्ययन विश्लेषण गर्न खोजिएको छ ।

## १.५ शोधको औचित्य

सुस्मिता वि.सं २०४७ सालदेखि नै नेपाली साहित्यका उपन्यास लेखन कार्यमा संलग्न भएता पनि मुख्यत दुई दशक यता मात्र साहित्य साधनामा तल्लीन रहेको पाइन्छ । तथापि सुस्मिता विषयमा माथिका पत्र पत्रिकाको चर्चा बाहेक उपयुक्त र सुव्यवस्थित अध्ययन अनुसन्धान भएको पाइँदैन । नेपाली साहित्यका क्षेत्रमा नयाँ सिँडी थप्ने अन्य साहित्यकारका वाबजुद पनि सुस्मिता छोटो समयमा कसरी चर्चित भइन् ? उनका कृतिहरु कति चर्चित रहे ? नेपाली समाजमा कतिको सकारात्मक प्रभाव पार्न सफल भइन् ? भन्ने विषयमा चर्चा हुन नसकि रहेको अवस्थामा उनको विषयमा सर्वप्रथम विस्तृत रुपमा गरिने अध्ययन अनुसन्धान स्वतः निकै औचित्यपूर्ण रहेको छ । यस शोधमा उनले नेपाली साहित्यमा पुऱ्याएको योगदान उपलब्धीका विश्लेषणात्मक अध्ययन र उनले प्रकाशन गरेका साहित्यिक कृतिको विश्लेषण गरिएको छ । सुस्मिताका बारेमा अध्ययन र विश्लेषण गर्न चाहने जिज्ञासु पाठकहरुका लागि यो

शोधपत्र मार्ग निर्देशक बन्नेछ । त्यसले उत्तरवर्ती अध्येता शोधकर्ता नेपाली साहित्यसँग सम्बन्धित सँस्थाहरुको बारेमा जानकारी लिन चाहने जो सुकै व्यक्ति, सँघ, सँस्थाका लागि यो शोधक महत्वपूर्ण र उपयोगी बन्नेछ । यस अध्ययनबाट सुस्मिता सम्बन्धी भावी अध्ययन एवम् अनुसन्धान गर्न लाभान्वित हुने पनि अपेक्षा गरिएको छ ।

## १.६ शोध सीमा

साहित्यकार सुस्मिता नेपाल उपन्यासकार, निबन्धकार, कथाकार तथा कवयित्रीका विविध रुप हुन् । उनका प्रकाशित ८ वटा कृतिहरु (कथा,उपन्यास,कविता) पुस्तककारका रुपमा छन् । नेपाली साहित्यको श्रीवृध्दिमा निरन्तर लागीपरेकी सुस्मिता नेपालको जीवनी र व्यक्तित्वका विविध आयामलाई समेत यस अध्ययनमा समेटिएको छ । यी कृतिहरुमध्ये 'हवाइजहाजसँगै उडेका मन' कथा सँग्रहका कथाहरुको मात्र विश्लेषण गरिएको छ ।

## १.७ शोध विधि

प्रस्तुत शोध कार्यलाई मूर्तरुप दिनका लागि विभिन्न किसिमका सैध्दान्तिक विधिहरु अवलम्बन गरिएको छ । शोधनायकसँग अन्तर्वार्ता लिएर र शोधनायकका प्रकाशित कृतिहरु संकलन गरेर सैध्दान्तिक तथा सान्दर्भिक ग्रन्थहरुको अतिरिक्त पत्र पत्रिकाहरु शोध नायकका परिवारजन तथा अन्य व्यक्तिसँग लिएको अन्तर्वार्ता जस्ता कुरालाई द्वितीयक स्रोतका रुपमा लिइनेछ ।

यस शोधकार्यको क्रममा आवश्यकता अनुसार विविध विधिहरु अपनाइएको छ । जीवनपरक समालोचना प्रणालीका आधारमा उपन्यासकार सुस्मिता नेपालको जीवन र व्यक्तित्वको अध्ययन गरिएको छ । कृतिपरक समालोचनाको सन्दर्भमा आवश्यकता अनुसार साहित्यको विभिन्न विधाको विधा सिध्दान्तका आड लिई सुस्मिताका कृतिको सामान्य परिचय र विधागत अध्ययन गरिएको छ ।

## १.८ शोध पत्रको रूपरेखा

परिच्छेद एक : शोध परिचय
परिच्छेद दुई : नेपाली कथाको सैध्दान्तिक परिचय
परिच्छेद तिन : सुस्मिता नेपालको जीवनी व्यक्तित्व र कृतित्व
परिच्छेद चार : कथा सिध्दान्तका आधारमा सुस्मिता नेपालको हवाइजहाजसंग उडेको मन कथा संग्रहको विश्लेषण
परिच्छेद पाँच : उपसंहार

# परिच्छेद दुई

# नेपाली कथाको सैध्दान्तिक परिचय

## २.१ कथाको व्युत्पत्ति

कथा गद्यमा रचित आख्यानात्मक विधा हो । कथन अर्थात् अभिशंसन अर्थ बहन गर्ने कथ् धातुमा 'अच्' प्रत्यय लागेर 'कथा' बनेपछि 'टाप्' प्रत्यय लागेर 'कथा'शव्दको निर्माण हुन्छ (सुवेदी,२०५१:१) । यसरी निर्माण भएको कथा शब्दले सामान्यतः केही कुरा भन्नु अथवा कथन गर्नु भन्ने अर्थ बुझाउँछ तर साहित्यमा यसले विशिष्ठ अर्थलाई वहन गरेको हुन्छ । समयानुसार 'कथा' शब्दका अर्थहरु विकसित र परिवर्तित हुँदै आएका छन् । आज हामी जसलाई 'कथा' भनेर सम्बोधन गर्छौं त्यो संस्कृतबाट आएको कथा नभई पश्चिमी साहित्यबाट आएको हो । त्यसैले यहाँ पश्चिमको कथा परम्पराको सामान्य चर्चा गरिन्छ ।

## २.२ कथाको परिभाषा

मानव सभ्यताको प्रारम्भदेखि नै कथाको जन्म हुन गएको हो भन्ने कुरा धेरै विद्वान्हरुले स्वीकार गरेकै छन् । कथा सुन्ने र सुनाउने परम्परा मौखिक रुपमा धेरै पहिलेदेखि रहेको हुनाले विश्व इतिहासमै कथाको यात्रा अत्यन्त प्राचीन देखिन्छ । पूर्वीय र पाश्चात्य साहित्यमा कथाको परम्परा अति प्राचीन देखिए पनि आधुनिक साहित्यशास्त्र अनुसार विधागत स्वीकृति प्रदान गरिएको कथाको प्रारम्भ भने पाश्चात्य जगत्मा १९ औं शताब्दीदेखि प्रारम्भ भएको हो ( आचार्य,२०६३ :३०२) भन्ने विद्वान्हरुको मत रहेको छ । हिन्दीमा,वंगालीमा र नेपालीमा सुरुसुरुमा गल्फ कहानी,आख्यान र किस्सा भनिने गरिन्थ्यो तर आज भोलि चारैतिर 'कथा' नै भन्ने प्रचलन व्यापक रहेको छ । कथाले आफ्नो स्वरुपलाई युगको सापेक्षतासंगै परिवर्तन गर्दै आइरहेको हुनाले कथालाई निश्चित परिभाषामा बाध्न सकिँदैन भन्ने विद्वान्हरुको मत छ । कथाको परिभाषा जान्न खोज्नु समुन्द्रमा एक अङ्खोरा पानी खन्याउनु जस्तै हो । अन्धाले हात्ती छामेर हात्ती यही हो भने जस्तै हो पनि भनिएको छ । यस दृष्टिले हेर्दा सम्पूर्ण रुपमा कथाको परिभाषा नभएको देखिन्छ र परिभाषित गरिएका एक–दुईवटा परिभाषालाई हेरेर कथा यही नै हो भन्न सक्ने स्थिति देखिदैन । विश्वका जुनसुकै ठाउँको पानीको गुण,स्वाद र रङ्ग एउटै भए झैं कथाको शाश्वत परिभाषा छैन । यसको परिभाषा र लेखनमा विविधता पाइन्छ । अन्य मुलुक र साहित्यको कुरा छोडौं नेपालकै कथाकारहरुमा पनि कथा सम्बन्धी बेग्ला बेग्लै धारणा र मान्यता पाइन्छ । यसरी कथा आ-आफ्नै ढंगले र स्वादले वर्णित हुन पुगेको छ । यो विधा अत्यन्त परिवर्तनशील र कियाशील छ भनिन्छ साथै कथाको गति ज्यादै तीब्र भएको पाइन्छ । संसारका सबै मुलुकहरुमा यो विधा ज्यादै लोकप्रिय भएर फैलिएको देखिन्छ र लोकप्रिय हुनमा अन्य कारणहरु झैं पत्रकारिता पनि एक हो भन्ने देखिन्छ । यसको साथै मानवको आदिमवृत्तिले

गर्दा पनि कथा लोकप्रिय बन्न गएको हो । जे होस् मानवको चेतनाको विकासको साथ-साथै कथाको आरम्भ भएको हो र कथाको परम्परा निकै प्राचीनदेखि सुरु हुँदै आएको कुरामा पूर्वीय र पाश्चात्य दुवै अनुसन्धाताको मतैक्य रहेको छ ।

जुनसुकै विधाको पनि आरम्भविन्दु हामीले 'ऋग्वेद' भने झैँ पश्चिमाहरुले "Oldtestament" हो भन्ने देखाउँछन् । कथा ज्यादै कियात्मक विधा हो । पश्चिममा १८ औं शताब्दीमा एक प्रकारको निबन्ध प्रादुर्भाव भएको पाइन्छ जुन कुनै एक व्यक्तिको नामलाई लिएर लेखिएको हो । कुनै निबन्ध कथात्मक हुन्छन् र अर्कातिर निबन्ध जस्ता कथाहरुको परम्परा रहेको देखिन्छ । वास्तवमा यी दुवै परम्पराको मिश्रण १९औं शताब्दीमा भयो र त्यो विधा आधुनिक कथाको नामले विकसित भयो ।

यसरी कथाले मौखिक पछि लिखित रुप हुँदै आधुनिक कथा विधाको रुपमा साहित्यमा प्रवेश गरेपछि यसलाई परिभाषित गर्ने विभिन्न विद्वान्हरुले आ-आफ्नै दृष्टिकोण राखेका छन् । तिनै दृष्टिकोणहरुलाई यहाँ परिभाषाको रुपमा समेटिएको छ । यसै सन्दर्भमा अंग्रेजी,हिन्दी र नेपालीका साहित्यकारहरुको परिभाषालाई प्रस्तुत गरिएको छ ।

२.२.१ कथा सम्बन्धी पाश्चात्य परम्परा

पूर्वीय साहित्यमा कथा भनेर साहित्यिक विधालाई पश्चिमी साहित्यमा 'सर्ट स्टोरी' भनेर चिनिन्छ । पश्चिममा पनि कथाको सुदीर्घ परम्परा छ । ई.पू.३०००-४००० वर्षको मिश्रको लिखित विवरण अनुसार चियोप्सका छोराले आफ्ना बाबुलाई मनोरञ्जनात्मक कथाहरु सुनाएर हँसाउथे, (चौहान,ई.सं.१९६६:३) । ई.पू.१३०० तिरको इजिप्टको 'दुई दाजुभाई', मिश्रको 'भग्न पीतको नाविका','सेटना' र 'जादुको पोस्तक' जस्ता कथाहरुले पश्चिमी कथाको प्राचीनतालाई सङ्केत गर्दछन् , (शर्मा,२०५०:५८) । बाइबल भन्दा पनि पुरानो मानिएको हेरोडोटसका कथाहरु पाइन्छन् जसमा आश्चर्यमय र चाखलाग्दा कुराहरु समावेश गरिएका छन्,( रीज,ई.सं.१९७१:२०४) ।

आधुनिक छोटो कथाको पूर्वरुप ईशप्स फेबल,बाइबलका प्यारबलहरु आदि हुन् । न्यारेटिभ प्यारबल, फेरबल, इपिसड, टेल, एनेक्टड आदिबाट मानव सूचना पाइनुका साथै कथा भनेर सुन्ने मानवीय प्रवृत्तिको आभास समेत पाइन्छ (आवतन र अन्य, २०३४:१ ) ।

पूर्वीय साहित्यमा जति प्राचीन कथाको गहकिलो र चम्किलो परम्परा पश्चिमी साहित्यमा देखिँदैन । कथात्मकता भन्ने कुरासँग पश्चिमको पहिलो चिनारी गराउने श्रेय विशेष गरी मिश्रेली,हिब्रु र अरवेली प्राचीन खिस्साहरुलाई छ । यस किसिमका खिस्साहरु मुख्यतःलोककथा, राक्षसकथा, जादुकथा, नीतिकथा, रम्याख्यान,आदि खालका छन्,(आवतन र अन्य, २०३४:११३ ) । वास्तवमा संस्कृत साहित्यमा कथा, गाथा, आख्यान, आख्यायिका आदि नामले परिचित भएकालाई नै अंग्रेजीमा स्टोरी,सर्ट टेल फेबुल र अन्त्यमा सर्ट स्टोरी भनियो । ( उपाध्याय,२०४९:१३७) । भारतीय आर्य भाषाको क्षेत्रमा पनि आधुनिक कथाहरु १९औं शताब्दीमा आएपछि लेखिन थाले । यसै कममा गुजराँती भाषामा यस विधाको नाम नबलिका प्रचलित छ ।

बङ्गालीमा यसलाई 'गल्प' भन्ने चलन छ (सुवेदी,२०५१:१९) । त्यसैलाई हिन्दीमा 'कहानी' र नेपालीमा 'कथा' विधाको रुपमा परिचय दिन थालियो (सुवेदी,२०५१:१९) । हिन्दीमा कहानी र नेपालीमा कथा भनेर त्यस विधालाई परिचय दिन थालेपछि कथाले जीवनको अध्यात्म र वस्तु जगत्लाई आफ्नो अन्तर्तहसम्म ग्रहण गर्न थाल्यो । यद्यपि नेपालीमा छोटो-कथा,छोटो किस्सा,कुथुङ्ग्री,किस्साजस्ता शब्दहरुमार्फत कथालाई बुझाउने काम गरिन थाल्यो तर कालक्रमको गतिमा त्यस्ता सबै आफ्नो संज्ञात्मक अर्थ कथालाई सुम्पेर लुप्त भएर एउटै कथा शब्दका माध्यमले अर्थ ग्रहण गर्न थालियो ( सुवेदी, २०५१:१९) ।

उपयुक्त भनाइहरुले के अवगत गराउँछन् भने कथा भन्ने र सुन्ने परम्परा मानवप्राणीको उत्पत्तिसंगै विकसित र विस्तारित हुँदै आएको हो । कथाका सम्बन्धमा पूर्वमा पनि धेरै चर्चा परिचर्चा भएको पाइन्छ तर हामी आज जुन गद्य विधालाई कथा भनेर चिन्दछौं त्यो स्वरुप भने पाश्चात्य साहित्यको 'सर्ट स्टोरी'कै परिस्कृत रुप हो । यसप्रकार पूर्वीय र पाश्चात्य दुवै परम्परामा विभिन्न नाम र स्वरुपबाट विकसित हुँदै आज साहित्यको जगतमा कथाले अत्यन्त लोकप्रिय विधाका रुपमा आफ्नो परिचय दिएको छ । जसलाई हामी आधुनिक कथा भनेर सर्ट स्टोरीको पर्यायवाचीका रुपमा चिन्दछौं र सामान्य रुपमा कथा मात्र भन्दछौं ।

### २.२.२ अङ्ग्रेजी साहित्यकारका दृष्टिमा कथा

आधुनिक कथाको आरम्भ गर्ने कथाका स्रष्टा तथा समीक्षक एड्गर एलेन पोलाई कथाको स्वरुप र संरचना वारे पहिलो पल्ट विवेचना गर्ने श्रेय मिलेको छ । उनले सन् १८४२ मा अमेरिकी कथाकार हार्ननमा कथाको समीक्षा गर्दा कथाको परिभाषा यसरी गरेका छन् :-

छोटो कथा एक वसाइमा पढिसकिने सानो तर स्वयंम्मा पूर्ण इतिवृत हो । यो विशिष्ट प्रभाव उत्पन्न गर्नका निम्ति लेखिन्छ । कथामा त्यस प्रभावलाई गतिशील बन्न सारा उपकरणको निराकरण गरिएको हुन्छ । आधा घण्टा देखि दुई घण्टा समयसम्मको लमाइमा पढि सकिने कार्यमा लेखिएको हुनुपर्छ ( सुवेदी,२०५१:२) ।

अर्का पाश्चात्य समीक्षक जे.वर्ग इसेविनको मतमा-कथा एउटा ठोस संक्षिप्त तथा कल्पनाप्रसूत विवरण हो जसमा एउटा मात्र प्रधान पात्र हुन्छ । यसमा एउटा कथावस्तु हुन्छ,जसको विवरण यति सूक्ष्म तथा निरुपण यति संगठित हुन्छ,जसले पाठकमा एउटा निश्चित प्रभाव उत्पन्न गर्दछ (बराल ,२०५५:२ ) ।

यस्तै गरी एच.जी.बेल्सले "पन्ध्रदेखि पचास मिनेटसम्ममा पढेर सकिने आहलादपूर्ण, कलायुक्त, मर्मस्पर्शी र हृदयद्रावक एवं कौतुहलपूर्ण प्रस्तुति भएको आख्यानात्मक रचना विशेष कथा हो भनेका छन् ( सुवेदी,२०५१ :१३) ।

कथाका अर्का समीक्षक हड्सनका अनुसार-कथाको आयतन एक वसाइमा पढिसकिने हुनुपर्छ । एकपल्ट तयार भएको मानसिक स्थिरता भङ्ग नभई समाप्त हुने स्थितिलाई ध्यानमा राखेर लेखिएको आख्यानात्मक रचना नै कथा हो (सुवेदी,२०५१ :१३) ।

कथामा एउटा प्रसङ्ग हुनुपर्छ, अप्रत्याशित रुपमा चरमोत्कर्ष प्राप्त हुनुपर्छ, घटना र स्थितिको विवरण पूर्ण हुनुपर्दछ, अनि सवभन्दा महत्वपूर्ण उपलब्धि के पनि हुनुपर्छ भने संशयरहित एवं सन्तोषजनक निष्कर्ष दिने अभिव्यक्ति हुनुपर्छ भनी ह्यू पोलले परिभाषा गरेका छन् (सुवेदी,२०५१ :१४) ।

"कथाले एकै मात्र चरित्र वा एउटै परिस्थितिबाट उत्पन्न विभिन्न संवेगहरुको श्रृङ्खलासँग मात्र चासो राख्दछ" भनी बेन्डर म्याध्युजले परिभाषा गरेका छन् ( बस्नेत,२०६३:३०५) ।

२.२.३ हिन्दी साहित्यकारका दृष्टिमा कथा

इलाचन्द्र जोशीका अनुसार-कहानी सङ्कट वा अन्योलमा परेका पात्रहरुको कलात्मक वर्णन हो,जसको कुनै निश्चित परिणाम होस् (उपाध्याय,२०४९ : १३९) ।

बाबु गुलाव रायका विचारमा-कथा एउटा स्वतः पूर्ण रचना हो जहाँ एकै तथ्य वा प्रभावलाई अग्रसर गर्ने व्यक्ति केन्द्रित घटना वा घटनाहरुको आवश्यक उत्थान र पतन र मोडका साथै पात्रहरुको चरित्र माथि प्रकाश पार्ने वर्णन होस् । (स्रोतः टंकप्रसाद न्यौपाने, साहित्यको रुपरेखा, दो.सं.,काठमाण्डौ, साझा प्रकाशन (२०४९ : १०५) ।

प्रेमचन्द्रको अभिमतमा -हामी यस्तो कथा चाहन्छौं जुन थोरै भन्दा पनि थोरै शब्दमा भनियोस्, त्यसमा एक वाक्य,एक शब्द पनि अनावश्यक नहोस् । कथाको पहिलो वाक्यले नै मनलाई आकर्षित पारोस् र अन्तसम्म त्यसैमा मुग्ध गरिरहोस्,त्यसमा चुट्किलोपना होस् । केही ताजा स्फूर्ति होस् र यसका साथै केही सत्य पनि होस् (न्यौपाने,२०४९ : १०५) ।

डा.गोविन्द त्रिगुणायन लेख्छन्-कहानी आधुनिक साहित्यको त्यो लघु आकार गद्यात्मक विधा हो जहाँ कलाकार जीवन वा जगतको कुनै एक घटना,आकार,व्यक्ति परिस्थिति भावना या विचार लिएर निश्चित कला विधिको अनुसरण गर्दै यस्तो संवेदना र प्रभावन्वितिको सृजना गर्छ जुन पाठकलाई भाव विभोर बनाएर रसयुक्त गर्न समर्थ हुन्छ (न्यौपाने, २०४९ : १०५) ।

२.२.४ नेपाली साहित्यकारका दृष्टिमा कथा

लक्ष्मीप्रसाद देवकोटाले उत्कृष्ट कथा लेखेनन् तर सम्बन्धीका उनका धारणाहरु ज्यादै महत्वपूर्ण छन् "छोटो किस्सा एउटा सानो आँखी झ्याल हो,जहाँबाट एउटा सानो संसार चियाइन्छ । यसको ढङ्ग नाटकीय हुन्छ । चट्ट जीवनलाई एक दृश्यमा हुन्छ यसमा कला छ ।" ( देवकोटा,१९९९ :१२० ) ।

गुरुप्रसाद मैनालीका विचारमा -“कुनै एउटा पात्रका जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो ।” (मैनाली,१९९७ :१९) ।

वालकृष्ण पोखरेलका अभिमतमा-कथा त्यो एक्सप्रेस,गाडी हो,जो हरेक स्टेशन भएर गुज्रिए तापनि मुख्य मुख्य स्थलमा मात्र अडिन्छ । कथा त्यो आख्यान हो जो जीवनको हरेक पत्रबाट गुज्रिए तापनि स्पष्ट पाराले चाहिँ कुनै खास विन्दु या धर्कोसित मात्र सम्बन्धित हुन्छ ( पोखरेल,२०२६ :८) ।

विश्वेश्वरप्रसाद कोइरालाका मतमा-“कथा त्यो हो जसमा जीवनका घटनाको अटुट प्रवाहबाट अञ्जुलीमा भिकेको जस्तो सानो प्रसङ्गयुक्त घटनाको वर्णन हुन्छ र जसले सानो अर्थ दिन्छ । कथाको आदि-अन्त हुँदैन । त्यो त एउटा जीवनको बृहत अनन्तक्रमबाट टिपेको सानो टुका हो ।” (कोइराला,२०४० :१५३ ) ।

डा.केशवप्रसाद उपाध्यायले “कथा निश्चित आयाम भएको सुव्यवस्थित र सुगठित त्यो आख्यान हो,जसले एक प्रभाव र एक उद्देश्यले पूर्ण रहेर जीवनको एक अङ्गको सच्चा परिचय दिन्छ” भनेका छन् ( उपाध्याय,२०४९ : १४८ ) ।

डा. हिमांशु थापाका अनुसार-कथा भनेको गद्यको त्यो विधा हो जसमा जीवन र जगतको कुनै एक पक्षको चित्रण हुन्छ । एउटा तथ्यको उद्घाटन हुन्छ र एउटा सत्यको विश्लेषण हुन्छ (थापा,२०५० : १६०) ।

भानुभक्त पोखरेलका विचारमा -कुनै पनि अनुभूति वा लक्ष्यलाई लिएर जीवन जगत्को कुनै एक पक्षमा केन्द्रित भएर लेखिएको कौतुकमय वेगवत्ताका साथ एक तथ्ययानुभूति गराउने गद्यमय सरल लघु रचना कथा हो (पोखरेल, २०४० :२२८) ।

मोहनराज शर्माले ‘परिवेश उपाख्यान र प्रतिक्रियाको अन्तर्निहित योजनामा बाँधिएर प्रतिफलित हुने लघु विस्तार भएको गद्य सङ्कयनलाई साहित्यमा कथा भनिन्छ ।’भनेका छन् ( शर्मा,२०५५ : ३८२) ।

माथिका विभिन्न समीक्षकहरुका परिभाषामध्ये कुनैले आयाममा जोड दिएका छन् भने कुनैले प्रभावन्वितिमा जोड दिएका छन् त कसैले कलात्मकतामा जोड दिएका छन् । उपर्युक्त परिभाषाहरुको समीक्षा गर्दा कुनै पनि परिभाषा कर्ताले कथाका सबै पक्षलाई समेट्ने काम गरेको देखिँदैन त्यसैले समग्रको निष्कर्षको रुपमा कथाको परिभाषा यसरी प्रस्तुत गर्न सकिन्छ ।

जीवनका कुनै महत्वपूर्ण क्षणमा घटेका घटनाहरुको नाटकीय रुपमा चित्रण गरिएको सक्षिप्त आयामयुक्त गद्य रचनालाई कथा भनिन्छ ।

कथा गद्यमा लेखिने एउटा साहित्यिक विधा हो । कुनै पनि विधाको परिचय त्यसको माध्यमले गराउँछ । मान्छेको शरीरमा रगतको अनिवार्य रुपमा हुनै पर्छ । कुनै पनि कथाको कथात्मकताले त्यसको रुप फेर्दछ । पहिला पहिला लेखिने कथामा कथात्मकता ज्यादै स्थुल तथा बाक्लो हुन्थ्यो भने वर्तमानमा लेखिने कथाहरुमा ज्यादै सूक्ष्म कथात्मकता पाइन्छ । १९औं शताव्दी भन्दा अगाडि भनिएका र लेखिएका कथामा विधागत सचेतता र प्राविधिगत सचेतता थिएन तर आधुनिक कथामा आफ्नै मूल्य र संरचना रहेको छ । कथामा मुख्य पात्रका द्वन्द्व र प्रति द्वन्द्वले नै कथालाई रोचक र लोकप्रिय बनाउँछ भन्ने कुरा मैनालीका नासो पढ्दा स्पष्ट हुन्छ । कथालाई गतिशील बनाउने काम समस्याले गर्दछ भन्ने कुरा सन्तानको मुख हेर्ने देवीरमणको इच्छाले निम्त्याएको परिवेशले स्पष्ट पारेको छ । कथामा नाटकीकरण गर्नुपर्दछ । निश्चित संरचना दिनुपर्छ । कथात्मकता अनिवार्य मानिएको छ तापनि आजभोलि देखिन थालेको छ र ती कथाहरु निबन्ध जस्तै भएर अगाडि बढिरहेका छन् जसले अकथाको रुप लिने संभावना प्रवल हुदै गएको छ ।

## २.३ कथाका तत्व

कथा आधुनिक नेपाली साहित्यको एक लोकप्रिय विधा हो । वास्तवमा कथा एउटा स्वयम्मा पूर्ण स्वरुप होइन । यसको पूर्ण स्वरुप निर्माणका लागि विभिन्न अवयवहरुको आवश्यकता पर्दछ । तिनै अवयवहरुलाई यहाँ कथाका आवश्यक तत्वका रुपमा लिइएको छ । कथाका तत्वलाई विभिन्न समीक्षकहरुले विभिन्न किसिमले नामाकरण गरेको पाइन्छ । यसलाई कसैले उपकरण,कसैले संरचक घटक आदि भनेर पनि उल्लेख गरेका छन् । कथाका तत्वका सम्बन्धमा विद्वानहरुका मतमा एकरुपता पाइँदैन । यिनै कतिपय विविध मतहरुलाई समग्रताका आधारमा यहाँ समेट्ने प्रयास गरिन्छ ।

कथाको स्वरुपको रचनाको आधारमा कथाका ६ प्रधान तत्व मानिन्छन् । कथानक,पात्र संवाद,वातावरण,उद्देश्य र शैली (हाँडा, ई.१९७८ : ६१) । ईश्वर बरालले कथानक क्रियाकलाप, चरित्र घटना, संघर्ष, परिवेश, कौतुहल, चरमोत्कर्ष र प्रभावैक्यलाई मुख्य उपकरण मानेका छन् (वराल, २०४८ :४८) । कथाको साङ्गठनिक स्वरुप निर्माणका निमित्त कथावस्तु, चरित्र, देशकाल तथा वातावरण, शैली र उद्देश्य जस्ता तत्व आवश्यक हुन्छ भन्ने टंकप्रसाद न्यौपानेको भनाइ छ । (न्यौपाने,२०४९ : १६२) । त्यसै गरी कथावस्तु, पात्र,विचार तत्व, परिवेश, प्रतीक-बिम्ब, लय र गति, भाषा बनोट, संरचनालाई घनश्याम नेपालले तत्वको रुपमा स्वीकारेका छन् ( न्यौपाने, ई.१९८७ :४-५) । मोहनराज शर्माले कथाका स्थूल र सूक्ष्म गरी दुई किसिमका उपकरणको उल्लेख गरेका छन् (शर्मा,२०५५:५८) । स्थूल अन्तर्गत कथानक,चरित्र र परिवेश पर्दछन् भने सूक्ष्म अन्तर्गत-विषयसूत्र, भाषा, शैली उद्देश्य र दृष्टिविन्दुलाई राखेका छन् । कृष्णहरि बराल र नेत्र एटमले कथानक, चरित्र, पर्यावरण, दृष्टिबिन्दु, सारवस्तु, भाषा, प्रतीक र बिम्ब, गति र लयलाई तत्वको रुपमा उल्लेख गरेका छन् (बराल, २०५६ :२१) । कथाका तत्वमा कथानक, चरित्र, सारतत्व, दृष्टिविन्दु र भाषा प्रमुख तत्व र पर्यावरण, लय,र गति, प्रतीक र बिम्ब सहायक तत्व हुन् भन्ने भनाइ ऋषिराज बराल र कृष्णप्रसाद घिमिरेको रहेको छ ।

यसरी कथाको पूर्ण रचनाको लागि आवश्यक मानिएका तत्वका सम्बन्धमा विद्वानहरुका बीच आ-आफ्नै सैध्दान्तिक दृष्टिकोण रहेका छन् तापनि प्रमुख रुपमा निम्न तत्वहरुलाई अघि सार्न सकिन्छ :-

(१) कथानक (Plot)
(२) चरित्र (Character)
(३) सारतत्व/उद्देश्य -Theme/Meaning)
(४) दृष्टिबिन्दु (Point of view)
(५) भाषा (Language)
(६) पर्यावरण (Environment)
(७) प्रतिक र बिम्ब (Symbol and image)
(८) गति र लय - Tempo and Rhythm)

उपयुक्त आठ तत्वहरुमध्ये पनि कथानक,चरित्र,सारतत्व,दृष्टिबिन्दु र भाषा प्रमुख तत्वहरु हुन् । पर्यावरण,प्रतीक र बिम्ब, गति र लय सहायक तत्व हुन् । यहाँ प्रमुख मानिने तत्वहरुको चर्चा क्रमशः तल प्रस्तुत गरिन्छ ।

२.३.१ कथानक

कथानक भनेको कथावस्तुको प्रस्तुतिको क्रममा देखा पर्ने घटनाक्रमको योजनाबध्द व्यवस्थापन हो (बराल ,२०५५ : ३) । कथानक कथा संरचनाको स्थूल र सबल घटक हो । यसले कथाको वास्तविक मूल्य निर्धारण गर्दछ । कथानक भन्नाले कथाको त्यो मूर्त आकृति हो जो कलागत मूल्यद्वारा युक्त हुन्छ । कथानक भन्नाले रचनागत समग्रताको बोध हुन्छ ( श्रेष्ठ,२०३९ :२९) । कथाको निर्माण गर्ने ढाँचा कथानक हो । प्रख्यात,उत्पाद्य र मिश्र गरी कथानकका तीन प्रकार छन् । प्रख्यात कथानकको आधार इतिहास,पुराण,एवम् जनश्रुति हुन्छ । यसै गरी उत्पाद्य कथानक लेखकको आधार इतिहास मौखिक कल्पनाशक्तिबाट प्रस्तुत हुन्छ भने मिश्र कथानकमा ऐतिहासिक आधारमा लेखकको कल्पना शक्तिले प्रमुख भूमिका निर्वाह गर्दछ ( हाँडा,१९७८:६१) ।

कथानक योजना एक बौध्दिक क्रिया हो । पात्रको प्रत्येक क्रिया व्यापारलाई बाँध्नका लागि केवल भावना,भावुकता र कल्पनाको मात्र आधार दिने हो भने कथानकको विचारपक्ष कमजोर हुन्छ (श्रेष्ठ,२०३९ :३०) । कथामा कथावस्तु अस्थिपञ्जर हो भने अन्य भाव,भाषा एवं वर्णन-चित्रण आदि चाहिँ मांसपेशी हुन् । कथावस्तुको रचना ज्यादै वैज्ञानिक र कलात्मक ढङ्गले गरिनु पर्छ र त्यसको विकासमा उत्तरोत्तर उत्कर्ष आउनु पर्छ (कंडेल,१९८७:४-५) ।

कथामा इतिहास, यथार्थ, रागभाव र स्वैरकल्पना जस्ता स्रोतबाट कथानक प्राप्त गर्न सकिन्छ । समय-समयमा घटित घटनाहरुलाई यथार्थको रुपमा,रागीय वृत्तिसंग सम्बन्धित कुराहरुलाई रागभावको रुपमा र अतिशय कल्पनाबाट निष्पन्न असम्भव कुराहरुलाई

स्वैरकल्पनाको रुपमा स्रोत बनाई कथानक निर्माण गर्न सकिन्छ । यसरी निर्मित कथानक कुनै एक स्रोतको विशुध्द कथानक पनि हुनसक्छ र धेरै स्रोतहरुको मिश्रित कथानक पनि हुन सक्छ (शर्मा,२०४८:१२०) ।

क्रिया-व्यापार र द्वन्द्व कथानकका अनिवार्य उपकरण हुन् । दुई विपरित शक्ति वा स्थितिको द्वन्द्वबाट कथानकमा परस्पर सम्बन्ध क्रिया-व्यापारको सुनियोजन हुन्छ । द्वन्द्व कथानकको जीवनाधार हो । द्वन्द्वमा अवलम्वित भएर पात्रले आफ्नो कार्य गर्न सक्षम हुन्छ ( श्रेष्ठ,२०३९:३०) । द्वन्द्व पनि आन्तरिक र वाह्य गरी विभिन्न प्रकारको हुन्छ । आन्तरिक द्वन्द्वमा मान्छेका मनभित्र हुने द्वन्द्व पर्दछ,जसलाई मनोद्वन्द्व भनिन्छ । बाह्य द्वन्द्वमा मानिस-मानिसका बीच,मानिस-समाजका बीच,समाज-समाजका बीच तथा मानव र मानेवतर वस्तुका बीच भएका द्वन्द्वहरु पर्दछन् । द्वन्द्व र क्रियाले नै कथानकलाई नयाँ नयाँ मोड दिन्छन् र कथानक अघि बढ्दै जान्छ  (बराल २०५६:५) ।

वास्तवमा कथानक कथाको गतिको आरम्भ देखि अन्त सम्मको चालको रुपरेखा हो । यसै चालका आधारमा कथानकका मोड र स्थितिहरुको निर्धारित हुन्छ । एउटा कथा भित्र साना-साना उपकथा र उपकथानकहरु हुन्छन् र यस्ता उपकथानकहरुले मूल कथानकको गति र प्रभावलाई विस्तार गर्दछन् ( बराल ,२०५५:४) । कथामा कथानकको एउटा श्रृङ्खला वा क्रम हुन्छ । त्यस क्रममा कथानक संरचनाको आदि,मध्य र अन्त्यको आङ्गिक पूर्णता हुन्छ । सामान्यत सबै अङ्ग भएको र सबै अवस्थामा विकसित कथानकलाई पूर्ण कथानक भनिन्छ ( शर्मा,२०५०:२६) ।

यस प्रकारले आवध्द कथानकमा आदि,मध्ये र अन्त्य यी तीन अंगका साथै कथानक विकासका चिनारी,संघर्ष विकास,चरम,संघर्षह्रास एवं उपसंहार गरी पाँच अवस्थाहरु हुन्छन् ( शर्मा,२०५० :२६) । चिनारीमा कथाका मुख्य पात्रहरुको परिचय र पात्रहरुका प्रमुख समस्या एवं परिस्थितिको जानकारी गराइन्छ,संघर्ष विकासमा आकस्मिक घटनाका कारण पात्रका सामु समस्या उत्पन्न हुन्छ र पात्रहरु त्यस समस्यासँग जुध्न थाल्दछन्,चरम कथानक विकासको तेस्रो अवस्था हो । यसमा संकटावस्थाहरुको श्रृंखलाले गर्दा कथानकको एउटा मोड वा माथिल्लो विन्दु आउँछ जसले पात्रहरुलाई गम्भीर,महत्वपूर्ण  र निर्णायक रुप प्रदान गर्छ र कथानकमा परिवर्तनको स्थिति आउँछ । संघर्षह्रासमा कथानकको परिवर्तनले संघर्ष कम हुँदै जान्छ फलप्राप्ति तर्फ उन्मुख हुने  अवस्था भएकाले यस आवस्थामा छरिएको घटनालाई समेट्ने काम गरिन्छ । कथानकको उपसंहार भागमा पात्रहरुका वीचमा भएको द्वन्द्व वा संघर्षको अन्त्य हुन्छ । पात्रहरुले आफ्नो कार्य अनुसारको फल पाउँछन् र समस्याको समाधान भई कथाको अन्त्य हुन्छ (शर्मा,२०५० :२६) ।

कथानक भन्ने प्राय दुई किसिमका शैली हुन्छन् -रैखिक र वृत्ताकारीय । कथानक बिकासका माथिका अवस्थाहरु सबै कथामा उही रुपमा लागू हुन सक्दैन । रेखिय ढाँचामा लेखिएका कथामा यी अवस्थाहरु समान रुपमा लागु हुन्छन्,तर वृत्ताकारीय ढाँचामा लेखिएका कथामा भने आंशिक रुपमा मात्र लागु हन्छ ।

यस प्रकार आधुनिक कथाका समीक्षकहरुले कथामा विभिन्न तत्वहरुमध्ये कथानकलाई महत्वपूर्ण अवयवको रुपमा स्वीकारेका छन् तर अत्याधुनिक कथाहरुमा चाहिँ कथावस्तु सूक्ष्मरुपमा मात्र रहेको पाइन्छ । विशेष गरेर मनोवैज्ञानिक कथा र अकथाका रुपमा लेखिएका कथाहरुमा कथानकको महत्व कम हुन्छ । वास्तवमा कथामा कथानकलाई जे जस्तो अवस्थामा भए पनि यसलाई अनिवार्य तत्वको रुपमा लिइन्छ ।

२.३.२ पात्र/चरित्र

चरित्र कथाको महत्वपूर्ण संरचक घटक हो । कथामा चरित्रहरु उद्देश्यसित गाँसिएका महत्वपूर्ण पक्ष हुन् । चरित्रहरु कथावस्तुसित सम्बध्द विविध कथानक तथा उपकथानकहरुलाई गति दिने माध्यम हुन् ( बराल ,२०५५:४) । प्रायः गरेर कथाका पात्र भन्नाले मानवीय पात्रहरु भन्ने बुझिन्छ तापनि कथा साहित्यमा मानवेतर पात्र एवं जडवस्तु समेत पनि प्रयोग भएको हुन्छ (बराल ,२०५५:४) । चरित्र त्यस्तो व्यक्ति हो जो कुनै पनि आख्यानात्मक कृतिको पर्यायधारभित्र व्यवस्थित गरिएको हुन्छ र जसले कृतिसित उपस्थित विभिन्न घटनाहरु घटाउँदै कथानकलाई गतिशील तुल्याउँछ । कथामा चरित्रको उपस्थितिले जीवको बाह्य-आन्तरिक प्रवृत्तिलाई सम्बध्द गरेको हुन्छ (गौतम,२०५३:४४) ।

कथामा पात्रको प्रयोग गर्ने मुख्यतयाःतीन तरिका मानिन्छन् । (१) पात्रको कार्यद्वारा (२) पात्रको कुराकानीद्वारा र (३) लेखकको व्याख्याद्वारा । प्रथम दुई तरिकालाई नाटकीय वा अप्रत्यक्ष चरित्र चित्रण विधि भनिन्छ भने दोश्रो तरिकालाई विश्लेषणात्मक वा प्रत्यक्ष चरित्र चित्रण भनिन्छ (वर्मा,ई.१९८५ :७४) । आधुनिक कथामा चरित्रको प्राधान्यता अनिवार्य भैसकेको छ । मनोवैज्ञानिक तथा चरित्र प्रधान कथामा पात्रलाई प्रधानता दिइन्छ (हाँडा,१९७८:७४) । कथानक विना कथा नै बन्दैन तापनि कथामा चरित्र चित्रणको महत्व सबभन्दा ठूलो छ । चरित्र चित्रण गर्दा पात्रहरुको स्वत्व र निजत्व,अर्थात् निजी व्यक्तित्व सुरक्षित राखिनुपर्छ । चरित्र चित्रण ज्यादै विश्लेषित एवं स्वभाविक हुनुपर्छ (पोखरेल,२०४० :३०-३१) । कथा सामाजिक धरातलको यथार्थतामा उभिएको हुन्छ । त्यसैले यो समाजको इतिवृत्त हो भने पात्र त्यस इतिवृत्त घटनाको प्रतिनिधि र पात्रको चरित्र उसको आफ्नै जीवनशैली हो (नेपाल,१९८७ :२३) ।

पात्र भनेको कथानकको योजना गर्दा प्रयोग गरिने उपकरणहरुलाई क्रमबध्दता प्रदान गर्ने एक आवश्यक माध्यम हो । जहाँ पात्र रहन्छ त्यहाँ मात्र क्रियाव्यापार र द्वन्द्वको कल्पना गर्न सकिन्छ । त्यसैले कथामा पात्र भन्नाले कथानकका संगठनको एक आधार भन्ने बुझिन्छ ( श्रेष्ठ,२०३९ :२३०) । पात्रको तदरुपताका निमित्त कथामा पात्रसंग दुई तत्व संलग्न हुनु आवश्यक पर्दछ ती हुन् (१) एकरुपता र (२) अभिप्रेरणा ।

पाठकले पात्रप्रति स्थापना गर्न मानसिक बिम्बको मूल आधार नै 'एकरुपता' हो । पात्र कथानक यन्त्रको केवल पूर्जा मात्र होइन,एक सजीव अङ्ग हो जसको परिचालनबाट सम्पूर्ण कला गतिशील बन्दछ (श्रेष्ठ,२०३९:२३०) । पात्रले नै कथानकमा गति ल्याइदिन्छ,उसका क्रियाकलापबाट नै कथानक अगाडि बढ्छ । विषय भावना, घटना, प्रकाशित गर्ने माध्यम र कथाको सञ्चालक चरित्र हो (न्यौपाने,२०४९:१६३) । त्यसैले कथामा चरित्र चित्रण सरल र

स्पष्ट हुनुपर्छ । चरित्र चित्रण सुन्दर बनाउनका लागि पात्रमा जीवन शक्ति ल्याउनु पर्छ साथै कथाकारले कल्पनाको माध्यमले पात्रलाई जीवन्त बनाउन सक्नुपर्छ । चरित्र चित्रण स्पष्ट उतार्नका लागि कथाकारले व्यक्तिवृत्तको सूक्ष्म अध्ययन, आफू वरिपरि रहेका समाजको गहिरो अध्ययन गर्नुपर्छ । चरित्र चित्रणलाई यथातथ्य प्रकट गर्नका निम्ति कथाकारले ४ किसिमका तरिका अपनाउन सक्छ (न्यौपाने,२०४९ :१६३) :-

(१) पात्रलाई विशेष परिस्थितिमा उभ्याएर
(२) पात्रको आपसी संवादद्वारा
(३) पात्रको व्यवहारबाट
(४) कथाकारले स्वयं टिप्पणी गरेर

कथामा विभिन्न प्रकारका पात्र हुन्छन्,मुद्राका आधारमा अन्तर्मुखी र बहिर्मुखी,चित्रणका आधारमा स्थिर र गतिशील, प्रतिनिधित्वका आधारमा प्रारुपीय र व्यक्तिवादी, विशेषताका आधारमा गोला र चेप्टा आदि किसिमले वर्गिकरण गरिएको छ (बराल,२०५५:५) । वातावरण वा कुनै घटनाले परिवर्तन हुने पात्रलाई गतिशील र आदिदेखि अन्त्यसम्म चारित्रिक दृष्टिले भिन्नता नआउने पात्र गतिहीन हुन् । त्यसैगरी जीवनलाई आफ्नै रचनामा ढालेर सांसारिक भद्रगोलदेखि टाढा बस्न चाहने पात्र अन्तर्मुखी हुन्छ भने आफ्ना मनका कुरा अरुलाई  भनी हाल्ने र बाहिरी सम्पदामा रम्ने बहिर्मुखी पात्र हुन्छ । जीवनलााई जटिल रुपले भोग्ने र क्षण क्षणमा विशेषता र परिवर्तन गरी कथानक नै रोमाञ्च बनाउने पात्रलाई गोला पात्र भनिन्छ । गोला पात्रमा स्वच्छन्दता र स्वाभाविकता ज्यादा हुन्छ । जीवनलाई सपाट रुपले भोग्ने र विशेष गरी सजिलै बुझ्न सकिने पात्र च्याप्टा पात्र हुन् । पात्रलाई सार्वभौम र आञ्चलिक,यथार्थ र आदर्श,परम्परागत र मौलिक आदि भनेर पनि वर्गीकरण गरिएको छ (बराल,२०५६:३०) ।

पात्रलाई जटिल र सरल भनेर पनि वर्गीकरण गरिएको पाइन्छ । मध्यम वर्गीय पात्रहरु जटिलताको युक्त र सरल ग्रामीण परिवेश सीधा-साधा पात्रहरु जटिल र सरल अन्तर्गत पर्दछन् (हाँडा,१९७८:७५) ।

पात्रलाई शैली वैज्ञानिक दृष्टिले पनि वर्गीकरण गरिएको पाइन्छ । यसअनुसार लिङ्गको आधारमा स्त्री र पुरुष,कार्यको आधारमा -प्रमुख,सहायक र गौण,प्रवृत्तिको आधारमा अनुकूल र प्रतिकूल,स्वभावको आधारमा गतिशील र गतिहीन,जीवन चेतनाको आधारमा-वर्गगत र व्यक्तिगत,आसन्नताको आधारमा नेपथ्य र मञ्च,आबध्दताका आधारमा बध्द र मुक्त गरी विभाजन गरिएको छ  (शर्मा,२०४८ :१७३) ।

यसरी कथामा चरित्रको महत्वपूर्ण स्थान सबैका दृष्टिमा स्वीकार योग्य मानिएको छ । चरित्र नै कथानकलाई हाँकेर लैजाने रथी हो । पात्रमा स्वभाविकता यथार्थता र जीवन्तता हुनुपर्छ । आधुनिक कथाकारहरु कथामा विषयवस्तुको चयन मानव समाजभित्रबाट नै गर्छन् र त्यही पात्रद्वारा कथालाई पूर्णरुप दिन्छन् । पात्रले समाजका यथार्थतालाई इङ्गित गर्छ भन्ने चरित्र चित्रणले मुख्य रुपमा पात्रको मानसिक रुपले जीवन्त प्रस्तुति गर्छ । पाठकले कथा पढ्दा पात्रको चरित्र,कार्य व्यापार र उसको व्यवहारद्वारा आफ्नो युग र समाजको प्रतिबिम्ब पाउँदछ । चरित्र

पक्ष कमजोर भएमा सम्पूर्ण कथा नै कमजोर हुन्छ । त्यसैले कथाकारले कथामा चरित्रको प्रस्तुति गर्दा सावधानीपूर्वक गर्नुपर्छ ।

२.३.३ उद्देश्य

उद्देश्यलाई विचार तथा कथाले देखाउन चाहेको सारतत्व वा सारवस्तु पनि भन्ने गरिन्छ । यसलाई अंग्रेजीमा (Theme/Meaning) आदि भन्ने गरिन्छ । कुनै पनि कथाले कथामार्फत भन्ने देखाउने,प्रस्तुत गर्ने,जीवन चिन्तन वा सारपक्ष नै कथाको उद्देश्य हो । यो कथाको वैचारिक धरातल हो । कथामा उद्देश्यको सम्बन्ध केवल कथामा मात्र सीमित नरही कथाकारको जीवन दृष्टिसित पनि गाँसिएको हुन्छ । कुनै पनि कथा कथाकारको जीवन-दृष्टिले कलात्मक प्रस्तुति हो । त्यसैले कथामा उद्देश्य मानव जीवनको सामान्यीकरण हो,जुन द्वन्द्वद्वारा प्रस्फुटित हुन्छ र जसलाई वातावरण,परिदृष्य,भाव-परिमण्डल,प्रतिक र बिम्बद्वारा परिस्कृत गरिन्छ (शर्मा,२०४८:१७३) । कथा कतै कथाकारले राखेका उद्देश्य अनुसार आफ्नै व्यक्तित्व प्रदर्शन गर्ने कार्यमा केन्द्रित रहन्छ भने कतै वैचारिकता प्रदर्शन गर्ने उद्देश्यमा केन्द्रित रहन्छ ( सुवेदी,२०५१:३०) । कथाको उद्देश्य कथाकारको वैयक्तिक व्यक्तित्व प्रदर्शन गर्ने रह्यो भने विचार पक्ष गौण रहन्छ । त्यस्तो अवस्थामा कथा शैली र चालढालको चमत्कारीमा अल्मलिएको हुन्छ तर विचार पक्षलाई स्थापना गर्ने उद्देश्यले प्रेरित कथा लेखन हो भने मानवीय शाश्वत मूल्यमा आएका जीवन र युगका प्रभावहरु र संवेगका क्षणहरुको कथालाई जीवन दिएका हुन्छन् (सुवेदी,२०५१:३०) ।

उद्देश्य छोटकरीमा साहित्यिक परितोष दिलाउनु नै हो । अथवा मनोरञ्जन गराउनु हो ( पोखरेल,२०४०:२३१) । जीवनका मार्मिक अनुभूतिलाई अभिव्यक्त गर्नु कथाकार या कथाको उद्देश्य अनुसार कथाको गठन गरिनुपर्छ र एउटा न एउटा उद्देश्य हुनु पनि पर्छ ( पोखरेल,२०४०:२३१) । जीवनको सत्यानुभवलाई कल्पनाको सहायताले प्रस्तुत गर्नु नै कथाको उद्देश्य हो । कथाले यस क्रममा मनोविनोदका साथै कुनै कुनै जीवनोपयोगी सन्देशको सम्प्रेषण गर्छ (उपाध्याय,२०३९:१४७) । बौध्दिक भोक पूर्णतया हटाउन नसके पनि स्वादिलो र सानोतिनो रुपमै भए पनि एकाँशीय तृप्ति दिनु कथाको उद्देश्य हुन्छ । साथै पाठकलाई तुरुन्त स्वस्थ मनोरञ्जन दिनु र सत्यको प्रतिष्ठा गर्नु कथाको उद्देश्य हो ( न्यौपाने,२०४९:१७०) ।

समग्रमा कथा उद्देश्यपूर्ण रचना हो । कथाकारले कुनै कथामा समाजका यथार्थ पक्षलाई समेट्ने कुनैमा नैतिक उपदेश साहित्यिक-धार्मिक चेतनाको उद्‌वोध गर्ने लक्ष्य राखेको हुन्छ । अचेलको कथाहरुमा चाहिँ जीवनका कुनै विशेष देशको चित्रण गर्नु नै उद्देश्य रहेको हुन्छ ( शर्मा,२०५०:४५) । कथामा उद्देश्य त हुन्छ नै तर कथालाई प्रभावमूलक स्वरुप दिन उद्देश्यलाई प्रत्यक्ष अभिव्यक्त गर्नु हुँदैन । त्यसैले कथामा विचार वा अनुभूतिको अप्रत्यक्ष रुपमा हुनु आवश्यक छ (थापा,२०५०:१६०) ।

कथाको उद्देश्यका सम्बन्धमा पूर्विय तथा पाश्चात्य दुवै साहित्यका आचार्यहरुले व्यापक चर्चा गरेको पाइन्छ । जसअनुसार पूर्वीय साहित्यमा सर्जकका दृष्टिले कीर्ति वा यश मुख्य प्रयोजन मानिएको छ भने पश्चिमी साहित्यमा साहित्यको प्रयोजन सँधै परिवर्तित भइरहेको

पाइन्छ (वर्मा,१९८५:११९) । उद्देश्यमा लेखकको त्यस सामान्य वा विशिष्ट जीवनदृष्टिको विवेचना हुन्छ,जुन कथाभित्र कथावस्तुको विन्यास,चरित्रको योजना,वातावरणको प्रयोग आदि सबै ठाउँमा प्राप्त गर्न सकिन्छ । यसलाई लेखकको जीवन दर्शन अथवा उसको जीवनदृष्टि,जीवनको व्याख्या वा जीवनको आलोचना भन्न सकिन्छ (बराल ,२०५५:५) ।

कथा मनोवैज्ञानिक,सामाजिक,ऐतिहासिक जेजस्ता विषयवस्तुमा आधारित भए पनि कथा उद्देश्य विहीन हुँदैन । उद्देश्य कुनै पनि कथाको केन्द्रीय पक्ष हो । कथाकारले कुनैमा समाजका यथार्थ पक्षलाई समेट्न,कुनैमा नैतिक उपदेश,साँस्कृतिक-धार्मिक चेतनाको उद्‌बोध गर्ने लक्ष्य राखेको हुन्छ । तर कथालाई प्रभावमूलक स्वरुप दिन उद्देश्यलाई रुपमा हुनु आवश्यक छ ( थापा,२०५०:१८३) ।

मानव जीवनका विविध पक्षलाई कथाले आत्मसात गरेको हुन्छ । कथाकारले कथामा अक्षित उद्देश्यलाई आ-आफ्नै अनुभूतिका माध्यमबाट व्यक्त गरेको हुन्छ । त्यसैले कथाको सफल प्रयोजनका निमित्त पनि उद्देश्य आवश्यक हुन्छ । समष्टिमा कथाले अपेक्षा गरेको चरम प्राप्ति नै उद्देश्य हो जसमा कथाकारले उसको मानसिक अनुभूति र त्यसमा निहित शास्वत सत्यलाई कलात्मक रुपमा प्रस्तुत गर्दछ ।

### २.३.४ दृष्टिविन्दु

आख्यानमा दृष्टिविन्दु भन्नाले कथा सुनाउनका निम्ति उभिन वा वस्नलाई रोजेको ठाउँ भन्ने बुझिन्छ (नेपाल,१९८७) । दृष्टिविन्दु कथाको शिल्प विधानसंग सम्बध्द एक महत्वपूर्ण पक्ष हो । यो पक्ष त्यो माध्यम हो जसको सहायता विना कथाकारले आफ्नो सामाग्रीलाई प्रकट रुपमा प्रस्तुत गर्न सक्दैन (श्रेष्ठ,२०३९:३२) । कथावस्तुलाई पाठक वर्गको निम्ति संवध्द एवं प्रेषणीय बनाउने भूमिका कथात्मक दृष्टि विन्दुले गर्दछ (श्रेष्ठ,२०५५:६४) । कथामा दृष्टिविन्दु भनेको त्यो स्थिति वा स्थान वा सीमा हो जसका माध्यमबाट कथाकारले आफ्ना कुरा पाठक समक्ष पुऱ्याउँछ (शर्मा,२०४८:१२३) । कथक कुनै कथा मैदानको मध्यविन्दुमा उभिएर आफ्नो वरिपरि खेल्ने,नाच्ने वा जीवन धान्ने मान्छेहरु र तिनका गतिविधि,क्रियाकलापबारे विवरण दिन्छ । कुनै आख्यानको कथक मैदानको बीचमा उभिनको साटो किनारमा बसेर वा उभिएर विवरण मात्र दिने मान्छे पनि हुन्छ । वस्तुतः आख्यानलाई सफल-असफल,प्रभावकारी-अप्रभावकारी तुल्याउनमा दृष्टिविन्दु-तत्वको ठूलो हात रहेको हुन्छ (नेपाल,१९८७) ।

दृष्टिविन्दु त्यो स्थिति,स्थान वा सीमा हो जसको माध्यमबाट कथाकारले आफ्नो धारणा वा अनुभूति पाठकवर्ग समक्ष पुऱ्याउँछ । कथाकार र पाठक वर्ग वीचको सम्बन्ध सूत्र नै दृष्टिविन्दु हो । यो कथाको श्रेष्ठता वा उत्कृष्टताको मापक हो (श्रेष्ठ,२०५५:१६४) । आख्यानमा साधारणतयाः पात्रसित सम्बन्धित तत्व जस्तो भएर रहेको हुन्छ । स्रोता र ग्रहणकर्तालाई कथा सुनाउने व्यक्ति जो छ उसको भूमिका नै दृष्टिविन्दु हो र त्यसरी कथा सुनाउने व्यक्ति दृष्टिविन्दु पात्र भनिन्छ । यस दृष्टिले यदि कथक र लेखक एउटै व्यक्ति भएमा लेखक स्वयं पनि आख्यानको पात्र हुनपुग्छ । उसको व्यक्तित्व आख्यानात्मक हुन्छ । आख्यान कृति जीवन-चरित्रात्मक बन्न पुग्छ (नेपाल,१९८७:६०) ।

दृष्टिविन्दु कथाकार र पाठक बीचको भाव,विचार वा दर्शनको पारस्परिक विनियमको आधार नै दृष्टिविन्दु हो । यसैमा अवलम्बित भएर कथाकारले आफ्नो सामाग्रीलाई कथाको मूर्तरुप प्रदान गर्दछ । यो विना कथामा प्रयुक्त कार्यपीठिका चरित्र-चित्रण,भावपरिमण्डल आदिमा सजीवता आउन सक्दैन (श्रेष्ठ,२०३९:३२) । पात्रको जीवन्तता तथा विश्वासनीयता दृष्टिविन्दुमा निर्भर रहेको हुन्छ । यसैले कुनै पनि कथामा 'दृष्टिविन्दु' कमजोर हुनुका साथै त्यस कथाको संरचना फितलो हुनु हो (श्रेष्ठ,२०५५:१६८) ।

कथा साधारणतः कि त प्रथम पुरुष दृष्टिविन्दुबाट सुनाइएको हुन्छ अर्थात् म पात्रले कथा सुनाएको हुन्छ,कि त ऊ पात्रले कथा सुनाएको हुन्छ । मध्यम पुरुष दृष्टिविन्दुको प्रयोग नाटक,एकाङ्कीजस्ता दृष्यकाव्यमा हुने गर्छन् । सामान्यतः कथामा प्रथम पुरुष र तृतीय पुरुषको प्रयोग भएको पाइन्छ । यही कुरालाई मध्यनजर गर्दै आख्यानको सैध्दान्तिक निरुपण गर्नेहरुले प्रायः केवल दुई किसिमका दृष्टिविन्दुको चर्चा गरेका छन्-आन्तरिक र बाह्य (नेपाल,१९८७:६०) । आन्तरिक दृष्टिविन्दु भन्नाले प्रथम पुरुष कथावाचकको प्रयोग गरेर कथा वाचन गरिने पध्दति हो । बाह्य दृष्टिविन्दु भन्नाले अन्य पुरुष कथावाचक ऊ को प्रयोग भन्ने बुझिन्छ । आन्तरिक भित्र केन्द्रिय र परिधीय दुई पर्दछन् भने बाह्यमा सर्वदर्शी,सीमित र वस्तुगत गरी तीन किसिमका छन् ।

### २.३.४.१ आन्तरिक दृष्टिविन्दु

जहाँ म पात्रले सम्पूर्ण विवरण दिँदै जान्छ त्यहाँ आन्तरिक दृष्टिविन्दुको प्रयोग हुन्छ । 'म' पात्र सामान्य कथावाचक मात्र नरहेर कथाको मूल पात्रसमेत उही छ भने त्यस दृष्टिविन्दुलाई केन्द्रीय आन्तरिक दृष्टिविन्दु भनिन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक स्थितिको चित्रण सूक्ष्मताका साथ प्रस्तुत गरिएको हुन्छ । यसको विपरीत यदि म पात्र सामान्य घटनाको विवरण दिने वा कथा सुनाउने एउटा व्यक्तिको रुपमा रहेको छ र कथामा त्यसले कुनै सक्रिय भूमिका खेलेको छैन भने त्यसलाई 'परिधीय'आन्तरिक दृष्टिविन्दु भनिन्छ । यहाँ कथा प्रथम पुरुष कथावाचकद्वारा नै प्रस्तुत गरिएको भए तापनि मूल पात्र भने अरु नै कोही हुन्छ । यहाँ कथावाचक कथाभित्र वा बाहिर जहाँ बसेर भए पनि कथाको विवरण दिइरहेको हुन्छ । परिधीय दृष्टिविन्दु रहेको कथामा म पात्रको स्थान प्रमुख नभई गौण वा तटस्थ हुन्छ ।

### २.३.४.२ बाह्य दृष्टिविन्दु

तृतीय पुरुष पात्रबाट कथा प्रस्तुत गर्ने पध्दति बाह्य दृष्टिविन्दु हो । अन्य पुरुष दृष्टिविन्दुबाट प्रस्तुत कथामा कथावाचक कथाको पात्रभन्दा भिन्नै कुनै व्यक्ति हुन्छ । ऊ केवल एउटा द्रष्टा मात्र रहेको हुन्छ । वस्तुतः कथावस्तुको प्रवृत्ति,कथानकको स्वरुप र लेखकीय उद्देश्य आदिकै आधारमा लेखकले दृष्टिविन्दुको चयन गर्दछ ।

(क) सर्वदर्शी बाह्य दृष्टिविन्दु

सार्वदर्शी दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका भावना प्रतिक्रिया विचार आदि समाविष्ट गर्दै ती पात्रहरुको आन्तरिक जीवनको चिनारी दिन्छ । कथाकारले सबै पात्रहरुको मनभित्रका सूक्ष्म र अमूर्त काम यस दृष्टिविन्दुमा हुन्छ ।

(ख) सीमित दर्शी बाह्य दृष्टिविन्दु

सीमित दृष्टिविन्दुमा लेखिएको कथामा चाहिँ एक मात्र पात्रको विचार, भावना, सोचाइ, संवेगात्मक प्रतिक्रिया आदि व्यक्त गरिन्छ । अर्थात् कथाकारले केवल एउटै मात्र पात्रको मनभित्रको संसारमा विचरण गर्दछ । यहाँ कथावाचक आफूलाई सर्वज्ञ र सर्वदर्शी झैँ देखाउँदैन ।

(ग) वस्तुगत बाह्य दृष्टिविन्दु

कथामा कथाकार कुनै पनि पात्रको मनभित्र नपसी निरपेक्ष भएर पात्रलाई क्रिया-व्यापारमा सँलग्न गराउँदछ भने त्यसलाई वस्तुगत दृष्टिविन्दु भनिन्छ । यस दृष्टिविन्दुको प्रयोग गरी लेखिएको कथा बढी नाटकीयपध्दतिको हुन्छ । यसमा कथावाचकको पात्रका मनका कुरा, आचरण, भाव आदिवारे आफू प्रत्यक्षदर्शी भई विवरण दिनको साटो संवाद,कार्यव्यापार आदिका माध्यमबाट परोक्ष रुपमा जानकारी दिएको हुन्छ ।

२.३.५ भाषा

समाजका व्यक्तिहरु बीच सञ्चार गर्न प्रयोग गरिने यावृच्छिक वाकप्रतीकहरुको व्यवस्थालाई भाषा भनिन्छ (बन्धु,२०५०:१) । साहित्य भाषाको माध्यमबाट अभिव्यक्त हुने कला हो । साहित्यिक भाषामा नियमहरुको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । साहित्यिक कृतिमा पाइने सौन्दर्य चेतना भाषिक कलाको आधारमा खडा भएको हुन्छ (बराल २०५६:१३८) । साहित्यका विभिन्न विद्यामध्ये गद्य फाँटमा पर्ने एक स्वतन्त्र विधा कथा हो । कथालाई अन्य गद्य विधाहरुको भन्दा भिन्न स्वरुप प्रदान गर्ने उपकरणहरु मध्ये एउटा उपकरण भाषा हो । साहित्य भाषा र कला दुवै भएकाले यसमा भाषलाई प्रशस्त खेलाएर त्यसको विशिष्ट प्रस्तुति पनि गरिएको हुन्छ । साहित्यको भाषा सामान्य बोलचालको भाषाभन्दा बढी आकर्षक हुन्छ । कतिपय ठाउँमा सर्जकद्वारा विशिष्ट अभिव्यक्ति र भाषिक सौन्दर्य प्रकटीकरणका लागि भाषाको व्याकरणिक तथा कोशीय नियमलाई अतिक्रमण गरेर गद्य भाषाको प्रयोग गरिएको हुन्छ । त्यसैकारण गद्य साहित्यमा प्रयुक्त भाषाको शैलीय अध्ययन भाषिक सूत्रका आधारमा गर्न सकिन्छ (गौतम,२०५३:१३८) ।

भाषा मानवीय अनुभूति र अभिव्यक्ति माध्यम हो । त्यसैले यो व्यक्तिको अनुभव र अनुभूत यथार्थको अभिव्यक्तिको माध्यम हुनुका साथै सामाजिक चिन्तनको प्रतीक पनि हो ।

भाषाकै माध्यमबाट कथावस्तुको विस्तार तथा पात्रहरुको चारित्रीकरण र तिनको कार्यव्यापारको उद्घाटन गरिन्छ । कथालाई प्रभावकारी बनाउने माध्यम भाषा र यसको प्रयोगको पध्दति नै हो । कथामा विभिन्न प्रकारका भाषा पाइन्छन् -काव्यात्मक भाषा, स्वभाविक भाषा, साङ्केतिक वा प्रतीकात्मक आदि भाषाको प्रयोग कथामा हुन्छ ।  यी विभिन्न प्रकारको भाषाको प्रयोग हुने भए तापनि कथा संक्षिप्त हुने भएकाले अनावश्यक शब्दालङ्कार र शब्दाडम्वर छोडेर आवश्यक शब्दको प्रयोग गर्नु उपयुक्त हुन्छन् (बराल,२०५५:६) ।

भाषा साहित्यिक अभिव्यक्तिको माध्यम हो । यस माध्यमले वाङ्मय र अन्य कलालाई छुट्याउँछ । यस माध्यमका अभावमा कथा लगायत साहित्यको अन्य कुनै पनि विधाले रुपाकार र मूर्तता पाउँन्न (शर्मा,२०५५:४०५) । कथामा उच्च प्रयुक्ति, मध्य प्रयुक्ति, र निम्न प्रयुक्ति गरी तीन प्रकारका भाषाको प्रयोग हुन्छ । उच्च प्रयुक्तिको भाषा परिनिष्ठित र काव्यात्मक हुन्छ । नेपालीमा तत्सम शब्दको बढी प्रयोग भएको भाषालाई उच्च प्रयुक्ति मानिन्छ । मध्यम प्रयुक्तिमा भिन्न प्रकारका आगन्तुक शब्दले प्रयोग हुन्छ । नेपालीमा संस्कृति,उर्दु,अंग्रेजी र झर्रा शब्दको प्रयोग गर्दा मध्यम प्रयुक्ति हुन्छ । निम्न प्रयुक्तिमा प्रचलित शब्दहरुको बढी प्रयोग हुन्छ । बोलचालको नेपाली भाषालाई निम्न प्रयुक्ति भनिन्छ । कथामा यसै खालको भाषा हुनुपर्छ भन्ने मानिन्छ (शर्मा,२०५५:४०५) ।

मनका भाव वा विचार अरुछेउ प्रकट गर्ने सार्थक शब्द,वाक्यहरुको समूह अथवा सार्थक ध्वनि समूह भाषा हो भने विषयवस्तु अनुकूल भाव अभिव्यक्ति गर्ने ढाँचा शैली हो ( हाँडा,१९७८:७५) । भाषा भन्नासाथ शैलीको प्रसङ्ग आउँछ । भाषाका लागि प्रवाह, सरसता, ध्वन्यात्मकता, व्यञ्जकता, तथा प्रभावोत्पादकता अत्यन्त आवश्यक गुण हुन् भने उपयुक्त शब्द चयन, पद-मैत्री, सुसंगठित वाक्य विन्यास,अलंकार योजना लक्षण आदि शैली अन्तर्गत पर्दछन् । शैलीमा भाषिक एकाइको सौन्दर्यवोधक समुच्यय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ (हाँडा,१९७८:७५) । कथ्य वा अर्थसंग सांश्लिष्ट भएर रहने हुँदा यो सुक्ष्म हुन्छ । शैलीको सम्बन्ध एकातिर कथाको विन्याससित हुन्छ र अर्कोतिर भाषासित पनि हुन्छ । सरस, सुवोध र स्पष्ट भाषा एवं छोटा छोटा वाक्य शैलीका विशिष्ट गुण हुन् । शैली पनि वर्णनात्मक, विवरणात्मक, नाटकीय, डायरी, पत्रात्मक, आत्मकथनात्मक आदि गरी छुट्याउन सकिन्छ ।

यसप्रकार भाषा र शैली एक अर्काका परिपूरकका रुपमा आएका छन् । कथालाई मूर्तता दिने काम भाषाले गर्दछ भने मूर्तता दिँदा कुन किसिमको  ढाँचा अपनाउने भन्ने प्रश्नसँग शैली आएको हुन्छ । भाषाको उच्चारण गर्दा वित्तिकै शैली पनि आएको हुन्छ ।

## २.३.६  निष्कर्ष

कथाको सिङ्गो स्वरुपको निर्माणका निमित्त प्रत्यक्ष र अप्रत्यक्ष अथवा स्थूल र सूक्ष्म जुनसुकै रुपमा रहेर पनि कथामा सक्रिय भूमिका निर्वाह गर्न उपयुक्त तत्वहरुको महत्वपूर्ण भूमिका रहेको हुन्छ । कथाका तत्वका सम्बन्धमा विभिन्न विद्वानहरुले आ-आफ्नै मत राखे तापनि माथि चर्चा गरिएका कथानक, पात्र दृष्टिबिन्दु, उद्देश्य र भाषा नै समग्रमा कथाको

पूर्णताका निम्ति पर्याप्त आधारभूत तत्व मान्न सकिन्छ । माथि चर्चा गरिएका तत्व बाहेक, भाव परिमण्डल, लय र गति, बिम्ब र प्रतीक आदि पनि कथाका तत्व भनेर मान्न सकिन्छ । तर पनि यिनीहरु कथाका लागि आधारभूत तत्व नभई कथाको संरचनामा सुनमा सुगन्ध ल्याउने तत्व भनेर बुझ्न सकिन्छ । कथामा माथिका सबै तत्वको समुचित प्रयोग हुनु उत्कृष्टताको द्योतक हो । कथाको प्रकृति अनुसार विभिन्न तत्वको विशेष प्रधानता रहन्छ,यसका अन्य सहायक तत्वलाई पनि पूर्ण रुपमा नकार्न सकिदैंन । उत्कृष्ट कथाको निमित्त संरचनागत सबै तत्वको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

## २.४ कथा वर्गीकरणका आधारहरु

आख्यान विद्याअन्तर्गत पर्ने भएकाले कथा र उपन्यासको वर्गीकरण गर्ने आधारमा समानता पाइन्छ । कथा जीवनका कुनै महत्वपूर्ण र नाटकीय क्षणको चित्रण हो भने उपन्यास व्यापक घटनाहरुलाई अंगाली विस्तृत चित्र उभ्याउने विधा हो (शर्मा, २०४०:७१) । कथाको वर्गीकरण भन्नाले कथाको प्रकार वा भेद भन्ने कुरा बुझिन्छ । कथाको क्षेत्रगत व्यापकता भए तापनि विषयगत विस्तृति,शैलीगत विभिन्नता एवं उद्देश्यगत पार्थक्यका आधारमा कथालाई निश्चित सीमामा आवध्द गर्न सकिन्छ ।

कथामा प्रयुक्त, निहीत उद्देश्य र सिर्जित शैलीलाई वर्गीकरणको मुख्य आधार मानी अन्य भेदोपभेदहरु यिनै आधारबाट प्रस्तुत गर्न सकिन्छ । कथाको वर्गीकरणका  सम्बन्धमा विभिन्न विद्वानहरुले आफ्ना-आफ्ना विचार यसरी प्रस्तुत गरेका छन् ।

हिन्दीका समालोचक धीरेन्द्र वर्मा र अन्य विद्वानहरुले ‘हिन्दी साहित्यकोश’ नामक पुस्तकमा कथालाइ कथातत्व,विषयवस्तु र शैलीका आधारमा वर्गीकरण गरेका छन् । उनीहरुले कथा तत्वका आधारमा घटनाप्रधान, चरित्रप्रधान, वातावरणप्रधान र भावप्रधान गरी ४ प्रकारका विषयवस्तुका आधारमा ऐतिहासिक, सामाजिक, मनोवैज्ञानिक, मनोविश्लेषणात्मक, साहसिक, रोमान्टिक र जासुसी गरी ७ प्रकार एवं शैलीका आधारमा वर्णनात्मक, पत्रात्मक, नाटकीय आत्मचरित, डायरी मिश्रित गरी ६ प्रकारका कथा मानेका छन् ( वर्मा ,१९८५:१८५) । हिन्दीकै अर्का समालोचक मोहनलाल जिज्ञासुले तत्वका आधारमा कथालाई वर्गीकरण गरेका छन् । उनले चरित्रप्रधान, घटनाप्रधान, कार्यप्रधान, वातावरणप्रधान, भावप्रधान, हास्यप्रधान, ऐतिहासिक, प्रकृतिवादी र प्रतीकवादी गरी कथालाई ९ वर्गमा बाडेका छन् (जिज्ञासु, १९६३ :४३) ।

नेपाली साहित्यका विद्वान केशवप्रसाद उपाध्यायले कथाको वर्गीकरण गर्ने तीन प्रकारका आधार वताएका छन् । उनले विषय,उद्देश्य र शैलीका आधारमा कथालाई वर्गीकरण गरेका छन् । उनले विषयका आधारमा पौराणिक, ऐतिहासिक, सामाजिक, यौनविषयक, राजनैतिक, शिकारविषयक, दार्शनिक, जासुसी वा आपराधिक गरी कथालाई ८ प्रकारका स्वीकारेका छन् । त्यसैगरी उनले उद्देश्यका आधारमा घटनाप्रधान, समस्याप्रधान, रहस्य प्रधान गरी ५ प्रकार र शैलीका आधारमा वर्णनात्मक,स्वगत कथनात्मक, पत्रात्मक र दैनन्दिन्यात्मक वा डायरी गरी कथालाई ४ प्रकारको मानेका छन् (उपाध्याय,२०४९ : १५०-१५२) ।

समालोचक टंकप्रसाद न्यौपानेले पनि कथालाई शैली,विषय र उद्देश्यका आधारमा वर्गीकरण गरेका छन् । उनले शैलीलाई रचनाविधान र अभिव्यक्ति प्रणाली गरी दुई प्रकारका मानेका छन् । समालोचक न्यौपानेले रचना विधानका आधारमा घटनाप्रधान, चरित्रप्रधान, प्रतीकात्मक परिवेश प्रधान गरी ४ प्रकार र अभिव्यक्ति प्रणालीका आधारमा वर्णनात्मक, आत्मकथानात्मक, नाटकीय,डायरी र पत्रात्मक गरेर ५ प्रकारको स्वीकार गरेका छन् । त्यसै गरी उनले विषयवस्तुका आधारमा कथालाई सामाजिक, ऐतिहासिक, पौराणिक, राजनैतिक, वैज्ञानिक, मनोवैज्ञानिक वा मनोविश्लेषणात्मक गरी ५ प्रकार र उद्देश्यका आधारमा आदर्शवादी, यथार्थवादी, नव आदर्शवादी वा प्रगतिवादी गरी ४ भेद मानेका छन् (न्यौपाने,२०४९:१७०-२७४) ।

समालोचक मोहनराज शर्माले निम्नलिखित दशवटा आधारमा कथाको वर्गीकरण गरेका छन् -

संगठनगत भेद, प्रकारगत भेद, स्रोतगत भेद, प्रभावगत भेद, धारागत भेद,दृष्टिविन्दुगत भेद र विषयगत भेद (शर्मा,२०५०:१२-१३) ।

समालाोचक कृष्णहरि बराल र नेत्र एटमले विषयवस्तुका आधारमा साहसिक, ऐतिहासिक, सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक, आञ्चलिक वैचारिक, वैज्ञानिक जीवनीमूलक, मिथकीय, जासुसी कथानकका आधारमा घटनाप्रधान, चरित्रप्रधान, चित्रात्मक नाटकीय, शैलीका आधारमा वर्णनात्मक, आत्मकथानात्मक, पत्रात्मक, डायरी, चेतनाप्रवाह, धारागत आधारमा आदर्शवादी, आलोचनात्मक यथार्थवादी, मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्ववादी, अतियथार्थवादी आदि गरी विभाजन गरेका छन् (बराल २०५६:५०-६०) ।

त्यसैगरी समालोचक कृष्णप्रसाद घिमिरे र ऋषिराज बरालले कथालाई विषयवस्तु,चरित्र वा शैलीका आधारभन्दा उद्देश्य तथा प्रवृत्तिका आधारमा वर्गीकरण गर्नु बढी वस्तुवादी ठहर्ने कुरा उल्लेख गरेका छन् (बराल,२०५५:३) ।

कथाको वर्गीकरण गर्ने सम्बन्धमा नेपाली तथा हिन्दी-साहित्यका समालोचकहरुको विचारमा आंशिक रुपमा असमानता रहे तापनि धेरै जस्तो ठाउँमा मतैक्य देखिन्छ । प्रायः सबैले विषय,शैली र उद्देश्यका आधारमा कथाको वर्गीकरण गरेका छन् ।

### २.४.१ विषयवस्तुका आधारमा वर्गीकरण

विषयवस्तु भन्नाले साहित्यकारले लिएको विषय,पात्र र परिवेश भन्ने बुझिन्छ । विषयवस्तु साहित्यको मेरुदण्ड नै हो । मेरुदण्ड विना शरीरको अस्तित्व नरहे जस्तै विषयवस्तु नभएको साहित्यको कल्पना गर्न सकिँदैन । कथा पनि साहित्यिक विधा भएकाले कथामा पनि विषयवस्तु अपरिहार्य मानिन्छ । कथाकारले आफूले देखेका ,सुनेका, भोगेका र कल्पना गरेका कुरालाई कथाको विषयवस्तु बनाई कथा रचना गर्दछन् । कथाको विषयवस्नु जुनसुकै र

जस्तोसुकै पनि हुनसक्छ तापनि आधुनिक  कथाकारहरुले सामाजिक विषयवस्नुलाई नै बढी प्राथमिकता दिई कथा रचना गरेका छन् ।

कथालाई विषयवस्तुका आधारमा लोक वा दन्त्यकथा, पौराणिक, ऐतिहासिक र सामाजिक कथा गरी विभिन्न वर्गमा बाँडिएको छ । समालोचक मोहनराज शर्माले ऐतिहासिक, साँस्कृतिक, सामाजिक, मनोवैज्ञानिक, राजनैतिक ,रहस्योरोमान्सिक र लोककथात्मक गरी कथालाई ७ वर्गमा विभाजन गरेका छन् (शर्मा,२०५५:१३) । केशवप्रसाद उपाध्यायले कथालाई पौराणिक, ऐतिहासिक, सामाजिक, यौनविषयक, शिकारविषयक, जासुसी वा आपराधिक, राजनैतिक र दार्शनिक गरी ८ प्रकारले वर्गीकरण गरेका छन् (उपाध्याय,२०४९:१५१) । त्यसैगरी टंकप्रसाद न्यौपानेले कथालाई सामाजिक, ऐतिहासिक तथा पौराणिक, राजनैतिक, वैज्ञानिक र मनोवैज्ञानिक, मनोविश्लेषणात्मक गरी ५ भागमा बांडेका छन् (न्यौपाने,२०४९:१७२-१७३) । त्यस्तै कृष्णहरि बराल र नेत्र एटमले साहसिक, ऐतिहासिक तथा पौराणिक, राजनैतिक, आञ्चलिक, वैचारिक, वैज्ञानिक, जीवनमूलक, मिथयकीय र जासुसी गरी १२ प्रकारको उल्लेख गरेका छन् (बराल २०५६:५०) ।

२.४.१.१ सामाजिक कथा

समाजमा भएका वा हुन सक्ने घटनालाई आधार मानी लेखिएको कथालाई सामाजिक कथा भनिन्छ । यो कल्पित हुन्छ र आफ्नो समाजको सामयिक जीवनको चित्र उतारिएको हुन्छ (उपाध्याय,२०४९:१५१) । यस्ता कथामा तत्कालिन समाजसँग सम्बन्धित अर्थात् समाजका रीति-थिति,चालचलन आदि विषय प्रस्तुत हुन्छ (न्यौपाने,२०४९:१७२) । सामाजिक कथाले ग्रामीण या शहरीया जनजीवनको आर्थिक,सामाजिक साँस्कृतिक कुरालाई विषयवस्तु बनाई तिनले भोग्नुपर्ने विविध समस्या सुख-दुख आदिलाई चित्रण गरेको हुन्छ ।

यस कथामा विकृति र विसंगतिको उन्मूलन र समाजसुधारको चाहना पनि कथामा प्रकट भएको पाइन्छ । कथाकारले समाजको आर्थिक,राजनैतिक,साँस्कृतिक र भौगोलिक अवस्थाको वस्तुपरक भावपरक दुवै प्रकारले चित्रण गर्न सक्दछ । अधिकांश सामाजिक कथाकारहरु वर्तमान समाजप्रति नै ज्यादा रुचि राख्दछन् र समाजका विकृति देखाउँदै असल र सुधारात्मक चेतको मार्ग निर्देशन समेत गर्दछन् (आचार्य ,२०६३:३२४) । सामाजिक कथाकारहरु विषयवस्तुको  खोजमा इतिहास र पुराणहरुमा समेत पुग्न नसक्ने त होइन, तर पनि सामान्यतया वर्तमानप्रति यस्ता कथाहरुको दृष्टि गएको हुन्छ । यस दृष्टिले समाजको प्रतिबिम्ब झल्काउने कथालाई नै सामाजिक कथा भनिन्छ (श्रेष्ठ,२०६०:१४) ।

२.४.१.२ मनोबैज्ञानिक कथा

सामाजिक विषयवस्तु लिएर कथा लेखिए झैं जुन कथाकारले मानिसको आलोचना अन्तर्मनको मनो जगतसंग रुचि राखेर कथा लेख्दछ:ती कथा मनोवैज्ञानिक बन्न पुग्दछन् ( आचार्य ,२०६३:३२५) । पात्रको वाह्य परिवेश वा द्वन्द्वभन्दा आन्तरिक परिवेश वा द्वन्द्वको चित्रण गर्ने कार्य मनोवैज्ञानिक कथाहरुले गर्दछन् । जुन कथामा पात्र वा पात्राको मनको अध्ययन र

विश्लेषण गरिन्छ, सामान्य वा असामान्य मनोदशाको चित्रण हुन्छ त्यसलाई मनोवैज्ञानिक कथा भनिन्छ (न्यौपाने,२०४९:१७३) । खास गरीकन फायडवादको प्रभावबाट लेखिएका कथाहरुमा यौनका विविध पक्षको चित्रण गरिएको हुन्छ । इद,अहम् र पराहम्सँग सम्बध्द चेतन र अचेतन मनबीचको द्वन्द्वलाई प्रस्तुत गर्दै यस्ता कथाहरुमा यौनको दमित रुपबाट निस्कने समस्या वा विकृतिहरुलाई दर्शाइएको हुन्छ । सामान्यतया मनोवैज्ञानिक कथाहरुमा अचेतनले चेतन मनमा पार्ने प्रभावको उद्घाटन गर्नुका साथै मानिसका स्नायुविकृति, मनोरचना तथा विभिन्न ग्रन्थिहरुको विश्लेषण गरिएको हुन्छ । बालकहरुका चिन्तन तथा संवेगलाई लिएर लेखिएका बालमनोवैज्ञानिक कथाहरु पनि यसै अन्तर्गत पर्दछन् । यस दृष्टिले मानिसको मनोजगत् भित्रका विभिन्न गतिविधिलाई उद्घाटन गर्ने कथालाई मनोवैज्ञानिक कथा भनिन्छ (श्रेष्ठ,२०६०:१४-१५) ।

### २.४.१.३ राजनैतिक कथा

राजनीतिका सकारात्मक तथा नकारात्मक पक्षको उद्घाटन गर्ने कथाहरुलाई राजनैतिक कथा भनिन्छ । यस्ता कथाले खास राजनैतिकवाद वा सिध्दान्तको विरोध वा समर्थन गरिएको हुन्छ (न्यौपाने,२०४९:१७२) । राजनैतिक कथामा राजनीतिमा घटेका घटनालाई प्रस्तुत गरिएको पनि हुन्छ । यस्ता कथामा राजनैतिक चिन्तन बोकेका पात्रहरु हुन्छन् र तदनुरुप परिवेश र उद्देश्य प्रस्तुत गरिएको हुन्छ ।

### २.४.१.४ ऐतिहासिक कथा

विगतमा घटेका घटना,कुनै प्रसिध्द व्यक्ति आदिलाई विषयवस्तु बनाई लेखिएको कथालाई ऐतिहासिक कथा भनिन्छ । यस्ता कथामा इतिहासको कुनै महत्वपूर्ण युग, घटना, साहसिक वीर पुरुषको चरित्र चित्रणको साथै सोही अनुसारको देशकाल र वातावरणको सिर्जना गरिन्छ (बराल,२०५६:५१) ।

### २.४.२ शैलीका आधारमा वर्गीकरण

विशेष किसिमले कुनै काम गर्ने प्रणाली वा पध्दति, काम गराइएको ढाँचा परिपाटी, छाँट आदिलाई शैली भनिन्छ (पोखरेल,२०४०:१२६७) । रचनाकारको त्यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ,जसमा भाषिक एकाइको सौन्दर्यवोधक समुच्यय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ (शर्मा,२०५५:४२) । शैली भनेको विषयवस्तुलाई प्रस्तुत गर्ने तरिका वा ढाँचा हो जसको सम्बन्ध विषयवस्तु र भाषासँग हुन्छ । संस्कृत साहित्यको रीतिसँग शैली मिल्दो -जुल्दो शब्द हो । खास गरेर अनुभव विषयवस्तुलाई सजाउने त्यो तरिकाको नाम शैली हो जसले त्यस विषयवस्तुको अभिव्यक्तिलाई सुन्दर एवम् प्रभावपूर्ण पार्दछ । शैली लेखकको अभिव्यक्तिको प्रकार पनि हो । विषयको अभिव्यक्तिको कममा लिइएको शव्दावली वाक्य वा भाषालाई प्रस्तुतिका कममा लिइएको आवरणबाट शैली जन्मिन्छ ।

शैलीलाई बिभिन्न विद्वानहरुले आफ्नै-आफ्नै ढंगले वर्गीकरण गरेका छन् । यहाँ अभिव्यक्ति प्रणाली,रचना विधान र दृष्टिविन्दु गरी तीन आधारमा वर्गीकरण गरिएको छ ।

२.४.२.१ अभिव्यक्ति प्रणालीका आधारमा वर्गीकरण

अभिव्यक्ति प्रणालीका वर्णनात्मक,आत्मकथानात्मक,नाटकीय वा संवादात्मक पत्रात्मक र डायरी गरी विभिन्न भेद मानिन्छन् ।

२.४.२.१(क) वर्णनात्मक

कथाकार कुनै घटना वा चरित्रका बारेमा आफूले देखेअनुसार वर्णन गर्दछ वा मुखपत्र उभ्याएर वर्णन गर्दछ भने त्यो वर्णनात्मक शैली हो । यो सवभन्दा बढी प्रचलित र लोकप्रिय शैली हो । यसमा लेखक अलग बसी कथा सुनाउँदै जान्छ र यो तृतीय पुरुषमा लेखिएको हुन्छ ( उपाध्याय,२०४९:१५१) । यस्ता कथामा कथाकार द्रष्टा वा इतिहासकारका रुपमा रही घटना पात्रको वर्णन गर्दछ ।

२.४.२.१(ख) आत्मकथानात्मक

आत्मकथानात्मक शैलीमा पात्रले आफूले भोगेका कुरालाई आफै प्रस्तुत गर्दछ । यसमा पात्र-पात्राहरु स्वयं आफ्नै जीवन र त्यसको गतिविधिको अध्ययन गर्दछन् (न्यौपाने,२०४९:१६८) । यो प्रथम पुरुष दृष्टिविन्दुमा लेखिएको हुन्छ । यसमा पात्रले घटनाहरु आत्मकथाकै रुपमा प्रस्तुत गरेको हुन्छ (बराल,२०५६:६५ । आत्मकथानात्मक शैलीमा लेखिएका कथाहरु बढी विश्वसनीय हुन्छन् ।

२.४.२.१(ग) संवादात्मक वा नाटकीय

कथावस्तु अघि बढाउन आएका कुनै दुई पात्रबीच गराइएको संवाद एवं कथाकारको अप्रत्यक्ष टिप्पणीसहित लेखिएको कथा संवादात्मक वा नाटकीय शैली अन्तर्गत पर्दछन् । यसमा आदिदेखि अन्त्यसम्म दुई पात्र-पात्राको वीचमा संवाद मात्र हुने हुँदा यो एकाङ्की नाटक जस्तै हुन्छ (न्यौपाने,२०४९:१६९) । यस्ता कथामा पात्रहरु आफ्नो योग्यता र क्षमताअनुसार वार्तालाप गर्दछन् ।

२.४.२.१(घ) पत्रात्मक

पत्रात्मक कथामा घटना, कार्य, व्यापार, चरित्र, पत्रकै आधारमा निर्धारण हुन्छ । पत्र लेखक नै मूख्य पात्र हुन्छ,अन्यपात्रहरु असीमित हुन सक्छन् । यसमा पात्रको वैयक्तिक भावनाको स्वतन्त्र अभिव्यक्ति हुन्छ (बराल,२०५६ :५६) ।

२.४.३ रचना विधानका आधारमा वर्गीकरण

रचना विधा अन्तर्गत घटनाप्रधान, चरित्रप्रधान, परिवेशप्रधान, प्रतीकप्रधान, आदि भेदहरु देखिन्छन् ।

२.४.३.१ घटनाप्रधान

कथाको प्रत्येक संरचनात्मक एकाइमा द्वन्द्व तथा क्रियाव्यापार अथवा पात्र र घटनाको अन्योन्य क्रिया भई घटनाको क्रमिक विकास चरमोत्कर्षतिर हुने प्रक्रिया रहने भएकाले कुनै-कुनै कथामा घटनाको उत्तरोत्तर श्रृङ्खला हुने गर्दछ । यस्तो कथामा क्रियाव्यापारको अनुक्रम (Sequence) र कथावस्तुको अनुक्रमवीच कलात्मक सम्बन्ध स्थापना भएको हुन्छ । दृश्यविधानको बाहुल्य हुनु यस्तो खाले कथाको स्वरुप हो (श्रेष्ठ,२०६०:१६) ।

घटनाप्रधान कथानकमा घटनालाई प्रमुखता दिइएको हुन्छ भने चरित्र गौण रुपमा हुन्छ । यस्ता कथामा रोचक घटनाहरु एकपछि अर्को गरी चित्रित हुन्छन् (उपाध्याय,२०४९:१५०) ।

२.४.३.२ चरित्रप्रधान

कथा भनेको मानवजीवनकै यथार्थको प्रतिच्छवि भएको हुँदा प्रत्येक संरचनात्मक एकाइमा कथाकारले पात्रविधानको चरित्रलाई उजिल्याउने उद्देश्यतर्फ कथाकार मोडिएको खण्डमा त्यस्तो कथालाई चरित्रप्रधान कथा भनिन्छ । घटनाको नाटकीकरणद्वारा कुनै पात्रको वास्तविक स्वभाव,रुचि विशेषता,प्रवृत्ति तथा अभिवृत्तिको चित्रण गर्ने अभिप्राय नै यस्ताखाले कथाको मुख्य विशेषता हो (श्रेष्ठ,२०६०:१६) ।

२.४.३.३ विचार प्रधान

कथा एउटा बौध्दिक उन्मीलनको अभिव्यक्ति पनि हो । चेतनशील कथाकारले जीवन,समाज,राष्ट्र एवम् सम्पूर्ण विश्वलाई आलोचनात्मक दृष्टिकोणले हेरेर आफ्नो विचार व्यक्त गरिरहेको हुन्छ तर कथाको नाममा उसले 'सम्पादकीय' वा 'लेख' नलेखेर कलात्मक कथा नै लेख्दछ । यसका लागि उसले आफ्ना विचारलाई एउटा संरचनाभित्र समाहित गरी त्यसलाई नाटकीकरण गर्दछ । भावुकताशून्य गहन चिन्तनमा आधारित जटिल प्रकारको कथावस्तु हुनु विचारप्रधान कथाको मूल स्वरुप हो (श्रेष्ठ,२०६०:१६) ।

२.४.४ दृष्टिविन्दुका आधारमा वर्गीकरण

कथामा दृष्टिविन्दुको सम्बन्ध शिल्प विधानसँग रहेको हुन्छ । कथाकारले पात्रलाई कुन भूमिकामा उभ्याएको छ भन्ने कुरा दृष्टिविन्दुबाट स्पष्ट हुन्छ । विद्वानहरुले दृष्टिविन्दु,शब्दको सट्टामा दृष्टिकोण र दृष्टिकेन्द्रजस्ता शब्दको प्रयोग पनि गरेको पाइन्छ । आख्यानकारले चरित्र,कार्यव्यापार,परिवेश आदिलाई पाठकसामु राख्दछ । आख्यान कसको कथा हो र त्यस

कथालाई भन्ने समाख्याताको हो भन्ने कुरा नै दृष्टिविन्दु हो (शर्मा,२०५०:४७) । कुनै एक केन्द्रीय विचार वा सारवस्तुलाई मूल विन्दु बनाएर कथाकारले कथानकको योजना गरिसकेपछि कथालाई एउटा निश्चित आकृति दृष्टिविन्दुले प्रदान गर्दछ (नेपाल,२०४९:५९) । वस्तुतःआख्यानलाई सफल-असफल प्रभावकारी-अप्रभावकारी तुल्याउन दृष्टिविन्दु तत्वको ठूलो हात रहेको हुन्छ (नेपाल,१९८७:५९) । दृष्टिविन्दु दुई किसिमको हुन्छ- आन्तरिक तथा बाह्य ।

### २.४.४.१ आन्तरिक दृष्टिविन्दु

कथामा पात्र प्रथम पुरुषका रुपमा रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ । कथाकार म पात्रको रुपमा उपस्थित भएर देखे-सुनेको वा भोगेको घटनालाई वर्णन गर्दा एवं स्वयं सक्रिय रहँदा आन्तरिक दृष्टिविन्दु हुन्छ,जसलाई उत्तम पुरुष शैली भनिन्छ । आन्तरिक दृष्टिविन्दु पनि दुई प्रकारको हुन्छः-

(क) केन्द्रीय
(ख) परिधीय

#### (क) आन्तरिक केन्द्रीय दृष्टिविन्दु

कथाकार स्वयम वा अरु कुनै 'म' पात्रका रुपमा क्रियाशिल रही कार्य व्यापार गर्दा केन्द्रीय आन्तरिक दृष्टिविन्दु हुन्छ । कथाको सम्पूर्ण आकर्षण तथा रुचि यही पात्रमा रहन्छ । यस दृष्टिविन्दुबाट कथित कथामा मुख्य पात्रको आन्तरिक जीवनको गहिराइ सूक्ष्मताका साथ प्रस्तुत हुन्छ (श्रेष्ठ,२०३९:५९) ।

#### (ख) आन्तरिक परिधीय दृष्टिविन्दु

यस अन्तर्गत पनि कथाकार म पात्रका रुपमा तटस्थ द्रष्टाको रुपमा रही वर्णन गरिएको हुन्छ । यस्तो दृष्टिविन्दुबाट लेखिएको कथाको मुख्य केन्द्र अर्कै पात्र हुन्छ , म पात्रले त्यस मुख्य पात्रको कथालाई प्रस्तुत गर्ने माध्यमको मात्र भूमिका लिएको हुन्छ । यसमा म पात्र प्रमुख पात्रका रुपमा नआई गौण रुपमा आएको हुन्छ ।

### २.४.४.२ बाह्य दृष्टिविन्दु

कथामा दृष्टिविन्दु पात्र तृतीय पुरुषका रुपमा रहेको खण्डमा बाह्य दृष्टिविन्दु हुन्छ ( श्रेष्ठ,२०३९:५९) । यस दृष्टिविन्दुमा कथाकार घटनावलीको द्रष्टा झैं तटस्थरही तृतीय पुरुष शैलीमा ऊ वा त्यो पात्रको वर्णन गर्दछ । बाह्य दृष्टिविन्दु तीन प्रकारको हुन्छः-

(क) सर्वदर्शी दृष्टिविन्दु ।
(ख) सीमित दृष्टिविन्दु ।
(ग) वस्तुगत दृष्टिविन्दु ।

(क) सर्वदर्शी दृष्टिविन्दु

यस दृष्टिविन्दुमा कथाकारले प्रायः सबै पात्रका मनभित्रका सूक्ष्म र अमूर्त विचार आदिलाई  यथावत् प्रस्तुत गरिने काम हुन्छ ।

(ख) सीमित बाह्य दृष्टिविन्दु

यस प्रकारको दृष्टिविन्दुमा लेखिएको कथामा चाहिँ केवल एक मात्र पात्रका विचार, भावना, सोचाइ, संवेगात्मक प्रतिक्रिया आदि व्यक्त गरिन्छ,अर्थात् कथाकारले केवल एउटै मात्र पात्रको मनभित्रको संसारमा विचरण गर्दछ (श्रेष्ठ,२०३९:५९) ।

(ग) वस्तुगत बाह्य दृष्टिविन्दु

कथाकार नाटककार झैँ तटस्थ बसी लेखिएको कथा वस्तुगत अन्तर्गत पर्दछन् । यस दृष्टिविन्दुबाट लेखिएका कथामा कुनै पनि पात्रको आन्तरिक अनुभव विचार,भावना आदिलाई चियाइएको हुँदैन (श्रेष्ठ,२०३९:६०) ।

२.४.५ उद्देश्यका आधारमा वर्गीकरण

प्रत्येक साहित्यिक रचना कुनै न कुनै प्रयोजनको पूर्तिका लागि लेखिएको हुन्छ ( शर्मा,२०५०:४३) । कथाकारले पनि कुनै उद्देश्य लिएर नै कथाको रचना गर्दछ । पहिलेका कथामा उद्देश्य प्रायः स्पष्ट रुपमा व्यक्त हुने गर्थ्यो तर अचेलका कथामा संकेत मात्र रहेको पाइन्छ । आज-भोलीको कथाको उद्देश्यको तात्पर्य जीवनका कुनै विशेष दशाको चित्रण हो ( शर्मा,२०५०:४३) । कथा पिच्छे या कथाकारपिच्छे उद्देश्य फरक हुन सक्छ ।

सैध्दान्तिक रुपमा उद्देश्यका आधारमा कथालाई आदर्शोन्मुख, यथार्थवादी,प्रगतीवादी, अतियथार्थवादी, अस्तित्ववादी, विसंगतिवादी, प्रकृतिवादी व्यंग्यात्मक, रतिरागात्मक वा यौनवादी आदि वर्गमा विभाजन गरिएको पाइन्छ ।

२.४.५.१ आदर्शोन्मुख यथार्थवादी

जुन कथाको उद्देश्य मान्छेलाई उठाउनु शिवमय बनाउनु हुन्छ अर्थात् मान्छेका नकारात्मक चरित्रलाई देखाई त्यस्तो हैन यस्तो हुनु पर्छ भन्ने उपदेश दिइएको हुन्छ त्यस्तालाई आदर्शोन्मुख अथार्थवादी कथा भनिन्छ (न्यौपाने,२०४९:१७३) । पूर्वाध्दमा यथार्थको मात्राको आधिक्य र अन्तिममा आदर्श हुने कथा नै आदर्शोन्मुख यथार्थवादी कथा हुन् ।

२.४.५.२ मनोविश्लेषणवादी

मानव मनको आन्तरिक विश्लेषण गरेर रचिएका कथा यस वर्गमा पर्दछन् । अचेतन मनले मनमा पारेको प्रभाव र त्यसबाट उद्घाटित हुने कनेकौं समस्याको प्रस्तुति यसमा पाइन्छ । दमित इच्छा र त्यसको विश्लेषण नै मनोविश्लेषणवादी कथाको लक्ष्य हो (वराल,२०५६ :५९) ।

२.४.५.३ यथार्थवादी

जुन कथामा मान्छेका दुर्वलता, विषमता, कुरताको नग्न चित्रण मात्र होइन,अभावात्मक पक्षमात्र होइन,दुर्वलतालाई त्यसै रुपमा र सबलतालाई त्यही सीमासम्म मात्र चित्रण गरिएको हुन्छ । अर्थात् जीवनलाई पूर्णजीवनमय मानिएको हुन्छ र यथार्थको अङ्कलन हुन्छ भने त्यस्तालाई यथार्थवादी कथा भनिन्छ (न्यौपाने,२०४९:१७३) । समाजमा घटेका राम्रा,नराम्रा यथार्थ घटनालाई जस्ताको त्यस्तै प्रस्तुत गर्नु यस्ता कथाको उद्देश्य हुन्छ । यस्ता कथाहरुमा आदर्शवाद, भावुकता तथा आत्मपरक दृष्टिलाई वर्जित गरी वस्तुपरक दृष्टिलाई स्वीकार गरिएको हुन्छ । यस्ता कथामा कथावस्तु र पात्रलाई सामाजिक सत्यसंगसंगै राखेर वस्तुतथ्यमा जोड दिइएको हुन्छ । यस्ता कथाको भाषामा पनि प्रत्यक्ष शैली अंगालिन्छ (श्रेष्ठ,२०६०:१५) ।

२.४.५.४ व्यङ्ग्यात्मक

कथाकारले समाजमा भएका घृणित कियाकलाप र अमानवीय व्यवहारप्रति कथाका माध्यमबाट व्यङ्ग्यप्रहार गरेको हुन्छ । समाजका नकारात्मक कुरालाई व्यङ्ग्यको माध्यमले सुधार गर्नु यस्ता कथाको उद्देश्य हो ।

२.४.५.५ रतिरागात्मक वा यौनवादी

'रति'भन्नाले यौन भन्ने बुभिन्छ । यौन प्राणीविशेषमा हुने स्वाभाविक र प्राकृतिक वस्तु हो,यौन-कुण्ठा अथवा दमित यौन चाहनाले व्यक्तिको जीवनमा प्रभाव पारेको हुन्छ । यो एउटा जैविक आवश्यकता पनि हो । यौन समयमा उपयोग नहुने हो भने विभिन्न किसिमका विकृतिहरु देखापर्न सक्छन् ।

२.४.५.६ प्रगतिवादी कथा

यस्तो कथामा समाजको आर्थिक नियतत्ववाद नै मुख्य आहार बनेको हुन्छ । कथाकारले समाजमा भएको सामन्ती मनोवृत्तिको घोर विरोध गर्दै शोषणमा आधारित समाजव्यवस्थालाई आमूल नष्ट पार्ने उद्देश्य लिएको हुन्छ । त्यसैले यस्ता प्रगतिवादी कथाकारहरुमा समाजका बहुसङ्ख्यक गरीब अर्थात् सर्वहारा वर्गप्रति अत्यन्त सहानुभूतिशील बन्दै शोषकवर्गको घोर

विरोध गरिएको हुन्छ । द्वन्द्वात्मक भौतिकवादका आधारमा समाजमा विद्यमान अन्तर्द्वन्द्वहरुप्रति आफ्नो ध्यान आकृष्ट गरेर प्रगतिवादी कथाकारहरुले वर्गद्वन्द्वरहित आदर्श समाजको कल्पना गरेका हुन्छन् । यो मार्क्सवादी दर्शनको साहित्यिक संस्करण भएको हुनाले समाजको आर्थिक संरचनामा नै कथाकारहरु केन्द्रित रहेका हुन्छन् । यस दृष्टिले आर्थिक शोषणको विरोधमा सामन्तवादी संस्कृतिलाई घोर चुनौती दिंदै द्वन्द्वात्मक भौतिकवादमा आस्था राख्ने विचारधारा भएको कथालाई 'प्रगतिवादी कथा' भनिन्छ (श्रेष्ठ,२०६०:१५) ।

२.४.५.७ अस्तित्ववादी कथा

यस्तो कथामा वर्तमान मानवजीवनका विसंगति वा निस्सारताबारे चिन्तन गरिएको हुन्छ । जीवनको निराशावादी पक्षको पृष्ठभूमिमा मानिसका जिजीविषा,वाध्यता,सघर्षशीलता र अन्तमा पराजयको तीतो स्थितिलाई कथाकारहरुले मुख्य विषयका रुपमा लिएका हुन्छन् । आफ्नो अस्तित्वको रक्षाका निमित्त सदा सचेत मानिसको आन्तरिक कुण्ठा वा निराशालाई विसङ्गतिवादको पृष्ठ भूमिमा देखाइएको हुन्छ । यसरी जे जस्ता रुपमा भए पनि जीवनलाई स्वीकार्न बाध्य भएको पराजित मानिसको कथालाई नै 'अस्तित्ववादी कथा' भनिन्छ ( श्रेष्ठ,२०६०:१५) ।

२.४.५.८ स्वच्छन्दतावादी कथा

यथार्थवादी कथाको ठीक विपरीत यस्ता कथाहरुमा आदर्शवाद, भावुकता र आत्मपरक सौन्दर्यभावलाई आधिकाधिक महत्व दिइएको हुन्छ । कल्पना र सपनाको संसारमा पाठकलाई विचरण गराउँदै भावुकतापूर्ण अभिव्यक्तिको स्वाद चखाउने लक्ष्य कथाकारको रहेको हुन्छ ( श्रेष्ठ,२०६०:१६) ।

२.४.५.९ प्रयोगवादी कथा

लेखन क्षेत्रमा नयाँ-नयाँ प्रयोग भइरहेको हुन्छ जसलाई यही हो भनेर चिनाउन मुस्किल पर्दछ । तर पनि खासगरी प्रयोग भन्नाले प्रचलित व्याकरणको उल्लङ्घन गर्दै विधागत नियमलाई नमान्नु नै हो भन्ने देखिन्छ (आचार्य,२०६३:३२७) । परम्परागत लेखनको पूरै विपरीत नयाँ रुपाकृतिमा शिल्पगत चमत्कार प्रदर्शन गर्ने उद्देश्यले लेखिएको कथा 'प्रयोगवादी' कहलिन्छ । यस्तो कथामा संवादसंवादको  बाहुल्य पनि हुन सक्तछ, पद्यांसमिश्रित गद्यभाषा पनि हुन सक्तछ, अमूर्त अभिव्यक्तिको आग्रह पनि हुन सक्तछ, मोन्ताज अनुस्यूत गरिएको पनि हुन सक्तछ,अथवा परम्परागत व्याकरणका नियमलाई भाँची पृथक भाषा ( चिन्हविन्यास=Punctuation समेत) को प्रयोग पनि भएको हुन सक्तछ । नयाँ मान्यताप्रति आग्रह राख्दै विशेषत:दृश्यात्मक प्रभावको आशा राखेर विसङ्गतिपूर्ण शैलीप्रति रुचि राख्नु 'प्रयोगवादी कथा'को इरादा हो (श्रेष्ठ,२०६०:१६) ।

२.४.५.१० नवचेतनावाद

नवचेतनावाद कान्छो धाराको रुपमा २०२० को दशकको प्रारम्भमै आधुनिक नेपाली कथा–परम्परामा प्रतिष्ठापित भएको हो । यस दशकमा परम्पराविरोधी साहित्यिक आन्दोलनहरु यथेष्ठ मात्रामा मच्चिए जसको आग्रह थियो नयाँ परम्पराको स्थापनाद्वारा नेपाली कथा साहित्यको कायापलट गर्ने । नभन्दै आधुनिकताको नयाँ आयाममा नेपाली कथाहरुको आकृति बदलियो,मान्यता फेरियो र नयाँ परिभाषामा कथाहरुलाई हेरियो । यसरी कथाका सम्पूर्ण परम्परागत मूल्यहरु विघटित भए । समालोचकहरुले पाश्चात्य संसारको निकट पुगेको उक्त कथालाई 'अकथा' वा 'कथानकहीन कथा' को संज्ञा दिए ।

आधुनिक नेपाली कथामा 'नवचेतनावाद' नवलेखनको एउटा सिलसिला हो । यस धाराले कथाको रचना विधानमा कान्ति ल्याई पाठकवर्गलाई आफ्नै समाज,राष्ट्र र अन्तर्राष्ट्रियबारे गम्भीर मनन गर्न अवसर प्रदान गर्दछ । यो धारा यथार्थवाद भन्दा पृथक भएर पनि यथार्थवादी भने छैन । यसले कथाको संरचनालाई भिन्न तुल्याएर पाठकवर्गको चेतना संवेग र बौध्दिकतालाई छुने प्रयास गर्दछ । परम्परागत लेखनशैलीलाई चुनौती दिएर जीवनदर्शन तथा अमूर्त चिन्तनप्रति पाठकको ध्यान तान्ने उद्देश्यमा आफूलाई प्रतिबध्द पारेको छ ।

नवचेतनावाद विद्रोहको अभिव्यक्ति हो,त्यो धारा विसङ्गतिवाद, निस्सारतावाद वा अस्तित्ववादको खुला सीमाभित्र बाँधिएको छ । मानवजीवनसंग यसले सरोकार राख्दछ । मान्छेको स्वतन्त्रतासंग यसले वहस गर्दछ र जीवनमा पराजयको सत्यलाई यसले स्वीकार्दछ । यो ज्यादा निराशावादी स्वरमा बोल्ने गर्दछ । आधुनिक नेपाली कथा परम्परामा नवचेतनावाद विश्वसस्कृतिको नेपाली संकरणका रुपमा अवतरित भएको हो (श्रेष्ठ,२०६०:२९) ।

२.४.५.११ प्रेममूलक

प्रेम भनेको मानसिक संवेदना हो । यो मानवको जन्मजात प्राकृतिक प्राप्ति हो । प्रेम शाश्वत र चिरस्थायी हुन्छ । यसलाई देश,काल,परिस्थितिले छेक्न सक्दैन । प्रेम युवा-युवती,आमा-छोरा,दाजु-भाइ एवम् सम्पूर्ण मानव जातिप्रति गरिने अनुराग हो ।

२.५ निष्कर्ष

सुस्मिता नेपालले नेपाली साहित्यका विविध विधामा कलम चलाएको पाइन्छ । त्यसमध्ये उपन्यास र कथा क्षेत्रमा उनको संलग्नता बढी भएको पाइन्छ । विद्यार्थी जीवनदेखि नै नेपाली साहित्यमा उनको रुचि देखिन्छ । साहित्य प्रतिको उनको विशेष झुकावका कारण भाषा साहित्यको क्षेत्रमा उनको योगदान अमूल्य मानिन्छ ।

सुस्मिता नेपालले काठमाण्डौ लगायत स्वदेशका विभिन्न ठाउँहरु जस्तै पूर्वी पहाडी भाग भोजपुर,इलाम,विराटनगर र पश्चिमी भागहरुको भ्रमण गरेकी सुस्मिताले नेपाली समाजले भोगेका सङ्गति-विसङ्गतिलाई नजिकबाट पढ्ने मौका पाइन् । त्यसैले उनले कथाको विषयवस्तु

पनि नेपाली समाजले भोगेका सुख-दुःख,सवलता-दुर्वलता एवं यथार्थलाई बनाइन् । सुस्मिता नेपालले नेपाली कथाका फाँटमा भिन्न प्रवृत्ति भित्र्याउन नसके तापनि  नेपाली साहित्यको कथा विधालाई फराकिलो बनाउने काम गरिन् ।

यसरी नेपाली कथा साहित्यको इतिहासमा आएका विविध धारामध्ये  सामाजिक यथार्थवादी धारामा बढी झुकाव राख्ने कथाकार सुस्मिताले बिषयवस्तु,उद्देश्य र शैलीका आधारमा विविधता अंगाली कथा रचना गरिन् । सुस्मिताले नेपाली कथाको क्षेत्रलाई सम्वृध्द पार्ने काम गरी साहित्य क्षेत्रमा आफ्नो अमिट छाप छोड्न सफल भइन् । जे भए पनि समाजमा घट्ने घटना,देशको राजनैतिक अवस्थाको यथार्थ चित्रण गर्न नेपाल सफल देखिन्छिन् । वर्तमान समाजको विकृति र राजनैतिक,साहित्यिक अवस्थाको यथार्थ चित्रण समाज सामु देखाउन सक्षम सुस्मिता नेपाल नेपाली कथा फाँटमा सामाजिक यथार्थवादी कथाकारको रुपमा सफल भएकी छन् ।

# परिच्छेद तीन

# सुस्मिता नेपालको जीवनी, व्यक्तित्व र कृतित्व

## ३.१ सुस्मिता नेपालको जीवनी

कुनै पनि व्यक्तिका जीवन भोगाइका क्रमलाई सिलसिलाबद्ध रुपमा प्रस्तुत गर्नु मोटामोटीमा जीवनको अर्थ हो । जीवनीमा इतिहासमा जस्तो कोरा विवरण र कथामा जस्तो कल्पना प्रवलता नभएर तटस्थता,वस्तुगता र संयमिता हुनुपर्दछ । अतः "कसैको जीवन चरित्रलाई लिएर लेखिएको रचनालाई जीवनी भनिन्छ" (उपाध्याय,२०३९:१९०) । मानव प्राणीको जन्मदेखि मृत्युसम्मको समयावधि र त्यस अवधिभित्र घटेका घटनाचक्रलाई सामान्यतः जीवनी भनिन्छ,त्यही जीवनका घटनाक्रमको समष्टि रुप नै जीवनी हो (प्रधान,२०४४:२८) । यसरी कुनै पनि व्यक्तिका जीवनमा घटेका घटनालाई तथ्यगत आधारमा सरसरुपले क्रमिकरुपले वर्णन गर्नु नै जीवनको मूलभूत मर्म हो ।

### ३.१.१ जन्म र जन्मस्थान

सुस्मिता नेपालको जन्म वि.सं.२०२७ साल वैशाख पूर्णिमको दिन वाग्मती अञ्चल ललितपुर जिल्लाको चापागाउँमा भएको हो । उनको जन्म वैशाख पूर्णिमाका दिन भएको थियो । उनी पिता मीनबहादुर थापा र माता नारायणी थापाकी साहिली सुपुत्री हुन् । उनको माइती घरको आर्थिक अवस्था मध्यम थियो । सामाजिक अवस्था राम्रो थिएन । लोग्ने–स्वास्नी र स्वास्नीमान्छेका वीच ठूलो भेदभाव गरिन्थ्यो । उनको बुबा मिलनसार व्यवहार तथा फराकिलो सोचले उनलाई पढ्ने प्रेरणा मिलेको थियो । त्यस गाउँमा स्कुल जाने पहिलो छोरी मध्ये उनी नै थिइन् । उनको परिवारमा बुबा आमा र कान्छी आमा पनि भएको बुझिन्छ । उनकी आमाबाट चार सन्तानहरु ( दाइ,भाइ र बहिनी)को जन्म भएको थियो । कान्छी आमाबाट एक भाइ र एक बहिनीको जन्म भएको थियो । उनका पिताका छोराछोरीहरुलाई समान रुपमा स्कुल पठाइएको थियो । कसैमा पनि भेदभावको भावना थिएन (शोधनायकबाट जानकारी) ।

### ३.१.२ बाल्यकाल

सुस्मिता नेपालको बाल्यकाल सुखद नै मान्नुपर्छ । मध्यम वर्गीय परिवारमा सुस्मिताले सानैदेखि घर घरायसी कामकाज तर्फ सानो तिनो सरसहयोग गर्नुपर्थ्यो । बिहानको पूजा गर्न बेलुकाका साँझ बत्ती बाल्ने काम उनकै थियो । त्यस्तै खाना पकाउँदा पनि आमालाई सघाउनु पर्थ्यो । घरका साना मसिना कामहरु र स्कुलमा गएर पढ्नु पर्ने पढाइ संगसंगै बाल्यकालमा भाइबहिनीहरुसँगै निर्धक्कसँग खेल्न पाइनन् । भाइबहिनीसँग खेल्नुको सांटो उनीहरुको

जिम्मेवारी बोक्नुपर्थ्यो । त्यतिवेला राम्ररी खेल्न नपाएको उनको खेल्ने रहर अझै हृदयमा सलबलाएको अनुभूति उनलाई भइरहेछ । दुःखपूर्ण संघर्षलाई प्रेरणाका रुपमा ग्रहण गर्दै सुस्मिताको बाल्यकाल अगाडि बढेको देखिन्छ ।

### ३.१.३ शिक्षा

सुस्मिताले करिव ६ वर्षको उमेरमा औपचारिक शिक्षा आरम्भ गरेको बुझिन्छ । उनले कक्षा एकदेखि सातसम्म बज्रबाराही मा.वि.मा अध्ययन गरेकी हुन् । उनका बुबाले छोरा र छोरीलाई कुनै भेदभाव नगरी दाइभाइ पढेकै ललितपुर मा.वि. ( बोर्डिङ स्कुल )मा भर्ना गरिदिनु भएको बुझिन्छ । कक्षा ८ देखि एस.एल.सी. परीक्षा पनि यसै स्कुलबाट पुरा गरेकी हुन् । त्यसपछि आइ.ए, बि.ए. र एम.ए. सम्मको अध्ययन चाहिँ उनले पध्मकन्या कलेज, वागबजारबाट पुरा गरेको बुझिन्छ । यसरी सुस्मिताको औपचारिक शिक्षा स्नातकोत्तरसम्म पुरा गरेर टुँगिएको देखिन्छ ।

### ३.१.४ दाम्पत्य जीवन

सुस्मिता नेपालको विवाह १८ वर्षको उमेरमा २०४५ सालमा मञ्जुलसंग भएको थियो । त्यो दिन अथवा विवाह भएको दिन उनको अठारौं जन्म दिन थियो । मञ्जुल उमेरमा उनी भन्दा जेठा भए पनि उनलाई सानो उमेरको भनेर अप्ठ्यारो व्यवहार आफ्नो पतिबाट कहिल्यै नभएको बुझिन्छ । उनलाई आफू जस्तै ठानेर आफ्नो स्थानमा लगेर राख्ने गरेको र त्यसै अनुसारको व्यवहार गर्ने गरेको बुझिन्छ । उनले आफ्नो पतिबाट अचम्मको आत्मीयता, हार्दिकता र माया पाएको बुझिन्छ । त्यस किसिमको आफ्नो पतिको व्यवहारले उनलाई साह्रै सुखी र खुशी तुल्याएको अनुभूति उनलाई भएको बुझिन्छ । उनले आफ्नो दाम्पत्य र पारिवारिक जीवनलाई एउटा सुन्दर पुस्तक जस्तै ठानेको देखिन्छ ।

### ३.१.५ आर्थिक स्थिति

मध्यम वर्गीय परिवारमा जन्मेकीले सुस्मिताको वाल्यकाल सुखद नै देखिन्छ । उनका वावु नयाँ विचारधाराका भएकाले छोराछोरी माथि कुनै भेदभाव नराखी शिक्षादीक्षाका राम्रो प्रबन्ध मिलाइ दिएका थिए । त्यसले पनि उनको पठन पाठनमा कुनै अवरोध भएन र उनलाई आफ्नो लक्ष्य प्राप्तिमा सहज बाटो बन्यो । विवाह पश्चात पनि उनको आर्थिक अवस्था मध्यम खालको रहेको देखिन्छ । सामान्य जीवन जिउन उनलाई अत्यन्त सहज बनेको छ । सादा जीवन उच्च विचारलाई महत्व दिने सुस्मिताले मध्यम वर्गीय परिवारमा अत्यन्त खुसी पाएकी छन् ।

### ३.१.६ पेशा

सुस्मिता नेपाल साहित्यिक व्यक्ति वाहेक शिक्षण पेशा पनि उनले अंगालेकी छिन् । हाल उनी विश्वभाषा क्याम्पस,रसियन कलेज र एम्स कलेजमा अध्यापनरत देखिन्छिन् ।

### ३.१.७ विभूषण,पदक तथा सम्मान पत्र

उपन्यासकार सुस्मिता नेपालले साहित्यका विभिन्न विधाको सिर्जना गरे वापत विभिन्न सम्मान र कदर पत्र प्राप्त गरेको देखिन्छ । हालसम्म उनले पाएको पुरस्कारहरु निम्नानुसार रहेका छन् :

क) कविता लेखन– सान्त्वना,जाउलाखेल युथ क्लव (२०५१)
ख) साहित्य नव प्रतिभा चयन–नव प्रतिभा पुरस्कार,प्रस्फुटन परिवार (२०५१)
ग) कविता लेखन–तृतीय नेपाली काँग्रेस कपन,गाउँ एकाइ काठमाण्डौ (२०५३)
घ) निबन्ध लेखन– उपत्यकाव्यापी निवन्ध प्रतियोगिता,तृतीय साहित्य कुन्ज नेपाली केन्द्रीय विभाग,त्रि.वि. कीर्तिपुर
ङ) कविता लेखन राष्ट्रिय कविता महोत्सव–तृतीय नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान (२०५४)
च) कविता लेखन (युवा कवि प्रथम मोतिराम भट्टको १३२औं जन्म जयन्ती समारोह) पद्मकन्या बहुमुखी क्याम्पस (२०५४)
छ) उत्कृष्ठ कविता लेखन छनौट–उत्कृष्ठ कवयित्री शब्द घर (२०५५)
ज) उपन्यास लेखन–रामराजा पन्त स्मृति सम्मान वाणी प्रकाशन विराटनगर (२०५५)
झ) सयपत्री राष्ट्रिय सम्मान २०६७ सम्मान,सयपत्री प्रतिष्ठान नेपाल (२०५१) जनगाल काभ्रे

### ३.१.८ शिक्षण संस्थाहरुमा संलग्नता

सुस्मिता साहित्य जगतमा कवयित्री, कथाकार, उपन्यासकार तथा समाजसेवी व्यक्तित्वबाट पनि समाजका पाठकका सामु चर्चित भएकी छन् । गाउँ घरका स्वास्नीमान्छेहरुको दुःख र वेदनालाई देखेर उकुसमुकुस भएकी सुस्मितालाई स्वास्नी मान्छेका दुःख र दर्द बुझ्ने महिलाले नै केही गरुँ भन्ने भावना जागृत भयो । त्यसमाथि पनि २०४६ सालको संघर्षबाट ल्याएको प्रजामा देखिएको निराशा,भूमिगत मान्छेले पाएको दुःख र माथि पुगेपछि उनीहरुले देश जनताप्रति गरेको घोर अत्याचार तथा वेवास्ताहरुलाई समेटी आफ्ना रचनामा भित्र्याउने कोसिस गरेको देखिन्छ । योग्य मान्छेको कदर नभएको मानिसले मानिस प्रति गर्नुपर्ने कर्तव्यको वेवास्ता गरेको र प्रजातन्त्रको सपना देख्ने नेपालीहरुको दुर्दशा देखेर उनले साहित्यको बाटो रोजेको देखिन्छ । घर परिवारको सहयोग एवम् विभिन्न साहित्यिक व्यक्तित्वको सामिप्यले उनका रचनाहरुले प्रगतिशील बाटो पछ्याएको पाइन्छ । सुस्मिता नेपाल विभिन्न संस्थाहरुमा संलग्न भएको पाइन्छ । नेपाल संलग्नता रहेका विभिन्न संस्थाहरु निम्नानुसार छन् :-

१. विश्वभाषा क्याम्पस
२. एम्स कलेज
३. एसियन फ्युचर कलेज
४. ब्राइट फ्युचर कलेज

यसरी साहित्यको बाटो र अध्यापन कार्य उनका जीवनका दुई पाटा बनेका छन् । समाजका यथार्थताको छर्लंग्याउने कामदेखि समाजका विद्यार्थी वर्गलाई शिक्षा दिने काम सम्ममा उनको संलग्नता रहेको देखिन्छ ।

### ३.१.९ भ्रमण

सुस्मिता नेपालले स्वदेशका विभिन्न क्षेत्रहरु भ्रमण गरिसकेकी छिन् । ती ठाउँहरु पूर्वी पहाडी भोजपुर, इलाम, विराटनगर र पश्चिमी पाल्पा, दार्चुला, पोखरा आदि ठाउँहरु रहेका देखिन्छन् ।

### ३.१.१० धार्मिक दृष्टिकोण

सुस्मिता नेपालको धार्मिक दृष्टिकोण धर्मप्रति सकारात्मक छ । उनले धर्ममा विश्वास राख्ने गरेको पाइन्छ । मान्छेमा धर्म भयो भने मात्र उसले समाज र मानव हितको लागि केही गर्न सक्छ भन्ने विचार उनमा देखिन्छ । हाम्रो परम्परामा एक अर्कालाई नजिक ल्याउने कुरा पनि धर्म नै हो र अहिलेको समाजमा मानवता हराउँदै जानुको कारण पनि धर्मलाई नमानेर हो भन्ने उनको तर्क रहेको देखिन्छ । धर्मको अर्थमा मूर्ति पूजा गर्ने वाध्यतालाई उनी पटक्कै स्वीकार गर्दिनन् । उनको विचारमा मन्दिर जानु मूर्ति पुज्नु त आत्मिक शान्ति मात्र हो जस्तै लाग्छ । त्यसैले उनी कर्मलाई नै धर्म मान्ने गरेको पाइन्छ ।

### ३.१.११ जीवनप्रतिको दृष्टिकोण

सुस्मिता नेपालकोमा मानव जीवन प्रकृतिले दिएको एउटा सुन्दर वरदान हो जुन अमूल्य छ । जीवन दुःख र सुखको पाटो भएकाले दुवै परिस्थितिलाई हामीले स्वीकार्न सक्यौं भने मात्र जीवन रमाइलो हुन्छ भन्ने विचार सुस्मितामा रहेको छ ।

### ३.१.१२ प्रकृतिप्रतिको दृष्टिकोण

उपन्यासकार नेपालको प्रकृतिप्रतिको दृष्टिकोणमा प्रकृतिले जीवन जिउन सिकाउने र प्रकृतिविनाको जीवन उजाडिएको मरुभूमि तुल्य हुने विचार रहेको देखिन्छ ।

### ३.१.१३ राजनैतिक दृष्टिकोण

सुस्मिता नेपालको राजनीतिप्रतिको दृष्टिकोणमा राजनीति आफैमा राम्रो हुन्छ तर यस क्षेत्रमा पनि इमान्दार नेताहरु भइ दिए यो अझ राम्रो हुनेछ । तर दुर्भाग्य देशले राजनैतिक रुपमा सफल नेता पाउन नसकेरै वर्तमान अवस्था ज्यादै नराम्रो भएको विचार उनको देखिन्छ । राजनीतिको प्रभावविना साहित्य सम्भव नमान्ने सुस्मिता मानिसको जीवनलाई राजनीतिले असर पारिरहेको हुन्छ त्यसमा कुनै साहित्य बढी प्रभावित हुन्छ भने कुनै साहित्य कम प्रभावित हुने मात्र हो भन्ने ठानिन्छ । साहित्य भित्र राजनैतिक घुसपैठ जति भए पनि वास्तविक साहित्य

आफ्नै स्वभावले मौलाउने उनको सोच देखिन्छ । कालीदास, बाल्जाक, शेक्सपियर जस्ता महारथिहरु कुनै पार्टीको सदस्य नभए पनि आफ्नै प्रतिभा र कार्यले महान भएका हुन् भन्ने उनको धारणा देखिन्छ ।

### ३.१.१४ रुचि

सुस्मिता नेपालले साहित्यका विविध विधामा कलम चलाएको देखिन्छ । उनको विशेष रुचि लेखन कला नै रहेको देखिन्छ । त्यसभन्दा बाहेक खाना पकाएर अरुलाई खुवाउन पाउँदा पनि उनलाई साहित्य रचना आनन्द प्राप्त भए जस्तै आनन्द लाग्दो रहेछ । यस बाहेक अध्यापन कलामा पनि उनको रुचि नै देखिन्छ । विभिन्न ठाउँहरु भ्रमण गर्ने, अध्यापन गर्ने,समाजसेवामा समर्पित रहने नयाँ नयाँ कृतिहरु अध्ययन गर्ने,संगीत सुन्ने तथा बगैंचामा फूलहरु फुलाउने,नयाँ मानिसहरुसंग भेटघाट गर्ने र साना नानीहरुसंग खेल्न सरिक हुने आदि क्रियाकलापमा उनको रुचि रहेको देखिन्छ ।

### ३.१.१५ साहित्य लेखनको प्रेरणा

साहित्यकार सुस्मिताको पारिवारिक वातावरण नै साहित्यिक रहेको थियो । उनका पति नै नेपाली साहित्यका महान श्रष्ठा थिए । उनैको प्रेरणा, हौसला, पतिसंग भेट्न आउने वरिष्ट साहित्यकारसँगको सामिप्यता उनीहरुबाट प्राप्त प्रेरणा र प्रभाव, समाज, परिवेशका मन छुने घटनाहरु, स्वदेश तथा विदेशका राम्रा राम्रा पुस्तकहरुको अध्ययन नै प्रेरणाका तत्वहरु रहेको देखिन्छ । खुसी भएर गर्न मन लाग्ने आफ्नो लेखन, अभ्यास, विभिन्न चरित्र र स्वभाव भएका मानिसहरुसंगको भेटघाटको प्रभावबाट नै उनको साहित्य लेखनले तीव्र गति लिएर अघि बढेको देखिन्छ ।

### ३.१.१६ भाषा

सुस्मिता नेपालको मातृभाषा नेपाली हो । उनी नेपाली भाषामा लेख्ने र पढ्ने गर्छिन् । उनका कविता, उपन्यास, कथा, नेपाली भाषामा भएको पाइन्छ भने हिन्दी र अँग्रेजी भाषामा सामान्य ज्ञान रहेको देखिन्छ ।

## ३.२ सुस्मिता नेपालको व्यक्तित्व

कुनै पनि व्यक्तिका व्यक्तिगत एवं सामुहिक जीवन भोगाइका क्रममा उसका जीवनमा देखापरेका साधारण एवं असाधारण घटनाले उसको व्यक्तित्व निर्माणमा भूमिका खेलेको हुन्छ । यसरी नै समाज,संस्कृति र साहित्यमा उसले खेलेको भूमिकाले पनि व्यक्तित्व निर्माणमा सहयोग पुऱ्याएको हुन्छ । व्यक्तित्व,वंश परम्परागत जैविक वृत्ति पुञ्जका रुपमा सिर्जित हुन्छ र शिक्षादीक्षा,सङ्गति र वातावरणका आलोकबाट प्राप्त अनुभवद्वारा समृद्ध बन्दछ ( उपाध्याय,२०३९:३९) । व्यक्ति विशेषका अनुभव, ज्ञान, आस्था, झुकाउ, शिक्षादीक्षा, भूल प्रवृत्ति

तथा आर्जित गुण एवं प्रवृत्तिहरुले व्यक्तित्व निर्माणमा सघाउ पुऱ्याउँछन् । छोटोमा भन्नुपर्दा व्यक्ति विशेषका सन्दर्भमा स्पष्ट रुपमा देखिने बाह्य रुपाकृति र मानसिक धरातलबाट उपार्जित ज्ञानका विविध पक्षहरुको समष्टि नै व्यक्तित्व हो (पोखरेल,२०५२:१२०) ।

३.२.१ सुस्मिता नेपालको बाह्य व्यक्तित्व

सुस्मिता नेपाल झलक्क हेर्दा ५ फिट २ इञ्च उचाइ भएकी,गोरो वर्णकी ठिक्क मोटाई भएकी महिला हुन् । छोटो कपाल, श्रृङ्गार धेरै नगर्ने र हँसिली स्वभावकी देखिन्छिन् । सादा जीवन उच्च विचारलाई आत्मसात गर्ने सुस्मिता ५५ देखि ६० किलो बीचको तौलकी सुस्मिताको शारीरिक वनावट ज्यादै आकर्षक देखिन्छन् । आकर्षक व्यक्तित्व, हँसिलो चेहराकी धनी सुस्मिता निकै फरासिली देखिन्छिन् ।

उनी सरल स्वभावकी देखिन्छिन् । मिहेनती,स्वाभिमानी व्यक्तित्वकी धनी सुस्मितामा कुनै किसिमको आडम्बर र उतार चढाव पाइदैन । उनी कसैका जिज्ञासाहरुलाई झर्को नमानी सहयोगी रुपमा आफ्ना कुराहरु निडर तथा निर्भीकताका साथ राख्छिन् । देश र समाज प्रति सदा चिन्तनशील नेपाल अध्ययनमा आफ्नो बढी समय विताउने गर्छिन् । फुर्सदको समयमा लेख रचनामा संलग्न रहनु उनको दिनचर्या नै थियो । उनी सामन्ती शासनको विरोध गर्दछिन् भने महिला उत्पीडन र उपेक्षित वर्गको थिचोमिचो सहन सक्दिनन् । महिला भएकै कारण थिचोमिचो सहनु पर्ने ,परिवारमा पुरुष हैकमवादको उनी विरोध गर्थिन् । महिला भएका कारण आफूलाई कमजोर नठान्ने र पछि नपर्ने ,महिला पनि देशका शक्ति हुन् केही गर्न सक्छन् र आफ्नो खुट्टामा बाँच्न सक्छन् उनिहरु प्रेरणा, हौसला र अवसर पाए आम पुरुष भन्दा अग्रपंक्तिमा रहेर नेतृत्व गर्न सक्छन्  भन्ने उनको दृष्टिकोण रहेको देखिन्छ । महिलाहरु आवश्यकता अनुसार आर्थिक तथा भौतिक सक्रियतामा पनि उत्साहित रहेको वालवच्चा, घर परिवारको व्यवस्थापन जति लगन र समर्पणसाथ पूरा गर्छन् त्यसरी नै साहित्य क्षेत्रमा पनि अग्रसर भए नेपाली साहित्यको चाँडै पुरिने थियो भन्ने उनको विचार रहेको छ । समसामयिक सन्दर्भप्रति सचेतता ,जीवन प्रति सक्रियता, कर्तव्यप्रति लगनशीलता व्यवहार र सोचमा गम्भिरता आदि यिनका चारित्रिक विशेषता देखिन्छन् । स्वाभिमानी एवम् कर्तव्यनिष्ट सुस्मिता आवश्यक जति मात्र बोल्ने ,हाँसी हाँसी सबैसँग घुलमिल हुने स्वभावकी देखिन्छिन् । वनावटीपन रहित सरल मिजास भएकी सुस्मिताको रहनसहन, लवाइखवाइ, बोलीचाली आदिमा परिस्कृतता र संयमितता देखिन्छ ।

आफूले वहन गर्नुपर्ने पारिवारिक तथा विभिन्न दायित्वप्रति सधै सजग रहने सुस्मिता भद्र, शिष्ट तथा शालीन देखिन्छिन् । आफूले आफूलाई विज्ञापन नगरी पाठकबाट नै चर्चामा आउनु पर्ने उनको मान्यता रहेको देखिन्छ । उपन्यास लेखन तथा अध्ययनमा आफ्नै समय खर्चिने सुस्मिताले पारिवारिक जमघट,मनोरञ्जन गरेर परिवारका साथ विताउने गरेको पाइन्छ । परिवारप्रति सदा स्नेह राख्ने र पति तथा छोराछोरीप्रतिको जिम्मेवारी र चाहनाप्रति सक्दो सहयोग तथा समर्थन गरी एक आदर्श पत्नी तथा आदर्श आमाको रुपमा मन जित्न सफल रहेकी देखिन्छिन् ।

आफ्ना लेख, रचना तथा पुस्तकका वारेमा स्वच्छ समालोचना होस् भन्ने उनको चाहना रहेको देखिन्छ ।

नेपाली भाषा, साहित्य, धर्म सांस्कृतिक अगाध श्रद्धा र विश्वास गर्ने सुस्मिता नेपाली रीतिरिवाजको पालना र प्रवर्द्धनमा रमाउने गरेको पाइन्छ । आफ्ना सम्पर्कमा आएका अतिथिहरुलाई घरमा स्वागत र सत्कार तथा सम्मान विनम्रतापूर्वक वोल्नु, आत्मीय व्यवहार गर्नु उनको पारिवारिक एवम् व्यक्तिगत संस्कार जस्तै देखिन्छ । फुर्सदको वेला पत्रिकाका शब्दसँग रमाउने ,बगैंचा सजाउने सुस्मिताको दैनन्दिनी चाख तथा सोखका विषय देखिन्छन् ।

### ३.२.२ सुस्मिता नेपालको साहित्यिक व्यक्तित्व

विद्यार्थी जीवनदेखि नै सुस्मिता नेपालको साहित्यप्रति विशेष झुकाव रहेको कुरा उनले लेखेका कविता,कथा र उपन्यास आदि रचनाबाट पनि अवगत हुन्छ । नेपालले कथा,कविता,उपन्यास,समालोचना आदि विविध विधामा कलम चलाएकी छन् । यसै आधारमा उनको विधागत व्यक्तित्वका सम्बन्धमा सामान्य चर्चा गर्नु यहाँ सान्दर्भिक देखिन्छ ।

#### ३.२.२.१ उपन्यासकार व्यक्तित्व

सुस्मिता नेपालको विशेषतः उपन्यासकार व्यक्तित्व रहेको पाइन्छ र उनको पहिलो कृति ‘एकान्त पनि रुन्छ’ उपन्यास हो । उनको उपन्यासमा प्रायः नारीहरुले भोग्नु पर्ने पीडा यातना आदि पाइन्छ र उनले स्वदेशका विभिन्न क्षेत्रहरुको भ्रमण गरी गाउँले जीवनले भोग्नु पर्ने जीवनका बारेमा उपन्यास लेखेकी छिन् र उनलाई सो उपन्यासमा रामराजा पन्त स्मृति पुरस्कार पनि प्राप्त भएको छ र उनको हालसम्म ६ वटा उपन्यासहरु एकान्तपनि रुन्छ (२०५३), मेराछातीको कोलाजहरु (२०५५), उडेका मनहरु (२०५९), कालाकाला रातमा टेक्दै (२०६१), एउटाआवाजको जन्म हुन्छ (२०६१), आकाशकाहजारौं हातहरु (२०६६) प्रकाशित छन् भने रङ्गहरुको मन उपन्यास प्रकाशोन्मुख छ ।

#### ३.२.२.२ कथाकार व्यक्तित्व

सुस्मिता नेपालले साहित्यका विविध विधा अन्तर्गत कथा विधामा पनि कलम चलाएको देखिन्छ । उनको ‘हवाइजहाजसंगै उडेको मन’ कथा संग्रह २०६६ मा प्रकाशित भएको पाइन्छ । यस कथा संग्रह भित्र जम्मा २४ वटा छोटा छोटा कथाहरु छन् । ती कथाहरु सामाजिक परिवेशलाई संगालेर लेखिएका देखिन्छन् ।

| कथा संग्रहको नाम | प्रकाशित साल | कथा संख्या | प्रकाशन संस्था |
|---|---|---|---|
| हवाइजहाजसंगै उडेको मन | २०६६ | २४ | सुवेदी अफसेट प्रेस |

हवाइजहाजसँग उडेको मन कथा संग्रह भित्र रहेका कथाहरु निम्न छन्:-

१.उसको आँसु
२.छोराछोरीको स्पर्श
३.भविष्यको बाटो
४.उसको हसिलो अनुहार
५.घाम नडुब्दै
६.समस्या
७.समुन्द्रका छालहरुसँगै
८.उसले लामो हाई काडी
९.हो र ऊ मरेछ
१०.हरेक दिन गुडिरहन्छ
११.निस्तव्ध रातमा मन पोखिदा
१२.मेटर्निटी वार्ड
१३.को होलान् मेरा बाबा
१४. म द्वन्द्वमा परें
१५.म बाढी झैं रोइरहें
१६.कति विश्वास थियो ऊ प्रति मेरो
१७.सेता कपालका अनुभवहरु
१८.पिडा आँखाबाट झर्‍यो
१९.हवाइजहाजसंगै उडेको मन
२०. नितान्त एक्लै
२१.सविना
२२.साँझ पर्न लागिसकेको थियो
२३.अभाव र गरिवीको सडक
२४.समयको अनुहार

३.२.२.३ कवि व्यक्तित्व

सुस्मिता नेपालले साहित्यका विविध विधा अन्तर्गत कवितामा पनि कलम चलाएको देखिन्छ । उनको "ताल हृदयभित्रको"कविता संग्रह २०६४ सालमा प्रकाशित भएको पाइन्छ र यस कविता संग्रहमा जम्मा ४६ वटा कविताहरु छन् । ती कविताहरु मध्ये २३ वटा नेपाली भाषामा लेखिएका छन् भने २३ वटा कवितालाई अंग्रेजी भाषामा पनि अनुवाद गरी लेखिएको पाइन्छ । यस कवितामा पोखरादेखि पाल्पासम्मको परिवेशलाई चित्रण गरिएको छ ।

३.२.२.४ निबन्धकार व्यक्तित्व

सुस्मिता नेपालले निबन्ध विधामा कलम चलाएको पाइन्छ र उनले साहित्य कुञ्ज नेपाली विभाग त्रि.वि.कीर्तिपुरद्वारा २०५४ सालमा निबन्ध लेखन उपत्यकाव्यापी स्नातकोत्तर

स्तरीय निबन्ध प्रतियोगितामा पुरस्कार समेत प्राप्त गरेकी छिन् । अहिले उनको संस्मरणात्मक निबन्ध संस्मरणको इन्द्रेनी प्रकाशोन्मुख छ ।

३.२.२.५ शिक्षण व्यक्तित्व

सुस्मिता नेपाल साहित्यका विभिन्न विधामा साथै अध्यापन पनि गराउँछिन् र हाल उनी विश्वभाषा क्याम्पस, एम्स कलेज र एसियन कलेजमा अध्यापन गराउँछिन् । कलेजमा २०६४ सालदेखि हालसम्म भाषा र संस्कृति विषयमा अध्यापन गराउँछिन् र हाल उनी एसियन कलेज र एम्स कलेजमा अनिवार्य नेपाली अध्यापन गराउँछिन् भने यस अघि रत्नराज्य कलेजमा पनि नेपाली विषयमा अध्यापन गराएकी छिन् ।

# परिच्छेद चार

# कथा सिध्दान्तका आधारमा सुस्मिता नेपालको "हवाइजहाजसँगै उडेको मन" कथा संग्रहको विश्लेषण

सुस्मिता नेपालको आठौं सौगातको रुपमा नेपाली साहित्यमा "हवाइजहाजसँगै उडेको मन" कथा संग्रह २०६६ सालमा प्रकाशित भएको छ । साथी प्रकाशनद्वारा प्रकाशित यस कथाले विशेषगरी सामाजिक यथार्थलाई छर्लङ्ग्याउने विषयवस्तुहरु समेटिएका पाइन्छन् । यस कथा संग्रहभित्र २४ वटा कथाहरु समावेस गरिएका छन् ।

## ४.१. उसको आँसु

सुस्मिता नेपालद्वारा रचित "उसको आँसु" कथा 'हवाइजहाजसँगै उडेको मन' कथा संग्रहको पहिलो कथा हो । अपाङ्ग बालकको आत्मकथनलाई केन्द्र बनाई प्रस्तुत गरिएको उक्त कथालाई कथा तत्वका आधारमा यसरी वर्णन गरिएको छ ।

४.१.१ कथावस्तु

यो सुस्मिता नेपालको "हवाइजहाजसँगै उडेको मन" कथा संग्रहको पहिलो कथा हो । आफ्ना परिवार तथा आफन्तहरुबाट अपहेलित एउटा अपाङ्ग बालक रामुको आत्मकथनलाई केन्द्र बनाई प्रस्तुत कथा तयार पारिएको छ । उसको हात-खुट्टा बोली केही थिएन । अरु बच्चाहरु खेलेको देखेर ऊ तड्पिन्थ्यो तर केही गर्न सक्दैनथ्यो । उसको परिस्थितिको सबै जना घृणा गर्दथे । अरुको सामु प्रतिवाद गर्न नसके पनि अरुले दिएको अपमान तथा गालीले ऊ भित्र भित्रै कुण्ठित हुन्थ्यो । उसकी जन्म दिने आमाले समेत उसलाई सन्तान स्वीकार्न असमर्थ थिइन् । अनेकौं वेदना र पीडाहरु प्रकृतिका काखमा विसाउनु बाहेक उसको जीवनमा अरु कुनै विकल्प थिएन । आफ्ना रगतका नाता मानिने दिदी र दाइहरुले समेत एक गिलास पानी नदिंदा ऊ दुःखी हुन्थ्यो । सबै खुसी र सुखी भएर रमाइलो गरिरहेको ठाउँमा उसलाई सामेल गराइँदैनथ्यो । पुसको जाडोमा पनि ऊ धर्ती ओछ्याएर आकाश ओडेर सुत्न वाध्य थियो ।

सुस्मिताले समाजका अपहेलनाको पात्र बनेको एउटा वालकको कारुणिक र वास्तविक जीवनलाई यस कथामा उतार्ने प्रयास गरेको देखिन्छ । अपाङ्गता हुनु कर्मको फल ठान्ने हाम्रो समाजमा उनीहरुलाई माया र दया गर्ने आफ्ना आमा बुबा पनि शत्रु जस्ता बन्छन् । आमाको निस्वार्थ प्रेम पनि स्वार्थमा वदलिन्छ । उसलाई कुकुरको स्थान दिइन्छ । उसका रहर र खुशीप्रति बेवास्ता गरिन्छ । परिवार र समाज लगायत सबै उसको विरोधी बन्छन् भन्ने यथार्थताको धरातलमा कथावस्तु तयार गरिएको छ ।

४.१.२ पात्र

सुस्मिताद्वारा रचित कथा संग्रहको 'उसको आँसु' पहिलो कथामा प्रयोग गरिएको मुख्य पात्र रामु रहेको छ जो शारीरिक रुपमा अपाङ्ग देखिन्छ । अपाङ्ग व्यक्ति भएर पनि कथाको सुरुदेखि अन्तसम्म उसको जीवनका हरेक क्षणहरु समेट्दै कथा अघि बढेको छ । रामु एउटा स्थिर पात्रको रुपमा प्रयोग भएको छ । अपाङ्ग व्यक्तिको भूमिका उसले कथाको सुरुदेखि अन्तसम्म निभाएको छ । रामु नै यस कथाको सक्रिय पात्र हो । ऊ अपाङ्ग भएको आफ्नै कर्मलाई दोषी ठान्छ । आमाले आफूलाई सन्तान नठानेकोमा चित्त दुखाउँछ तर कुनै प्रतिक्रिया जनाउँदैन । यसरी कथामा एउटा कनुकूल पात्रको रुपमा उसले भूमिका निभाएको छ । कथामा देखिएका रामुको बुबा, दाइ रमण, दिदी ममता, दाइका साथीहरु आदि छन् । यी पात्रहरुको भूमिका कथामा गौण रुपमा देखिन्छ । रामुका बुबा कथाको एउटा प्रतिकूल पात्रको रुपमा प्रस्तुत भएको छ । ऊ अपाङ्ग सन्तान (रामु)को रेखदेखमा भन्दा जाँड रक्सी खाएर मोज मस्ती गर्न तिर ध्यान दिन्छ । उसमा घर परिवारप्रतिको जिम्मेवारीको कुनै बोध छैन । त्यस्तै कथाकी अर्की मुख्य पात्र रामुकी आमा देखिन्छिन् । आमा भएर पनि अपाङ्ग सन्तानलाई सन्तानको रुपमा नलिनु, अपाङ्ग सन्तानको बेवास्ता गर्नु, उसको भोक प्यासको पर्वाह नगर्नु, दुर्गन्धपूर्ण वातावरणमा तड्पाएर राख्नु आदि उनको स्वभाव देखिन्छ । यसरी हेर्दा उनलाई पनि कथामा अनुकूल पात्रको रुपमा देखिंदैन । त्यस्तै दाइ, दिदीहरु पनि अपाङ्ग भाइको इच्छा र चाहनाप्रति घृणा गर्छन् । त्यस्तै कथामा दाइ रमणका साथीहरुको गौण भूमिका रहेको देखिन्छ । रामुको अपाङ्गताको खिल्ली उडाउने काममा दाइका साथीहरु पनि देखिन्छन् । उनीहरुमा पनि कुनै दया मायाको भावना देखिंदैन ।

४.१.३ संवाद

यस कथामा भएको पात्र रामुको बोली नै नभएकाले उसको कथाका अन्य पात्रसंगैको 'संवाद' कथामा प्रस्तुत गरिएको पाइदैन । कथाका मुख्य पात्र रामुका मनमा उठेका अनेकौं प्रश्नहरुको उत्तर ऊ भगवानसँग मागिरहेको छ । भोक प्यास लाग्दा आफन्तसँग साङ्केतिक रुपमा केही कुरा भन्न खोजिएको देखिन्छ ।

४.१.४ परिवेश

पुसको जाडो महिनाको साँझको समय खुल्ला आकाशमुनि खाली धर्ती यस कथाको वातावरणीय परिवेश हुन् । घर भित्रको वातावरण रौनकपूर्ण भएको छ । सबै घरका सदस्यहरु लगायत पाहुना समेत रमाएर खुसी भएर बसेका देखिन्छन् भने आकाशका ताराहरुसँग आफ्ना वेदनाहरु मुक भाषा व्यक्त गर्दै रामु प्रकृतिको खुला काखमा बसेको देखिन्छ । घरका झ्याल ढोकाहरु बन्द भइसकेका देखिन्छन् । सडकका कुकुरहरु भुकिरहेको आवाज आइरहेको थियो । चकमन्न रातमा टहटह जूनको शितलताले धर्ती ढाकेको थियो ।

४.१.५ उद्देश्य

समाजका अपाङ्गताप्रति आफन्तले गर्ने दुर्व्यबहार पराइले हेर्ने दृष्टि,अपाङ्ग भएकै कारण आफूले सन्तानको दर्जा सम्म पाउन गाह्रो भनी समाजको यथार्थता प्रस्तुत गर्नु यस कथाको उद्देश्य देखिन्छ । अपाङ्गता हुनु कर्मको फल ठान्ने हाम्रो समाजमा उनीहरुलाई जन्म दिने आमा बाबु पनि शत्रु जस्ता हुन्छन् र उसलाई कुकुरको स्थान दिन्छन् । उसको रहर र खुसी प्रति वेवास्ता गर्छन् । सबैजना उसको घृणा गर्छन् भन्ने कुरा प्रस्तुत गर्नु उक्त कथाको उद्देश्य देखिन्छ ।

४.१.६ भाषा शैली

प्रस्तुत कथा अपाङ्ग बालक रामुलाई केन्द्र बनाई मनोवैज्ञानिक कथा भएकाले त्यसैमा मूल कथा आधारित भएको देखिन्छ । यस कथामा छोटा र सरल वाक्यले कथाको प्रस्तुति अत्यन्त रोचक र कलात्मक छ । अनुकरणात्मक शब्दबाट सुरु उक्त कथामा प्रमुख पात्र रामुका अन्तर वेदना मनोवादात्मक शैलीमा व्यक्तिएका छन् । धेरै प्रश्नार्थक वाक्यहरुले कथा सजिएको छ । सहज रुपमा कथावस्तु व्यक्त गरी सम्प्रेष्य तुल्याउनु भाषिक सहजताको परिणाम भएकाले यो पक्ष कथामा प्रवल देखिन्छ । आयामगत दृष्टिले साढे दुइ पेजसम्म फैलिएको यस कथामा कवितात्मक वाक्य गठन सरल पद पदावली रहेका छन् । कथाको शीर्षक व्यक्ति केन्द्रित भएकाले रामु नै यसको मूल आधार हो । यस कथाको कथानक पनि उसैमा निहित छ तर रामु अशक्त हुनु र आफ्ना चाहना अरुसमक्ष राख्न नसक्नाले कथानक जीर्ण बन्न पुगेको छ । शीर्षक, भाव, भाषा, प्रस्तुती, कथावस्तु तथा मनोवाद तथा प्रश्नार्थक वाक्यहरुको कारण पनि कथा सुन्दर छ ।

४.१.७ दृष्टिविन्दु

आयामगत दृष्टिमा छोटो यस कथामा 'ऊ'(रामु) तृतीय पुरुष पात्रको प्रत्यक्ष सहभागिता रहेको छ । उसैको जीवनसँगै कथा अघि बढेको देखिन्छ । बाबु, दाइ,आमा आदिलाई जनाउने क्रममा तृतीय पुरुष दृष्टिविन्दुको पनि प्रयोग गरिएको छ । यसरी कथामा आन्तरिक दृष्टिविन्दु र वाह्य दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

४.१.८ शीर्षकमा सार्थकता

दुःख र पीडाले छटपटिएको एउटा अपाङ्ग बालकको जीवन नै आँसु नै आँसुले भरिएको छ । समाजमा बाँचेर पनि मरेतुल्य जीवन विताउनु पर्दा उसको जीवनमा आँसु बगाउनुको अरु कुनै विकल्प छैन । समाजमा भएका सम्पूर्ण अपाङ्गहरुको अवस्थाको प्रतिनिधित्व गर्ने रामुको जीवन आँसु नै आँसुले भरिएको र यसै आधारमा कथानक योजना तयार भएको हुँदा शीर्षकमा अत्यन्तै सार्थकता देखिन्छ ।

### ४.१.९ घटना

एउटा आपाङ्गको जीवनका कारुणिक पक्षलाई कथामा उभ्याइएको  छ । रामु अपाङ्ग हुनु, अपाङ्गप्रति घर परिवार तथा अन्य व्यक्तिले घृणा गर्नु, आफ्नी दिदीले पानी माग्दा पनि वेवास्ता गर्नु, जाडो महिनाको रातमा पनि अपाङ्ग रामुलाई खुला आकाशमुनि छाड्नु, कुकुर जस्तो व्यवहार गर्नु आदि घटनाहरु यस कथामा प्रस्तुत गरिएका छन् ।

### ४.१.१० द्वन्द्व

विशेष गरी यो कथा प्रमुख पात्र रामुको आन्तरिक द्वन्द्वमा आधारित छ । वाहिरी मान्छेहरुले गरेको गाली, दिदीले गरेको तिरस्कार, आमाले गरेको वेवास्ता, आदि जस्ता वाह्य द्वन्द्वहरु पनि नदेखिएका होइनन् । तथापि त्यसबाट उत्पन्न मानसिक विचलनलाई नै मूल द्वन्द्व बनाइएको छ । यसरी आफ्ना बाबु आमा लगायत अन्य व्यक्तिहरुले अपाङ्ग रामुप्रति गरेको व्यवहार वा तिरस्कारले रामु विछुब्ध भएको छ र त्यसबाट उत्पन्न परिस्थितिले मानसिक विचलन पैदा गराएको छ यही मानसिक विचलन नै कथाको मूल द्वन्द्व बनेको देखिन्छ ।

## ४.२ छोराछोरीको स्पर्श

'छोराछोरीको स्पर्श' कथा सुस्मिता नेपालद्वारा रचित "हवाइजहाजसँगै उडेको मन" कथा संग्रहको दोश्रो कथा हो । नारी पीडामा आधारित प्रस्तुत कथालाई कथातत्वका आधारमा यसरी वर्णन गरिन्छ ।

### ४.२.१ कथावस्तु

छोराछोरीको स्पर्श कथा सुस्मिता नेपालद्वारा रचित 'हवाइजहाजसंग उडेको मन' कथा संग्रहको दोस्रो कथा हो । नारी पीडामा आधारित भएर प्रस्तुत कथाको कथावस्तु तयार पारिएको छ । नारी प्रधान कथानक वोकेको यस कथाको कथावस्तुले समाजको यथार्थता प्रस्तुत गरेको छ । सरुको सन्तान विनाको जीवन निरर्थक र पीडाजन्य बनेको छ । सरुको लोग्नेको कारण सन्तान हुंदैनन् । उनीहरु जीवनमा कर्तव्य बोध गर्दै जीवनलाई अगाडि बढाइरहेका हुन्छन् । जीवनमा कर्तव्य भित्र विवाह हुनुपर्ने ,सन्तान हुनुपर्ने त्यसमा छोरा नै जन्मनु पर्ने ,घर पैसा सबै हुनु पर्नेमा बाध्यता नै बनेको छ । नत्र यसमा समाज र परिवारले नारीलाई दोषी ठान्ने प्रवृत्ति छ । सन्तान नहुँदा नारीको मतलव नगरी पुरुषलाई दोस्रो विवाहको सल्लाह दिइन्छ । एउटी नारी आमा बन्न पाउनु ठूलो सौभाग्य हो । सन्तान विनाको उसको जीवन निरर्थक बन्दछ । त्यस्ता नारी मानसिक रुपमा स्वयम् त पीडित नै हुन्छन् तर समाज र परिवारले पनि उसलाई घृणाको पात्र बनाउँछन् । उसको लागि बच्चा अति नै प्यारो चिज बन्छ । जसको मायाले ऊ संसारका सबै दुःखसँग पनि सामना गर्न सक्छे । छिमेकीका बच्चाबाट उसको सन्तानबाट प्राप्त गर्ने सुख वा खुसी प्राप्त गर्छे । कोठा भित्र भएका सामानहरु लथालिङ्ग पारेर भावना मै भए पनि छोराछोरीको मायाको अनुभूति गर्छे । यसरी नारी आमा बन्न नसक्नु, समाजमा उसको कदर

नहुनु, समाज भित्रको मान्यतामा बाँधिनु यसै धरातलमा उक्त कथाको कथानक तयार भएको छ ।

४.२.२ पात्र

सुस्मिताको दोस्रो  कथा भित्र प्रयोग हुने पात्रहरुमा सरु, सरुको लोग्ने, सरुकी छिमेकी दिदी सञ्चिता, उनका अवोध छोरा छोरीहरु र अन्य नातेदारहरु देखिन्छन् । यस कथाको मुख्य भुमिका  सरुको देखिन्छ । नारी चरित्रमा आधारित उक्त कथामा सरुकै पीडा र छटपटीमा कथानकको विकास भएको देखिन्छ । सरु यस कथाको मुख्य पात्र हो । उसको सन्तान विनाको पीडा कथामा सुरुदेखि अन्यसम्म पोखिएको छ । चरित्रका आधारमा सरु एउटा स्थिर पात्रको रुपमा देखिन्छे । आफ्ना लोग्नेबाट सन्तान जन्माउन नसक्दा पनि ऊ लोग्नेप्रति कुनै नराम्रो प्रतिकिया देखाउँदिन । ऊ कथाको एउटा अनुकूल पात्रको रुपमा भूमिका निभाउँछे ।

त्यस्तै गरेर सरुको श्रीमान पनि यस कथाको सहायक पात्र हो । सन्तान दिन नसक्नु शारीरिक कमजोरी उसमा देखिन्छ । स्वास्नीप्रति गर्नु पर्ने सबै कर्तव्य पूरा गरेर पनि सन्तान दिन नसक्ने एउटा असक्षम पात्रको रुपमा देखिन्छ । स्वास्नीको सन्तान चाहना उसले पूरा गर्न सकेन ।

त्यस्तै कथामा प्रयोग भएका पात्र मध्ये छिमेकी दिदी सञ्चिताको भूमिका पनि मुख्य रुपमा नै देखिन्छ । उनीलाई नारी पीडालाई बुझ्नसक्ने आदर्श पात्रको रुपमा लिइन्छ । सन्तानविना पीडाले छटपटिएकी नारीलाई आफ्नै सन्तानद्वारा भए पनि सन्तान सुखको अनुभूति गराउन उनले ठूलो त्याग गरेको देखिन्छ । त्यसैले उनी यस कथाको गतिशील र अनुकूल पात्रको रुपमा देखिन्छिन् । उनले आफ्नी छिमेकी सरुलाई आफ्ना सन्तानहरुसँग रम्न दिएर उसलाई सन्तानको सुख भोग गराएकी छन्  । उत्तिकै माया पनि गरेकी छन् । त्यस्तै कथाका अन्य पात्रहरु सञ्चिताका छोराछोरीहरुको रहेको देखिन्छ । गौण पात्रका रुपमा देखा परेका यी पात्रहरु सन्तान भोगका लागि तड्पिएर बसेकी नारीलाई सन्तान सुखको अनुभूति दिलाएका छन् । यसरी प्रवृत्तिका आधारमा हेर्दा यी पात्रहरु पनि कथाका अनुकूल पात्रका रुपमा देखिन्छन् ।

४.२.३ संवाद

यस कथामा श्रीमान् र श्रीमती (सरु), सरुकी छिमेकी दिदी (सञ्जिता) र सञ्जिताका छोराछोरीको वीचमा संवाद भएको देखिन्छ । छोटा छोटा संवादको प्रयोग भएको छ । उमेर अनुसार बच्चाहरुले बोल्ने (सलु आती) अधुरा र अपूरा वाक्य भएका संवादको पनि प्रयोग गरिएको छ । संवादमा अंग्रेजी शव्दको पनि प्रयोग गरिएको छ । लोग्नेले सरुको मानसिक अवस्था सन्तुलन राख्न अत्यन्त मायालु भावमा सम्झाउने कममा छोटा छोटा संवादहरुको प्रयोग भएको छ । सामान्य आदरार्थी शव्दको प्रयोग गरी सरुलाई श्रीमानले निकै आत्मीयता देखाएका छन् । लोग्नेको सरल र स्वभाविक र अकुटिल संवादले सरुको अन्तर हृदयलाई पगालेको छ । निश्चल, निस्वार्थ, अव्यङ्ग्यपूर्ण संवादमा कथा अन्ततिर पुगेको छ ।

४.२.४ परिवेश

यस कथामा प्रयोग भएको सामाजिक वातावरण प्रयोग भएको छ । साँझको समय पानी तान्ने मेसिनको आवाजले वातावरण ध्वनि प्रदूषित वनाई रहेको हुन्छ । यसै पृष्ठभूमिमा कथाको यात्रा अगाडि बढ्दै जान्छ । छिमेकी (सञ्चिता दिदी)को घरको रमाइलो तथा मायालु वातावरणमा सरुले आफ्नो छोराछोरीको मायाको स्पर्शको अनुभूति गर्छे । सञ्जिताको घरको रमाइलो वातावरणबाट अन्धकारमयले भरिएको आफ्नो घरका कोठाहरुमा वत्ती बालेर सामान छरपष्ट छरेर लथालिङ्ग पारी वालसुलभ कियाकलापमा आफूलाई डुवाएको अनुभूति गर्छ । जीवनका कर्तव्य भित्र विवाह हुनुपर्ने, सन्तान हुनुपर्ने, छोरा जन्मनु पर्ने, घर हुनुपर्ने, पैसा हुनुपर्ने जस्ता सामाजिक मान्यतामा बाँधिएकी यस कथाकी प्रमुख पात्र सरुको जीवनका वेथाहरुको कथा बुनिएको छ ।

४.२.५ उद्देश्य

नारी पीडामा आधारित उक्त कथामा मातृत्वले ओतप्रोत भएकी नारीको दयनीय अवस्था देखाइएको छ । सन्तान विनाको नारीको जीवन अपूरो हुने र समाजका सदस्यले उसमाथि गरिने व्यवहार पनि अपमानित हुने, पुरुषका गल्तीहरुलाई पनि नारीले भोग्न वाध्य हुने देखाइएको छ । समाजका अनेकौं लाञ्छनालाई पनि उसले आत्मसात गर्नु पर्ने कुरा देखाउनु पनि उक्त कथाको उद्देश्य देखिन्छ । सन्तान नहुनु नारी पुरुष दुवैको कर्मको दोष होइन । शारीरिक कमजोरी हो । त्यसमा नारी होस् पुरुष दुवै सक्षम भएन भने दुवैको जीवन सुखी रहदैन भन्ने कुरा सरुका परिवारको माध्यमबाट देखाउनु उक्त कथाको उद्देश्य देखिन्छ ।

४.२.६ भाषाशैली

आयामगत दृष्टिले सांढे तीन पेजसम्म फैलिएको यस कथाको प्रस्तुति पनि अति सरल र सहज रुपमा भएको छ । यस कथामा संवादात्मक प्रस्तुति र बालबोलीका संवादहरु प्रयोग गरिएको छ । बच्चाहरुले सरुलाई माया गर्ने कममा अंग्रेजी भाषाको पनि प्रयोग गरेको पाइन्छ । सरुको लोग्नेले प्रयोग गरेको भाषाले सरुको अन्तरहृदयलाई पगालेको छ । अनुकरणात्मक शब्दको र निपातको प्रयोगले भाषा मीठो बनाएको छ । छोटा छोटा वाक्य गठन, सरल र सहज भाषा, कथानक प्रस्तुति, शीर्षक, शिल्प शैली आदिका कारण उक्त कथा गरिमामय बन्न पुगेको छ ।

४.२.७ दृष्टिविन्दु

यस कथामा आन्तरिक र बाह्य दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथामा 'म' प्रथम पुरुषको पनि प्रयोग गरिएको छ । श्रीमान् सरु, छिमेकी, छोराछोरी आदि तृतीय पुरुषको पनि प्रयोग भएको हुँदा कथामा आन्तरिक र वाह्य दुवै दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

४.२.८ शीर्षकमा सार्थकता

सन्तानबिनाको नारीको जीवन उत्पीडन र पीडाले भरिएको हुन्छ । सन्तान नहुन लोग्ने मान्छेको दोष भएपनि समाजले नारीलाई नै दोष लगाइरहेको हुन्छ । लोग्नेको कारणले गर्दा नारी  चाहेर पनि सन्तानको स्पर्श गर्न पाउँदिन । छिमेकीका सन्तानहरुबाट भए पनि ऊ केही हदसम्म आनन्दको अनुभूति गर्छे । केटाकेटीको माया निस्वार्थ निश्चल हुने, उनीहरुको क्रियाकलापले हरेकलाई आनन्द प्रदान गर्ने गर्दछ । तर आफ्नो सन्तान नहुँदा उक्त कथाकी नायिका सरु आफ्नो कोठामा सबै सामान छरपष्ट र लथालिङ्ग पारेर वच्चाले छरेको अनुभूत गर्दै आनन्द लिएकी कुरा उक्त कथामा प्रस्तुत भएको छ । भावनामै भए पनि छोराछोरीको माया पाएकी अनुभव गरेकाले  उक्त कथाको शीर्षक नै 'छोराछोरीको स्पर्श' रहेकाले शीर्षक निकै सार्थक देखिन्छ ।

४.२.९ घटना

नारी उत्पीडनमा आधारित उक्त कथामा सरुको लोग्नेको कारणले सन्तान नहुनु, छिमेकीका छोराछोरीहरुको वालसुलभ क्रियाकलापमा रमाउनु, सामाजिक लाञ्छनालाई प्रतिवाद गर्न नसक्नु, सामाजिक मान्यतामा बाँधिनु, लोग्नेको अनुपस्थितिमा कोठाहरुका सबै सामानहरु छरपष्ट र लथालिङ्ग पार्नु यस कथाका प्रमुख घटनाहरु हुन् ।

४.२.१० द्वन्द्व

कथानकलाई गति दिने क्रममा पात्र पात्रहरुका बिचमा र पात्र स्वयंमा आन्तरिक र बाह्य द्वन्द्व दुवै पाइन्छ । समाजको यथार्थ घटनालाई देखाउने क्रममा पात्रहरुका बिचमा भएका द्वन्द्व पक्ष पनि व्यावहारिक देखिन्छ । उक्त कथामा पनि सरुले लोग्नेको कारणले बच्चा जन्माउन सकेकी छैन । बच्चा नहुँदा उसमा मानसिक विचलन पैदा भएको छ । यसले गर्दा सरुमा आन्तरिक र मनोद्वन्द्व दुवै पाइन्छ । सरु सन्तान जन्माउन नसकेको भनेर लोग्नेको विवाह गरिदिन चाहने व्यक्तिहरुका विचमा बाह्य द्वन्द्व देखिन्छ , सरुको लोग्ने र त्यस्ता आफन्तका विचमा पनि द्वन्द्व देखिन्छ । सञ्चिता छोराछोरीको स्नेहपूर्ण  व्यवहारले पनि सरुमा द्वन्द्व उत्पन्न गराएको छ । यसरी कथामा बाह्य द्वन्द्व भन्दा आन्तरिक द्वन्द्व पक्ष नै सशक्त रुपमा देखिएको छ ।

## ४.३ भविष्यको बाटो

'भविष्यको बाटो' कथा सुस्मिता नेपालद्वारा रचित "हवाइजहाजसँगै उडेको मन" कथा संग्रहको तेस्रो कथा हो । नितान्त सामाजिक विषयवस्तु बोकेको यस कथालाई कथातत्वका आधारमा यसरी बिवेचना गरिन्छ ।

४.३.१ कथानक

सुस्मिता नेपालद्वारा रचित “हवाइजहाजसँगै उडेको मन” कथा संग्रहको तेस्रो कथा हो । ‘भविष्यको बाटो’ कथा नेपाली समाजको यथार्थताको प्रतिनिधित्व गर्ने कथा हो । यस कथामा हाम्रो समाजमा नेपाली महिलाहरुको दयनीय स्थितिको चित्रण गरिएको छ । परिवार, समाज, संस्कार धान्न नारीले विभिन्न यातना सहनु पर्छ । पुरुषले दिएको मानसिक पिडाका कारण नारीको जीवन बर्वाद नै हुन्छ भन्ने कुरा देखाउदै यस कथाको कथानक अघि बढेको छ । गाउँमा जन्मेकी केटी जति पढे लेखे पनि उसमा सहरिया मान्छे बन्न नसकेका कारण उसलाई विवाह गरेर छाडिन्छ । गाउँमै जन्मेकै कारण उसलाई पागल,असभ्य महिलाको दर्जा दिइन्छ । उसले प्राप्त गरेको शिक्षाको कुनै अर्थ रहदैन । हाम्रो पुरुष प्रधान समाजमा नारीलाई खेलौनाका रुपमा लिइन्छ मनलागे विवाह गरिन्छ, आफूले भने जस्तो व्यबहार नगरेको पाइए छाडिन्छ । स-साना मनमोटापले पनि नारीमाथि विभिन्न लाञ्छना लगाएर नारीलाई त्यागिन्छ । सन्तान जन्माई सकेकी श्रीमतीलाई पनि असभ्य र पागलको संज्ञा दिएर पतिसंग बस्न पाउने हक पनि छिनेर गाउँकै घर परिवारमा लगेर राखिदिन्छ । तर पतिले अपहेलना गरेपछि घरका अन्य सदस्यहरुले उसकी पत्नीलाई राम्रो व्यवहार गर्न चाहँदैनन् । नारी त्यही घरलाई र त्यस्तो पतिको परिवारलाई आफ्नो परिवार ठानेर आश्रय लिन वाध्य हुन्छे । तर असह्य भएपछि उसको बाच्ने सहरा भनेका माइतीघर सम्झन्छे तर त्यहाँबाट हुने विविध प्रकारका तनावले पनि उसलाई त्यहाँ गएर बस्न मन लाग्दैन । ऊ पूर्ण रुपमा वेसहारा बन्छे । तर छोरी र आफ्नो जिम्मेवारी निभाउनु पर्ने भएकाले ऊ घर,माइती सबै छाडेर छोरीलाई साथमा लिएर आफ्नो भविष्यको बाटोतिर हिड्ने निर्णय गर्छे । एउटी नारीलाई विवाह गर्ने एउटा सभ्य पुरुष भनाउँदाको चरित्र उक्त कथामा उदाङ्गिएको छ । ऊ विवाह गरेर गर्भवती स्वास्नीलाई साथीहरु आएको समयमा बोल्न नजानेको आरोप लगाई स्वास्नीलाई गाउँ घरमा लगेर छाड्छ र आफ्नो सन्तानको जन्म भएको वर्षौसम्म पनि फर्केर जाँदैन । शिक्षित नारी भएका कारण उसले सँधै यातना नसही आफ्नै खुट्टामा उभिने प्रण गर्न घर,माइती त्यागेर छोरीको जिन्दगी सफल बनाउन भविष्यको नयाँ बाटो पहिल्याउने निर्णय गरेकी छे ।

४.३.२ पात्र

कथामा देखिएकी ग्रामीण स्वास्नीमान्छे ‘म’ पात्रको रुपमा देखिएकी छे । उक्त कथामा प्रयोग भएका विभिन्न पात्रहरु मध्ये स्वास्नीमान्छे वा ‘म’ पात्र कथाको मूख्य पात्रको रुपमा देखिएकी छे । गाउँमा जन्मेर हुर्केर शिक्षा आर्जन गरेकी यस कथाकी पात्रको शिक्षित व्यक्तिसंग विवाह हुन्छ र उनीहरु दुवै सहर पस्छन् । सहरमा गएर पनि स्वास्नीको गाउँले स्वभाव परिवर्तन नभएको देखेर लोग्नेले गर्भवती भएको अवस्थामा पनि गाउँ घरमा लगेर छाडिदिन्छ तर पनि ऊ असह्य वेदना अँगालेर बाँच्न बाध्य हुन्छे । ऊ यस कथाकी स्थिर पात्रको रुपमा कथामा देखा परेकी छे । गाउँबाट सहर पस्दा पनि उसको वानी व्यवहारमा कुनै परिवर्तन आएको देखिदैन । त्यस्तै यस कथाकी नारी ‘म’ पात्र अनकूल पात्रको रुपमा पनि देखिन्छे । उसमा ठूलो त्याग छ । घर,परिवार,माइती ,लोग्ने कोही नभए पनि उसले संघर्ष गरेर आफ्नी छोरीको भविष्यकोर्ने प्रण गरेकी छे । आफ्नो भविष्यको बाटो आफै बनाउनु पर्छ भन्ने एउटा सन्देश समाजलाई दिएकी छे । यस कथामा प्रयोग हुने पात्र मध्ये म पात्रको श्रीमान सहायक

पात्रको रुपमा देखा परेको छ । गाउँमा जन्मेर हुर्केर गाउँकै परिवेशमा शिक्षा आर्जन गरेको म पात्रको लोग्ने शिक्षित भएर पनि दुष्ट बनेको छ । उसले नारीलाई भोग्यको रुपमा लिएको छ । ऊ विभिन्न आरोप लगाएर श्रीमती दुःख दिन्छ । गर्भवती भएकी श्रीमतीलाई पनि वेवास्ता गर्छ । सहर पस्ने वित्तिकै उसको चालचलन बोलीचालीमा परिवर्तन देखिएको छ । ऊ यस कथाको असत् पात्रको रुपमा वा प्रतिकूल पात्रको रुपमा देखिन्छ । म पात्रको आमा-बाबु,सासु-ससुरा,नन्द-देवरहरु,म पात्रको लोग्नेका साथीहरु पनि यस कथाका सहायक पात्रहरुका रुपमा देखिन्छन् । अप्रत्यक्ष रुपमा कथावस्तु अघि बढाउन यी पात्रहरुले परोक्ष रुपमा सहयोग पुऱ्याएका छन् ।

त्यस्तै यस कथामा अर्को पात्र ‘म’ पात्रकी छोरी पनि देखिएकी छ । छोरीले गर्दा म पात्रको जीवनले नयाँ मोड लिएको छोरी कै कारण उसले जीवनमा भविष्यको नयाँ बाटो पहिल्याएकी छे । उसले छोरी कै कारण घर परिवार,लोग्ने,माइती सबै त्यागेकी छे । छोरीको जीवन प्रति समर्पित भएर उसलाई ठूलो बनाउने प्रण गरेकी छे । यसरी आमाको जीवनलाई परिवर्तन गराउने वालक छोरीलाई यस कथाको अनुकूल पात्रको रुपमा लिइन्छ ।

### ४.३.३ संवाद

यस कथामा प्रयोग भएका पात्रहरु पढे लेखेका छन् । उच्च शिक्षा हासिल गरेका म पात्र र उसको लोग्ने वीचको संवाद भएको छ । कथामा प्रयोग भएका संवादहरु छोटा छोटा छन् । प्रश्नार्थक रुपमा संवादहरुको प्रयोग भएको छ । लोग्नेद्वारा प्रयोग गरिएका संवादहरुले स्वास्नीलाई निकै आघात पुगेको देखिन्छ । आँट र साहस बटुलेर स्वास्नीले लोग्नेसँग केही संवाद गर्न खोज्छे तर त्यसमा लोग्नेको कुनै पनि चासो देखाउँदैन आफ्नै कुरामा अडिन्छ । लोग्नेसंगको संवादका कारण नै उनीहरुको पारिवारिक जीवन तहस नहस बन्न पुगेको देखिन्छ ।

### ४.३.४ परिवेश

यस कथाका पात्रहरु गाउँका परिवेशमा जन्मेर हुर्केका थिए । गाउँमै शिक्षा आर्जन गरेका थिए । गाउँको प्राकृतिक वातावरण पनि यस कथा भित्र भित्रिएको छ । साँझको समय सिरसिर हावा चलेको नदी नाला बगिरहेको आदि दृश्यात्मक परिवेशहरु पनि कथा भित्र भित्रिएका छन् । पछि जागिरका कममा स्वास्नीलाई लिएर सहर पसेको म पात्रको लोग्ने जागिरे भएको छ । यसले गर्दा उसले काम गर्ने अफिसको वातावरण,सहरिया परिवेश पनि यस कथाका प्रत्यक्ष पर्यावरण हुन् ।

### ४.३.५ द्वन्द्व

प्रस्तुत कथामा लोग्नेले विवाह गरेर गर्भवती भएपछि नचाहिदो आरोप लगाएर गाउँ पठाइ दिएपछि स्वास्नीको (म पात्र) मनभित्र विभिन्न प्रकारका छटपटी उत्पन्न भएको छ । लोग्नेले अपमान गर्नु गाउँघरमा गएर परिवारसंग बस्दा पनि परिवारसंग मिल्न उल्टै उसलाई नै

यातना दिनु,माइतीका सदस्यहरुले वाणरुपी वचन गर्नु आदिले आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । लोग्नेसंगको विछोड हुनु,स्वास्नी र छोरीको बेवास्ता गर्नु वाह्य द्वन्द्व हो ।

४.३.६ उद्देश्य

प्रस्तुत कथामा पुरुषले सताइएका महिलाहरु मानसिक पिडाका सिकार बन्छन् जसले गर्दा उनीहरुको जीवन वर्वाद बन्छ भन्ने कुरा देखाइएको छ । गाउँमा जन्मदै असभ्य बन्ने होइन । शिक्षा हासिल गर्दा जो पनि सभ्य र सक्षम बन्दछन् भन्ने कुरा पनि उक्त कथामा प्रस्तुत गरिएको छ । पुरुष प्रधान समाजका कारण नारी पुरुषका खेलौना बन्छन् । मन लाग्दा विवाह गरिन्छ नत्र त्यागिन्छ अनेकौं लाञ्छना लगाएर अनेकौं यातनाका सिकार बनाइन्छ । जसले गर्दा नारीको जीवन तहसनहस बन्दछ । सभ्य पुरुषको चरित्र पनि उक्त कथामा छर्लङ्ग्याएको छ । शिक्षित नारी भएकोले यातानाको सिकार बन्नु पर्दैन र कसैको आड भरोसामा बाँच्नु पर्दैन । यसरी नारी शिक्षित भएमा पुरुष,परिवार,माइतीविना पनि बाँच्न सक्छन् र आफ्नो सन्तानलाई उचित शिक्षा दीक्षा दिएर सवल र सक्षम बनाउन सक्छन् भन्ने कुरा देखाउनु नै उक्त कथाको मूल उद्देश्य हो ।

४.३.७ दृष्टिविन्दु

यस कथामा 'म' पात्रको मुख्य भूमिका रहेको देखिन्छ । 'म' पात्रको जीवनसँग सम्बन्धित घटनाहरु मै कथा टुङ्गिएको छ । यसरी यसका आन्तरिक केन्द्रीय दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाको पृष्ठपोषण गर्ने क्रम लोग्ने र छोरीलाई सम्बोधन गर्ने क्रममा 'ऊ','उहाँ' आदि तृतीय पुरुषको पनि प्रयोग भएकाले र उनीहरुको पनि कथामा प्रत्यक्ष भूमिका रहेकाले बाह्य (सर्वदर्शी) दृष्टिबिन्दुको पनि प्रयोग भएको देखिन्छ ।

४.३.८ घटना

यस कथामा 'म' पात्र जसको कथामा मुख्य भूमिका रहेको छ । उसको गाउँमा जन्मेर,हुर्केर त्यही शिक्षा दीक्षाको व्यवस्था हुनु,शिक्षित युवकसँग विवाह गरेर जागिरका क्रममा सहर जानु,स्वास्नीले सहरको व्यक्ति जस्तो व्यवहार गर्न नजान्नु,केटाको साथीहरुसंग असभ्य व्यवहार गरेको र राम्ररी बोल्न नजानेको भनी आरोप लगाउनु कथाका मुख्य घटना हुन् । यति मात्र नभएर विवाह गरेर गर्भवती भएकी स्वास्नीलाई गाउँमा घर परिवारका साथ जिम्मा लगाउनु,घर परिवारले पनि उसलाई बोझ ठान्नु,माइतीले पनि विभिन्न घोचपेच गरेर वेवास्ता गर्नु,छोरी जन्मेर पनि बाबुले वेवास्ता गर्नु आदि जस्ता घटनाले कथा भरिएको छ ।

४.३.९ भाषाशैली

आयामगत दृष्टिले २ पृष्ठसम्म फैलिएको यस कथाको प्रस्तुती पनि अति नै सरल र सहज रुपमा भएको छ । गाउँमा जन्मेर गाउँमै शिक्षा आर्जन गरेर सहर बसेकी नारीको जीवनमा सहरिया परिवर्तन नआएको निहुँमा त्यागिएकी शिक्षित नारीको जीवनमा आधारित

उक्त कथामा काव्यात्मक वाक्य,सरल र सहज पद,पदावली र ठाउँ ठाउँमा संवादात्मक प्रस्तुती र मनोवादात्मक तरङ्गहरुले कथा रङ्गिएको छ । उक्त कथामा प्रश्नार्थक वाक्यहरुको पनि निकै नै प्रयोग देखिन्छन् ।

४.३.१० शीर्षकको सार्थकता

गाउँको वातावरणबाट आएको मान्छेले सहरको रवाफविलोपन अगाल्नु नसक्दा शिक्षित परिवारको जीवन वर्वाद बन्ने रहेछ । गाउँमा उच्च शिक्षा हासिल गरेकी नारीले सहरमा आएर असभ्य बन्नु पर्ने देखिन्छ किनकी गाउँका मानिसमा आफ्नै जन्मजात प्राकृतिक स्वभाव देखिन्छ । तर सहर पसेका मानिसमा कृतिमता पाइन्छ । सहरको कृतिमतालाई अँगाल्न नसक्दा शिक्षित युवकले आफ्नी श्रीमती छोरी सबै त्याग्छन् । युवकहरु बाहिरिया रुप रंग र बाह्य आवरणलाई महत्व दिन्छन् । तर लोग्नेले वेवास्ता गरे पनि नारीले धर्ती भएर सन्तानको लागि बाँच्नु पर्ने वाध्यता पनि कथाले देखाएको छ । यसरी बाबुको अनुपस्थितिमा पनि शिक्षित आमा भएमा सन्तानलाई भविष्यमा सही बाटोमा हिडाउन सक्छन् । उक्त कथाले पनि आफ्नो सन्तानको भविष्यको बाटो पहिल्याउन एउटी नारी अत्यन्त सफल देखिएकीले र कसैको पनि आशा नगरी छोरीको साथमा भविष्यको नयाँ बाटो पहिल्याउन अग्रसर भएकीले पनि उक्त कथाको शीर्षक निकै सार्थक बनेको देखिन्छ ।

## ४.४ उसको हसिलो अनुहार

'उसको हसिलो अनुहार' कथा सुस्मिता नेपालद्वारा रचित "हवाइजहाजसँगै उडेको मन" कथा संग्रहको चौथो कथा हो । सामाजिक विषयवस्तुमा आधारित उक्त कथालाई कथा तत्वका आधारमा यसरी वर्णन गरिन्छ ।

४.४.१ कथानक

प्रस्तुत कथा श्रीमानसँगै बिहेको भोज खान गएको बेला केटीको वाल्यकालदेखिको प्रेमीसँग भेट हुन्छ । जो अहिले एउटा अपरिचित व्यक्तिको रुपमा देखिएको छ । त्यहाँको रमझमपूर्ण वातावरणले उनीहरुलाई समाउन सकेन । उनीहरु आफ्ना अतीतलाई सम्झिरहेका थिए । त्यही बाल्यकालको हँसिलो अनुहार उसको अगाडि नाचिरहेको थियो । गाउँमा बस्दा घर पनि नजिकै भएकाले उनीहरुको बाल्यप्रेम सँगै हुर्केको थियो । उच्च शिक्षा हासिल गर्ने क्रममा केटो काठमाण्डौ पस्दा उनीहरुलाई पवित्र प्रेमको विछोड हुँदा दुःखको अनुभूति भइसकेको थियो । सहरबाट फर्कदा यता वाध्यताले गर्दा केटीको विवाह अर्कै केटासँग भैसकेको थियो । आफ्नो वाल्यकालको साथीमा धेरै परिवर्तन आएता पनि उसको हाँसो उस्तै थियो । उनीहरु आत्मीय साथी भएता पनि एक अर्काप्रति अपरिचित जस्तै देखिन्छन् । लामो समय पछि भेटेको प्रेमीलाई आफ्ना पतिको अगाडि नचिनेको जस्तो गर्न वाध्य भएकी छे । मनभरिका कुरा व्यक्त गर्न चाहेर पनि सकेकी छैन । उसका फोन नम्बर लेखिएका अक्षरलाई स्पर्श गरेर उसले आनन्द प्राप्त गरेकी छे । यसरी एउटी केटीको वाल्यकालको प्रेमीसंगको भेटको प्रसङ्गलाई लिएर कथानक अघि बढ्दै गएको छ ।

४.४.२ पात्र

यस कथामा प्रयोग भएका पात्रहरु मध्ये कथाकी नायिका 'म' पात्रकी रुपमा प्रयोग भएकी छे । ऊ यस कथाको मुख्य पात्र हो जसको जीवनसंग सम्बन्धित भएर कथानक अघि बढेको छ । ऊ यस कथाको सत् पात्र हो । आफूले वाल्यकालमा प्रेम गरेको साथी जसलाई आफूले पवित्र प्रेम गरेकी थिई ऊ संग विवाह नहुनु पछि ऊ संगको भेटले पनि अपार आनन्द प्राप्त गरेकी थिई । ऊ अर्केकी श्रीमती भएकी थिई । जुन पहिलेको प्रेम त्यस व्यक्तिलाई देखाउन सक्दिनथी । यसरी स्वभावगत रुपमा हेर्दा गतिशील पात्रको देखिन्छे । ऊ पहिले प्रेमी थिई भने अहिले ऊ कसैकी श्रीमती बनेकी छे । प्रवृत्तिगत दृष्टिले हेर्दा उसको चरित्र कथा अनुकूल देखिन्छ ।

कथामा प्रयोग भएको पुरुष पात्रमा 'म' पात्रको लोग्ने पनि एक हो । कथामा उसको भूमिका गौण रहेको देखिन्छ । आफ्नी स्वास्नीको पहिलो प्रेम जो उनको वाल्यकाल देखिको साथी थियो उसैसंग कुराकानी गर्नमा नै उसको भूमिका निर्वाह गरेको देखिन्छ । स्वभावको दृष्टिले हेर्दा ऊ कथाको स्थिर पात्रको रुपमा देखिन्छ । अर्को पुरुष पात्र जो केटीको बाल्यकालदेखि साथी थियो । तर आज उसको अर्कैसंग विवाह भएको थियो उसको भूमिका पनि कथामा मुख्य देखिन्छ । वाल्यकालमा एउटी छिमेकी केटीसंग प्रेम गरी पढाइको सिलसिलामा सहर पस्नु, पछि गएर अरु नै केटीसंग विवाह गर्नुले पनि उसलाई एउटा सत् पात्रको रुपमा लिन सकिँदैन । चरित्रगत रुपमा हेर्ने हो भने उसलाई गतिशील पात्रको रुपमा लिइन्छ ।

अर्कासंग विहे भएर गएकी व्यक्तिसँग पराइको व्यवहार गर्नु नै राम्रो ठानेर उसले आफ्नो केटी साथीलाई पनि नचिने जस्तो गर्थ्यो । यसबाट यस कथाको अनुकूल पात्र हो भन्ने कुरा प्रमाणित हुन्छ ।

४.४.३ संवादः

यस कथामा प्रयोग भएका पात्रहरु पनि पढे लेखेका छन् । उच्च शिक्षा हासिल गरेका पात्रहरु भएकाले उनीहरुकै बीचको संवाद पनि स्तरीय छ । म पात्र (नारी पात्र) को वाल्यकालको साथी जो अहिले अपरिचित व्यक्तिको रुपमा चिनिएको छ उसले प्रयोग गरेका संवादहरु छोटा र आदरार्थी  वाक्यको प्रयोग गरिएको छ । उसले प्रयोग गरेका संवादहरुले गर्दा उससँगको पहिलेको प्रेम अहिले पनि ताजै भएको अनुभूति भएको छ ।

४.४.४ परिवेश

यस कथाको परिवेश बिहेको भोजको रमाइलो वातावरण भित्र रंगिएको छ । बेलुकाको समय बत्तीहरुको झिलमिलले वातावरण सबैलाई खुसी र रमाइलो अनुभूति प्रदान गरेको छ । यही रमणीय परिवेशभित्र बाल्यकालको पवित्र प्रेम वा वाल्यकालको साथीसित भेट हुँदा उसको

हँसिलो अनुहार देख्दा उर्लिएका खुसीहरुलाई समेटेर कथा अघि बढेको छ । उनीहरुले पहिले खेल्ने गरेको वातावरण गाउँले परिवेश थियो जहाँ पहाडका खोल्सा,डाँडकाँडा,हरियो बन जङ्गलले ढाकिएको रमाइलो वातावरण थियो । गाउँमा क्याम्पस नभएको कारण उसको बाल्यकालको सहर पसाईले नै उसमा सहरिया परिवेशको छनक पनि उक्त कथामा पाइन्छ ।

४.४.५ द्वन्द्व

प्रस्तुत कथामा प्रयोग भएका पात्रहरु नारी पात्र र उसको बाल्यकालको साथीको विहेको भोजमा एक्कासि भेट भएको छ । अहिले उनीहरु एक अर्का प्रति अपरिचित जस्तो गरेर बस्नु पर्दा भित्र भित्रै छटपटि पैदा भएको छ । यही मानसिक छट्पटिले आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । उच्च शिक्षा हासिल गरेर फर्कदा ऊ आफ्नो प्रेमीसंग विवाह गर्न नपाउनुले केटालाई पनि आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । आफ्नी बाल्यकालको प्रेमी जोसंग आफ्नो श्रीमान्को अगाडि नचिनेको जस्तो गर्नुपर्दा केटीमा पनि लोग्ने प्रति आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ । अतीतको प्रेमलाई बढी महत्व दिएको देखिन्छ र उसको खुसीमा आफूलाई हराएको पाइन्छ ।

४.४.६ उद्देश्य

प्रस्तुत कथामा पवित्र प्रेमको महत्व दर्शाइएको छ । बाल्यप्रेम ज्यादै पवित्र र महान हुने र पछिसम्म पनि ती यादहरु ताजै रहने कुरा उक्त कथामा देखाइएको छ । चाहेर पनि ती यादहरु भुल्न मान्छेले सक्दैन । बिहे भैसकेपछि नारीले आफ्नै पवित्र प्रेमलाई टाढा राख्नु पर्ने यो हाम्रो समाजको बाध्यता हो । मन नलागेर विवाह बन्धनमा बाँधिदैमा लोग्नेलाई नै ठूलो ठान्नु पर्ने,लोग्नेको सामु अपरिचित व्यवहार देखाएता पनि ऊ प्रतिको प्रेम चाँहि पवित्र र महान मान्नु आदि कुरा देखाउनु पनि उक्त कथाको उद्देश्य हो । पहिलो प्रेमीले लेखेका अक्षरहरुलाई स्पर्श गर्दा पनि आनन्द मान्नु,नजिक आएर बस्दा पनि केटीलाई खुसी लाग्नु उसको उज्वल भविष्य देखेर रमाइलो लाग्ने कुरा देखाउनु नै उक्त कथाको मूल उद्देश्य हो ।

४.४.७ दृष्टिविन्दु

यस कथामा 'म' पात्रको मुख्य भूमिका रहेको देखिन्छ । 'म' पात्रले कल्पना गरेका रमाइला अनुभूतिले कथानक अघि बढेको छ । यसरी कथामा आन्तरिक दृष्टिबिन्दुको प्रयोग भएको छ । कथाको पृष्ठपोषण गर्ने क्रममा 'म' पात्रको बाल्यकालको साथी जसलाई उसले पवित्र प्रेमी मानेकी छे र उसको विवशतावस विवाह बन्धनमा बाँधिएको ,सामाजिक मान्यता अनुसार पति दर्जा पाएको उसको श्रीमानलाई सम्बोधन गर्ने क्रममा ऊ तृतीय पुरुषको पनि प्रयोग भएकाले र उनीहरुको पनि कथामा प्रत्यक्ष भूमिका रहेकाले बाह्य सर्वदर्शी दृष्टिविन्दुको पनि प्रयोग भएको देखिन्छ ।

४.४.८ घटना

यस कथाको 'म' पात्र जसको सेरोफेरोमा कथानक अगाडि बढेको छ । बाल्यकालदेखि पवित्र प्रेम गरेको प्रेमीले छोडेर उच्च शिक्षा हासिल गर्न सहर जानु,सहरबाट फर्कदा आफ्नो अपरिचित व्यक्तिसंग विवाह हुनु पनि यस कथाका मुख्य घटना हुन् । यी घटनाहरुले नै म पात्र (नारी) को जीवनमा परिवर्तन ल्याएको छ । प्रेमीले छोडेर सहर पस्दा पिडाजन्य भोगाइ सहन बाध्य भई । त्यसपछि आफ्नो प्रेमीसँग विवाह गर्न पाइन,वाध्यताले अपरिचित व्यक्तिसँग विवाह गर्नु पऱ्यो । त्यही श्रीमानको सामु आफ्नो वा वाल्यकालको पवित्र प्रेमीसँग एक्कासि भेट हुनु,उसले नचिनेको अभिनय गर्नु,आदि यस कथाका मुख्य घटना मानिन्छन् ।

४.४.९ भाषाशैली

आयामगत दृष्टिले २ पृष्ठसम्म फैलिएको यस कथाको प्रस्तुति अति नै सरल र सहज छ । केटीको मनमा भएका कल्पनाहरु प्रश्नार्थक र मनोवादात्मक तरङ्गहरुले कथा रङ्गिएको छ । उक्त कथामा अनुकरणात्मक शब्दको पनि प्रयोग गरिएको छ । त्यस्तै निपातको प्रयोगले भाषा निकै सरल र मिठासपूर्ण बनेको छ । उच्च शिक्षा हासिल गरेकाले उसले प्रयोग गरेका भाषा निकै सभ्य देखिन्छ । यस कथामा प्रयोग गरिएका वाक्य छोटा र अत्यन्त सरल हुँदा कथा पनि मिठासपूर्ण छ ।

४.४.१० शीर्षकमा सार्थकता

उक्त कथामा प्रयोग भएका मुख्य पात्र म पात्र केटी र उसको वाल्यकालको साथी जसलाई उसले पवित्र प्रेम गरेकी थिई उसलाई एउटा विवाह भोजमा भेट हुन्छ । त्यस वखत सामाजिक मान्यता प्राप्त पनि पनि उसको सामु हुन्छ । यसरी पतिको अगाडि भेटेको आफ्नो प्रेमीलाई पनि नचिनेको जस्तो गर्नु केटीको वाध्यता हुन्छ । अर्कासंग विहे भएकी नारीलाई आफ्नो ठान्नु उचित नहुने देखेर उसको प्रेमी पनि उसलाई नचिने झैं गर्छे । लामो समय पश्चात भेट्दा पनि हरेक नारी पहिलो प्रेमीलाई सुखी र खुशी देख्न चाहन्छन् । उसको सुखमय जीवन देखेर खुसी हुन्छन् र आफ्ना सारा दुःख विर्सेर आनन्द प्राप्त गर्छन् । उक्त कथामा पनि बाल्यकालको प्रेमीको हँसिलो अनुहार देखेर उत्पन्न विविध पक्षहरुलाई समेटेर नै कथानक अघि बढेकाले उक्त कथाको शीर्षक निकै सार्थक देखिन्छ ।

## ४.५ घाम नडुब्दै

'घाम नडुब्दै' कथा सुस्मिता नेपालद्वारा रचित "हवाइजहाजसँगै उडेको मन" कथा संग्रहको पाँचौं कथाको रुपमा रहेको छ । शीर्षकमा प्रयोग गरिएको शब्दद्वारा कथाको शुरुवात भएको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.५.१ कथानक

सुस्मिताको 'हवाइजहाजसंग उडेको मन' कथा संग्रहको यो 'घाम नडुब्दै' कथा पाँचौ कथाको रुपमा रहेको देखिन्छ । शीर्षकमा प्रयोग गरिएको शब्दद्वारा कथाको शुरुवात भएको छ । यस कथामा 'ऊ' पात्र दिनभरि काम सिध्दाएर कसैको घरमा प्रवेश गरेको छ । उसको पसिना र मोजाको गन्धले ऊ प्रवेश गरेको घरको वातावरण विथोलेको छ । तर घरले पनि उसलाई पाहुनाको रुपमा आएको हुनाले उसको असहज परिस्थितिलाई स्वीकारेको छ । त्यहाँ उसको घरसंग देशको विग्रदो परिस्थितिको चिन्ता व्यक्त गर्दछ । ऊ देशको एउटा प्रतिभा भएर पनि उसको कदर कसैले नगर्दा ज्यादै निरास बनेको छ । घरलाई नै ऊ आफ्ना कथा र व्यथा सुनाउँछ । समाजमा उसको पिडा बुझ्ने कोही हुदैनन् । आफ्ना आमा बाबु पनि उसको पढेर ठूलो लक्ष्य हासिल गर्ने चाहनाको कदर गर्दैनन् खाली परिबन्धनमा बाँधिएर आफ्नो कर्तव्य पूरा गर्न चाहन्छन् । पढ्ने पढाउने कार्यलाई महत्व दिने ऊ पात्रका परिवारले उसलाई २ वटी केटीसँग पटक पटक विवाह गरिदिँदा पनि उसको जीवन सुखी रहेको देखिँदैन । विवाह गरेको केही वर्ष नवित्दै उनीहरुको सम्बन्धबिच्छेद  भएको देखिन्छ । ज्योतिषीय मान्यतामा विश्वास राख्ने उसको बावु आमाले अझ चार वटी विवाह गर्नुपर्ने बाध्यतालाई टार्न आँकको बोटसँग पनि उसको दुई चोटी विवाह गरिदिएका छन् जुन खेतका गरामा हुर्कंदै गरेको देखिन्छ । यसरी पटक पटकको विवाहले कथाको ऊ पात्रले न आफ्नो  जीवन सुखी बनायो न अरुको जीवनलाई सुखी बनाउनै सक्यो । पढिसके पछि ऊ आफ्ना बुबाको खर्चको सबै ऋण चुक्ता गर्ने अवसरको खोजी गर्ने क्रममा यस कथाको कथानक अघि बढेको छ ।

४.५.२ पात्र

सुस्मिता नेपालद्वारा रचित 'घाम नडुब्दै' भन्ने कथा उनको कथा संग्रहको पाँचौं कथा हो । यस कथा भित्र ऊ पात्र मुख्य भूमिका रहेको देखिन्छ । ऊ पात्र पुरुष पात्र हो । पढेर ठूलो लक्ष्य बोकेर हिडेको यस कथाको पात्र अधुरो इच्छालाई समेट्दै कथानक अघि बढेको देखिन्छ । देशको परिस्थिति,पारिवारिक दवाव,आमा बाबुको इच्छा पूरा गर्ने क्रममा ऊ पात्रले निकै दुःख भोग्नु परेको देखिन्छ । उसको चाहनाको अथवा उसको प्रतिभाको कदर कसैले पनि नगर्दा ऊ निकै विचलित बनेको देखिन्छ । परिवारको चाहना अनुसार आफ्नो इच्छा विपरित पटक पटक विवाह गर्न बाध्य बनाइन्छ । यसरी आफ्नो इच्छा विपरित गरिएको विवाहलाई ऊ स्वीकार्न सक्तैन र उसको पटक पटक डिभोर्स हुन्छ जसले गर्दा पनि उसलाई मानसिक रुपमा झन् बढी पिडा भएको देखिन्छ । ऊ आफ्ना पिडाहरु घर रुपी मानवेत्तर पात्र जो कथामा सहायक पात्रको रुपमा देखिन्छ उसैसँग आफ्ना कथाहरु व्यक्त गरेर आफूमा भएको बोझ कम भएको  महसुस गर्दछ । ऊ पात्र कथाको गतिशिल पात्रको रुपमा देखिन्छ । ऊ अर्काको खुसीको लागि पटक पटक विवाह गर्छ,फेरि सम्बन्धबिच्छेद गर्छ । पटक पटक विवाह नगर्नु पर्थ्यो अथवा विवाह गरेर स्वास्नीलाई माया दिन सक्नु पर्थ्यो त्यो पनि ऊ पात्रबाट पूरा हुन सक्दैन । त्यसैले ऊ कथाको एउटा प्रतिकूल पात्रको रुपमा देखिन्छ ।

कुनै पात्रको भूमिका निर्वाह गर्ने क्रममा प्रतिकात्मक रुपमा रहेको 'घर' मानवेत्तर पात्रको रुपमा प्रयोग भएको छ । 'घर' पात्र यस कथाका सहायक पात्र मानिन्छ । उसैका

सहयोगमा कथानक अघि बढेको छ । ऊ स्थिर पात्र हो । ऊ पात्रको पीडालाई सुनिदिएर उसलाई सल्लाह र सुझाव दिने काम 'घर' पात्रबाट भएको देखिन्छ । त्यस्तै कथामा प्रयोग भएका उसका बाबु आमा पनि कथाका सहायक पात्र हुन् । आमा बाबु यस कथामा असत् पात्रका रुपमा वा प्रतिकूल पात्रका रुपमा देखिन्छन् । छोराको भन्दा आफ्नो इच्छालाई महत्व दिने उक्त पात्रहरुले गर्दा नै छोराको चाहना बिरुध्द खेलवाड गरेको देखिन्छ ।

त्यस्तै कथामा प्रयोग भएका विवाह गरेका केटीहरु ऋथवा 'ऊ' पात्रका श्रीमतीहरु,ज्योतिषि,आँकको बोट पनि कथामा प्रयोग भएका गौण पात्र हुन् । उनीहरुको सहयोगले कथानक अघि बढाउन मद्दत गरेको देखिन्छ ।

४.५.३ संवाद

यस कथामा धेरै संवादहरुको प्रयोग भएको छ । यस कथाका मुख्य पात्र 'ऊ' पात्र र मानवेत्तर पात्र 'घर'का वीचमा धेरै संवादहरु भएको छ । यही संवादहरुको प्रयोगबाट कथाको कथानक अघि बढेको छ । कथामा प्रयोग भएका संवादहरु छोटा छोटा छन् । प्रश्नार्थक वाक्यको प्रयोग कथामा निकै देखिन्छ । 'ऊ' पात्रले घररुपी सहायक पात्रसँग आफ्ना पीडा व्यक्त गर्ने क्रममा धेरै संवादहरु प्रयोग गरिएका छन् । यही संवादलाई 'ऊ' पात्रले आफ्नो पीडा पोख्ने माध्यम बनाएको छ ।

४.५.४ परिवेश

यस कथामा 'ऊ' पात्रले प्रवेश गरेको एउटा घर भित्रको परिवेशबाट कथानक अघि बढेको छ । घाम अस्ताउँदै  गरेको समयमा 'ऊ' पात्र एउटा घरभित्र प्रवेश गर्छ । 'ऊ' पात्रको चाहना पढ्ने र ठूलो सक्षम व्यक्ति बन्ने सोच देखिएकाले पठन पाठन गर्ने ठाउँको वातावरण पनि यस कथा भित्र समेटिएको पाइन्छ । ज्योतिषीको मान्यतामा आधारित भएर अन्धविश्वासलाई अँगालेर २ वटी केटीसँग र २ वटा आँकको बोटसँग विवाह गर्ने क्रममा विवाहका रमाइलो परिवेश पनि कथामा गौण रुपमा देखिन्छ । खेती गर्ने गरेको खेत जहाँ आँकका विरुवा 'ऊ' पात्रको पत्नीको रुपमा हुर्कदै गरेको दृश्य पनि कथामा देखिन्छ । यति मात्र नभएर 'ऊ' पात्रको घरको र देशको विग्रदो परिस्थिति पनि कथाभित्र देखिन्छ ।

४.५.५ उद्देश्य

प्रस्तुत कथामा पुरुष पात्रको रुपमा 'ऊ' पात्रको प्रयोग भएको छ । 'ऊ' पात्र एउटा शिक्षित पात्रको रुपमा प्रस्तुत भएको छ । धेरै शिक्षा हासिल गर्ने लक्ष्य बोकेर अघि बढेको 'ऊ' पात्रका वीचमा आफ्नै घर परिवारले उनीहरुकै स्वार्थका लागि उसको इच्छा विपरित पटक पटक विवाह गरिदिन्छ जसले गर्दा उसको जीवनमा शान्ति मिल्दैन । आफ्नो चाहना विपरित गरिएको विवाह प्रति ऊ आकर्षित हुन नसक्दा उसले डिभोर्स पिडा पनि सहनु पर्छ जसले गर्दा ऊ मानसिक रुपमा पनि निकै दुःखी हुन्छ । यसरी यस कथाको माध्यमद्वारा उमेर पुगेको सन्तानको विवाह उनीहरु कै खुसी र चाहना वमोजिम मात्र गरिदिने,पढ्ने लक्ष्य बोकेर हिडेको

सन्तानलाई विवाह गरिदिएर अवरोध सिर्जना गर्नु बाबु आमाको ठूलो भूल हो भन्ने कुरा पनि कथाले देखाएको छ । बाध्यताले गरिएको विवाहले जीवनमा सुख होइन दुःख निम्त्याउँछ,जसले गर्दा दुवैको जीवन बर्बाद बन्दछ । आधुनिक समाजमा आएर अन्ध परम्परालाई अगाल्नु भूल हो ,पारिवारिक अशान्तिले मानिसलाई विचलित बनाउँछ,पढ्ने र राम्रो काम गर्ने प्रतिभाको देशले पनि कदर गर्न जानेको छैन आदि कुरा समाजसामु प्रस्तुत गर्नु अथवा देशको विग्रदो परिस्थिति र पारिवारिक तनावले ल्याएको परिस्थितिको यथार्थ चित्रण गर्नु नै उक्त कथाको उद्देश्य देखिन्छ ।

४.५.६ दृष्टिविन्दु

आयामगत दृष्टिमा यो कथा २ पृष्टमा संरचित छ । यस कथामा 'ऊ' पात्रको मुख्य भूमिका रहेको देखिन्छ । 'ऊ' पात्रको जीवनमा आएको उतापचडापले कथाको कथानक अघि बढेको देखिन्छ । कथाको पृष्ठपोषण गर्ने काममा पनि आमा,बाबु,श्रीमतीहरु तथा मानवेत्तर पात्रका रुपमा रहेको घर पनि तृतीय पुरुष पात्रको रुपमा प्रयोग भएको देखिन्छन् । यिनै पात्रको प्रत्यक्ष वा अप्रत्यक्ष भूमिका रहेकाले बाह्य (सर्वदर्शी) दृष्टिबिन्दुको प्रयोग भएको देखिन्छ ।

४.५.७ द्वन्द्व

प्रस्तुत कथामा पढ्ने इच्छालाई बोकेर जीवनमा अघि बढ्दै गरेको 'उ' पात्रलाई बाबु आमाले उसको इच्छा विपरित विवाह गरि दिएका छन् जसले गर्दा उसमा मानसिक विचलन पैदा भएको छ । यसले गर्दा मानसिक द्वन्द्व पैदा भएको छ । त्यस्तै विवाह गरेका पत्नीहरुलाई माया गर्न नसक्नु,डिभोर्स हुनु जसले गर्दा दुवै पक्षलाई पिडा भएको देखिन्छ । दुई पत्नीहरुसँग विवाह हुनु,डिभोर्स हुनुले बाह्य द्वन्द्व उत्पन्न गराएको छ भने पारिवारिक पिडाले 'ऊ' पात्रमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ ।

४.५.८ घटना

यस कथामा चर्चा गरिएको 'ऊ' पात्रको मुख्य भूमिका रहेको छ । 'ऊ' पात्र साँझपख एउटा घरभित्र पस्नु,घरपात्रसँग आफ्नो पीडा व्यक्त गर्नु,आमा बाबुको करकापले २ चोटी विभिन्न केटीसँग विवाह गर्नु,विवाहित पत्नीहरुलाई माया दिन नसक्नाले उनीहरुसँग डिभोर्स हुनु,पारिवारिक बोझले आफ्नो समयमा प्राप्त गर्न नसक्नु आदि घटनामा आधारित भएर कथानक अघि बढेको छ । अन्तमा ज्योतिषको भनाइ अनुसार अरु २ वटी विवाह गर्नु पर्ने हुँदा आँकको बोटसंग विवाह गरी खेतमा रोपिदिए पछि 'ऊ' पात्र ढुक्क भएको छ । यस्ता विविध घटनाहरुले कथा रङ्गिएको छ ।

४.५.९ भाषाशैली

आयामगत दृष्टिले २ पृष्टसम्म फैलिएको यस कथाको प्रस्तुति पनि  अति नै सरल र सरस रुपमा भएको छ । शिक्षित व्यक्ति पनि पारिवारिक समस्या स्वीकार्न वाध्य हुँदा 'ऊ' कति विचलित हुन्छ भन्ने कुरा 'ऊ' पात्रको माध्यमबाट देखाउने क्रममा घर पात्रसँग व्यक्त भएको छ । छोटा छोटा पद र पदावलीको प्रयोग गरिएको छ । घर पात्रसँग 'ऊ' पात्रले गरेको संवाद अत्यन्त सरल छ । कथाको सुरुदेखि अन्त्यसम्म घरसँग प्रयोग गरिएको भाषा अत्यन्त सरल देखिन्छ । धेरै प्रश्नार्थक वाक्यहरुको प्रयोग गरिएको छ । निपातहरुको प्रयोग भाषा निकै रोचक र मिठासपूर्ण बनेको छ । 'कचकच', 'मुसुक्क', जस्ता अनुकरणात्मक शव्दको प्रयोग भाषाशैलीलाई  अझ रोचकता प्रदान गरेको देखिन्छ ।

४.५.१० शीर्षकमा सार्थकता

शीर्षकमा प्रयोग गरिएको 'घाम नडुव्दै' शब्दको माध्यमबाट कथाको सुरुवात भएको देखिन्छ । 'घाम नडुब्दै' भन्ने शब्दबाट सुरु भएता पनि उक्त कथाको ऊ पात्रले भोगेका जीवनका उतापचडापहरुसँग खासै मेल खाएको देखिदैन । 'ऊ' पात्रको धेरै पढ्ने इच्छा हुनु,बाबु आमाको कुरा टार्न नसकेर पटक पटक विवाह गर्नु,विवाहित पत्नीको इच्छा पूरा गर्न नसक्दा उनीहरुसँग डिभोर्स हुनु,अन्तमा ४ पटक विवाह गर्नुपर्ने ज्योतिषीय मान्यतालाई  टार्न आँकको बोटसँग विवाह भएर कथा टुङ्गिनु आदि घटनाहरु शीर्षकसँग खासै मेल खाएको देखिदैन । त्यसैले कथामा भएका अवस्थाहरुलाई  केलाउँदा शीर्षकमा सार्थकता त्यति भएको पाइँदैन ।

**४.६ समस्या**

"समस्या" कथा सुस्मिता नेपालद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको छैटौं कथा हो । शिक्षकले विद्यार्थीको मनोभावनालाई बुझेर पढाएमा विद्यार्थीको जीवनमा खुसी आउने कुरा देखाउने उक्त कथालाई कथातत्वका आधारमा  विवेचना गरिन्छ ।

४.६.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा 'हवाइजहाजसँग उडेको मन' कथा संग्रहको छैटौं कथा हो । यस कथामा एउटी केटी जो क्याम्पसमा अध्ययन गर्दै छे । उसको जीवन कथालाई समेटेर उक्त कथाको कथानक अघि बढेको छ । एउटा शिक्षक कक्षामा  पढ्ने विद्यार्थी उपस्थित नहुँदा उसको अनुपस्थितिको कारण थाहा पाउन तडपिरहन्छ । विद्यार्थीहरुको दुःख र पिडा कम गर्न अनेकौं सल्लाह र सुझाव प्रदान गरी विद्यार्थीलाई साहस भर्ने काम गर्दछ । यसै क्रममा कक्षाकी पढ्ने विद्यार्थीको अनुपस्थितिले ऊ निकै निराश देखिन्छ । एकदिनको समय पनि एक वर्ष जस्तो लाग्छ । शिक्षकले विद्यार्थीको मनोविज्ञान बुझ्नु पर्दछ ,उसका समस्याको निराकरण गर्न शिक्षक सधै तयार देखिनु नै उसको धर्म देखिन्छ । त्यस्तै लक्ष्मीको पिडा बुझेर उनलाई समस्या समाधानको उपाय वताएका छन् । लक्ष्मीलाई घरमा विवाहको लागि दवाव दिन्छन् र पढाइमा अवरोध पुऱ्याउन खोज्छन् जुन लक्ष्मीको इच्छा विपरित थियो । लक्ष्मीको इच्छा विपरित

गर्न लागेको विवाह रोक्न र पढाइलाई निरन्तरता दिने उपाय उनका  शिक्षकले बताउँछन् । उनी आफ्नो जेठो दाइलाई आफ्नो समस्या बताउँछिन् । बहिनीको  पढ्ने इच्छा देखेर दाइले पनि उनलाई पढ्न सहयोग गर्ने र विवाह पनि रोक्ने वाचा गरेपछि लक्ष्मीको जीवनमा फेरि खुसी छाएको छ । यसै पृष्ट भूमिमा उक्त कथाको कथानक अघि बढेको देखिन्छ ।

४.६.२ पात्र

सुस्मिताद्वारा रचित यस 'समस्या' कथाको महिला पात्र कलेज पढ्ने लक्ष्मी नाम गरेकी व्यक्तिसँग सम्बन्धित छ । लक्ष्मी यस कथाकी मुख्य नारी पात्रको रुपमा देखिन्छिन् । उनी निकै जेहेन्दार मिहेनती छात्रा हुन् । अनुशासित र मेधावि स्वभावका कारण उनी कलेजमा पढाउने शिक्षकहरुले उनको प्रशंसा गर्छन् । एकदिन उनको अनुपस्थितिले सबैलाई चिन्तित बनाउँथ्यो । लक्ष्मी यस कथाकी सत् पात्र हुन् । समाजमा आफ्नो लक्ष्य प्राप्त गर्न दृढ रहनु पर्छ भन्ने नारी समाजको प्रतिनिधित्व गरेकी छन् । उनी पढेर ठूलो मान्छे भएको देखाइएको छ । त्यसैले यस कथामा उनको चरित्र गतिशील देखिन्छ । शिक्षाको धेरै महत्व रहेको छ  । शिक्षा नै सबैको जीवनको बाच्ने आधार हो त्यसैले विवाह भन्दा शिक्षा नै छोरीको लागि महत्वपूर्ण हो भन्ने कुरा देखाउन उनको चरित्र अत्यन्त सफल देखाएकाले उनी यस कथाकी अनुकूल पात्रको रुपमा देखिन्छन् ।

त्यस्तै यस कथाको मुख्य भूमिका निर्वाह गर्ने  अर्को पुरुष पात्रको रुपमा कलेजका शिक्षक रहेको देखिन्छ । शिक्षक त्यस्तो व्यक्ति हो जो रात दिन जाडो र गर्मि केहीको पर्वाह नगरी लक्ष्मी जस्ता लाखौं विद्यार्थीहरुको भविष्य निर्माण गर्न रातदिन तड्पिरहन्छ । विद्यार्थीका भित्री आँखा खोल्न सक्ने जादु नै हुन्छ  उसमा । त्यसैले ऊ पनि यस कथाको सत् पात्रकै रुपमा देखिन्छ । विद्यार्थीको खुसी र सफलताको लागि आफ्नो जीवन समर्पित गर्ने शिक्षक पनि यस कथाको अनुकूल पात्र हो । आफ्नो पेशामा कटिवद्ध भएर लाग्ने शिक्षक यस कथाको स्थिर चरित्र हो । उसले सुरुदेखि अन्तसम्म विद्यार्थीलाई सुधार्न र असल मार्गमा लाग्न अभिप्रेरित गरेको छ । विद्यार्थीहरुलाई परेका समस्या समाधान गर्न सँधै मार्ग दर्शक बनेको देखिन्छ । त्यस्तै कथामा प्रयोग भएका अन्य पात्रहरुमा लक्ष्मीको जेठो दाइ सहायक पात्रको रुपमा देखिन्छ । घर परिवारले चाँडै विवाह गरिदिन लागेकी बहिनी लक्ष्मीको इच्छा विपरित भएकाले उसले त्यसको विरोध गरेको छ । त्यसैले ऊ पनि यस कथाको अनुकूल पात्रको रुपमा देखिन्छ । उसले आमाबुबाको इच्छाको विरोध गर्दै बहिनीको पढ्ने इच्छाको कदर गरेर बहिनीको हुन लागेको विवाह रोकेको छ । यस कथामा भएका अन्य पात्रहरुमा लक्ष्मीका आमाबाबु पनि देखिन्छन् । उनीहरु यस कथामा प्रतिकूल पात्र वा असत् पात्रको रुपमा देखिन्छन् । नारी शिक्षाको महत्व बुझ्न नसक्नु,छोरीको इच्छा विपरित सानै उमेरमा विवाह गरिदिन खोज्नु उनीहरुको कमजोरी थियो । उनीहरु यस कथाका गतिशील पात्रहरु हुन् । उनीहरुको यस कथाका सहायक पात्र हुन् । कथावस्तुलाई अघि बढाउने कममा उनीहरुले सहयोग पुऱ्याएका हुन् । त्यस्तै लक्ष्मीको अन्य दाइ भाउजू र क्याम्पसका अन्य विद्यार्थीहरु यस कथाका गौण पात्र हुन् । कथामा उनीहरु देखिएता पनि खासै भूमिका कथामा देखिंदैन ।

४.६.३ उद्देश्य

लक्ष्मी जस्ता मेधावि विद्यार्थीहरु शिक्षकका आँखाका नानी बन्छन् । विद्यार्थीको चाहना र पिडा बुझेर सही सल्लाह दिने शिक्षक नै असल शिक्षक मानिन्छन् । छोरीले पढेर के काम भन्ने सोच भएका लक्ष्मीका आमाबाबुका अगाडि नारी शिक्षा अनिवार्य र महत्वपूर्ण भएको र धन सम्पत्ति भन्दा पनि आवश्यक भएको कुरा पनि उक्त कथाले देखाएको छ । किनकि एउटी नारी शिक्षित भए उनका सारा सन्तान शिक्षित हुन्छन् । आमा हरेक सन्तानका पहिलो गुरु मानिने हुनाले शिक्षित आमाबाट मात्र अनुशासित र सक्षम सन्तान बन्छन् । नारी शिक्षित भएमा पुरुषलाई पनि सहयोग मिल्ने पारिवारिक यात्रा अघि बढ्न सहज बन्ने कुरामा उक्त कथाले जोड दिएको छ । समस्या गुम्स्याएर राख्ने भन्दा पनि अरुलाई व्यक्त गर्दा नै त्यसको समाधान छिटो हुने गर्दछ । समाजमा विविध समस्या बोकेर आफ्नो गन्तव्यमा अघि बढ्न चाहने विद्यार्थीहरुलाई सही बाटो देखाउने र उचित शिक्षा दीक्षा प्रदान गर्ने माध्यम शिक्षण पेशा अत्यन्तै महान भएको कुरा देखाउनु नै यस कथाको मुख्य उद्देश्य देखिन्छ ।

४.६.४ परिवेश

काठमाण्डौ सहरिया वातावरण जाडो मौसम,अँध्यारो वेला मान्छेहरु भिडभाड भएको ठाउँ जहाँ शिक्षक र विद्यार्थीहरु लगायत थुप्रै मान्छेहरुको आवतजावत भएको परिवेशमा कथानक अघि बढेको छ । यहाँ लक्ष्मी अध्ययन गर्ने कलेजका कक्षा कोठाको दृश्य पनि चित्रण गरिएको छ । लक्ष्मीलाई शिक्षकले केही कुराकानीको क्रममा कक्षाभन्दा बाहिरको वातावरण पनि कथामा पाइन्छ । त्यस्तै शिक्षकको घरको एकान्तमय वातावरणले यहाँ स्थान पाएको छ ।

४.६.५ संवाद

यस कथामा शिक्षक जो एउटा विद्वान् व्यक्ति हो र लक्ष्मी जो कलेजमा अध्ययन गरिरहेकी छात्रा हुन् । यी दुवै पात्र शिक्षित भएकाले उनीहरुकै बीचको संवादले कथावस्तु अघि बढाउन मद्दत गरेको देखिन्छ । यस कथाका पात्रले प्रयोग गर्ने संवाद स्तरीय देखिन्छ । संवादकै क्रममा छोटा छोटा संवादको प्रयोग देखिन्छ । प्रश्नार्थक वाक्यहरु प्रयोग गरेर नै गरिएको संवादद्वारा कथानक अघि बढ्दै गएको छ । शिक्षकका प्रश्नहरु जवाफ दिने क्रममा लक्ष्मीले आफ्ना पीडाहरु व्यक्त गर्दा अकमकाउँदै संवाद गरिएको पाइन्छ । समस्याग्रस्त समयमा व्यक्तिएका संवादहरु कारुणिक हुन् भने पीडामुक्त समयका संवादमा खुसी छचल्किएको देखिन्छ । यसरी कथाको सुरुदेखि अन्तसम्म संवादको प्रयोग गरिएको पाइन्छ ।

४.६.६ द्वन्द्व

यस कथामा मनोवैज्ञानिक रुपमा द्वन्द्व देखिन्छ । शिक्षकको मनमा उत्पन्न प्रश्नहरुले पनि द्वन्द्व पैदा गराएको छ । उक्त द्वन्द्वले शिक्षकलाई मानसिक अशान्ति पैदा गराएको छ ।

लक्ष्मीका बुबा आमाले लक्ष्मीको विवाह उनको इच्छा विपरित गर्न खोज्दा लक्ष्मीको मनमा द्वन्द्व पैदा भएको छ । पढाइ पूरा नगरी विवाह नगर्ने भनी विरोध गर्दा पनि लक्ष्मीको मनमा आन्तरिक द्वन्द्व पैदा भएको छ । जेठो दाइले लक्ष्मीको इच्छाको कदर गर्दा र आमाबाबुको चाहनाको विरोध गर्दा बाबुआमाको र दाइको वीचमा द्वन्द्व पैदा भएको छ । यसरी कथामा बाह्य र आन्तरिक रुपमा द्वन्द्वको प्रयोग भएको पाइन्छ ।

४.६.७ घटना

यस कथामा प्रयोग गरिएकी मुख्य पात्र लक्ष्मी पढ्ने कलेजमा अनुपस्थित हुनु,कक्षामा निराश भएर बस्नु,शिक्षकसँग सबै कुराको समाधान वताउनु,बाबु आमाको इच्छा विपरित जेठो दाइको सहयोगमा विवाह प्रस्ताव स्वीकार नगर्नु आदि यस कथाको कथानक अघि बढाउने मुख्य घटनाहरु हुन् ।

४.६.८ दृष्टिविन्दु

आयामगत रुपमा यो कथा २ पृष्ठमा संरचना गरिएको छ । यस कथामा 'म' प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । लक्ष्मी, दाइ, आमाबाबु आदिलाई बुझाउने क्रममा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ । प्रथम पुरुष र तृतीय पुरुषको समझदारी कायम गरेर कथानक अघि बढेकाले बाह्य तथा आन्तरिक दुवै दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

४.६.९ भाषा

आयाम र प्रस्तुतिगत आधारमा लघु आकारको उक्त कथा नारी शिक्षाको महत्व देखाउन सफल छ । बाबुआमाले छोरीको चाहना विपरित विवाह गरिदिन खोज्नु,त्यसबाट उत्पन्न तनावले लक्ष्मी जस्ता छोरीहरुमा मानसिक विचलनको संकेत गर्नु र पछि शिक्षकको सहायताले आफ्नो पढाइ अघि बढाउने मौका प्राप्त गर्दा खुशी हुनु आदि जस्ता कुराहरु निकै सहज रुपमा व्यक्तिएको हुँदा कथा निकै रोचक छ । सहज शव्दको प्रयोगले कथा स्पष्ट भएको पाइन्छ । विशेष गरी लेख्य चिन्ह तथा निपातको बढी नै प्रयोगले पनि कथाको भाषा अत्यन्त मीठो भएको छ ।

४.६.१० शीर्षकमा सार्थकता

यस कथामा प्रयोग गरिएकी मुख्य पात्रको जीवनमा आएका समस्यालाई समेटेर लेखिएको उक्त कथाको शीर्षक 'समस्या' रहेको देखिन्छ । रुढिग्रस्त समाजका विचार र मान्यतालाई प्रश्रय दिने लक्ष्मीका बाबुआमाकै कारण समस्या उब्जिएको छ । उनको पठन पाठन मन,इच्छा अधुरो रहने समस्या देखिएको छ । विवाह प्रस्तावले लक्ष्मीको पढाइमा समस्या देखिएको छ । विवाह गरेर अर्काको घरमा गएका छोरीलाई घर पनि पढ्ने समस्या हुने गर्दछ । यसरी लक्ष्मीको जीवनमा देखिएका विविध समस्या तथा शिक्षकका जीवनमा देखिने विविध

समस्यालाई समेटेर उक्त कथाको कथानक अघि बढेकाले वा उक्त कथाको कथानक यिनै समस्यामा आधारित भएकाले पनि यस कथाको शीर्षक समस्या निकै सार्थक छ ।

## ४.७ समुन्द्रका छालहरुसँगै

"समुन्द्रका छालहरुसँगै" कथा सुस्मिताद्वारा रचित उक्त कथा "हवाइजहाजसँगै उडेको मन" कथा संङग्रहको सातौं कथा हो । निसाहारा सडक बालिकाको जीवनको कारुणिक जीवनगाथालाई बोकेर तयार पारिएको उक्त कथालाई निम्न बुँदाहरुका आधारमा विवेचना गरिन्छ ।

### ४.७.१ कथावस्तु

सुस्मिता नेपालद्वारा रचित उक्त कथा 'हवाइजहाजसँग उडेको मन' कथा सँग्रहको सातौं कथा हो । यस कथा भित्र प्रमुख पात्रको रुपमा रहेकी सन्ध्याको जीवनका दुःख र वेदनाहरु समेटिएर कथानक अघि बढाएको छ । कसैको आश्रय पाएर ठूली भएकी सन्ध्या आफ्ना वास्तविक आमाबाबुको पहिचानको लागि तड्पिन्छे । ऊ सडकबाट उठाएकी एक बालिका हो । सडकबाट ऊ बालमन्दिरमा पुगी र बालमन्दिरबाट उसलाई ऊ बसेको घरमा कानूनी मान्यता अनुसार ल्याइएकी थिई । हाल ऊ बसेको घरमा कानूनी मान्यता अनुसार ल्याइएकी थिई । हाल ऊ बसेको घर परिवार अत्यन्त मायालु र रमाइलो छ । तर पनि उसलाई बेला बेला वास्तविक आमाबाबुको पहिचनान गर्न नसक्दा रुवाउँछ । सन्ध्या अरु दाइ दिदी भन्दा केही गहुँगोरी थिई । आमाले सबै सन्तानको बाल्यकालिन स्वभाव भन्दै गइन् तर सन्ध्या काली हुनु ,उसको स्वभाव नभन्नुमा कुनै रहस्य भएको कुरा सन्ध्याले बुझी । तर आमाबाट ऊ फोहोरको कन्टेनर नजिकैबाट ल्याइएकी छोरी थिई । उसले १२ वर्ष पछि मात्र उक्त कुरा बुझेकी थिई । कथाको अन्ततिर पुग्दा ऊ २२ वर्षकी भएकी छे । उसको केटा साथीसँग जीवन वितेको छ । ऊ कर्म घरबाट केही टाढिएर बसेकी छे । आमाबाबुको आदेश अनुसार १८ वर्षको उमेरमा ऊ काठमाण्डौ आएकी थिई । नेपालमा आएर बुबाआमाका उमेर देखिने ब्यक्तिलाई आमाबाबु तिनै हुन् की जस्तो लाग्थ्यो । उसले विभिन्न व्यक्ति,पुलिससँग आफ्नो जन्मदाताको खोजी गरी । तर विभिन्न मान्छेहरुले विभिन्न कुरा बताए पनि उनीहरु पत्तो लागेनन् । हाल ऊ जर्मनमा बसेता पनि बाबुआमा पाइए अरु आफन्तहरु हुन्थे भन्ने सबैको माया मिल्थ्यो भन्ने चाहनाहरु संगालेर उक्त कथाको कथावस्तु अघि बढेको छ ।

### ४.७.२ पात्र

सन्ध्या यस कथाको मुख्य नारी पात्र हो । उसकै जीवनको सेरोफेरोमा उक्त कथाको संरचना तयार गरिएको छ । सन्ध्या सडकबाट ल्याएकी एउटी अनाथ बालिका हो । उसका बाबुआमा को हुन् भन्ने कुरा उसलाई केही थाहा छैन । एउटा दयावान् दम्पत्तिले उसलाई जीवनमा जीवन दिएका छन् । ऊ गहुँगोरी छे । उसले ऊ बसेको घरमा सबैको माया पाएकी छे । अन्य परिवारका सदस्यले जस्तै उसले पनि त्यस घरमा सम्पूर्ण अधिकार पाएकी छे । आफ्नो अनुहारको रंग परिवारका अन्य सदस्यहरुसँग मेल नखाँदा उसलाई आफ्नो परिवारको

परिचय पाउने चिन्ताले पिरोलेको छ । ऊ ठूली भएर आफ्ना बाबुआमाको खोजीमा नेपालका विभिन्न ठाउँमा खोज्छे तर कतैबाट पनि उसले पत्तो पाउन सकिन । विदेशी भूमि (जर्मनी) मा बसोबास गरे पनि उसलाई आफ्नो बाबुआमाको कुनै पत्तो नलाग्दा उसको जीवनमा पिडाहरु सामुन्द्रिक छाल जस्तो भएर उर्लिरहेका छन् । सन्ध्या यस कथाको गतिशील पात्र हो । उसको जीवन सडकबाट सुरु भएता पनि विदेशी भूमिमा गएर आफ्नो कर्म गर्ने मौका पाएकी छे । लेखपढ गरेर ठूलो मान्छे बनेकी छे । ऊ यस कथाकी बध्द पात्र हो । ऊ यस कथाको अनुकूल पात्रको रुपमा देखिन्छे ।

त्यस्तै कथामा प्रयोग भएका विभिन्न चरित्रहरुमध्ये स्टिभ र उसकी पत्नी (कथामा आमाको भूमिका निर्वाह गर्ने पात्र) पनि यस कथाका अनुकूल चरित्रका पात्रहरु हुन् । उनीहरुले यस कथामा सहायक पात्रको भूमिका निभाएका छन् । निर्दयी आमाले सडकमा फालेकी बालिकालाई पुनर्जीवन दिएका  छन् । उनीहरु उक्त केटीलाई बाबु आमाको कमी हुन नदिइ सम्पूर्ण  अधिकार र माया दिएका छन् । त्यसैले यी पात्र यस कथामा सत् पात्रको रुपमा देखिन्छन् । त्यस्तै सन्ध्यालाई माया गर्ने पात्रहरुमा डेविड, लिना, फ्रेड (दाइ,दिदी,भाइ) हरुको पनि गौण भूमिका देखिन्छ । सडकबाट ल्याइएकी पात्र सन्ध्यालाई उनीहरुले आफ्नै परिवार ठानेका छन् । त्यसैले उनीहरुको चरित्र यस कथामा स्थिर देखिन्छ । अनुकूल पात्रका रुपमा उनीहरुलाई लिन सकिन्छ । त्यस्तै  गरी सन्ध्यालाई काठमाण्डौमा उसको बुबा आमा खोज्न सहयोग गर्ने सहयोगी पात्रका रुपमा रामबहादुर (पुलिस) को पनि यस कथामा गौण भूमिका रहेको देखिन्छ ।

४.७.३ परिवेश

सानो दुईतले घरको परिदृश्य,घर अगाडिको चउर,खुला आकाश,स्वच्छ वातावरण देखिन्छ । त्यस घरकी आमा खाना पकाउने क्रममा  भान्सा भित्रको परिवेश पनि देखिन्छ । उनहिरु बसेको  जर्मनीको धेरथोर वातावरण पाइन्छ । त्यस्तै स्टिभ र उसकी पत्नी नेपाल आउँदा  नेपालका विभिन्न हावापानी,हिमालहरु गाउँका  परिवेश पनि कथामा देखिन्छ । नेपालमा आउँदा सन्ध्यालाई सडकबाट उठाउने क्रममा सडकको वातावरण पनि पाइन्छ । त्यस्तै गरेर वाल मन्दिरमा लगेर छाडेपछि त्यहाँबाट विभिन्न प्रक्रिया पुऱ्याएर सन्ध्यालाई ल्याउने क्रममा बालमन्दिर भित्रको वातावरण पनि कथाभित्र भित्रिएको छ । पुलिस अफिसको वातावरण,स्टिभ र उसकी पत्नी नेपालमा बस्दाको होटलको वातावरण, सन्ध्या पढेको विद्यालयको वातावरण,नेपालको एयरपोर्ट,ठमेलको होटल,आदि विभिन्न परिवेशमा उक्त कथाको कथानक अघि बढेको छ ।

४.७.४ दृष्टिविन्दु

आयामगत रुपमा २ पृष्ठमा लेखिएको उक्त कथा 'म' पात्र सन्ध्याका पूर्व स्मृतिहरु भएकाले आन्तरिक केन्द्रीय दृष्टिविन्दु यसमा पाइन्छ । उनकै माध्यमबाट सन्ध्याको जीवनका उतारचडाप उक्त कथामा व्यक्तिएको छ । यस कथामा प्रयोग गरिएका अन्य पात्रहरु आमा,

बुबा, दाइ, दिदी, भाइ, पुलिस (रामबहादुर) आदि तृतीय पुरुष पात्र रहेका र तिनको प्रत्यक्ष भूमिका रहेकाले बाह्य (सर्वदर्शी) दृष्टिविन्दुको पनि प्रयोग गरिएको पाइन्छ ।

### ४.७.५ द्वन्द्व

विशेष गरी प्रस्तुत कथा मनोवैज्ञानिक धारमा संरचित हुनाले बाह्य भन्दा पनि आन्तरिक द्वन्द्वको बाहुल्य छ । म पात्र सन्ध्याभित्र रहेका मनोभाव एकपछि अर्को गर्दै व्यक्तिएका छन् । सन्ध्याका दाइ, दिदी, भाइको सानो बेलाको नक्कल गरेर आमाले देखाउनु भयो तर सन्ध्याले गर्दा आमा अनकनाएको देखेर उसलाई पिडा भएको छ यही पिडाले उसलाई आन्तरिक द्वन्द्व उत्पन्न गराएको देखिन्छ । स्टिभ र उसकी पत्नीले कन्टेनरमा भेटिएकी बालिकलाई बालमन्दिरमा छाड्दा पनि उनीहरुमा आन्तरिक द्वन्द्व पैदा भएको छ । बालमन्दिरबाट बालिकालाई ल्याउने क्रममा बालमन्दिरको बाङ्गाटिङ्गा नियमहरु मिलाउने क्रममा बाह्य द्वन्द्वको प्रयोग गरिएको छ । यसरी कथाकारले आन्तरिक र बाह्य द्वन्द्वको प्रयोग गरेर कथा रोचक बनाएकी छन् ।

### ४.७.६ घटना

यस कथामा प्रयोग गरिएकी सन्ध्याका जीवनमा घटेका विविध घटनालाई समेटेर कथाको कथावस्तु अघि बढेको छ । सन्ध्याकी आमाले कन्टेनरमा लगेर फाल्नु, कामको सिलसिलामा नेपाल आउँदा स्टिभा र उसकी पत्नीले उसलाई भेट्नु, पुलिसको जिम्मा लगाउनु, बालमन्दिरमा राख्नु, बालमन्दिरमा विभिन्न नियम पूरा गरी आफैले लिएर जानु आदि यस कथामा प्रयोग गरिएका मुख्य घटनाहरु हुन् । ठूली भएपछि आमाले अरु सन्तानको बाल्यकालको नक्कल गरेर देखाउनु तर आफ्नो नगर्नु, नेपाल आएर पुलिसको सहयोगमा जन्म दिने बाबुआमाको खोजी गर्नु आदि यस कथाका मुख्य घटनाहरु हुन् ।

### ४.७.७ संवाद

यस कथामा प्रयोग भएका विभिन्न पात्रहरु विदेशी भूमिमा हुर्केका हुँदा राष्ट्रिय र अन्तर्राष्ट्रिय भाषाको प्रयोग गरी संवाद गरिएको छ । यस कथामा छोटा छोटा संवादको प्रयोग गरिएको छ । यस कथामा प्रश्नार्थक वाक्यको प्रयोग गरिएको छ । सरल संवाद कथा उत्कृष्ट बनेको छ । यस कथामा एकल र बहुल संवादको पनि प्रयोग गरिएको पाइन्छ । कथामा प्रयोग गरिएको संवादका कारण सन्ध्या र उसको परिवार वीच बढी आत्मीयता प्रकट भएको देखिन्छ । सन्ध्याले आफ्ना बाबु आमा खोज्ने क्रममा प्रयोग एकल संवादको प्रयोग गरिएको छ भने दाइ, दिदी, भाइ तथा आमा बुबाको साथ बस्दा वहुल संवादको प्रयोग गरेको पाइन्छ ।

४.७.८ उद्देश्य

यस कथामा सन्ध्यालाई जन्म दिने आमा,आमाको नाममा कलङ्क हुन् । सन्तान जन्माएर कन्टेनरमा छाड्ने आमा पापी हुन्छन् । जन्म दिएर मात्र आमा बुबा बन्न सकिँदैन । जन्म दिने आमा बुबा भन्दा आश्रय दिने वा कर्म दिने बुबा आमा महान मानिन्छन् । जसले पुनर्जीवन दिएका छन् ती व्यक्ति नै वास्तविक बाबुआमाका अवतार हुन् । अरुको लाख बाबुआमाको काख भन्ने उखान यहाँ पनि लागू भएको देखिन्छ । जति माया ममता कर्म दिने बाबुआमाले दिएता पनि जन्म दिने वास्तविक आमाबाबु,आफन्तहरु खोजीले मान्छे पिरोल्छ । बाह्य रुपमा भौतिक सुख प्राप्त भए पनि आत्मिक सन्तुष्टि मिल्दैन । आत्मिक सन्तुष्टिका लागि पनि मान्छे आफ्नो परिवारको खोजी गर्छ । समाजमा स्टिभ र उसकी पत्नी जस्तै आदर्श काम गर्नुपर्छ आदि कुरा देखाउनु यस कथाको मुख्य उद्देश्य देखिन्छ ।

४.७.९ भाषाशैली

प्रस्तुत कथामा भाषा अत्यन्त सरल रुपमा प्रयोग गरेको देखिन्छ । यस कथामा विदेशी भूमि (जर्मनी)को परिवेश पनि भित्रिएको हुँदा अग्रेजी भाषाको पनि प्रयोग गरिएको छ । पारिवारिक माया ममता व्यक्त गर्ने क्रममा स्वभाविक रुपमा प्रकट गर्ने शव्दहरुले कथाको भाषा स्वभाविक र यथार्थिक बन्न पुगेको छ । आयामगत रुपमा लघु आकारको उक्त कथामा नारीको पिडाजन्य  परिस्थितिको वर्णन गरेको गरिएको छ । कन्टेनरबाट उठाइएकी कसैको आश्रयमा हुर्केकी सन्ध्याको मनस्थितिको चित्रण गरिएको मनोवादात्मक शैलीमा प्रयोग गरिएको छ । छोटा छोटा संवादको प्रयोगले कथा स्पष्ट भएको पाइन्छ । लेख्य चिन्ह तथा निपातको प्रयोगले पनि कथाको भाषा अत्यन्त मीठो भएको छ ।

४.७.१० शीर्षकमा सार्थकता

यस कथामा प्रयोग गरिएकी मुख्य पात्र सन्ध्याको जीवनमा आएका विविध पक्षहरुलाई उक्त कथाले समेटेको छ । आफ्नो स्वार्थपूरा गर्न कसैसँग अनैतिक सम्बन्ध राखी सन्तान जन्माएर कन्टेनरमा फाल्ने आमाद्वारा जन्मिएकी सन्ध्याको जीवन साह्रै पीडा भएको देखिन्छ । समुन्द्रका छालहरु उर्लिए जस्तै उसको जीवनमा पनि समयको वेगसंग दुःख र पीडाका छालहरु उर्लिएका छन् । आश्रय पाउनु, पारिवारिक माया पाउनु, बाबुआमा दिदी दाइको माया सम्पूर्ण अधिकार पाएर पनि उसको जीवन सुखी देखिदैन । जब १२ वर्षको उमेर पछि आफू कन्टेनरबाट उठाइएकी केटी रहेछ भन्ने कुराको वोध भयो । यसैसँग उसको जीवनमा भौतिक सुख प्राप्त भए पनि आनन्द प्राप्त भएन । आफू कसको सन्तान,बास्तविक बाबुआमा आफन्तको खोजीमा ऊ तड्पिरही । स्वदेश विदेशको खोजीमा पनि उसले आफन्तको पत्तो लगाउन सकिन । उसका पीडाजन्य परिस्थितिहरु वर्षाको रुपमा उर्लिए झैं देखिन्छन् । उसको दुःख पनि समुन्द्र जस्तै विशाल छ । समय छालहरुजस्तै उसको मनभित्र दुःख र पीडाहरु उर्लिरहेकाले वास्तवमा समुन्द्रका छालहरुसँग कथाको शीर्षक सार्थक बनेको देखिन्छ ।

## ४.८. उसले लामो हाई काढी

"उसले लामो हाई काढी" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको आठौं कथा हो । घर परिवारको समस्याबाट पन्छिन खोज्ने एउटा कायर पुरुषको चरित्रलाई छर्लङ्ग्याउने उक्त कथा पनि सामाजिक विषयवस्तुलाई समेटेर तयार पारिएको छ । कथातत्वको आधारमा यसरी विवेचना गरिन्छ ।

४.८.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्तकथा 'हवाइजहाजसँग उडेको मन' कथा संग्रहको आठौं कथा हो । यस कथाभित्र आफ्नो कर्तव्यबाट पन्छिन खोज्ने एउटा परिवार (लोग्ने र स्वास्नी)को कियाकलापलाई समेटेर कथाको कथानक अघि बढेको छ । आफ्नो छोराछोरी घर परिवारप्रतिको कर्तव्य पूरा नगरी आफ्नो जिम्मेवारीको बोझ अर्काको टाउकोमा थुपार्ने एउटा कायर पुरुषको विशेष चर्चा गरिएको छ । कथामा मुख्य भूमिका निर्वाह गर्ने म पात्र (दिदी)का छिमेकी (श्रीमान श्रीमती) साह्रै नै नीच प्रवृत्तिका देखिन्छन् । आफूले जन्माएकी सन्तानको शिक्षादीक्षाको वोझ अरुलाई  थुपारिदिन्छन् । जागिर नभएपछि ऊ परिवारलाई राम्ररी पाल्न नसक्ने भएपछि छिमेकीको सहयोगमा छोराछोरीलाई विद्यालयमा निःशुल्क  पठन पाठनको लागि भनसुन गरिदिन आग्रह गर्छन् । उनीहरुको पिडा देखेर मायाले स्कुलमा गएर भनेर निःशुल्क पढाउने व्यवस्था मिलाइ दिन्छन् । प्रिन्सिपलले  पनि बच्चाको पढ्ने अवसर प्रदान गर्नुभयो । छिमेकी दिदी र उनका पतिको सहायताले दुवै सन्तान निःशुल्क पढाउने अवसर उनीहरुले पाए पनि उनीहरु खुसी देखिएनन् । उनीहरु किताव किन्ने पैसा स्कुलमा लगाउने पोशाक सबै निःशुल्क उपलव्ध होस् भन्ने चाहन्थे । त्यसैले उनीहरु आफ्नो स्वार्थको लागि बारम्बार अर्कालाई दुःख दिइ रहन्थे । थोरै कमाइ हुने काम पनि नगर्ने,ठूलो कामको अवसर प्राप्त नहुने स्वास्नी पनि अशिक्षित भएकाले केही गर्न नसकेकाले उनीहरुको घरको आर्थिक अवस्था साह्रै नै कमजोर भएको थियो । आफ्नो सन्तानको शिक्षादीक्षाको लागि अर्कालाई पटक पटक दुःख दिने कममा उक्त कथाको कथावस्तु अघि बढेको छ ।

४.८.२ पात्र

कथामा भूमिका निर्वाह गर्ने 'म' पात्र (छिमेकी दिदी)को मुख्य भूमिका निर्वाह रहेको देखिन्छ । दिदी (म पात्र) र उनको पति र एउटी छोरी छन् । दिदी आफ्नी छोरीलाई धेरै माया गर्थिन् । उनी ज्यादै  सहयोगी थिइन् । त्यसैले उनी यस कथाकी सत् पात्रको रुपमा चिनिन्छिन् । उनी अर्काको दुःखमा दुःखि हुन्छिन् । उनी आफ्नो छिमेकीको दुःख देख्न सक्दिनन् । उनको छिमेकीका सन्तानहरुले पढ्न नपाएको देखेर ज्यादै दुःखी हुन्छिन् । आफ्ना श्रीमान्को माध्यमबाट स्कुलको प्रिन्सिपललाई भनसुन गरेर उनीहरुलाई निःशुल्क पढ्ने व्यवस्था मिलाइ दिन्छिन् । स्कूलको पूर्ण शुल्क निःशुल्क गरेर पनि किताव कापी पनि निःशुल्क मिलाइ दिनु भनी छिमेकीले आग्रह गरेपछि उनी केही आकोशित बन्छिन् । आफ्नो जिम्मेवारीबाट भाग्ने आमाबाबु देखेर उनीहरुलाई सम्झाउने प्रयत्न गर्छिन् । उनी एक गतिशील पात्रको रुपमा देखिन्छिन् ।

म पात्र (दिदी)का श्रीमानलाई पनि आदर्श पात्रको रुपमा लिइन्छ । उनी पनि आफ्ना छिमेकीलाई हरतरहबाट सहयोग गर्थे । छिमेकीलाई जागिर खोजिदिने,उनीहरुका बच्चालाई स्कुलमा निःशुल्क पढ्ने व्यवस्था मिलाइदिने जस्ता काम गर्थे । उनी यस कथाको सहायक पात्रको रुपमा देखिन्छिन् । त्यस्तै कथानक अघि बढाउने क्रममा छिमेकीका लोग्ने स्वास्नीको पनि मुख्य भूमिका देखिन्छ । उनीहरुकै क्रियाकलापले कथानक अघि बढेको देखिन्छ । उनीहरुले यस कथाका प्रतिकूल पात्रको भूमिका निर्वाह गरेका छन् । आमाबाबु भएर सन्तान जन्माउने तर उचित शिक्षादीक्षाका व्यवस्था गर्न नसकेर छिमेकी कहाँ पठाइ किताव कपडा जुटाइदिन आग्रह गर्न जान्छन् । जागिर छुटेपछि सानो तिनो जागिर नखाने भनी स्वास्नीलाई दुःख दिन्छ । स्वास्नी चाहिँ पनि पढेको छैन भनी सानातिना काम नगरी बस्छे । यसले गर्दा उनीहरु आफ्नो पारिवारिक बोझ अरुको टाउकोमा थुपार्न चाहन्छन् । त्यसैले उनीहरु यस कथाका गतिशलि पात्रहरु हुन् । कथामा मा पात्रकी छोरी जागिरको लागि भनसुन गर्ने भाइको पनि कथामा गौण भूमिका देखिन्छ । त्यस्तै आर्थिक अवस्थाले तड्पिएका विद्यार्थीलाई निःशुल्क पढ्ने अवसर दिने प्रिन्सिपल यस कथाको अनुकूल पात्रको रुपमा चिनिन्छन् ।

४.८.३ परिवेश

बिहानको सूर्योदय हुने बेलाको समय बाहिरको वातावरण रमणीय देखिन्छ । यसै परिवेशमा 'म' पात्रले चिया खाने क्रममा 'म' पात्रको घरको भान्सा कोठा,'म' पात्रको छिमेकीको घरको दयनीय परिवेश पनि कथामा पाइन्छ । यसै गरी जागिर खाने क्रममा भौतारिएका विभिन्न अफिस लगायत, स्कुलको वातावरण वा परिवेश पनि कथाले समेटेको छ । त्यस्तै गरी देशको संकटकालिन परिस्थिति ल्याएको अवस्था पनि यस कथामा पाइन्छ । यसरी कथा छिमेकी घर,उनीहरुका वच्चा पढ्ने स्कुल आदिलाई समेटेर कथाको कथानक अघि बढेको देखिन्छ ।

४.८.४ उद्देश्य

यस कथामा 'म' पात्रका छिमेकीहरु ज्यादै अल्छी र जिम्मेवारीबाट भाग्ने पात्रका रुपमा देखिन्छन् । देशको विग्रदो परिस्थितिको शिकारले सबै मान्छेको विचल्ली हुने कुरा देखाइएको छ । जसले गर्दा छोराछोरीलाई पढाउन त के कुरा, घरमा बिहान बेलुकाको छाक टार्न पनि धौ धौ हुने कुरा प्रस्तुत कथाले देखाएको छ । ठूलो जागिर नपाए पनि साना तिना काम गरेर भएपनि परिवारको जिम्मेवारी हरेक बाबुले बोक्नु पर्ने वाध्यता पनि उक्त कथाले प्रस्तुत गरेको छ । मान्छेले बाँच्नको लागि कामलाई सानो भनेर हेप्न नहुने निरक्षर भए पनि सानातिना काम गरेर परिवार पाल्नु पर्छ भन्ने कुरा देखाइएको छ ।

आफ्नो पारिवारिक समस्या अर्काको टाउकोमा थुपार्नु नहुने, बच्चाहरुलाई पढ्ने अवसरबाट बञ्चित गराउनु नहुने, स्कूलले पनि उसको गरिबीको पिडा बुझेर निःशुल्क पठन पाठनको व्यवस्था गर्नुपर्ने आदि कुरा प्रस्तुत गर्नु पनि उक्त कथाको उद्देश्य देखिन्छ ।

### ४.८.५ दृष्टिविन्दु

आयामगत दृष्टिमा छोटो यस कथामा कथाकारले आन्तरिक केन्द्रिय दृष्टिविन्दुको प्रयोग गरेको पाइन्छ । कथा दुई परिवारका पात्रहरुको उपस्थितिमा केन्द्रित छ । दिदीका परिवार र उनको छिमेकीका परिवार, दिदीको लोग्ने,उसको छिमेकीका परिवार,प्रिन्सिपल आदि तृतीय पुरुष पात्र र म पात्रको पनि प्रयोग भएको छ । यसरी कथाको कथानकलाई क्रमबध्द रुपमा अघि बढाउन 'म' पात्र र तृतीय पुरुष पात्रको सक्रिय भूमिका रहेकाले कथामा आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग पाइन्छ ।

### ४.८.६ घटना

यस कथामा प्रयोग गरिएका दुई परिवारका बीचमा घटेका विविध घटनाहरुले कथानक विस्तारमा मद्दत गरेको देखिन्छ । देशमा सङ्कटकाल लागू हुनु यस कथाको मुख्य घटना हो जसले गर्दा मध्यम वर्गको परिवारमा हातमुख जोर्न पनि नसक्ने परिस्थितिको सिर्जना गरेको छ । भान्सामा चिया पकाउने क्रममा छोरी रुँदै आउनु,छिमेकीका लोग्ने स्वास्नी छोराछोरीको निःशुल्क पठन पाठनको लागि भनसुन गर्न बारंबार आइरहनु पनि कथाको कथावस्तु अघि बढेको छ । स्वास्नी साक्षर नहुनु, लोग्ने बेरोजगार हुनु, सानातिना काम गर्न पछि सर्नु, स्कुलमा दुवै सन्तानलाई पढाउने अवसर पाउदा पनि किताव कापी पनि निःशुल्क लिन खोज्नु आदि यस कथाको मुख्य घटनाहरु देखिन्छन् ।

### ४.८.७ द्वन्द्व

विशेष गरी प्रस्तुत कथामा बाह्य र आन्तरिक दुवै द्वन्द्व पाइन्छ । म पात्रको घरमा छोराछोरीको निःशुल्क पठन पाठनको व्यवस्था मिलाइ दिनु भनी पटक पटक दुःख दिन आउने छिमेकी लोग्ने स्वास्नीकै परिवारसँग आन्तरिक द्वन्द्व देखिन्छ । जागिरको लागि अर्काको मुख ताक्ने, छोराछोरी पढाउन अरुलाई  गुहार्ने  गरेको देखेपछि माया लाग्दा लाग्दै पनि 'म' पात्रलाई रिस उठ्न थालेको देखाइएको छ । सानोतिना  काम नगर्ने ठूलो जागिरको मुख ताक्दा परिवार कै विचल्ली बनाउने छिमेकीको लोग्ने देखेर रिस उठेको देखिन्छ । त्यस्तै लोग्ने स्वास्नीको बीचमा पनि मनमुटाव देखिन्छ । स्वास्नी लेखपढ गर्न नसक्ने, लोग्ने पढेर पनि जागिर नखाने यसले पनि उनीहरुको वीच मनमुटाव खडा गरेको देखिन्छ । जागिर मिलाई नदिए वापत पनि त्यस मानिससँग रिस उठेको छ । अन्तमा किताव कापी पनि स्कुलबाट निःशुल्क माग गर्नु छिमेकीसँग 'म' पात्रले गरेको गालीले यहाँ बाह्य द्वन्द्वको पनि प्रयोग भएको देखिन्छ । यसरी छिमेकी बीच भएको द्वन्द्व, लोग्ने  स्वास्नी बीचको द्वन्द्व, जागिरका सिलसिलामा बिभिन्न मानिससँग भएको द्वन्द्व आदिले कथा रोचक बनेको छ ।

### ४.८.८ संवाद

यस कथामा प्रयोग गरिएका पात्रहरु साक्षर-निरक्षर दुवै देखिन्छन् । बाल-बोलीका संवाद (छोरीले बोलेको) को प्रयोग गरिएको छ । पात्रहरुको बीचमा प्रयोग गरिएको संवाद छोटा छोटा

छन् । प्रश्नार्थक वाक्यमा प्रयोग गरिएका संवादले कथानक अघि बढाएको छ । यस कथामा बहुल संवादको बढी प्रयोग पाइन्छ । संवादको प्रयोगले पात्रलाई कहिले खुसी दिएको छ भने कहिले निराश बनाएको छ । छोटा संवादले कथा सरल बनेको छ ।

४.८.९ भाषा शैली

प्रस्तुत कथामा  सरल भाषाको प्रयोग गरेको देखिन्छ । कथावस्तुलाई अघि बढाउने क्रममा छोटा र मझौला खालको संवादको प्रयोगले कथा सरल बनेको छ । पात्रको सार र अवस्था अनुसार भाषाको समायोजन गरिएको छ । आयामगत रुपमा साढे एक पेजमा फैलिएको यस कथामा बाल बोली भाषा (मामु ऐया भयो)को प्रयोग पाइन्छ । पात्रहरु बोल्ने क्रममा कथ्य भाषाको पनि प्रयोग पाइन्छ । पात्रहरुको परिस्थिति अनुसार प्रयोग भएको भाषाले कथालाई स्वभाविक बनाएको  छ । अनुकरणात्मक शब्दको प्रयोग, निपातहरुको प्रयोगले  कथा सरल र सहज बनेको छ ।

४.८.१० शीर्षकमा सार्थकता

यस कथामा समाजको यथार्थता प्रस्तुत गरिएको छ । देशमा विद्यमान संकटकालले निम्त्याएको विषय परिस्थितिको चित्रण गर्न कथा निकै सफल देखिन्छ । संकटकाल कसरी मध्यम वर्गका जागिरको समस्या ,घरपरिवार पाल्ने समस्या, छोराछोरीको शिक्षादीक्षाको समस्या आदि समस्या आइपर्छन् । सँधै अरुबाट आफ्नो समस्याको समाधान खोज्दा सँधै त्यो पूरा नहुन सक्छ । यस समयमा स-साना काम गरेर समस्या टार्नु पर्ने हुन्छ । तर कामै नगरी पारिवारिक दायित्वबाट पन्छिन खोज्नु युक्तिसंगत देखिदैन । हरेक समस्याको समाधान छिमेकीबाट खोज्नु, पटक पटक उनीहरुको पारिवारिक जीवनमा दुःख दिनु, उनीहरुबाट काम पुरा नहुँदा निराश बन्नु मान्छेको स्वार्थी प्रवृत्ति देखिन्छ । यसै क्रममा आफू पनि काम नगर्ने  र लोग्नेलाई  पनि जिम्मेवारीको वोध नगराउने छिमेकी  देखेर भित्र भित्रै रिस उठ्छ र उनले परिवार पाल्ने ,शिक्षादीक्षा दिने क्रममा बाबुआमा स्वयम् जिम्मेवारी बन्नु पर्ने कुराको जानकारी गराउने क्रममा मौन रही, निराश बनी, लामो हाई काढेर हिडेकीले पनि उक्त कथाको शीर्षक समय सान्दर्भिक देखिन्छ । कथाकृ अन्त्य पनि यसैबाट भएको छ ।

## ४.९ हो र ऊ मरेछ

"हो र ऊ मरेछ" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको नवौं कथा हो । भौतिक सुखसयल भएतापनि मानिसले आत्मिक सन्तुष्टिको सुखभोग गर्न नसक्ने कुरा देखाउने उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.९.१ कथानक

प्रस्तुत कथा सुस्मिता नेपालद्वारा रचित 'हवाइजहाजसँगै उडेको मन' कथा संग्रहको नवौं कथा हो । यस कथामा नायकको भूमिका निर्वाह गर्ने रविको जीवनगाथा यस कथाले

बोकेको छ । शहरको बीचमा भौतिक सम्पन्नताले भरिएको रविको जीवनमा सुखमय परिस्थितिको कहिल्यै अनुभूति गर्न पाएन । उसको इर्ष्यालु र असन्तोषी प्रवृत्ति,शोषक प्रवृत्तिले उसलाई घरको शान्त र रमणीय वातावरणमा पनि शान्तिपूर्वक बाँच्न दिएन । घर अफिस सबैमा आफ्नो प्रवल प्रभुत्व भएता पनि ऊ आफ्नी श्रीमतीलाई लत्याएर बाहिर केटी राखी हिड्थ्यो । सडकबाट ल्याइएको बालक -श्याम)ले ठूलो सघर्ष गरेर त्यस परिवारलाई सहयोग गर्दै आएको थियो । समयको वेगसँगै कुदेको श्यामको उमेर पनि विवाह गर्ने वेला भयो । श्यामले अरुलाई आर्थिक भार नपरोस् भनी ४० हजार रुपियाँ जोगाएको थियो । त्यो पैसा पनि विभिन्न प्रलोभन देखाएर रविले नै लिइदियो । श्यामको पैसा पनि दिएन र विवाह पनि गरिदिएन । उसको सारा जिन्दगी त्यही घरमा वित्यो जसलाई उसले आफ्नो घरको सदस्य ठान्थ्यो उसैबाट उसका जीवनका सपना चकनाचुर भए । न्यायको लागि नगरपालिकामा गुहार माग्न जाँदा गरिवीको पिडा बुझ्ने कोही भएनन् । उता केटीबाट धोका पाएपछि श्रीमतीलाई अपनाएर बाबु बन्ने खुसियाली छाएको वेला सुत्केरी श्रीमतीलाई अस्पतालमा भेट्न जाने क्रममा उसको मृत्यु भयो । रविलाई छुरी हान्ने व्यक्ति अरु कोही नभएर श्याम नै थियो । उसले आफूमाथि भएको अत्याचार उसको आत्माले सहन सकेन । त्यसैले उसको रविको हत्या गरेको थियो । यसरी विविध पक्षलाई समेटेर उक्त कथाको कथानक अघि बढेको छ ।

४.९.२ पात्र

प्रस्तुत कथा मुख्य भूमिका निर्वाह गर्न प्रमुख पात्रको रवि देखिन्छ । रवि धनी परिवारको व्यक्ति भएर पनि भौतिक भोगविलास जीवन विताएर पनि जीवनमा ऊ कहिल्यै खुशी हुन सकेन । घर,अफिस दुवै ठाउँमा सर्वेसर्वा भएर पनि असन्तोषी र ईष्यालु प्रवृत्तिले उसलाई कहिल्यै आनन्द भएन । व्यापार पेशामा निकै सिपालु थियो । संगीत सुन्ने उसको सोख थियो । ऊ यस कथाको प्रतिकूल पात्रको रुपमा चिनिन्छ । उसले गर्ने सम्पूर्ण क्रियाकलाप समाज परिवार र श्रीमतीको इच्छा विपरित देखिन्छ । ऊ गतिशील पात्रको रुपमा चिनिन्छ । समाजको सामु सरल रुप प्रदर्शन गर्ने रवि भित्री रुपमा निकै कठोर देखिन्छ । उसको चरित्र पनि निकै खराव देखिन्छ । विवाहित स्वास्नीलाई अपनाउनु यस्ता विविध रुप उसले यस कथामा प्रस्तुन गरेको छ । सडकबाट उठाएर ल्याइएको श्याम जो उसको घरको सदस्य नै बनेर बसेको थियो । उसले आफू माथि ठूलो विश्वास राख्दै पनि ऊ प्रति ठूलो धोका दिनु । गरीब श्यामको दुःखको कमाइ खाइदिनु विवाहको प्रलोभन देखाएर ठग्नु यस्ता नीच र स्वार्थी प्रवृत्ति भएको रवि यस कथाको गतिशील स्वभावको चरित्र हो । जे कार्य गर्दा पनि व्यक्तिगत स्वार्थको घेरामा सीमित राख्ने वैयक्तिक पात्र हो । पूरा कथाको कथावस्तु अघि बढाउने क्रममा सक्रिय देखिने रवि यस कथाको मञ्चीय पात्र हो । ऊ कथाबाट अलग गर्न नसकिने आवध्द चरित्र हो ।

श्याम यस कथाको अर्को प्रमुख पुरुष पात्र हो । उक्त कथाको कथानक अघि बढाउने क्रममा श्यामको उत्तिकै भूमिका देखिन्छ । एउटा मानिसले अर्को मानिसलाई गरेको अभद्र व्यवहार देखेर श्याम धेरै चिन्तित हुन्छ । कथामा धनी वर्गले गरिवका इच्छा र चाहनामाथि खेलवाड गरेको देखेर उसलाई घृणा लाग्छ । ऊ यस कथाको अनुकूल पात्र हो । सडकबाट उठाएर ल्याएको श्याम त्यसलाई आफ्नो घर परिवार ठानी सबैको सुखदुःखमा साथ दिँदै आएको देखिन्छ । यस कथाको सुरुमा रवि उसको परिवारको सेवागर्न हर्दम तयार रहने श्याम

पछि रविको मृत्युको कारक बन्दछ । यसरी कथामा उसको एउटै भूमिका नरहेकाले स्वभावका आधारमा गतिशील चरित्रको रुपमा देखिन्छ । असमानताका आधारमा कथाको सुरुदेखि अन्त्यतक देखा पर्ने मञ्चीय पात्र हो । जीवन चेतनाका आधारमा ऊ व्यक्तिगत पात्र हो । केन्द्रीय भूमिका भएकोले ऊ यस कथाको हटाउनै नमिल्ने आवध्द पात्र हो ।

त्यस्तै रविकी श्रीमती यस कथाकी सहायक नारी पात्र हो । रविकी श्रीमती यस कथाको अनुकूल चरित्र हो । अर्काको भावना बुझ्ने ,धन भन्दा पवित्र मन पराउने, आफ्नो कमजोरी वा पिडा बाहिर प्रस्तुत नगर्ने ऊ यस कथाको स्थिर स्वभावको चरित्र हो । लोग्नेले दिएको पिडालाई सहेर बस्ने तर प्रतिवाद गर्न नसक्ने अथवा पुरानो संस्कारलाई कायम राख्ने ऊ यस कथाको वर्गीय पात्र हो । ऊ कथाको घटना सिलसिलासँग आवध्द छे त्यसैले ऊ यस कथाको मञ्चीय पात्र हो ।

त्यस्तै कथामा रविका बाबु आमा तथा रविले बाहिर राखेको केटी,यस कथाका सहायक खल पात्र हुन् । छोराको स्वास्नी छँदा छँदै अर्की बुहारीको चाहना राख्ने उसका बाबुआमा यसक कथाका प्रतिकूल पात्र हुन् । त्यस्तै गरेर एउटा विवाहित पर पुरुषलाई फसाएर उसलाई धोका दिने नारी पनि यस कथाकी प्रतिकूल चरित्रकी देखिन्छ । उनीहरु व्यक्तिगत चरित्रका देखिन्छन् । उनीहरुको भूमिका कथामा गौण रुपमा प्रस्तुत भएको छ । यी पात्रहरु स्थिर स्वभावका देखिन्छन् ।

४.९.३ परिवेश

प्रस्तुत कथाको कथानक अघि बढ्ने क्रममा विभिन्न परिवेश भित्रिएका छन् । रवि सम्पन्न व्यक्तिको जीवनका विभिन्न पाटाहरुलाई कथावस्तुले छोएको हुँदा सहरको रमझमपूर्ण वातावरण यस कथामा पाइन्छ । सहरको भौतिक भोग विलाससित जीवन यस कथामा पाइन्छ । यति मात्र नभएर रविको घर र अफिस परिदृश्य पनि त्यत्तिकै सुन्दर र सवल छ । रविको घर वरिपरिको सुन्दर बगैंचाको वर्णन गर्दै कथानक अघि बढेको छ । त्यस्तै रविको अफिसको कोठाहरुका प्रत्येक चिजलाई कथावस्तुले समेटेको छ । पिडा र वेदनाले छटपटिएकी रविकी श्रीमतीले वेदना पोख्ने क्रममा पनि त्यही बगैंचा, पानी परेको दृश्य पनि पाइन्छ । लोग्नेको मायाको अनुभूति पोख्ने क्रम विहानको मिर्मिरे उज्यालोको समय पनि कथामा पाइन्छ । श्यामले विवाहको लागि जोगाएको पैसा रविले लिइ दिए पछि ऊ पैसाको लागि पुलिसचौकी र नगरपालिका धाउने क्रममा त्यहाँ विविध पक्षहरु पनि कथाले समेटेको छ । रविकी श्रीमतीले बच्चा जन्माउने क्रममा अस्पताल लगिएको छ । यसरी अस्पताल भित्रको परिवेश पनि उक्त कथामा पाइन्छ । यसरी कथामा मध्य रातको,मिर्मिरे उज्यालोको विभिन्न वातावरण पाइन्छ ।

४.९.४ द्वन्द्व

प्रस्तुत कथा रवि उसको परिवार र श्याम बीचको मानसिक अवस्थाका सम्बन्धित देखिन्छ । रविले पैसाका लागि श्यामलाई विभिन्न प्रलोभन देखाएर तडपाउनु,स्वास्नीलाई नअपनाएर तडपाउनु आदि कारणले उनीहरु एकप्रति आक्रोशित बनेका देखिन्छन् । रविको सन्ता

न नभएको देखेर बाबुआमा पनि चिन्तित छन् । दुःखले कमाएको पैसा रविले खाइदिएकोमा श्याम पनि चिन्तित देखिन्छ । ऊ पनि मानसिक रुपमा विचलित छ । रवि र श्याम वीचको वैरभाव रविले बाहिर केटीसँग पाएको धोका आदि वाह्य द्वन्द्वलाई निम्त्याएको छ भने यी परिस्थितिले सिर्जना गरेको तनावपूर्ण वातावरणले यी पात्रहरुमा आन्तरिक द्वन्द्व पनि उत्पन्न गराएको देखिन्छ । यसरी कथा भित्र आन्तरिक र वाह्य दुवै द्वन्द्वको प्रयोग पाइन्छ ।

४.९.५ उद्देश्य

प्रस्तुत कथामा जीवनमा भौतिक सुखभोग गर्दैमा आत्मीक सुख प्राप्त हुन सक्दैन भन्ने कुरा देखाइएको छ । असन्तोष, इर्ष्या, लोभ, लालच जीवनका दुःख निम्त्याउने पक्षहरु हुन् । घर परिवारमा दया माया भयो भने मात्र शान्ति मिल्छ । घरकी पत्नीलाई हेला गर्ने बाहिर केटी राख्ने मान्छेको जीवन कहिल्यै सुखी बन्न सक्दैन । अर्काको धन सम्पत्तिको लोभ गर्ने,ठग्ने ,विभिन्न प्रलोभन देखाएर गरीबलाई मार्ने मान्छे अथवा धनको घमण्डले अन्धो भएको मान्छे जीवनमा कहिल्यै चैनसँग बाँच्न सक्दैन एक पछि अर्को पिडाको भुमरीमा रुमलिदै जान्छ । अन्तमा उसको धन सम्पत्ति नै उसको मृत्युको कारक बन्दछ भन्ने कुरा रविको चरित्र मार्फत प्रस्तुत गरिएको छ । धैर्य र सहनशील भएर बस्न सकेमा सुखका दिन आउने कुरा पनि उक्त कथाले देखाएको छ । श्याम जस्ता गरिब व्यक्तिको आवाज कसैले सुन्दैन । देशमा भएका पुलिसचौकी,नगरपालिका जस्ता सरकारी निकायहरु पनि सबै धन र झुटलाई अपनाउँछन् भन्ने कुरा पनि उक्त कथामा देखाइएको छ ।

४.९.६ घटना

प्रस्तुत कथा धनी व्यक्ति रविको घर र अफिस परिसरभित्रकै चौघेरामा रचिएको छ । घर र अफिस सबैतिर सम्पन्नताले ढाकिएको रविको जीवनमा मानसिक चिन्ता उत्पन्न भइरहनु , श्रीमतीलाई अपनाउन नसक्नु, बाहिरिया केटीको जालमा फस्नु,एउटै घरको सदस्यको रुपमा रहेको श्याम (जो उसको र परिवारको निकै ख्याल राख्छ) प्रति अभद्र व्यवहार गर्नु,श्यामको दुःखको कमाइ खाइदिनु र उसलाई मानसिक यातना दिनु आदि यस कथाका प्रमुख घटनाहरु हुन् । अन्तमा सन्तानको मुख हेर्न आतुर रवि सुत्केरी श्रीमती र सन्तान भेट्ने क्रममा मृत्युको सिकार भएर कथाको अन्त भएको छ । यसरी उक्त कथाको घटनाहरु शृंखलावध्द भएर उसको मृत्युसँगै टुङ्गिएको छ ।

४.९.७ दृष्टिविन्दु

आयामगत रुपमा छोटो यस कथामा कथाकारले बाह्य दृष्टिविन्दु प्रयोग गरेका छन् । यस कथामा रवि, श्याम, रविकी पत्नी, रविको बाहिर राखेकी केटी, पुलिस, रविका बाबुका आमाबुबा आदि तृतीय पुरुष पात्रहरु रहेका र तिनको प्रत्यक्ष भूमिका रहेकाले बाह्य (सर्वदर्शी) दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

४.९.८ संवाद

यस कथामा प्रयोग गरिएका पात्रहरुको वीचमा खासै बहुल संवाद भन्दा एकल संवादको प्रयोग बढी पाइन्छ । रवि र श्यामका बीचमा भएको संवादले कथानकलाई अघि बढाउन थोरै सहयोग गरेको देखिन्छ । उनीहरुले प्रयोग गरेको संवादले र संवाद मार्फत प्रयोग गरिएका अपशव्दले उनीहरुका वीचमा वैमनस्यता उत्पन्न गराएको छ । रविले दिएको यातनाले श्याममा भएको एकल संवादले कथा अघि बढेको छ ।

४.९.९ भाषाशैली

प्रस्तुत कथामा सरल भाषाको प्रयोग गरिएको छ । कथामा प्रयोग गरिएका पात्रका अवस्था अनुसार भाषाको प्रयोग गरिएको छ । कथाको शुभारम्भ सुखद क्षणबाट सुरु भएपनि अन्तमा कथा अत्यन्त दुःखद बनेको छ । कथाको विभिन्न ठाउँमा संवादात्मक वाक्यहरु तथा मनोवादात्मक वाक्यहरुको प्रयोग गरिएको पाइन्छ । सरल र सहज पद पदावलि कथा स्पष्ट बनेको छ । अन्तमा दुःखान्त स्थिति देखाउनुले पनि कथाको भाषागत प्रस्तुति सफल र सारगर्भित बनेको देखिन्छ ।

४.९.१० शीर्षकमा सार्थकता

कथाकारले यस कथाको शीर्षक 'हो ऊ मरेछ' राखेकी छन् । विसङ्गत जीवनको यथार्थ चित्रण गर्न उक्त कथा सफल देखिन्छ । कथामा मानव जीवनका वाध्यता, विवशता, दुश्चरित्र, विकृति, निराशा, कुण्ठा, अपमान र दुःखद मृत्युको मात्रै चित्रण गरिएको छ । भौतिक कुराले सम्पन्न जीवनलाई पनि आत्मीक सुख नमिल्ने कुरा देखाइएको छ । सुख, शान्ति र सफलताको लागि सँधै तड्पिरहने श्यामको जीवन रविकै दुष्ट प्रवृत्तिको कारण तहसनहस भएको छ । न्यायको खोजीमा पुलिस, नगरपालिका अन्यत्र जाँदा पनि उसलाई सहयोग मिल्दैन । कतैबाट पनि सहयोग नमिले पछि उसको रिसले सिमा नाग्छ र ऊ रविको मृत्यु गर्न पुग्छ । यसरी रविको मृत्यु भएपछि 'हो ऊ मरेछ' भनेर श्याम भक्कानो छाडेर रुन थाल्छ र कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.१० हरेक दिन गुडिरहन्छ

"हरेक दिन गुडिरहन्छु" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको दशौं कथा हो । भक्तपुरदेखि त्रिपुरेश्वरसम्म चल्ने ट्रलिबसले ओहोरदोहोर गर्दा हुने विभिन्न क्रियाकलाप तथा त्यसभित्र यात्रा गर्ने मानवहरुको चरित्र तथा व्यवहारलाई समेटेर तयार पारिएको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.१०.१ कथानक

यो कथा सुस्मिता नेपालद्वारा रचित ‘हवाइजहाजसँगै उडेको मन’ कथा संग्रहको दशौँ कथा हो । भक्तपुरदेखि त्रिपुरेश्वरसम्म चल्ने ट्रलिवसले ओहोरदोहोर गर्दा हुने विभिन्न क्रियाकलाप तथा त्यस भित्र यात्रा गर्ने मानवहरुको चरित्र तथा व्यवहारलाई समेटेर तयार गरिएको उक्त कथाले तत्कालिन समाजको यथार्थता प्रस्तुत गरेको छ । वसभित्र विविध समयमा यात्रा गर्ने मान्छेहरुको व्यवहार प्रष्टिएको छ । यस कथाको प्रमुख पात्र वस (म पात्र)ले सडकमा यात्रा गर्दा भोगेका देखेका विभिन्न पाटाहरुलाई समेटेर उक्त कथानक अघि बढेको छ । वसभित्र यात्रा गर्दाको अवस्था,रातदिन सडकमा गुडिरहनु पर्ने वाध्यता,वसभित्र यात्रुले गर्ने अभद्र व्यवहार आदि प्रस्तुत गर्दै कथानक अघि बढेको छ । मानिसमा हुने अभद्र व्यवहारले ल्याएको परिस्थितिलाई नियाल्दै  वस (म पात्र) अघि बढ्दै जान्छ । बजारमा बेचिने पत्रिकाका समाचार प्रति मान्छेले घृणा व्यक्त गरेको छ । राम्रा समाचार संकलन नगरी खालि भिडन्तका कुरा प्रस्तुत गर्ने ,देशमा उन्नती प्रगतिका कुरा नभएर भिडन्तका कुरा बढी मात्रामा पाइने हुँदा समाचार प्रति घृणा गरेका भन्ने कुरा पनि कथावस्तुले समेटेको छ । यसरी बसले एक ठाउँबाट अर्को ठाउँमा  गुड्ने क्रममा विविध अवस्था देख्ने र भोग्ने  मौका पाएको छ । त्यसरी बसभित्र कोचाकोच गरेर यात्रा गर्नुपर्ने वाध्यता,खराव प्रवृत्तिका मान्छेहरुको धुर्तपन,स्कुलमा किताबका भारी बोक्नुको सट्टा पत्रिका बेचेर जीवन धान्नु पर्ने वालवालिकाहरुको वाध्यता, सडकमा आगोले पोलेर छटपटिदा पनि वालकको सहयोग  नगर्ने आजको मानवता हराएका मान्छेहरुको स्वभाव आदि कुरालाई समेटेर उक्त कथाको कथानक अघि बढेको देखिन्छ ।

४.१०.२ पात्र

यस कथाको मुख्य पात्र मानवेत्तर पात्रका रुपमा रहेको देखिन्छ । मानवेत्तर पात्रका रुपमा रहेको वसको दैनिक गुड्नु पर्ने वाध्यता छ । जडवस्तु वसलाई मुख्य पात्र बनाएर कथानक अघि बढेको छ । यहाँ वस स्थिर पात्रको रुपमा देखिन्छ । भक्तपुरदेखि त्रिपुरेश्वरसम्म यात्रा गर्दा देखेका र भोगेका  विविध क्रियाकलापप्रति वितृष्णा  जागे पनि चुपचाप हेर्नु बाहेक वस पात्र केही गर्न सक्दैन । वस यस कथाको अनुकूल पात्रको रुपमा प्रस्तुत भएको देखिन्छ । पूरा कथाको कथानक अघि बढाउने क्रममा वस पात्रको सक्रिय भूमिका रहेकोले वस पात्र यस कथाको मञ्चीय पात्र हो । वस पात्र कथाबाट अगल गर्न नसकिने भएकाले वस आवध्द पात्रका रुपमा चिनिएको छ ।

बुढोमान्छे यस कथाको सहायकपात्रको रुपमा चिनिएको छ । कथानक अघि बढाउने क्रममा बुढो मान्छेले व्यक्त गरेका कुराहरुले निकै ठूलो भूमिका खेलेको देखिन्छ । बूढो मान्छे यस कथाको अनुकूल पात्रको रुपमा चिनिन्छ । वसमा चढेका मान्छेलाई देशको भूत,वर्तमान परिस्थितिको जानकारी गराएको छ । देशमा लागु भएका राणाकालिनदेखि पञ्चायत व्यवस्था लगायत हाल बहुदल व्यवस्था लागु हुँदा पनि देशमा कुनै समस्या समाधान गर्न सकिएको छैन भन्ने कुराको जानकारी गराएका छन् ।

त्यस्तै कथामा कथानकले विविध पात्रहरु जस्तै गाउँबाट आएर वस चढ्ने धुर्त व्यक्ति जो वसको पैसा नतिरीकन जान्छ । अर्को त्यही वसबाट यात्रा गर्न दौरा-सुरुवाल लगाएको व्यक्ति छ भने अर्को सर्टपाइन्ट लगाउने मान्छे पनि देखिन्छ । त्यस्तै गरेर पत्रिका वेचेर जीवन धान्ने ८/९ वर्षको केटो पनि यस कथावस्तुलाई अघि बढाउन प्रयोग गरिएको पात्र हो । त्यस्तै कथामा पुलिस,नेताहरुलाई उभ्याएको छ । आगोको ज्वालामा छटपटिएको निर्दोष बच्चाले पनि कथामा स्थान पाएको छ । यसरी कथामा प्रयोग गरिएका पात्रहरुमध्ये प्रतिकूल र अनुकूल पात्रका रुपमा चिनिन्छन् । यी पात्रहरु कथाका गौण पात्रका रुपमा प्रयोग गरिएका छन् । ८ वर्षको बालक कथाको प्रतिकूल पात्र मानिन्छ । ऊ आफ्नो काम कर्तव्यनिष्ट भएर लागेको देखिन्छ ।

### ४.१०.३ परिवेश

दैनिक आवत जावत गर्ने क्रममा भक्तपुरदेखि त्रिपुरेश्वरसम्मका विभिन्न ठाउँहरुलाई कथाले समेटेको छ । त्यहाँको सडकको दायाँ वायाँका रुखहरु ,सडकको विभत्स अवस्था,च्याउ झैं उम्रिएका घरहरु,धुलो र धुवाँले निस्सासिएको वातावरणमा उक्त कथावस्तु अघि बढेको छ । काठमाण्डौका वसभित्र हुने मान्छेहरुको खचाखच स्थितिलाई कथाले समेटेको छ । यस पात्रले यात्राको क्रममा भोगेका कोटेश्वरको चहलपहललाई पनि कथामा भिञ्याएको पाइन्छ । यति मात्र नभएर बढोपात्रको माध्यमद्वारा राणाकालिन अवस्था,त्यसपछि पञ्चायती व्यबस्थाको चित्रण गरेको छ । छयालिस सालले ल्याएको परिपाटीको चित्रण गरेको छ । देशको राजनैतिक अस्थिरताको चित्रण पनि कथाले समेटेको छ । सहरको हल्लाखल्लापूर्ण परिस्थिति, आगोमा पर्दा पनि सहयोग नगर्ने आजका मान्छेको नियतले ल्याएको दुःखद अवस्था आदि धरातलमा उक्त कथाको कथावस्तु रचना गरिएको छ ।

### ४.१०.४ उद्देश्य

काठमाण्डौ तथा भक्तपुरमा भएको सहरीकरणले बनाएको प्रदुषित वातावरण तथा त्यस वातावरणले ल्याएको विकृति तथा मानवीय प्रवृत्तिको चित्रण गरेर देखाउनु यस कथाको उद्देश्य देखिन्छ । सहरका विविध मान्छेहरुको सभ्य र असभ्य स्वभाव पनि कथाले देखाएको छ । समाजमा निरन्तर काम गर्नु पर्ने वाध्यता त्यस कामका भोगाइमा आइपर्ने तथा सहनु पर्ने विभिन्न अवस्थाको चित्रण गर्नु पनि उक्त कथाको उद्देश्य देखिन्छ । राणाकालिन तथा पञ्चायती व्यवस्थाका कर्तुतबाट वाक्क भएका जनताले छयालिस सालपछि राहतको आश राखेता पनि नेताहरुको स्वार्थीपनले पूरा हुन नसकेको र देशको राजनैतिक अवस्थाले विकृति निम्त्याएको कुरा प्रष्ट पारिएको छ । काम गर्नेको भन्दा वदमासी गर्नेको बढी इज्जत गर्ने प्रवृत्ति बढेको देखिन्छ । सहरका मान्छेमा मानवीय व्यवहार हराउँदै गएको छ भन्ने कुरा पनि उक्त कथाले देखाएको छ । यसरी सडकका विविध समस्याहरुलाई पन्छ्याउँदै निरन्तर गुड्नु पर्ने वाध्यता देशको अस्थिर राजनैतिक अवस्थाले सिर्जिएको अवस्था आदि कुराहरुलाई प्रस्तुत गर्नु नै उक्त कथाको मुख्य उद्देश्य देखिन्छ ।

४.१०.५ घटना

उक्त कथाको कथावस्तुलाई अघि बढाउने क्रममा कथाकारले विविध घटनाको तालमेल मिलाएका छन् । भक्तपुरदेखि त्रिपुरेश्वरसम्म गुड्ने ट्रलिवस भित्र मान्छेहरु खाँदाखाँद हुनु,वसमा यात्रा गर्ने धुर्त व्यक्तिले भाडा नतिर्नु, धुर्त मान्छेको विभिन्न टिका टिप्पणी हुनु ,स्कुल जानुको सट्टा एउटाले पत्रिका बेच्न बाध्य बन्नु, पत्रिकाप्रति मानिसहरुले घृणा गरेको देखाउनु, छयालिस साल पछि पनि देशमा नयाँ परिवर्तन आउन नसक्नु, आगोमा जलेको देख्दा पनि निर्दोष बालकको सहयोग नगर्नु आदि घटनाहरु उक्त कथामा पाइन्छ ।

४.१०.६ द्वन्द्व

विशेष गरी प्रस्तुत कथा आत्मकथानात्मक शैलीमा रचिएको छ । वस पात्रको जीवनका भोगाइमा विभिन्न व्यक्तिहरुले देखाएका व्यवहारले वस पात्र आन्तरिक द्वन्द्व सिर्जना भएको देखिन्छ । वसमा यात्रा गर्दा भाडा नतिर्ने र उसको टिकाटिप्पणी गर्नुले  यात्रा गर्ने व्यक्तिमा बाह्य द्वन्द्व देखिन्छ । बूढो पात्रले पत्रिका प्रति घृणा व्यक्त गर्नु देशको राजनैतिक अवस्थाको घृणा  गर्नु आदि परिस्थितिले कथामा वाह्य द्वन्द्व देखिन्छ । सडकमा जलिरहेको वच्चालाई कसैले सहयोग  गरेको नदेख्दा वस पात्रमा मान्छेहरुको व्यवहार प्रति घृणा व्यक्त हुनु पनि आन्तरिक द्वन्द्व हुन् । यसरी कथाकारले उक्त कथामा आन्तरिक र बाह्य द्वन्द्वको प्रयोग गरी कथावस्तु तयार पारेको देखिन्छ ।

४.१०.७ दृष्टिविन्दु

यस कथामा वस पात्रको मुख्य भूमिका रहेको छ । मान्छेहरुलाई बोकेर हिड्ने  वस पात्र यस कथाको प्रथम पुरुष पात्र हो । वस पात्रकै कारणले कथाको कथावस्तु अघि बढेको  छ । उसले भोगेका देखेका र गरेका सबै क्रियाकलापहरु आत्मकथनकै रुपमा भनेको छ । कथाको सञ्चालन म पात्र (वस)ले गरेको छ । यदि वस पात्रलाई हटाउने हो भने कथा सम्भव नै छैन । यसरी कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग पाइन्छ भने कथाकारले कथानक अघि बढाउने क्रममा धुर्त मान्छे ,बूढो मान्छे, नेता, पुलिस, पत्रिका बेच्ने केटो आदि पात्रको पनि प्रयोग गरेको पाइन्छ । यी सबै तृतीय पुरुष पात्र हुन् । त्यसैले उक्त कथामा आन्तरिक र बाह्य दृष्टिविन्दु दुवैको प्रयोग पाइन्छ ।

४.१०.८ संवाद

यस कथाको संवाद पक्ष पनि सवल मानिन्छ । पात्रको आपसी संवादले कथाको घटनालाई गति प्रदान गरेको छ । कथामा पात्र (वस)को आत्मकथानात्मक वर्णन गर्ने क्रममा एकल र अन्य पात्र तथा देशको स्थिति व्यक्त गर्ने क्रममा दोहोरो संवादको पनि प्रयोग गरिएको छ । कथामा समाजका यथार्थ पात्रहरु भाडा नतिर्ने  धुर्त व्यक्तिको चरित्र प्रस्तुत गर्ने क्रममा दौरा सुरुवाल लगाउने र सर्ट पाइन्ट लगाउने पात्रहरुका वीचमा गरिएको संवाद निकै सान्दर्भिक देखिन्छ । बूढोमान्छेले  पत्रिका किन्ने क्रममा प्रयोग गरिएको संवाद र देशको

अतितका राजनैतिक अवस्थाको चित्रण गर्ने क्रममा व्यक्त गरिएको संवाद निकै सान्दर्भिक देखिन्छ ।

४.१०.९ भाषाशैली

प्रस्तुत कथा वस पात्रलाई केन्द्रमा राखेर रचना गरिएको छ । पात्रका स्तर अनुसार भाषाको प्रयोग गरिएको छ । कथामा मनोवाद, एकालाप पनि पाइन्छ । झर्रा शव्दको प्रयोग, बोलचालको भाषाले कथामा पुष्टता थपेको छ । पात्रको स्तर र परिस्थिति अनुसार प्रयोग गरिएको भाषाले कथालाई सरल बनाएको छ । वस पात्रको एकलापबाट समाजको यथार्थ चित्र प्रस्तुत भएको छ । कसैलाई गाली गर्दा प्रयोग हुने शब्दहरुको प्रयोग पनि उक्त कथामा पाइन्छ । अनुकरणात्मक शब्द तथा निपातहरुको प्रयोग पनि कथामा पाइन्छ ।

४.१०.१० शीर्षकमा सार्थकता

प्रस्तुत कथामा वस पात्रका आत्म वृतान्त व्यक्त गरिएको छ । वस पात्रले दैनिक जीवनमा भोग्दै आएका विविध समस्याहरुलाई समेटेर उक्त कथा तयार पारिएको छ । वस पात्रले दैनिक गुड्ने क्रममा देखेका सडकमा विभिन्न भोगाई सहन वस पात्र बाध्य छ । समाजका विविध क्रियाकलाप, विभिन्न स्वभावका व्यक्तिहरु, उनीहरुको सोच, मानवता हराएका व्यक्तिहरु, राजनैतिक अवस्था प्रतिको वितृष्णा आदि कुराहरु कथामा वस पात्रले देखेको छ । मान्छेको उमेरसँगै विवशता र वाध्यतालाई अगाल्दै जानुपर्छ भन्ने कुराको संकेत वस पात्रद्वारा गराउन खोजेकोले उक्त कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.११ निस्तब्ध रातमा मन पोखिँदा

“निस्तब्ध रातमा मन पोखिँदा” कथा सुस्मिताद्वारा रचित “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहको एघारौं कथा हो । काठमाडौंमा पानीको समस्याले सताइएको अर्काको घरमा काम गर्ने बालकको दयनीय अवस्थाको चित्रण गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.११.१ कथानक

सुस्मिता नेपालद्वारा रचित ‘हवाइजहाजसँगै उडेको मन’ कथा संग्रहको एघारौँ कथा हो । अर्काको घरमा काम गर्ने एउटा बालकको दयनीय अवस्थालाई यस कथाको कथावस्तुले समेटेको छ । काठमाण्डौको धाराबाट आउने पानीको पर्खाइमा ऊ रात विताउन बाध्य भएको छ । सबै परिवार मस्त निद्रामा रहे पनि ऊ भने पानीको प्रतीक्षा गरेर निस्तब्ध रातमा एक्लो भएर बसेको छ । यसै समयमा उसका मनका वेदनाहरु उर्लिएका छन् । ५ वर्षको उमेरमा त्यस अपरिचित घरमा प्रवेश गरी दसौं वर्ष त्यस घरका सदस्यहरुको इच्छा र चाहना पूरा गर्दै ल्याउने क्रममा आफ्नो जीवनका हरेक रहरहरु त्याग्न वाध्य भएको छ । जन्मदिने आमाबाबुलाई भेट्ने चाहनालाई पनि उसले भित्रभित्रै मार्नु परेको छ । भाइ, बहिनी,

आमाबाबुलाई भेट्ने तिव्र इच्छाले उसलाई निकै सताउँछ । जाडोले सहन नसकेर चिया पकाएर खाऊँ भने पनि ऊ पाउँदैनथ्यो । त्यस घरका परिवारलाई आफ्नो स्वार्थ पूरा गर्नु सिवाय अरु कुराको ख्यालै थिएन । मानवता हराएका त्यस घरका मानिसहरु उसलाई कुकुरको जस्तो व्यबहार गर्थे । कुकुरले जस्तो माया उसले पाउँदैनथ्यो । उसको लागि त्यो घरको परिवेश नरकतुल्य थियो । मेसिन जसरी काम गर्दा पनि दया माया नभएका मानवरुपी दानवहरुको सामिप्यमा ऊ वस्न चाहँदैनथ्यो । अरुले पढेको देखेर ऊ लोभिन्थ्यो । एक दिन घर मालिक्नीसँग घर जाने इच्छा व्यक्त गर्दा आफ्ना आमाबुबाले दुःख पाउने कुरा थाहा पाए पछि उसले भोक, प्यास, थकाइ बिर्सेको छ । सानो गल्तीबाट ऊ धेरै त्रसित भएको छ । यसै क्रममा उक्त कथाको कथानक अघि बढेको छ ।

४.११.२ पात्र

म पात्र (अर्काको घरमा काम गर्ने वालक)को केन्द्रीयतामा उक्त कथाको कथावस्तु रचिएकाले ऊ नै यस कथाको केन्द्रीय पात्र हो । ऊ कथाको प्रमुख पुरुष पात्र हो । ऊ बाबुआमाको तथा आफू वसेको घरको सदस्यहरुको खुसीको लागि हरेक यातना सहन्छ । आफ्ना इच्छा र चाहनाहरुको तिलाञ्जलि दिन्छ । त्यसैले ऊ कथाको सत्चरित्र तथा अनुकूल पात्र हो । कथाको सुरुदेखि अन्तसम्म उसको एउटै भूमिका भएकाले ऊ स्वभावका आधारमा स्थिर चरित्र हो । जीवन चेतनाका आधारमा ऊ व्यक्तिगत पात्र हो । तर ऊ गरीव वर्गमा पर्ने चरित्र हो । आसन्नताका आधारमा कथाको सुरुदेखि अन्त्यतक देखापर्ने मञ्चिय पात्र हो । कथामा केन्द्रीय भूमिका भएको यस कथाको एकछिन पनि हटाउन नमिल्ने आवध्द पात्र हो ।

म पात्रकी मालिक्नी यस कथाको सहायक नारी पात्र हो । ऊ कथानक अघि बढाउने क्रममा  केही सहयोगी भूमिका निर्वाह गरेकाले कथामा सहायक पात्रको रुपमा लिइन्छ । आफ्नो घरमा काम गर्न बसेको बालकलाई अन्याय र अत्याचार गर्ने प्रवृत्ति उसमा देखिएका ऊ कथाको नारी पात्र हो । ऊ असत् प्रवृत्तिकी स्थिर स्वभावकी पात्र हो । सामान्य भूमिका निर्वाह गरेको आधारमा ऊ मञ्चीय पात्र हो । काम गर्ने केटोलाई दुःख र पिडा थप्ने काम वा कथाको कथावस्तुलाई उत्कर्षमा पुऱ्याउने काममा मालिक्नीको प्रत्यक्ष भूमिका देखिन्छ । बालकका आमाबाबु, भाइबहिनी कथाका गौण पात्र हुन् । मालिक, उसका सन्तानहरु, ठूली छोरी, यस कथाका प्रतिकूल चरित्र पात्र हुन् ।

४.११.३ परिवेश

रातको सुनसान अवस्था,पानी तान्ने मेसिनको आवाज आइरहेको जूनको मधुरो प्रकाश छरिएको समयमा उक्त कथाको कथानक अघि बढेको छ । धनी वर्गको शोषण नीतिले उक्त कथाको परिवेशलाई समेटेको छ भने गरीव वर्गको आर्थिक परिवेश पनि कथामा पाइन्छ । रातभरि पानी कुर्दै उज्यालो भइसकेका विहानीको वातावरण कथामा पाइन्छ । नेपथ्य परिवेशका रुपमा बालकले वाल्यकालमा विताएको गाउँको परिवेश पनि पाइन्छ । यसरी काम गर्ने उक्त बालकले धनी घरको एउटी दानवीय स्थितिको चित्रण उक्त कथाले गरेको  छ ।

४.११.४ उद्देश्य

पानीको समस्या काठमाण्डौको जल्दोबल्दो समस्याको रुपमा देखिन्छ । यस समस्याले गर्दा सहरका मानिसको सुत्ने उठ्ने समयको कुनै ठेगान नभएको कुरा देखाएको छ । सहरका धनी व्यक्तिहरुको स्वभाव पनि उक्त कथाले छर्लङ्ग्याएको छ । सहरका मानिसहरुमा मानवता भन्ने कुरा हराउँदै  गए झैं देखिन्छ । धनको घमण्डले आफू जस्तै मानवको जिन्दगी माथि खेलवाड गर्न पनि उनीहरु पछि पर्दैनन् । गरीब व्यक्तिमाथि अन्याय अत्याचार गर्नु, उनीहरुको इच्छा र चाहनालाई लत्याउनु, भोकप्यासको उपहास गर्नु सहरिया जीवनको प्रवृत्ति देखिन्छ । गरीब भएर अर्कालाई सुख दिएता पनि पढ्ने प्रवल इच्छा सबैमा देखिन्छ । बाबुआमाका सुखका लागि उनीहरुका सन्तानले दुःख पिडा भोग्न वाध्य भएका यसो गर्नु अपराध हो भन्ने कुरा पनि उक्त कथाले देखाएको छ । सहरका धनी घरहरुमा काम गरेर दुःख र पिडा भोगिरहेका हजारौ केटाकेटीको यथार्थ चित्रण उक्त कथाले गरेको छ । यसरी समाजमा धनी वर्गले गरीब वर्गमाथि गरिने अभद्र व्यवहार,जीवनका अनेकौं इच्छाहरुलाई दबाएर अर्काको घरमा कामदार बन्नु पर्ने गरिवीको वाध्यता आदिलाई छर्लङ्ग्याउनु उक्त कथाको उद्देश्य देखिन्छ ।

४.११.५ दृष्टिविन्दु

कथामा म पात्रको सेरोफेरो अर्थात् उसको जीवनका हरेक क्षणलाई समेटेर कथावस्तु तयार पारिएको छ । कथाको सुरुदेखि अन्त्यसम्म म पात्रका केन्द्रीय भूमिका देखिन्छ । त्यसैले यस कथामा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग भएको छ । यस कथा सम्पूर्ण कथाको वर्णन गर्ने क्रममा मालिक्नी,उनका छोराछोरी,आमाबाबु आदि संकेत गरिएको छ । यी तृतीय पुरुष दृष्टिविन्दु मानिन्छन्  । यसरी कथामा वाह्य पुरुष दृष्टिविन्दु प्रयोग भएता पनि कथा प्रथम पुरुषकै केन्द्रीयतामा संरचित देखिन्छल ।

४.११.६ घटना

प्रस्तुत कथाको कथानकलाई गति दिने क्रममा कथाकारले विविध घटनाहरुलाई पनि कथामा समावेस गरेको पाइन्छ । सहरका धारामा पानी आउने समयको ठेगान नहुनु, पानीको प्रतीक्षामा काम गर्ने नोकरले रात भर जागै रहनु, जन्म दिने बाबुआमालाई भेट्ने मौका घर मालिक्नीले नदिनु, काम गर्न वसेको घरमा पेटभरि खान नपाउनु, कुकुरको जस्तो खान दिनु, विद्यालय गएर पढ्ने इच्छा हुँदा पनि पढ्न नपाउनु आदि यस कथाका प्रमुख घटना मानिन्छन् । बालकका आमाबाबुले जीवन चलाउनका लागि छोरोलाई अर्काको दास बनाउन छोरो राखिदिएर उनीहरुको खेती गर्नु ,सडकमा दुःख पाएर हिडेका निर्दोष केटाकेटीहरुको आवाज सुन्ने व्यक्ति कोही नहुनु आदि घटनाहरु उक्त कथामा पाइन्छ ।

४.११.७ द्वन्द्व

कथाको कथानकलाई गति प्रदान गर्ने क्रममा यस कथामा आन्तरिक र बाह्य दुवै द्वन्द्व सशक्त पाइन्छ । वाह्य द्वन्द्वका दृष्टिले यसमा बालक केटो (नोकर) र मालिक्नी बीचमा द्वन्द्व

देखिन्छ । गरीब बालकको भोक तिर्खाको पर्वाह नराख्ने मालिक्नी कथामा प्रतिद्वन्द्वीका रुपमा आएको देखिन्छ । आन्तरिक द्वन्द्वका दृष्टिबाट उक्त कथा सबल रहेको देखिन्छ । कथामा हरेक पात्रमा आन्तरिक द्वन्द्व पनि देखिन्छ । बालक केटो (नोकरं) अन्तर्मुखी प्रवृत्तिको छ उसमा भएको आन्तरिक मनहरुवीच द्वन्द्व छ । उसका मनवीच एकाग्रता छैन । ऊ चाहेर पनि बाबुआमा भाइ बहिनीलाई भेट्न जान सक्दैन ।

४.११.८ संवाद

प्रस्तुत कथामा म पात्र (नोकर) प्रमुख पात्र र त्यस घरकी मालिक्नी वीचका संवादले कथाको गतिमा महत्वपूर्ण भूमिका रहेको छ । उक्त कथामा एकल र बहुल संवादको प्रयोग गरेको देखिन्छ । पात्रका स्तर र अवस्था अनुसार संवादको प्रयोग गरिएको देखिन्छ । नोकरले मालिक्नीसँग गरेको संवाद र मालिक्नीले नोकरसँग  गरेको संवाद निकै सान्दर्भिक देखिन्छ । कथामा प्रयोग गरिएका संवादहरु छोटा  छन् । पात्र सुहाउँदा  संवादको प्रयोग गरिएको छ । दुःख र पिडाका भोगाइमा व्यक्त गरिएका एकल संवादहरु पनि समय सापेक्ष देखिन्छ ।

४.११.९ भाषाशैली

प्रस्तुत कथा म पात्र (नोकर)को केन्द्रीयतामा रचिएको छ । त्यसैले म पात्रको पिडा र भोगाइ व्यक्त गर्ने क्रममा मनेबाद,एकालापको प्रयोग पनि गरिएको छ । कथामा कथ्य भाषाको प्रयोग पनि पाइन्छ । कथाको पात्रले प्रयोग गर्ने भाषा समय सान्दर्भिक देखिन्छ । म पात्रको एकालाप र मनोवादबाट समाजको गरीव बालबालिकाको यथार्थ चित्रण गरेको छ । प्रश्नार्थक वाक्य तथा निपातहरुको पनि प्रशस्तै प्रयोग गरिएको छ ।

४.११.१० शीर्षकमा सार्थकता

यस कथामा कुनै प्रतीक-विम्बको प्रयोग गरिएको पाइँदैन । एउटा गरीव बालक उसकै दैनिक जीवनका भोगाइ तथा त्यस घरका मानिसले ऊ प्रति गर्ने व्यवहारलाई चित्रण गरिएको छ । यस कथाले सहरका मान्छेको हराउँदै गएको  मानवीय प्रवृत्ति, धनको घमण्ड, प्रस्तुत गरिएको छ । त्यस्तो घरमा बस्दा हुने मानसिक तनावले छटपटिएको एउटा  बालक जो नितान्त एक्लो  छ । उसको समस्या बुझिदिने यहाँ कोही नभएकाले ऊ पिडासँग पिल्सिएको छ । यस्ता  हजारौं बालबालिकाको प्रतिनिधित्व गर्ने यो कथा समाजका कामदार केटाकेटीको यथार्थ चित्रण गर्न सफल भएकोले शीर्षक सार्थक देखिन्छ ।

## ४.१२ मेटर्निटी वार्ड

“भेटर्निटी वार्ड” कथा सुस्मिताद्वारा रचित “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहको  बाह्रौ कथा हो । अस्पतालको शैयामा छटपटाइरहेका नारीहरुको कारुणिक दृश्यलाई प्रस्तुत गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी वर्णन गरिन्छ ।

४.१२.१ कथानक

यो सुस्मिता नेपालद्वारा रचित 'हवाइजहाजसँगै उडेको मन' कथा संग्रहको बाह्रौं कथा हो । अस्पतालभित्र प्रसव पिडाले छटपटिएका नारीहरु रोदन र क्रन्दनले उक्त कथाको कथावस्तुले गति पाएको छ । त्यहाँका  विरामीहरुको अवस्था साँच्चै दर्दनाक देखिन्छ । जीवनसँग सँघर्ष गर्ने क्रममा मर्ने बाँच्ने  दोसाँधमा रहेका विरामीहरु डाक्टरको पर्खाइमा रहेका देखिन्छन् । डाक्टरहरु विरामीहरुको रोग मुक्त जीवन दिने क्रममा  दौडिरहेका देखिन्छन् । विरामी लिएर भेटनरी वार्डमा पुगेको म पात्र त्यहाँको विरामीको चाप देखेर डराएको देखिन्छ । म पात्रले उक्त ठाउँमा बच्चा जन्माउँदा हुने छटपटी र पीडा देखेर आँत्तिएको छ । एउटै पीडा भोगाइबाट जन्मेका छोरा र छोरी पाउँदा कोही खुसी र कोही दुःखी देखिएका छन् । छोरा जन्माउनेमा खुसी देखिन्छ भने छोरीका परिवारमा निराशा छाएको देखिन्छ । सहरका पढे लेखेका मान्छेमा पनि छोराको चाहना तिब्र रुपमा देखिन्छ । लोग्ने मान्छेलाई भित्र पस्न नदिने भएकाले कोठामा बस्ने र आफन्तहरु कोही नहुने मान्छेलाई त निकै समस्या देखिन्छ । यसरी अस्पतालको कारुणिक दृश्यलाई  बोकेर उक्त कथाको कथावस्तु तयार भएको छ ।

४.१२.२ पात्र

यस कथामा प्रयोग गरिएका पात्र मध्ये म पात्र कथाको मुख्य पात्र हो । कथाको कथावस्तुलाई गति दिने काम म पात्रबाट भएको छ । म पात्र कथाको मुख्य नारी पात्र हो । यस कथाको सुरुदेखि अन्त्यसम्म एउटै भूमिका निर्वाह गरेकाले म स्थिर पात्रको रुपमा देखिन्छ । सबै विरामीलाई माया र ममता दिने, अर्काको पीडालाई आफ्नै दुःख सम्झिने  उक्त पात्र यस कथाको अनुकूल पात्रको रुपमा देखिन्छ । कथाको सुरुदेखि अन्त्यसम्म कथामा देखिने मञ्चीय पात्र हो । कथामा केन्द्रीय भूमिका निर्वाह गर्ने यस कथाको एकछिन पनि हटाउन नमिल्ने आवध्द पात्र हो ।

यस कथामा देखिएका अन्य पात्रहरुमा डाक्टर, नर्स, बच्चा जन्माउने स्वास्नीमान्छे, विरामी कुनै कुरुवाहरु पनि यस कथाका गौण पात्र हुन् । कथामा देखिएका बुढिमान्छे, बुढोमान्छे, आदि पात्र पनि गौण पात्रका रुपमा देखिन्छन् । कथामा यी पात्रहरु अनुकूल चरित्रका देखिन्छन् । कथाका बीच बीचमा देखा पर्दै हराउँदै जाने यी पात्रहरु स्थिर चरित्रका देखिन्छन् ।

४.१२.३ परिवेश

अस्पतालका मेटर्निटी वोर्डका महिलाहरुको रोदनले भरिएको दयनीय अवस्था,अस्पताल भित्रका  विभिन्न गतिविधिलाई कथावस्तुले समेटेको  छ । अस्पताल भित्रका मेटर्निटी वार्डको सम्पूर्ण दृश्य कथानकले बोकेको छ । यसरी कथामा नेपालका अस्पताल त्यस अस्पताल भित्रका मेटर्निटी वार्डमा मान्छेहरुको चाप,त्यसले निम्त्याएको दयनीय अवस्था,कुरुवाको अवस्था,आदि अवस्थामा कथानक अघि बढेको छ ।

४.१२.४ उद्देश्य

विशेष गरेर अस्पतालभित्र दयनीय स्थितिको चित्रण गर्नु उक्त कथाको उद्देश्य हो । त्यसमा पनि मेटर्निटी वार्डमा भएका  नारीहरुको प्रसव पीडालाई कथाले छर्लङ्ग्याएको छ । यहाँको मेटर्निटी वार्डको दृश्य कहाली लाग्दो देखिन्छ । आजको पढेलेखेको समाजमा छोराको जन्ममा खुसी व्यक्त  गरिन्छ भने छोरीको जन्मले निराशा छाउँछ । छोराछोरी जन्माउने दर्द बराबर भएकाले सन्तानमा भेदभाव गर्न नहुने  उक्त कथाले प्रस्तुत गरेको छ । आफन्त नहुने र श्रीमानसँग डेरामा जीवन गुजार्नेहरुका लागि त ठूलो समस्या देखिन्छ । त्यसैले विकसित मुलुकमा जस्तै गरी प्रसव पीडाको वास्तविक दर्द देखाउन पुरुषहरुलाई पनि मेटर्निटी वार्डमा प्रवेश गराउनु पर्ने भन्ने कुरा देखाउनु पनि उक्त कथाको उद्देश्य मानिन्छ ।

४.१२.५ दृष्टिविन्दु

यसमा 'म' प्रथम पुरुषको प्रयोग गरी कथानक अघि बढेको छ । त्यसैले आन्तरिक दृष्टिविन्दुको प्रयोग पनि देखिन्छ । त्यस्तै गरेर अस्पतालमा विरामीहरुको शारीरिक तथा मानसिक अवस्थाको चित्रण हुनाले सीमित दृष्टिविन्दुको प्रयोग पनि देखिन्छ । विरामी कुरुवाहरु नर्स डाक्टरलाई बुझाउने तृतीय पुरुष सर्वनामको प्रयोगले पनि बाह्य दृष्टिविन्दु कथामा भएको मान्न सकिन्छ ।

४.१२.६ द्वन्द्व

कथाको कथानकलाई गति प्रदान गर्ने क्रममा यस कथामा आन्तरिक तथा बाह्य दुवै द्वन्द्व देखिन्छ । अस्पतालका विरामीको प्रसव पीडाले गर्दा उनीहरुमा आन्तरिक द्वन्द्व पैदा गराएको छ । मानसिक रुपले छटपटिएका छन् । विरामीको पीडा र छटपटी देखेर विरामी कुरुवामा आन्तरिक द्वन्द्व पैदा भएको देखिन्छ भने अस्पतालको व्यवस्थापन पक्षले ध्यान नदिँदा विरामीको चापले निम्त्याएको अस्तव्यस्त परिस्थितिले त्यहाँका विरामी तथा कुरुवामा बाह्य द्वन्द्व पैदा भएको छ । मेटर्निटी वार्डमा पुरुषहरुलाई प्रवेश नगराइनु,छोरा र छोरीमा भेदभाव गर्नु आदिले कथाका पात्रहरुमा बाह्य द्वन्द्व देखिन्छ । यसरी कथामा आन्तरिक द्वन्द्व भन्दा बाह्य द्वन्द्व नै प्रवल रुपमा देखिन्छ ।

४.१२.७ घटना

अस्पताल भित्र विरामीहरुको दयनीय अवस्था, मेटर्निटी वार्डको दर्दनाक स्थिति, एउटै पीडा सहेर जन्माएका सन्तानप्रति गरिने भेदभाव, मेटर्निटी वार्डमा पुरुषलाई भित्र जान नदिनु आदि घटनाहरुले कथानकलाई गति प्रदान गरेका छन् ।

४.१२.८ संवाद

प्रस्तुत कथामा अस्पतालमा विरामी र कुरुवाका वीचमा संवाद भएको देखिन्छ । नर्स र विरामीको वीच पनि संवाद भएको छ । उनीहरुले प्रयोग गरेका संवादहरु छोटा र पीडाले भरिएका छन् । कथामा 'म' पात्रले एकल संवादको प्रयोग गरेको देखिन्छ । त्यस्तै गरेर कथाको पात्रहरुले परिस्थिति अनुसार प्रयोग गरिएका संवादहरु निकै सान्दर्भिक देखिन्छ । स्तर र अवस्थालाई विचार गरेर संवादको प्रयोग गरिएको छ ।

४.१२.९ भाषाशैली

प्रस्तुत कथा अस्पतालका विरामीहरुको पीडालाई समेटेर रचिएको छ । पात्रहरुको पीडा व्यक्त गर्ने क्रममा मनोवाद एकालापको प्रयोग पनि गरिएको छ । कथामा प्रयोग गरिएका वाक्य, पद, पदावली अत्यन्त सरल छन् । छोटा वाक्यहरु प्रयोग भएका देखिन्छन् ।

४.१२.१० अर्थ सापेक्ष

यस कथामा खास कुनै प्रतीक-विम्बको प्रयोग गरिएको देखिदैन । शीर्षक नै 'मेटर्निटी वार्ड' राखिएको र मेटर्निटी वार्डमा हुने विरामीहरुको चाप, विरामीहरुको प्रसव पीडा, त्यस पीडाले छटपटिएका व्यक्तिहरुको दयनीय अवस्था, विरामीको अवस्था देखेर मानसिक तनाव बोकेका कुरुवाहरुको अवस्था आदि कथाले यथार्थ चित्रण गरेको छ । यस कथाले सोझै विषयवस्तुको व्याख्या तथा चित्रण गरेकोले अर्थ सापेक्षका दृष्टिले उक्त कथाको शीर्षक सार्थक देखिन्छ ।

**४.१३ को होलान् मेरा बाबा ?**

"को होला मेरा बाबा" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको तेह्रौं कथा हो । आमाका कर्तुतका कारण आफ्नो सही बावु पहिल्याउन नसकेर छटपटियएकी एउटी बालिकाको कारुणिक अवस्था बोकेको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.१३.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त 'को होलान् मेरा बाबा' कथा हवाइजहाजसँगै उडेका मन कथा सँग्रहको तेह्रौं कथा हो । प्रश्नार्थक शीर्षक बोकेर रचिएको उक्त कथा बाबुको अभावले निम्त्याएको पीडा र छटपटिहरुलाई समेटेर लेखिएको छ । म पात्रको केन्द्रियतामा उक्त कथा रचिएको छ । म पात्र कथाकी नायिका हो । बाबुको अभावले गर्दा ऊ छटपटिएकी छ । आमालाई बाबुको वारेमा धेरै पटक प्रश्न गर्दा पनि गाली बाहेक केही उत्तर पाइन । उसको भौतिक सुख घरले दिएता पनि बाबुको अभावले मानसिक सुख कहिल्यै दिएन । बाबु ज्यादै असल मान्छे भएको र आमासँगको झगडाले घर छाडेर गएको कुरा उसले हजुरआमाबाट थाहा

पाउँछे । बाबुको फोटो पाएर पनि उसले त्यस फोटोमा बाबुको हेराइ पाइन किनकि ऊ त उसको (आदिप)को सन्तान नै थिइन । आमाले उसलाई सबैको सामु आदिपको सन्तान बनाइदिएकी  मात्र थिईन् । ऊ त आमाको अनैतिक सम्बन्धबाट जन्माएकी सन्तान थिई । जीवनमा बाबुको महत्व बुझ्दै गएपछि उसले डी.एन.ए.परीक्षण गरेर आफ्नो वास्तविक बाबु पत्ता लगाउन खोजेकी छे । जन्म दिने आमा पनि उसको लागि शत्रु सरी बनेकी छन् । उसको आमा आफ्ना पोल खोलिने डरले छोरीलाई हर कुरा लुकाउने प्रयत्न गर्थिन् । आमाको व्यवहार र चरित्र देखेर ऊ दिक्क भएकी थिई । साथी र साथीका बाबु तथा शिक्षक उसका प्रेरणाका स्रोत थिए । डी.एन.ए. परिक्षण गर्ने क्रममा आमाले ठूलो विरोध गरेको पाई । आमाको चलाखीले डी.एन.ए.परीक्षणबाट उसले अस्पतालबाट सही रिपोर्ट नआउने, वल, पैसाले थर्काएर आदिप नै उसको बाबु हो भन्ने कुरा रिपोर्टले देखाउने कुरा उसले थाहा पाउँछे । उसकी आमाको भनाइमा कुनै सत्यता थिएन । यदि ऊ आदिपकी छोरी भए उसलाई बाबुले स्वीकार्थ्यो । तर बाबुको हृदयले छोरी स्वीकारेन । डी.एन.ए. परिक्षणमा ठूलो रहस्य रहेको उसले अनुमान गरी । तर सत्य कुरा के होला भन्ने हजारौं प्रश्नहरुलाई समेटेर उक्त कथाको कथानक अघि बढेको छ । पारिवारिक जीवनलाई विषयवस्तु बनाई परिवारमा देखा परेका विकृतिलाई कथाले प्रस्तुत गरेको छ ।

४.१३.२ पात्र

१० वर्षकी बालिकाको केन्द्रियताले उक्त कथानक अघि बढेको छ । ऊ यसको मुख्य नारी पात्र हो । बाबुको अभावले सन्तानमा कति कमी महसुस हुन्छ भन्ने कुरा उसको चरित्रले देखाएको छ । ऊ यस कथाको सत् पात्रको रुपमा देखिएकी छे । आमासँग विद्रोह गरेर भए पनि बाबुको खाजी गर्ने काम गरेकी छे । ऊ यस कथाकी अनुकूल पात्रको  रुपमा देखिएकी छे । कथाको सुरुदेखि अन्त्यसम्म एउटै भूमिका निर्वाह गरेकाले स्वभावका आधारमा ऊ स्थिर पात्र हो । आसन्नताका आधारमा कथाको सुरुदेखि अन्त्यसम्म देखा पर्ने मञ्चीय पात्र हो । कथामा केन्द्रीय भूमिका भएको आबध्द पात्रको रुपमा देखिएकी छे ।

त्यस्तै कथामा देखिएका अन्य पात्रहरुमा म पात्रकी आमा यस कथाकी  सहायक नारी पात्र हुन् । उनी  यस कथाकी गतिशील चरित्र हुन् । नारी चरित्रको हत्या गरेकी छे । लोग्नेसँग मिल्न नसक्नु,अन्य लोग्ने मान्छेहरुसँग नराम्रो सम्बन्ध राख्नु, छोरा छोरी  घर परिवारलाई छल्नु, सन्ताको इच्छा र चाहनाको कदर नगर्नु, अवोध छोरीलाई पनि वास्तविक बाबु नभएर अरुलाई बाबु हो भन्न बाध्य बनाउनु आदि जस्ता चरित्रले गर्दा ऊ यसकी प्रतिकूल नारी पात्रको रुपमा देखिएकी छे । चरित्र परिवर्तन भइरहने भएकाले ऊ यस कथाकी गतिशील चरित्र हो । उसको भूमिका पनि कथाको सुरुदेखि अन्त्यसम्म रहेकाले मञ्चीय पात्र हो । कथाबाट हटाउन नमिल्ने आवध्द चरित्र हो ।

त्यस्तै कथाको अन्य पात्रहरुमा म पात्रको बाबा आदिप देखिएको छ । ऊ यस कथाको सहायक पुरुष पात्र हो । ऊ कमजोरी पात्र तथा अनुकूल पात्रको रुपमा कथामा देखिएको  छ । स्वास्नीलाई आफ्नो वसमा राख्न नसक्नु उसको कमजोरीपन हो । ऊ गतिशील चरित्र हो । ऊ यस कथामा ठाउँ ठाउँमा मात्र देखा पर्ने गरेकाले ऊ मुक्त पात्रको रुपमा देखा पर्छ । नाजायज

सन्तानलाई आफ्नो नाम दिएर बाबु भनी चिनाउने स्वास्नीलाई पनि ऊ केही सजाय दिन नसकी घर छाडेर जानु उसको कमजोरीपन हो । कथामा आदिपका कमजोरी भए पनि ऊ कथाको उद्देश्य पूर्ति गर्न सत् पात्र हो । ऊ यस कथाको मञ्चीय पात्र हो ।

म पात्रको दाइ, हजुर आमा ,मामा, मामाको छोरा छोरीहरु, रमिता (साथी) ,रमिताका बुबा स्कूलका शिक्षकहरु आदि कथाका अनुकूल चरित्र हुन् । यिनीहरु स्थिर चरित्रका पात्रहरु हुन् । श्यामु यस कथाको प्रतिकूल चरित्र हो । घरमा आउने थुप्रै लोग्नेमान्छेहरु यस कथाका गौण पात्रहरु हुन् । गौण भूमिका निर्वाह गरेका उल्लेखित पात्रहरुले कथानकको विकासमा सहयोग पुऱ्याएका छन् ।

४.१३.३ परिवेश

विहानी सूर्योदयको समय सुनसान वातावरणलाई अँगाल्दै उक्त कथानक अघि बढेको छ । उच्च वर्गीय परिवारलाई कथाले बोकेको छ । प्रकृतिको शान्त वातावरण घरलाई छोए पनि घरभित्रका मानिसहरु आफ्नै पीडाले पिल्सीएका देखिन्छन् । घरभित्रको वातावरण उराठलाग्दो छ । अपरिचित अनुहारले आफूलाई शंकाको दृष्टिले हेर्नु, आमाले पनि छोराछोरीलाई आक्रामक वचनले पोलिरहनु, जसले गर्दा घरभित्रको वातावरण त्रासपूर्ण थियो । शिक्षा आर्जन गर्ने क्रममा शिक्षकहरु स्नेहपूर्ण वातावरण पनि कथामा पाइन्छ । त्यस्तै साथी रमिताको घरको मायालु वातावरण पनि कथामा समेटिएको छ । डी.एन.ए.परिक्षणका क्रममा अस्पतालको वातावरण, अस्पतालका रगत परिक्षण प्रयोगशालाको परिवेश पनि कथामा पाइन्छ । आमाको चरित्रले गर्दा उसका सन्तानहरुले भोग्नु परेको दयनीय अवस्थालाई समेटेर उक्त कथाको परिवेश तयार गरिएको छ ।

४.१३.४ संवाद

कथाको घटनालाई गति प्रदान गर्ने क्रममा संवादको निकै ठूलो भूमिका देखिन्छ । कथाको पात्रको मनोविश्लेषण गर्न एकल संवाद र पात्रको चरित्र उद्घाटन गर्ने दोहोरो संवादको प्रयोग गरिएको पाइन्छ । कथामा समाजका यथार्थ पात्रहरु वीचको वार्तालाप संवादका रुपमा आएकाले यसमा प्रयुक्त संवाद पनि व्यवहारिक छन् । कथामा लिङ्ग र स्तर,उमेर अनुसारका संवाद प्रयोग भएका छन् । पात्रपात्रा बीचका संवादले कथानक स्पष्ट पार्ने काम गरेको छ । कथामा भूमिका पाएका सबै पात्रले कहीँ त लामा र कहीँ छोटा संवादको प्रयोग गरेका छन् ।

४.१३.५ द्वन्द्व

यस कथाका पात्रहरु आन्तरिक र बाह्य दुवै द्वन्द्व चित्रण गरिएको छ । कथामा पात्रको मनोविश्लेषण भएकाले आन्तरिक द्वन्द्व उलेख्य देखिन्छ । कथाकी नायिका (म पात्र), उसकी आमा, बाबु आदि सबैमा आन्तरिक द्वन्द्व छ । म पात्र मनोद्वन्द्वमा परेकी छ । किनकि उसलाई आमाले वास्तविक बाबुको सहि पहिचान नगराएकीले उसमा बाबुको अभाव भएको छ । यसले म पात्रलाई मनोद्वन्द्व उत्पन्न गराएको छ । स्वास्नीको चरित्र देखेर आफूलाई नाजायज

सन्तानको बाबुको परिचय दिँदा आदिपको स्वास्नीप्रतिको व्यवहारले वाह्य द्वन्द्व उत्पन्न गराएको छ । आफ्नो बाबुको अनुपस्थितिमा घरमा आउने अपरिचित अनुहारले छोरा छोरी बाह्य द्वन्द्व उत्पन्न गराएको छ । छोरीको डि.एन.ए. परिक्षण गर्ने विचार देखेर आमामा मनोद्वन्द्व उत्पन्न भएको छ । लोग्नेले घर छाडेर गएपछि छोराछोरीले बाबुको बारेमा सोधपुछ गर्ने क्रममा आमामा आन्तरिक द्वन्द्व निम्त्याएको छ । डी.एन.ए.परीक्षणले आदिप नै वास्तविक बाबु देखाएता पनि बाबुले छोरीका रुपमा आफूलाई नदेख्नु,आमाको व्यवहारप्रति विश्वास गर्ने आधार नबन्नु आदि परिस्थितिले पनि कथाको पात्रहरुमा आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । यसरी सिङ्गो कथा नै विभिन्न पात्रहरुको वीचमा देखिने द्वन्द्वले भरिएको छ ।

४.१३.६ घटना

प्रस्तुत कथालाई गति दिने क्रममा कथाभित्र थुप्रै घटनाहरु समावेस गरिएका छन् । घरमा बाबुको अनुपस्थिति हुनु, घरमा आमाका सामिप्य धेरै लोग्नेमान्छेहरु आवतजावत भइरहनु, आमाले छोराछोरीलाई भन्दा नोकर (श्यामु)लाई बढी चासो दिनु, बाबुको आमासँग झगडा गरेर घर छाड्नु, आमाले आफ्नो चरित्र हत्या हुन बाट बचाउन आदिपलाई नै बाबु भन्न लगाउनु, साथीको सल्लाह र सुझावले डी.एन.ए. परिक्षण गर्नु, डी.एन.ए. परिक्षण गर्नेहरु पैसा, कर, धम्कीले गलत रिपोर्ट आउनु जसले गर्दा वास्तविक बाबु फेला पार्न नसक्नु आदि यस कथाका प्रमुख घटनाहरु मानिन्छन् ।

४.१३.७ दृष्टिविन्दु

यो कथामा धेरै जना पात्रहरु उपस्थित गराएको छ । 'म' पात्र जो कथाको प्रथम पुरुष पात्रको केन्द्रीयतामा कथा निर्माण गरिएको छ । कथाको कथानकलाई क्रमबध्द रुपमा अघि बढाउन म पात्रको सक्रिय भूमिका देखिन्छ । त्यस्तै कथानकलाई क्रमबध्द गर्ने क्रममा कथाका अन्य पात्र, आमा, आदिप, दाइ, हजुरआमा, श्यामु, तथा अन्य व्यक्तिहरु पनि छन् । यी तृतीय पुरुष हुन् । त्यसैले उक्त कथाभित्र आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

४.१३.८ उद्देश्य

बाबु भनेका अभिभावक हुन् । उनको अनुपस्थितिले घर परिवारमा शान्ति नछाउने,सन्तानहरु बाबुको अभावले तड्पिने गर्छन् भन्ने कुरा उक्त कथाले देखाएको छ । बाबु आमाको झगडाले बच्चालाई ठूलो चोट पर्न सक्ने,आमाले मात्र सन्तानलाई बाबुको परिचय दिएर हुँदैन बाबुले पनि यो आफ्नो सन्तान हो भन्ने ठान्न स्वास्नी माथि विश्वास हुनुपर्छ । आमा चरित्रहीन भएमा नाजायज सन्तानलाई कुनै पनि बाबुले आफ्नो भनी स्वीकार्न सक्दैन भन्ने कुरा पनि उक्त कथाले देखाएको छ । धनी वर्गका नारी चरित्रको उद्घाटन गरेर देखाउनु घरमा विभिन्न प्रकारका लोग्नेमान्छे बोलाउनु ,उनीहरुको उपस्थितिमा आनन्द मान्नु, सन्तानको खुसी र इच्छालाई लत्याउनु, भौतिक भोगविलासको जीवन चाहनुले घर परिवारमा अशान्ति हुने,सन्तानमा मानसिक पीडा छाउने कुरा देखाएको छ । आधुनिक समाजमा सबै पैसा र पदका पछि लाग्छन् । जोसँग पैसा र पद छ उसले सबै ठाउँमा आफ्नो प्रभुत्व जमाउन सक्छ

। डी.एन.ए.परीक्षण जस्तो सही नतिजा निक्लनुमा पनि पैसाकै कारोबार चल्छ । डाक्टर जस्तो उच्च तहमा वस्ने व्यक्तिहरुले पैसाको कालो पट्टी लगाएर ठीकलाई वेठीक बनाइ दिन्छन् । त्यसैले निर्दोष व्यक्ति दोषी ठहरिन्छ । यसरी समाजको विविध पक्षहरुलाई केलाएर यथार्थता प्रस्तुत गर्नु अथवा समाजका विविध चरित्रलाई छर्लङ्ग्याउनु उक्त कथाको उद्देश्य देखिन्छ ।

४.१३.९ भाषा शैली

आयामगत हिसावले आठ पृष्ठमा रचिएको उक्त सरल भाषामा रचिएको छ । कथाको प्रस्तुतिको शुभारम्भ दुःख र पीडाले भरिएको छ । समग्रमा कथाको आन्तरिक पक्ष दुःखान्त स्थितिमा निर्मित देखिन्छ । आमाको अपमान, बाबुको पहिचान हुन नसक्नु आदि कारणले उक्त कथाका सबै पात्रहरुमा पीडा छाएको छ । ठाउँठाउँमा मनोवादात्मक र संवादात्मक वाक्यहरु, सरल पद पदावलिले कथा सहज बन्न पुगेको छ । समग्रमा भन्नुपर्दा भाव, भाषा, प्रस्तुती, शिल्पशैली आदि पक्षबाट हेर्दा कथाको भाषा सरल र सहज छ ।

४.१३.१० शीर्षकमा सार्थकता

यस कथामा खास कुनै प्रतीक विम्वको प्रयोग नगरी समाजको पारिवारिक यथार्थता प्रस्तुत गरिएको छ । उक्त कथामा प्रमुख पात्र १० वर्षकी बालिका छे । ऊ १० कक्षामा पढ्दा पनि उसले आफ्नो वास्तविक बाबुको पत्ता लगाउन सकिन,बाबुको माया पाइन । आमालाई सोध्दा आदिप (उसको लोग्ने) नै बाबु हो भनेर छोरीलाई भनेकी छे । तर बाबु छोरीलाई आफ्नी छोरी मान्न तयार छैन । आफ्नो  चरित्र हत्या हुने डरले छोरा छोरीलाई झुठो बोलेर कर्तुत ढाक्ने काम गरिरहेकी आमाको चरित्र देखेर छोरीमा पनि विभिन्न शंका उठ्न थालेको देखिन्छ । झुट व्यवहारले मातृत्वलाई हराउँछ । यसरी आमाबाट पनि सत्य र तथ्य कुरा थाहा नपाउँदा जीवनमा तड्पिनु पर्ने वाध्यताले जिन्दगीभर हजारौं प्रश्नहरुले पिरोलीरहने  कुरा प्रस्तुत गर्ने उक्त कथाको शीर्षक निकै सफल देखिन्छ ।

## ४.१४ म द्वन्द्वमा परें

"म द्वन्दमा परें" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको  चौधौं कथा हो । समाजमा नारी र पुरुषका बीचमा हुने आरोप र प्रत्यारोपलाई समेटेर तयार पारिएको कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.१४.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा 'हवाइजहाजसँगै उडेको मन' कथा सँग्रहको चौधौं कथा हो । यस कथाकी प्रमुख पात्रको मनमा उठेका ध्वनिको तर्कनाहरुले उनलाई द्वन्द्वमा पारेको छ । लोग्ने मान्छेलाई विभिन्न लाञ्छना लगाउने स्वास्नीमान्छेहरु र स्वास्नीमान्छेहरुको चरित्र बुझ्नै नसक्ने भनी आरोप लगाउने लोग्ने मान्छे वीचको ठूलो भन्ने दोधार सम्झना (प्रमुख पात्र)लाई भएको छ । नारीलाई चरित्रहिनको  संज्ञा दिने यहाँका पुरुषहरु नारीलाई दवाएर राख्ने

र विश्वास नगर्ने कुरामा जोड दिन्छन् । हाम्रो समाजमा लोग्ने मान्छेका स्वास्नीमान्छे प्रति र स्वास्नीमान्छेको लोग्नेमान्छे प्रतिको धारणा फरक फरक हुन्छ । त्यसैले समाजमा भएको लोग्ने र स्वास्नी मध्ये दोषी को भनी विवादात्मक रहेको स्पष्ट देखिन्छ । आफ्ना असह्य वेदनालाई व्यक्त गर्ने र जीवनमा बाच्ने सहराको खोजी गर्ने उद्देश्यले नै सम्झना साथीकहाँ पुग्छे । आफूलाई समाल्न नसकी ऊ डाँको छोडेर रुन थाल्छे । जीवनमा अनेकौं सुख भए पनि मानिसले जवसम्म पारिवारिक सुख भोग गर्न पाउँदैन त्यतिखेर जस्तो सुकै धन सम्पत्ति दिए पनि उसलाई खुशी लाग्दैन र सम्झना भने निश्चय गर्न चाहन्छे । तर उसका छोराछोरीको मायाले छेक्छ । यतातिर आफ्नो लोग्नेको चाल देखेर आजित बन्छे । आफ्नो लोग्नेको जीवनमा आएको परिवर्तनले ऊ चिन्तित छे । कोही विदेशी केटीको संगतले लोग्नेको बानी बदलिएको र त्यसले आफ्नो जीवनमा ठूलो परिवर्तन ल्याएको छ । जीवनमा अनेकौं अप्ठ्याराहरुसँग सामना गर्नु परेको छ । आफूले धेरै विश्वास गरेको मान्छेले धोका दिन्छन् भन्ने सोचेकी पनि थिइन । त्यस केटी प्रति सजग रहन सम्झनाले आफ्नो लोग्नेलाई सल्लाह पनि दिएकी थिई । एउटा असल पति नै एउटी नारीको साह्रा खुशी भएको कुरा देखाउँदै उक्त कथाको कथानक अघि बढ्दै गएको देखिन्छ ।

४.१४.२ पात्र

यस कथामा सम्झना प्रमुख नारी पात्र हो । उसैको केन्द्रियतामा उक्त कथाको कथानक अघि बढेको छ । ऊ यस कथाको सत वा अनुकूल नारी पात्र हो । आफूलाई माया गर्ने लोग्नेको बर्बादी जीवन धेरै दुःखि बन्ने कुरा कथाले प्रस्तुत पात्रको चरित्रले उदाङ्गो पारेर देखाएको छ । उसको चरित्र सुरुदेखि अन्तसम्म एउटै भएका ऊ स्थिर पात्रको रुपमा देखिएकी छे । कथाको सुरुदेखि अन्त्यसम्म पनि उसैको भूमिका भएकाले पनि ऊ मञ्चीय पात्र हो । कथाको कथानक अघि बढाउने क्रममा केन्द्रीय भूमिका निर्वाह गर्ने वध्द पात्र हो ।

त्यस्तै कथावस्तु अघि बढाउने क्रममा म पात्र पनि देखिएकी छ । म पात्र यस कथाको मुख्य नारी पात्र हो । कथाकी अर्की नारी पात्र सम्झनाका पीडाहरु साथ दिएर सम्झाउने बुझाउने काम गरेकी छे । ऊ यस कथाकी स्थिर र अनुकूल पात्र हो । ऊ पनि कथामा सुरुदेखि अन्त्यसम्म देखा परेकी छे ।

त्यस्तै कथामा सम्झनाको लोग्ने शेखर यस कथाको सहायक पुरुष पात्र हो । कथानकलाई गति दिने क्रममा उसको भूमिका पनि निकै महत्वपूर्ण देखिन्छ । शेखर यस कथाको प्रतिकूल वा असत चरित्र हो । आफूले मन पराएर विवाह गरेकी पत्नीलाई त्यागेर ऊ एउटी विदेशीकेटीको माया जालमा फसेको छ । ऊ उसको गतिशील पात्र हो । ऊ यस कथाको मञ्चीय पात्र हो ।

त्यस्तै विदेशी महिला यस कथाको सहायक पात्र हो । कथानकलाई गति दिने क्रममा अर्कैको पति शेखरलाई मायामा फसाएर उसको घर व्यवहार विगार्ने काम गरेकी छे । ऊ यस कथाका प्रतिकूल चरित्र हो । ऊ स्थिर पात्र हो ।

त्यस्तै छोराछोरीहरु यस कथाका गौण पात्रहरु हुन् ।

४.१४.३ परिवेश

समाजमा लोग्ने मान्छे र स्वास्नीमान्छे मध्ये ठूलो आ-आफूलाई ठान्ने अहम पनाले भरिएको वातावरण, काठमाण्डौ सहरका बाटाहरु, जाडोको समय, पातलो हुस्सुले विहानको चिसो वातावरण कथामा भित्रिएको छ । म पात्रले अफिसमा काम गर्दा अफिसको परिवेश पनि कथामा पाइन्छ । लोग्नेको अपमानले गर्दा सम्झनाको पीडाजन्य अवस्था, शेखर विदेशी महिलासँग घुम्ने क्रममा ग्रामीण परिवेश पनि कथामा देखिन्छ । अपराध गरेर सजाय भोग्ने ठाउँ जेलको अवस्था पनि कथामा पाइन्छ । समग्रमा काठमाण्डौवासीका दयनीय अवस्थालाई कथानकले देखाएको छ ।

४.१४.४ घटना

यस कथाका प्रमुख घटनाहरुले कथानकलाई गति दिएका छन् । सहरका लोग्ने मान्छे र स्वास्नी मान्छेले एक अर्का प्रति विश्वास गर्न नसक्नु, आफूले आफूलाई ठूलो ठान्नु, सम्झनाको लोग्ने शेखरले विदेशी केटीसँग लाग्नु, आफ्नी पत्नीलाई र छोराछोरीप्रतिको कर्तव्य पूरा नगर्नु ,स्वास्नीका राम्रा कुरा तथा मायालाई लत्याउनु, विदेशी केटीलाई घरमा आइरहन दिनु, सम्झनाले लोग्नेसँग प्रतिवाद गर्न नसक्नु आदि यस कथाका घटना मानिन्छन् ।

४.१४.५ उद्देश्य

यस कथामा लोग्नेमान्छे र स्वास्नीमान्छेले आफू-आफूलाई ठूलो नठानेर एक अर्कामा विश्वास राखी जीवन चलाउनु नै उचित हुने कुरा देखाइएको छ किनकी नारी र पुरुष एक रथका दुई पाङ्ग्रा हुन् । आइमाईलाई हेप्ने र दवाव दिने भनेका नारी नै हुन्,नारी स्वतन्त्र भएमा पुरुषको अस्तित्व समाप्त हुने कुराले पनि नारी प्रतिको दवाव भन्ने बुझिन्छ । पढेका व्यक्ति तथा धनि व्यक्तिको पनि आचरण नराम्रो हुने, आफ्नी घरकी श्रीमती तथा छोराछोरीहरुको वर्वाद हुने गरेर वाहिरिया केटीसँग मोजमस्ती गर्ने हिड्ने समाजका व्यक्तिहरुको चरित्र उदाङ्ग पारेर देखाएको छ । जो कोही विदेशी महिलाको विश्वास गर्नाले पनि जीवन वर्वाद हुन्छ । बाबुले छाडेर गएका सन्तानलाई आमाले मात्र भए पनि समाल्नु पर्ने वाध्यता छ । यी आदि कुराहरुले देखाउनु यस कथाको उद्देश्य देखिन्छ ।

४.१४.६ द्वन्द्व

यस कथाका पात्रहरुमा आन्तरिक र बाह्य दुवै द्वन्द्व देखिन्छ । सम्झनाको लोग्नेले दिएको धोकाले पतिसँग वाह्य द्वन्द्व देखिन्छ भने उसले दिएको पीडाले सम्झनामा आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । विदेशी केटीका कारणले सम्झनाको लोग्नेले उसलाई त्यागेको छ । जसले गर्दा पनि सम्झनामा द्वन्द्व उत्पन्न गराएको छ । छोराछोरीलाई हेंला गर्नाले पनि वाह्य

द्वन्द्व उत्पन्न गराएको  छ । यसरी कथामा पात्रहरुका वीचमा आन्तरिक र वाह्य दुवै द्वन्द्व देखिन्छ ।

४.१४.७ दृष्टिविन्दु

कथानक अघि बढाउने क्रममा 'म' पात्र प्रथम पुरुष पात्रको प्रयोग गरिएको छ । कथानकलाई  क्रमवध्द गर्ने क्रममा कथामा सम्भना, शेखर, विदेशी महिला तथा छोराछोरीको पनि सक्रिय भूमिका देखिन्छ । यी कथा तृतीय पुरुष पात्रहरु हुन् । त्यसैले उक्त कथाभित्र आन्तरिक र वाह्य दुवै दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

४.१४.८ भाषाशैली

आयामगत हिसावले ६ पृष्ठमा रचिएको उक्त कथा सरल भाषामा रचिएको छ । कथाको प्रस्तुतिको शुभारम्भ नै तर्कपूर्ण  छ । समग्रमा कथाको आन्तरिक पक्ष दुखान्त स्थितिमा निर्मित देखिन्छ । लोग्नेको अपमान, छोराछोरीको जीवन उज्वल पार्नु पर्ने वाध्यता, सम्भनाका दुःख पीडाले गर्दा कथाका सबै पात्रहरुमा पीडा छाएको छ । ठाउँठाउँमा मनोवादात्मक र संवादात्मक वाक्यहरु पनि देखिन्छन् । परिस्थिति भाषाको प्रयोग गरिएको छ । सरल पद तथा पदावलीले कथा सहज बनेको छ । कथ्य भाषाको प्रयोग पनि कथामा  गरिएको पाइन्छ । यसरी भन्नुपर्दा भाव, भाषा, प्रस्तुति, शिल्पशैली आदि पक्षबाट हेर्दा कथाको भाषा सरल र सहज छ ।

४.१४.९ संवाद

कथालाई गति दिने क्रममा संवादको पनि मुख्य भूमिका रहेको देखिन्छ । यस कथाको संवाद पक्ष पनि सरल छ । म पात्र र सम्भनावीचका संवादले कथालाई निश्चित मोडमा पुऱ्याएको छ । सम्भनाका घरायसी घटना तथा लोग्नेको चारित्रिक अवस्थालाई खोतल्ने म पात्रको जिज्ञासु स्वभाव र सम्पूर्ण घटनालाई नढाँटी भन्ने सम्भनाको स्वभावले कथालाई गति दिएको छ । छोटा पदावली र संवादहरुको प्रयोग गरिएको छ । सम्भना र शेखरबीच भएको संवादले कथामा दुःखद परिस्थितिको सिर्जना गरेको छ ।

४.१४.१० अर्थ सापेक्ष

उक्त कथाको शीर्षकबाट के प्रमाणित हुन्छ भने यस कथाका मुख्य पात्रहरु दोधारमा देखिन्छन् । उनीहरु आन्तरिक तथा बाह्य द्वन्द्वबाट पिडित छन् । लोग्नेमान्छे आफूलाई ठूलो र स्वास्नीमान्छेले आफैलाई ठूलो ठानेको देखेर म पात्र द्वन्द्वमा परेको देखिन्छ । त्यस्तै आफ्नो पति शेखरले विदेशी केटीलाई बढी विश्वास गर्नाले सम्भनालाई मर्नु कि बाँच्नुको अवस्था भएको छ । उता शेखर पनि आफ्नी पत्नी अपनाउने कि विदेशी केटीसँग बस्ने भन्ने कुराले पिडित छ । यसरी हेर्दा यहाँका सबै जसो पात्रहरु द्वन्द्वमा रहेकाले कथाको शीर्षक सार्थक देखिन्छ ।

४.१५ म बाढीझैँ रोइरहेँ

"म बाढीझैँ रोइरहेँ" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको पन्ध्रौँ कथा हो । उमेर पुगेकी छोरीलाई विवाह नगरिदिँदा घरपरिवारका सदस्य सामू ऊ बोझ बन्ने र सबैले अपहेलना गर्ने कुरा देखाउने उक्त कथालाई कथातत्वका आधारमा यसरी वर्णन गरिन्छ ।

४.१५.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा "हवाइजहाजसँगै उडेको मन" कथा सँग्रहको पन्ध्रौँ कथा हो । विवेच्य कथा नारी प्रधान कथा मानिन्छ । विवाहको समय भएकी एउटी नारीको जीवनको केन्द्रीयतामा उक्त कथा रचिएको छ । विवाह गर्न उमेर पुगेकी छोरीको वास्तविक परिस्थितिमा आधारित उक्त कथाको कथावस्तु दुःखान्त तथा कारुणिक छ । विवाह योग्य छोरीलाई घरमा राख्दा आइपर्ने विभिन्न समस्यालाई उक्त कथाले उजागर गरेको छ । छोराहरुको विवाह हुनुभन्दा अगाडि सुख र खुसीले भरिएको परिवारमा विस्तारै मन मुटाव सुरु हुन थालेको देखिन्छ । घर व्यवहार मिलाएर राख्नको लागि पनि उमेर पुगेकी छोरीलाई माइतमा राख्न नहुने ठानी आमाबाबुले विवाह गरिदिने निर्णय गर्छन् । तर सोनुलाई यस कुराले स्तव्ध तुल्याउँछ । साथीजस्तो गरेर बसेका दाइहरु भएको ठाउँमा जाँदा दाइहरुले वास्ता नगर्नु, भाउजुहरुले दाइहरुलाई उनीहरुको वसमा पार्नु, बहिनीप्रति नकारात्मक धारणा पैदा गराउनु आदि कारणले दाइहरु पनि ऊबाट टाढा हुँदै गएका देखिन्छन् । फेरि बहिनीको विवाह खर्च कसले जुटाउने भन्ने विषयमा पनि घरमा अशान्ति छाएको छ । दुवै दाइ भाउजूहरु बाहिरी रुपमा जति माया देखाएता पनि धेरै खर्च गर्न सहमत देखिँदैनन् । उनीहरुलाई स्वास्नीहरुले दवाव दिइरहेका छन् । घरमा यस्तो अशान्ति छाउनुको मूल कारण बहिनी नै हो भनी लाञ्छना लगाउँछन् । त्यसैले बाबु आमाले छोरीको विवाह गरिदिएर घर शान्ति हुने र पारिवारिक बोझ हल्का हुने ठानी सोनुको विवाह गरिदिने निर्णय गर्छन् । विवाहको लागि कत्ति पनि सोनु चाहन्न तर उसको परिवारको इज्जत बचाउन र विवाह पश्चात त्यस घरका परिवारले ऊ प्रति गरिने व्यवहार सम्झेर ऊ विवाहको लागि खर्च गर्न बाध्य देखिन्छे । यसरी पारिवारिक विषयवस्तुलाई समेटेर उक्त कथाको कथानक अघि बढेको देखिन्छ ।

४.१५.२ पात्र

विवेच्य कथामा मुख्य पात्र कथा वाचक म पात्र (सोनु) रहेकी छे । सोनु यसकी मुख्य नारी पात्र हो । कथालाई मूर्तरुप दिने काम कथाकारले सोनुको माध्यमबाट गरेको देखिन्छ । कथालाई गतिदिने काम सोनुको माध्यमबाट भएको देखिन्छ । सोनु यस कथाको सत् पात्र वा अनुकूल पात्र हो । कथाको सुरुदेखि अन्तसम्म एउटै भूमिका निर्वाह गर्ने सोनु यस कथाको स्थिर पात्र हो । कथाको सुरुदेखि अन्तसम्म देखिने मञ्चीय पात्र हो । कथामा केन्द्रीय भूमिका भएको आवध्द पात्रका रुपमा देखिएकी छे ।

कथमा सोनुका  आमा बुबा सहायक पात्रहरु हुन् । छोरीलाई विवाह गरिदिएर घर परिवार सुखी देख्न चाहने र छोरीको सुखी जीवनको कल्पना गर्ने  उनीहरु यस कथाका अनुकूल पात्रहरु हुन् । त्यस्तै सोनुका दाइहरु जसलाई सोनु अत्यन्तै माया गर्थी र उनीहरुबाट पनि त्यत्तिकै माया पाउँथी तर उनीहरुको विवाह पछि दाइ बहिनीको माया धमिलिँदै गएको छ । दाइहरु भाउजुको वसमा परेर बहिनीप्रति नकारात्मक भावना राख्ने थालेका हुन् । उनीहरु यस कथाका सहायक पात्र हुन् । उनीहरु यस कथाका प्रतिकूल चरित्रका देखिन्छन् । धन भइकन पनि बहिनीको विवाहको लागि खर्च गर्नुको साटो घरमा अशान्ति मच्चाउने  उनीहरु गतिशील पात्र हुन् । त्यस्तै  भाउजूहरु पनि यस कथाका सहायक पात्रका रुपमा देखिन्छन् । उनीहरु प्रतिकूल  चरित्रका नारी पात्र हुन् । आफू नारी भएर पनि एउटी नन्दमाथि कुदृष्टि राख्ने, लोग्नेहरुलाई वसमा पारेर अशान्ति मच्चाउने यी पात्रहरु गतिशील चरित्रका देखिन्छन् । त्यस्तै कथामा दाइ भाउजूका छोराछोरीहरु गौण पात्रका रुपमा देखिन्छन् ।

४.१५.३ परिवेश

बाहिर घामले उज्यालो छाएता पनि पीडाले जलेको मन अँध्यारो हुने कुराको सँकेत गर्दै कथानक अघि बढेको देखिन्छ । सुखले भरिएको सम्पन्न जीवन फूल बगैँचाले सजिसजाउ घर, काम गर्ने अफिसको सबै वातावरण कथाले समेटेको छ । उच्च मध्यम वर्गीय परिवारको वास्तविकतालाई  कथाले समेटेको छ । छोरी सोनुको विवाहको प्रस्तावले घर भित्रको वातावरण धमिल्याएको छ । सोनुको लागि विवाह खर्च जुटाउने वा कसले कति खर्च गर्ने भन्ने विषयमा विभिन्न विचार पैदा भएका छन् । पैसा खर्च गर्ने मामलामा पढे लेखेका व्यक्तिहरुको चित्त सानो गर्छन् । दाइहरुको कोठाको वातावरण, आमाबाबुको दयनीय अवस्था, भाउजूहरुको घोचपेच आदिले निम्त्याएको अशान्तिपूर्ण वातावरण कथामा पाइन्छ । घरको रमाइलोपनमा धमिलोपन हटाउन बाबुआमाले गरेको निर्णयले सिर्जना गरेको सोनुको दुःखद अवस्थालाई पनि कथाले प्रस्तुत गरेको छ ।

४.१५.४ उद्देश्य

विवेच्य कथाको मुख्य उद्देश्य भनेको  उमेर पुगेकी विवाहयोग्य छोरीको विवाह समयमा नै गर्नुपर्ने देखिन्छ । बाबुआमाको लागि पनि बोझ हलुका हुने,कर्तव्य पूरा हुने कुरा महसुस गर्छन् । भाउजूहरुले आफू पनि कसैको छोरी हुँ भन्ने कुरा बिर्सेर नन्दहरुलाई  बोझ ठान्ने परिपाटी देखाएको छ । नारीको शत्रु लोग्नेमान्छे नभएर नारी नै हुने कुरा पनि प्रष्ट देखिन्छ किनकि दाइहरुले अत्यन्त माया गरेर पालेकी सोनु भाउजूहरु आएपछि दाइबाट टाढिँदै गएकी छे । उमेर पुगेकी छोरीलाई समयमा विवाह नगरिदिए घर बिगार्छन् भन्ने गलत धारणा पनि प्रस्तुत गरिएको छ । गलत धारणा बोकेका परिवारमा धेरै पैसा खर्च गर्दा र दाइजो दिँदा इज्जत रहन्छ भन्ने ठान्छन् । त्यही खर्च जुटाउने क्रममा घरमा मनमुटाप हुने  कुरा पनि देखाइएको  छ । त्यसैले छोरीको विवाहको लागि धेरै खर्च नगरी सामान्य रुपमा गर्नुपर्ने ,दाइजो प्रथा हटाउनु पर्ने जसले गर्दा विवाह पश्चात घरमा गएपछि उसलाई  घरका परिवारले हेँला नगरुन् भन्ने कुरा देखाइएको  छ ।

४.१५.५ द्वन्द्व

कथाका पात्रहरुका वीचमा आन्तरिक र बाह्य दुवै द्वन्द्व चित्रण गरिएको छ । कथाकी नायिका सोनुको केन्द्रीयतामा कथाको संरचना तयार गरिएकोले कथामा मनोद्वन्द्व पनि पाइन्छ । कथामा सोनुलाई विवाहको प्रस्तावले आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । छिटै विवाह गरिदिने निर्णय सुनेर आमाबाबुप्रति वाह्य द्वन्द्व उत्पन्न भएको देखिन्छ । त्यस्तै दाइ र भाउजूहरुले आफूप्रति गरेको व्यवहार यी सवैको विचमा वाह्य द्वन्द्व उत्पन्न गराएको छ । छोरीलाई विभिन्न लाञ्छना लगाउने र छोरीलाई चाँडै विवाह गरिदिनु पर्ने वाध्यताले बाबुआमा र छोरा बुहारीप्रति वाह्य द्वन्द्व उत्पन्न भएको देखिन्छ । यसरी कथामा आन्तरिक भन्दा वाह्य द्वन्द्व नै प्रवल रुपमा देखिएको छ ।

४.१५.६ घटना

प्रस्तुत कथालाई गतिदिने क्रममा कथामा विविध घटनाहरुको समायोजन गरिएको छ । आफ्नो निर्णयविना आमाबाबुले विवाहको निर्णय गर्नु, दाइहरुको विवाह पश्चात घर बिग्रदै जानु, माया गर्ने दाइहरुले वेवास्ता गर्नु, भाउजूहरुले आफ्नो विरुध्दमा कुरा काटिरहेको सुन्नु, आफ्नो विवाह नभएको कारणले घर विगारेको भनी विभिन्न लाञ्छना लगाएको थाहा पाउनु आदि घटनाहरु कथाले समेटेको छ ।

४.१५.७ दृष्टिविन्दु

यो कथामा धेरै जना पात्रहरु उपस्थित गराएको छ । म पात्र कथाको प्रथम पात्रको केन्द्रीयतामा कथा निर्माण गरिएको छ । कथाको कथानकलाई क्रमवध्द रुपमा अघि बढाउन म पात्रको सक्रिय भूमिका देखिन्छ । त्यस्तै कथानकलाई क्रमवध्द गर्ने क्रममा कथाका अन्य पात्र, आमाबुबा, दाइ भाउजू, भतिजा भतिजी पनि छन् । यी तृतीय पुरुष पात्र हुन् । त्यसैले उक्त कथाभित्र आन्तरिक र वाह्य दुवै दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

४.१५.८ संवाद

कथाको घटनालाई गति प्रदान गर्ने क्रममा संवादको निकै ठूलो भूमिका देखिन्छ । कथामा एकल संवाद र पात्रको चरित्र उद्घाटन गर्ने दोहोरो संवादको प्रयोग गरिएको पाइन्छ । कथामा समाजका यथार्थ पात्रहरु वीचको वार्तालाप संवादका रुपमा आएकाले यसमा प्रयुक्त संवाद पनि व्यवहारिक छन् । कथामा लिङ्ग र स्तर परिस्थिति अनुसारका संवाद प्रयोग भएका छन् । पात्र पात्रा वीचको संवादले कथानक स्पष्ट पार्ने काम गरेको छ । कथामा भूमिका पाएका सबै पात्रले कहीँ त लामा र कहीँ छोटा संवादको प्रयोग गरेका छन् ।

४.१५.९ भाषाशैली

विवेच्य कथाको भाषा यथार्थपरक रहेको छ । नेपाली समाजका परिवारिक घटना प्रस्तुत गर्ने क्रममा कथा भाषाको पनि प्रयोग गरेको पाइन्छ । कथामा पीडा, आक्रोश, परिस्थिति अनुकूल भाषाको उचित प्रयोगले कथामा रोचकता थपेको छ । सोनु र उसका घरका अन्य परिवार बुबाआमा,दाइ भाउजुको बिच भएको संवादका माध्यमबाट कथाले गति लिएको हुनाले प्रस्तुति शैली संवादात्मक रहेको छ । प्रश्नार्थक वाक्यहरुको प्रयोग पनि कथामा देखिन्छ । सरल वाक्य,निपात तथा अनुकरणात्मक शब्दको प्रयोगले कथालाई सरल र सहज बनाएको छ ।

४.१५.१० शीर्षक सार्थकता

विवेच्य कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । यहाँ सोनुको इच्छा विना विवाह निर्णय गरिएको छ । आफूलाई माया गर्ने दाइहरु, भाउजूहरु आएपछि टाढिँदै गएको अनुभूति भएको छ । उसको विवाहको प्रस्तावले आमाबाबुलाई पनि चिन्तित तुल्याएको छ । छोरा बुहारीले छोरीलाई विभिन्न लाञ्छना लगाएकाले पनि उनीहरु छोरीको विवाहको लागि हतारिएका देखिन्छन् । यसरी आफूले विवाह नगर्दा आमाबाबुलाई चिन्ता पर्ने,घर परिवार पनि भाँडिने देखेर उसमा विवाह गर्ने सोच देखिन्छ तर दाइ भाउजूहरुले विवाह खर्च नदिने, बाबुआमाले खर्च जुटाउन नसक्ने, इज्जत धान्नु र विवाह पश्चात त्यस घरका सदस्यहरुले आफूप्रति गर्ने व्यवहार सम्झेर ऊ चिन्तित छे । यसरी आफूले विवाहमा खर्च गर्न नचाहँदा नचाहदै पनि माइतीले इज्जत बचाउनु पर्ने वाध्यताले खर्च गर्नुपर्ने  देखिन्छ । यसले गर्दा उसलाई धेरै चिन्ता परेको छ र ऊ असारको बाढी झैँ रुन बाध्य देखिएकी कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.१६ कति विश्वास थियो ऊ प्रति मेरो

"कति विश्वास थियो ऊ प्रति मेरो" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको  सोह्रौं कथा हो । एउटा पत्नीपिडित युवाको मनस्थितिलाई समेटिएर लेखिएको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.१६.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा हवाइजहाजसँगै उडेको मन कथा संग्रहको सोह्रौं कथा हो । विवेच्य कथाले नेपाली समाजको यथार्थतालाई प्रस्तुत गरिएको छ । समाजमा अफिस जाने नारी चरित्रलाई उदाङ्गो पारेर देखाउने प्रयास गरिएको छ । कथामा 'म' पात्र जस्ता व्यक्तिको दयनीय अवस्था,आमाको स्याहार सुसार र माया नपाएका छोराछोरीहरुको अवस्थालाई उक्त कथावस्तुले समेटेको छ । प्रस्तुत कथामा प्रमुख भूमिका निर्वाह गर्ने 'म' पात्र,पत्नीबाट निकै नै पिडित छ । आफू पढे लेखेको नहुनु, पिउनको जागिर खानु, घर परिवारका सारा काम आफैले समाल्नु, तथा छोराछोरीको जिम्मेवारी पनि आफैले लिनु पर्ने उसको वाध्यता देखिन्छ । कहिले काहीँ श्रीमतीले चिया बनाएर खुवाउँदा पनि उसलाई दया लाग्छ । श्रीमतीको रुपले म

पात्र निकै नै मोहित हुन्थ्यो । उसकी श्रीमती विहानै काममा जानु पर्ने वाध्यता थियो । घर चलाउन उनीहरुलाई समस्या पर्थ्यो । छोराछोरीको भविष्यको लागि उनीहरुले गाउँ छाडेर सहर पस्नु परेको थियो । स्वास्नी अफिसबाट ढिलो आउने क्रमले उसलाई स्वास्नीमाथि शंका लाग्न थाल्यो । उसकी श्रीमतीमा आएको परिवर्तनले उसले स्वास्नीको खोजी गर्न थाल्यो । तर उसकी स्वास्नी त अपरिचित लोग्नेमान्छेसँग वसेको देख्दा उसलाई असह्य भयो । स्वास्नीलाई त्यो लोग्नेमान्छेको वारेमा सोध्दा उसलाई भ्रम भएको आफू अफिसबाट ढिलो आएको वहाना बनाएर स्वास्नीले पनि झुटो बोली । समयसँगै उसका अप्ठ्यारा दिनहरु पनि पीडाजन्य भएर वित्दै गए । लोग्नेको गालीले पनि उसकी स्वास्नीलाई कुनै असर परेन र सन्तानको मायाको पर्वाह गरिन । उसले सबैलाई छोडेर त्यही युवकको साथ लागेर गई । रातभरिको प्रतीक्षा गर्दा पनि ऊ फर्केर आइन । यसरी स्वास्नीको अपमान र धोकाले निम्त्याएको परिस्थितिलाई कथानकले प्रस्तुत गरेको छ ।

४.१६.२ पात्र

प्रस्तुत कथामा 'म' पात्र कथाको यथार्थ चरित्र हो र प्रमुख पुरुष पात्र पनि हो । उच्च शिक्षा हासिल गर्न नसकेकाले ऊ पिउनको जागिर खान बाध्य देखिन्छ । 'म' पात्र गरीव परिवारको व्यक्ति हो तर पनि उसको चरित्र आदर्श र अनुकरणीय देखिन्छ । 'म' पात्रले वाध्यताले स्वास्नीलाई पनि जागिर खान पठाएको छ । तर विस्तारै स्वास्नीमा आएको परिवर्तनले उसलाई चिन्तित तुल्याएको छ । घर परिवारको सारा जिम्मेवारी उसले नै उठाउनु परेको छ । घर, छोराछोरीको स्याहार सुसार, अफिस आदि सबै ठाउँमा विभिन्न भूमिका म पात्रको देखिन्छ । स्वास्नीलाई खुसी राख्न नसक्नु उसको चारित्रिक कमजोरी मात्र नभएर आर्थिक कमजोरी पनि हो । कथाको सुरुमा श्रीमतीलाई माया गरेता पनि पछि ऊ स्वास्नीलाई घरबाट निकाली दिन वाध्य भएको छ । चरित्र विगारेर हिड्ने पत्नीलाई त्यागेर छोराछोरीको भविष्य वनाउन उसले ठूलो त्याग गरेकाले ऊ अनुकूल र सत् चरित्र हो । कार्यका आधारमा हेर्दा उसको चरित्र मुख्य देखिएकाले ऊ प्रमुख नायक हो । कथाको प्रारम्भदेखि अन्त्यसम्म ठाउँ ठाउँमा वैचारिक परिवर्तन देखिएका ऊ यस कथाको गतिशील पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म कथानकसँग अनुवन्धित देखिनाले ऊ मञ्चीय पात्र हो । कथानकसँग उसको प्रत्यक्ष सम्बन्ध रहेकाले ऊ बध्द पात्र हो । नेपाली समाजका गरीव परिवारकी धेरै पढ्न नसक्ने युवाहरुको प्रतिनिधित्व गरेकोले ऊ वर्गीय पात्र हो । कथाको सम्पूर्ण कथानक उसकै केन्द्रीयतामा घुमेकाले ऊ केन्द्रीय चरित्र हो ।

म पात्रकी श्रीमती यस कथाकी सहायक पात्र हो । लोग्ने पढेलेखेको नहुनु, जागिर राम्रो नहुनुले ऊ काम गर्न वाध्य छे । लोग्ने र छोराछोरी प्रति जिम्मेवारी उसले राम्ररी पूरा गरेको देखिदैन । जागिरबाट समयमा घरमा ढिलो आउने, अर्कै परपुरुषसँग घुम्न जानुले उसको परिवारप्रति भक्तिभाव देखिदैन । घर परिवारमा मनमुटाव सृजना गराउने खराव आचरण भएकी स्त्रीका रुपमा ऊ यस कथामा आएकी छ । त्यसैले ऊ यस कथाकी प्रतिकूल चरित्र हो ।

कथामा कथानकलाई गति दिने क्रममा छोराहरु, युवक, पसले, वागमती किनारमा बस्ने स्वास्नीमान्छे आदि पात्रहरुको गौण भूमिका रहेको देखिन्छ ।

४.१६.३ परिवेश

काठमाण्डौली समाजको चित्रण गरेकाले यसको परिवेश सहरिया परिवेश हो । नेपाली समाजका वास्तविक घटना नै यस कथाको मुख्य पक्ष हो । काठमाण्डौको सहरिया वातावरणमा निम्नवेतन भोगी मानिसले भोग्नुपरेको स्थितिलाई देखाई निम्न वर्गीय जीवनको यथार्थ चित्रण गरिएको छ । विहानको उज्यालोसँगै एउटा गरीव परिवारको कोठाको सचित्र वर्णन गरिएको छ । विपन्नता र अभावमा गुज्रिएको जीवनको यथार्थता प्रस्तुत गरिएको छ । पिउनको जागिर खान वाध्य म पात्रले काम गर्ने अफिस,उसकी श्रीमतीले काम गर्ने अफिस तथा श्रीमती युवकसँग समय विताउने क्रममा बस्ने गरेको चिया पसलको वातावरण पनि कथा भित्र देखिन्छ । चरित्रहिन उसकी स्वास्नीले निम्त्याएको दयनीय अवस्थाको चित्रण पनि गरिएको छ । अफिस, घर, छोराछोरीको स्याहार सम्भार आदिले म पात्रको अवस्था निकै दयनीय देखिन्छ । म पात्रकी श्रीमतीले गरीव भएका कारण छोडेर जानुले  उनीहरुको जीवनमा दुःख थुपरेको छ । म पात्रले स्वास्नीलाई केही भन्न नसक्नु, स्वास्नीले आफूलाई अपमान गर्नु, छोराछोरीको वेवास्ता गर्नु, लोग्नेको कुनै भाउ नराख्नु, अन्तमा लोग्ने छोराछोरीलाई छोडेर अर्कै युवकसँग भाग्नुले कथामा पात्रहरुको चरित्र प्रष्ट पार्न उचित वातावरणको संयोजन गरिएको छ ।

४.१६.४ उद्देश्य

प्रस्तुत कथामा नेपाली समाजको यथार्थतालाई छर्लङ्ग देखाएको छ । यसमा मानवता र कर्तव्यको सन्देश दिइएको छ । परिवारका सदस्यहरुमा समझदारी र मेलमिलाप हुन पर्ने,लोग्ने स्वास्नीका बीचमा विश्वास हुनुपर्ने,छोराछोरीहरु भविष्य निर्माण गर्न आमा र बाबु एक भएर लाग्नु पर्ने कुरा पनि देखाइएको छ । लोग्ने स्वास्नीको आपसी कलहले छोराछोरीको भविष्य विग्रने कुरा पनि प्रष्ट देखिन्छ । हरेक व्यक्ति कर्तव्यपथबाट च्यूत हुन नहुने,भएमा जीवन नै अन्धकार बन्ने कुरा म पात्रकी स्वास्नीमार्फत प्रस्तुत गरिएको छ । हाल नेपाली समाजमा इमान्दारी, चरित्रवान मान्छेको कमी भएको, लोग्ने गरीब हुँदा स्वास्नीले पनि वेवास्ता गर्नु आदि कुरा देखाइएको छ । सन्तानको माया भन्दा पनि पराईको मायालाई महत्व दिने नारीहरुको जीवन,घर परिवारमा कहिल्यै शान्ति हुँदैन । नारीको चरित्रले घर स्वर्ग नर्क बन्ने कुरा देखाउनु पनि उक्त कथाको उद्देश्य हो ।

४.१६.५ दृष्टिविन्दु

प्रस्तुत कथामा 'म' प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको छ । सिङ्गो कथा 'म'पात्रको केन्द्रीयतामा वा म पात्रकै सेरोफेरोमा अन्य घटनाहरु आएका छन् । कथामा म पात्र कथाको विकास र गतिका निम्ति सहायक अन्य पात्रहरु पनि कथामा देखिन्छन् । म पात्रकी स्वास्नी, युवक, छोराछोरी, पसले आदि तृतीय पुरुष पात्र हुन् । यस आधारमा प्रस्तुत कथामा वाह्य र आन्तरिक दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

४.१६.६ घटना

कथानकलाई गति दिने क्रममा घटनाहरुको पनि भूमिका रहेको देखिन्छ । आफू गरिब हुनु, ठूलो जागिर खान नपाउनु, म पात्रकी स्वास्नीले जागिर खानु, स्वास्नी परपुरुषसँग लाग्नु, लोग्ने तथा छोराछोरीको वेवास्ता गर्नु, म पात्रले स्वास्नीलाई आफ्नो कब्जामा राख्न नसक्नु आदि घटनाले कथालाई गति दिएका हुन् । उसकी स्वास्नी आफ्नै अगाडि युवकसँग घुमेर आएर झुटो बोल्नु, छोराहरुको जिम्मेवारी समाल्नु, स्वास्नीले घर छाडेर अर्कै युवकसँग हिड्नु आदि यस कथाका मुख्य घटनाहरु मानिन्छन् ।

४.१६.७ द्वन्द्व

यस कथाका पात्रहरुमा आन्तरिक र बाह्य दुवै द्वन्द्वको चित्रण गरिएको छ । कथामा म पात्रको मनोविश्लेषण भएकाले आन्तरिक द्वन्द्व उल्लेख्य देखिन्छ । कथाको नायक (म पात्र) उसकी श्रीमती दुवैमा आन्तरिक द्वन्द्व देखिन्छ । स्वास्नीको चरित्र विग्रेको देख्दा, परपुरुषसँग भागेको देख्दा पनि स्वास्नीलाई भन्न नसक्नु म पात्र भित्र भित्रै पिल्सिएको छ । यसले गर्दा उसमा आन्तरिक द्वन्द्व उत्पन्न भएको छ । स्वास्नीलाई तह लगाएर राख्न नसक्नु, छोराछोरीको हुर्काउने दायित्व समाल्नु, धेरै पैसा कमाउन नसक्नु, ठूलो जागिर नपाउनु आदि कारणले उसमा आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ भने स्वास्नीसँग झगडा गर्नु, स्वास्नीले घर छोडेर जानु,स्वास्नी लैजाने  व्यक्तिप्रति उसको वाह्य द्वन्द्व उत्पन्न भएको देखिन्छ । यसरी कथामा आन्तरिक र वाह्य दुवै द्वन्द्व पाइन्छ ।

४.१६.८ संवाद

कथामा घटनालाई अघि बढाउने क्रममा संवादको निकै ठूलो भूमिका देखिन्छ । कथाको पात्रको मनोविश्लेषण गर्न एकल संवाद र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवादको प्रयोग गरिएको पाइन्छ । कथामा नेपाली समाजका यथार्थता छर्लङ्ग्याउने क्रममा यथार्थ पात्रहरुका वीचमा गरिएका संवाद व्यवहारिक देखिन्छन् । कथामा लिङ्ग, स्तर, उमेर अनुसारको वा परिस्थिति अनुसारका संवादको प्रयोग भएको छ । कथामा भूमिका पाएका सबै पात्रले कहीँ लामा र कहीँ छोटा संवादको प्रयोग गरेका छन् । लोग्ने स्वास्नी वीच भएको संवादले कथालाई दुःखान्त बनाएको छ ।

४.१६.९ भाषाशैली

विवेच्य कथाको भाषा यथार्थपरक रहेको छ । नेपाली समाजका यथार्थ घटना प्रस्तुत गर्ने क्रममा कथ्य भाषाको पनि प्रयोग गरेको पाइन्छ । कथामा पीडा, आक्रोश, अथवा परिस्थितिजन्य भाषाको उचित प्रयोगले कथामा रोचकता थपेको छ । म पात्र र उसकी स्वास्नीका बिच भएको संवादका माध्यमबाट कथाले गति लिएको हुनाले प्रस्तुति शैली संवादात्मक रहेको छ । प्रश्नार्थक वाक्यहरुको प्रयोग पनि कथामा देखिन्छ । अँग्रेजी शब्द (

होमओर्क) को प्रयोग पनि कथामा देखिन्छ । अनुकरणात्मक शब्द, निपात आदिको प्रयोगले भाषाशैली रोचक र स्वभाविक बन्न पुगेको छ ।

४.१६.१० शीर्षकको सार्थकता

यस कथामा भएका पात्रहरुको विचमा भएको विचलनले कथालाई गति दिएको छ । कथामा म पात्रको स्वास्नी प्रति निकै विश्वास थियो । उनीहरु पहिले त खुसी भएको जीवनमा कालो वादल छाए झैँ भएको छ । लोग्ने गरीव हुनुको फाइदा उसकी स्वास्नीले उठाउँदै गएकी छे । छोराहरुको कर्तव्य पूरा नगर्नुले म पात्र पिल्सिएको छ । अफिस गएकी उसकी स्वास्नी विभिन्न वहाना बनाएर घरमा ढिलो आउने,परपुरुषसँग घुमेको कुरा लोग्नेलाई ढाँट्ने,आदि यस्तो चरित्र स्वास्नीको देखेर उसको लोग्नेलाई निकै चोट पुगेको छ । अन्तमा स्वास्नीको बानी सप्रेर घर व्यवहार थाम्ली भन्ने आश राख्ने उसको लोग्नेको विश्वास टुटेको देखिन्छ । उसले छोरा र लोग्नेलाई नै छाडेर अर्कै युवकसँग भागेर जान्छे । कथामा प्रस्तुत घटनाहरु पनि शीर्षकसँगै सम्बन्धित देखिएकाले यस कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.१७ सेता कपालका अनुभवहरु

"सेतो कपालका अनुभवहरु" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको सत्रौँ कथा हो । साठी वर्ष उमेर नाघेकी एउटी बुढी आइमाईका जीवनका अतितलाई समेटिएर लेखिएको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.१७.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा हवाइवजहाजसँगै उडेको मन कथा संग्रहको सत्रौँ कथा हो । ऊ पात्रको घरमा साठी वर्षे बूढी मान्छेको प्रवेश भएको देखिन्छ । ऊ पात्र आफ्नी सानो छोरीको साथमा घरमा काममा व्यस्त देखिन्छे । घरमा बूढी मान्छेको प्रवेशले उसका कामहरु अलपत्र देखिन्छन् । तर आफ्नो घरमा आएकी बूढीमान्छेसँग घरका सबै काम छाडेर कुरा गर्न,कफी खुवाउन थाल्छे र बूढी अतीत पनि सुन्दै जान्छे । बूढी आमा आफ्ना अतीत एक एक गरेर वताउँदै जान्छिन् । सानैमा बाबुको मृत्यु भएकोले त्यही मौका पारेर टुहुरी केटीलाई छक्याएर बाबु समानको मान्छेसँग विवाह गरिदिन्छन् । सात-आठ छोर छोरी हुँदा पनि बूढी आमाले उक्त व्यक्तिलाई लोग्नेको रुपमा स्वीकार गर्न सकिनन् । उनको जिन्दगी त्यो व्यक्तिसँग कहिल्यै सुखी र खुसी रहेन । राणाको घरमा भान्से बसेको मान्छेलाई मैयाँ साहेवले पैसा खाएर फसाइदिएकी  थिइन् । केटालाई हेर्न नपाउनु,बोल्न नपाउनु, जसले जसलाई भन्यो त्यसैसँग विवाह गरेर जानु पर्ने वाध्यता थियो । अरुले दिएको केटासँग मन नलागे पनि विवाह गर्नु पर्थ्यो । कुलको इज्जत बचाएर बस्नु पर्थ्यो । मनले नचिताएको कुरा पनि मान्छेले गर्नुपर्थ्यो । यसरी बूढी आमाका जीवनका उतापतडापहरुले कथाको कथावस्तु तयार भएको छ । ऊ पात्रसँग बूढी आमाले बताएका जीवनका अतीतहरुले कथानक अघि बढाएको छ ।

४.१७.२ पात्र

कथामा 'ऊ' पात्र कथाको मुख्य नारी पात्र हो । उसैसँगको संवादले कथानकले गति पाएको छ । 'उ' पात्र यस कथाको  सत् पात्र अनुकूल चरित्र हो । घरका सबै काम छाडेर पनि उसले घरमा आएका पाहुनाको स्वागत गर्नु कर्तव्य ठानी  र बूढीका हर अतीतलाई सुन्तीरही । बूढी आमाका अतित सुन्ने क्रममा ऊ सुरुदेखि अन्तसम्म स्थिर रहेकीले ऊ यसको स्थिर पात्र हो ।

कथामा सुरुदेखि अन्तसम्म भूमिका निर्वाह गरेकीले ऊ मञ्चीय पात्र हो । त्यस्तै कथामा साठी वर्ष बूढी आमा यस कथाको मुख्य पात्र हुन् । उनको अतीतलाई बोकेर अथानक तयार पारिएको छ । बूढी आमा यस कथाकी सत् पात्र अथवा कनुकूल पात्र हुन् । उनी यस कथाकी मुख्य पात्र हुन् । उनैको  जीवन वृतान्तको सेरोफेरोमा कथा तयार गरिएको छ । बूढी आमा स्थिर पात्र हुन् । कथाको सुरुदेखि अन्तसम्म एउटै भूमिका निर्वाह गर्ने बूढी आमा कथा मञ्चीय पात्र हुन् । त्यस्तै बूढी आमाका लोग्ने यस कथाको सहायक पात्र हो । ऊ यस कथाको प्रतिकूल चरित्र हो । छोरी समानकी केटीसँग विवाह गर्नु, विवाहित पत्नीलाई सुखी राख्न नसक्नु,पटक पटक विवाह गर्दै छाड्दै गर्नु,मैँया साहेवलाई पैसा खुवाउँदै विवाह गर्दै गर्नु उसका खराब आदत हुन् । ऊ गतिशील चरित्र हो । त्यस्तै मैया साहेव यस कथाकी सहायक नारी पात्र हुन् । विवाह गरिदिने प्रलोभन देखाएर पैसा लिने उनी यस कथाकी प्रतिकूल पात्र हुन् । झुटो आश्वासन देखाएर सानी केटीसँग उक्त पुरुष (बूढीका लोग्ने) सँग विवाह गराइदिने काम गरेकी छन् । त्यस्तै कथामा ऊ पात्रकी सानी छोरी बूढी आमाका छोरा छोरीहरु त्यस कथाका गौण पात्रहरु हुन् । उनीहरुले पनि कथालाई गति दिने काममा सहयोग गरेका छन् ।

४.१७.३ परिवेश

जाडो महिना बिहानको रमरम हुस्सुको चिसोले ढाकेको वातावरण घरमा भएका कामहरुको अलपत्र अवस्थालाई कथाले समेटेको छ । अलपत्र काम भएको बेलामा घरमा आएको पाउनाको कारण ऊ पात्रलाई मानसिक चिन्ता भएको अवस्थाको पनि चित्रण गरिएको छ । बूढी आमाका अतीतले कथामा ठूलो स्थान पाएको छ । ऊ पात्रको घरको भान्साको वातावरण पनि भित्रिएको छ भने राणाहरुको दानवी प्रवृत्ति पनि कथामा देखाइएको छ । राणाकालिन समाजका सोझा साझा माथि हुने अन्याय अत्याचारले पनि कथामा स्थान पाएको छ । बूढी आमाको स्वयंवर भएको दिनको अवस्थालाई कथामा भित्र्याइएको छ ।

४.१७.४ उद्देश्य

साठी वर्ष अधिको सामाजिक परिस्थितिको चित्रण गर्नु उक्त कथाको मूल उद्देश्य हो । बूढी आमाको माध्यमबाट सानोमा गर्नुपर्ने चलन, त्यसमाथि पनि बाबु समानको मान्छेसँग भएको वैवाहिक सम्बन्ध गाँस्नुपर्ने  बाध्यता कथाले देखाएको  छ । जीवनमा आफूले सही निर्णय गर्न नसक्नु, सकेर पनि मनले नचाहेको व्यक्तिलाई सामाजिक रुपमा लोग्ने मानेता पनि मनले लोग्ने नमान्ने कुरा देखाइएको छ । खालि कुल बचाउनको लागि मात्र उसलाई लोग्नेको

स्थान दिनु आदि कारणले जीवन सुखी नहुने कुरा देखाइएको छ । जीवन सुखी राख्न लोग्ने स्वास्नीको सम्बन्ध राम्रो हुनुपर्ने देखिन्छ । खाली सन्तान जन्माउनु मात्र सुखी होइन । वैवाहिक सम्वन्ध मनले स्वीकारको मान्छेसँग मात्र सफल हुन सक्छ अन्यथा त्यसले जीवनमा ठूलो अशान्ति र पीडा दिन्छ भन्ने कुरा प्रस्तुत गर्नु नै उक्त कथाको उद्देश्य देखिन्छ ।

४.१७.५ घटना

कथालाई गति दिने क्रममा विभिन्न घटनाहरुलाई कथाले समेटेको छ । साठी वर्षे बूढी आमा ऊ पात्रको घर आउनु, ऊ पात्रसँग अतीतका कुराहरु एक एक गरेर बताउनु यस कथाको मुख्य घटना हो । त्यसमा पनि बूढी आमाको वाल्यकाल दुःखी हुनु, बा चाँडै खस्नु, छक्याएर बूढो केटासँग विहे गरिदिनु, मन खुसीले विवाह गर्न नपाउनु, आफूलाई चित्त नवुझ्केको कुरामा विरोध गर्न नसक्नु, लोग्नेलाई आत्मादेखि स्वीकार्न नसक्नु आदि घटनाहरुले कथानकलाई गति प्रदान गरेको छ ।

४.१७.६ दृष्टिविन्दु

यस कथामा ‘ऊ’ पात्र,बूढी आमा, छोरी, बूढीआमाको लोग्ने, मैयासाहेव, आदि तृतीय पुरुष पात्रहरु रहेका र तिनको प्रत्यक्ष भूमिका रहेकाले बाह्य (सर्वदर्शी) दृष्टिविन्दुको प्रयोग गरिएको छ । यसै पात्रहरुको सहयोगले कथालाई समापनसम्म पुऱ्याएको छ ।

४.१७.७ द्वन्द्व

यस कथामा कथानकलाई गति दिने क्रममा पात्रहरुका बीचमा आन्तरिक र बाह्य द्वन्द्व पाइन्छ । बूढी आमाको जीवनमा बाह्य एवम् आन्तरिक दुवै द्वन्द्व पाइन्छ । वाल्यकालमा बाबु वित्नु, झुक्याएर बाबु समानको मान्छेसँग विवाह गरिदिनुले उनको जीवन सँधै दुःख र पीडामा वितेको देखिन्छ । यसले गर्दा जीवनमा द्वन्द्व पैदा गराएको छ । सामाजिक मान्यता प्राप्त गरेको लोग्नेलाई मनले स्वीकार्न नसक्नुले पनि उनमा द्वन्द्व पैदा भएको छ । झुक्याएर विवाह गरिदिने मैँयासाहेव प्रति उनको घृणा उत्पन्न गराएको छ । ऊ प्रति बाह्य द्वन्द्व उत्पन्न भएको छ । यसरी कथामा पात्रहरुका वीचमा आन्तरिक र वाह्य दुवै द्वन्द्व देखिन्छ ।

४.१७.८ संवाद

कथालाई गतिदिने क्रममा संवादको मुख्य भूमिका रहेको देखिन्छ । यस कथाको संवादपक्ष अत्यन्त सरल छ । ऊ पात्र र बूढी आमासँगको संवादले कथालाई निश्चित मोडमा पुऱ्याएको छ । बूढी आमाले आफ्नो बाल्यकाल, वैवाहिक जीवन, अथवा विवाह सन्दर्भ आदि बताउने क्रममा कथामा संवादको प्रयोग भएको छ । छोटा पदावली र संवादको प्रयोगले कथा सरल बनेको छ । बूढीका माध्यमबाट व्यक्तिएका संवादको प्रयोगले कथामा दुःखान्त परिस्थितिको सिर्जना गरेको देखिन्छ ।

४.१७.९ अर्थ सापेक्ष

यस कथाको शीर्षक निकै सार्थक देखिन्छ । साठी बर्ष नाघेकी बूढी आमाले आफ्नो अतीतलाई ब्यक्त गर्ने कथाको अर्थ सापेक्ष अभिधात्मक रहेको छ । बाल्यकालदेखि तितामीठा अनुभवलाई एक एक गरेर व्यक्त गरिएको छ । यसरी बूढी आमाका जीवनका हरेक घटनाहरुलाई व्यक्त गर्ने "सेता कपालका अनुभवहरु" शीर्षक अत्यन्त सान्दर्भिक र मार्मिक देखिन्छ ।

४.१७.१० भाषाशैली

विवेच्य कथाको यथार्थपरह रहेको छ । नेपाली समाजका पारिवारिक घटना प्रस्तुत गर्ने क्रममा कथ्य भाषाको पनि प्रयोग गरिएको पाइन्छ । कथामा पीडा, आक्रोश, परिस्थिति अनुकूल भाषाको उचित प्रयोगले कथामा रोचकता थपेको छ । म पात्र र बूढी आमाका बीचमा संवादका क्रममा प्रयोग गरिएको भाषा मार्मिक छ । उनीहरुकै संवादका माध्यमबाट कथाले गति लिएको हुनाले प्रस्तुत भाषाशैली  संवादात्मक रहेको छ । प्रश्नार्थक वाक्यहरुको प्रयोग पनि कथामा प्रशस्तै  देखिन्छ । छोटा पद,पदावलि भाषामा मिठास थपेको छ । यसरी भाव, भाषा, प्रस्तुति र शिल्पशैलीको पक्षबाट हेर्दा कथाको भाषा सरल,सरस र सान्दर्भिक छ ।

## ४.१८ पीडा आँखाबाट झऱ्यो

"पीडा आँखाबाट झऱ्यो" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको अठारौँ कथा हो । शीतल किरण नामका पति पत्नीको वैवाहिक जीवनलाई समेटिएर लेखिएको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.१८.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा हवाइजहाजसँगै उडेको मन कथा संग्रहको अठारौँ कथा हो । उक्त कथामा शीतल र किरणको वैवाहिक जीवनलाई कथाले समेटेको छ । उनीहरु एक अर्काप्रति अत्यन्तै  विश्वास राख्थे । एक अर्कालाई जीवनको उज्यालो पक्ष मान्थे । एक अर्कालाई सिर्जनाको अमूल्य आधार मान्थे । एकदिन शीतलको कुनै कुराले चोट पुऱ्याएको थाहा पाएर किरणले त्यो कुरा बुझ्ने प्रयास गर्दा शीतलले ढाँटेको थाहा पायो । अर्को दिन उनीहरु प्रकृतिको काखमा घुम्न पुगे । प्रकृतिको काखमा हराउँदै शीतल आफ्ना दुःख व्यक्त गर्न लागिन् । आफूलाई आफ्नाहरुले नै सताइरहेका लोग्नेका विरुध्दका कुराहरु गरेर उनको मनस्थिति विगार्ने गरेको कुरा बताइन् । यस्तो कुरा सुनेर उनको पति किरण स्तव्ध देखिएतापनि अरुका नराम्रा कुरालाई आफूले लिन नहुने,रिसलाई नियन्त्रण गर्नु पर्ने र मनलाई शान्त राख्न कोशिश गर्नु पर्ने कुरा बताउँछन् । उनकी पत्नी शीतल लोग्नेको विरुध्दमा कुनै आवाज पनि सुन्न चाहन्न । लोग्नेलाई सधैं सुखी मुद्रामा रहेको हेर्न चाहन्छे ऊ । एक अर्कालाई राम्ररी बुझ्न सकेमा लोग्ने स्वास्नीको प्रेम भत्काउने सामर्थ्य कसैमा पनि नहुने कुरा कथानकले देखाएको छ । यसरी लोग्नेले आफू प्रति गरेको विश्वास, आफूलाई  गरेको माया, तथा देखाएको सही मार्गले

स्वास्नीलाई ठूलो खुसी  दिएको कुरा व्यक्त गर्दै  प्रकृतिको काखमा फेरि आउने वाचा गर्दै कथा पूरा भएको देखिन्छ ।

४.१८.२ पात्र

विवेच्य कथामा शीतल मुख्य नारी पात्रको रुपमा रहेकी छे । कथालाई मूर्तरुप दिने काम शीतलको माध्यमबाट पूरा भएको देखिन्छ । कथालाई  गतिदिने काम पनि शीतलकै माध्यमबाट भएको देखिन्छ । शीतल यस कथाकी सत् पात्र हो । ऊ आफ्नो लोग्नेलाई अत्यन्तै श्रध्दा र आदर गर्छे । लोग्नेप्रतिको कुनै विरोधका कुराहरु ऊ सुन्न पनि सक्दिन । ऊ लोग्नेलाई जीवनको अमूल्य आधार सम्भिन्छे । त्यसैले ऊ कथाको अनुकूल पात्र हो । कथाको सुरुदेखि अन्तसम्म एउटै भूमिका निर्वाह गर्ने शीतल यस कथाकी स्थिर पात्र हो । कथाको सुरुदेखि अन्तसम्म देखिने मञ्चीय पात्र हो । कथामा केन्द्रीय भूमिका भएको आवध्द पात्रका रुपमा देखिएकी छे ।

कथामा प्रयोग गरिएको अर्को पात्र किरण यस कथाको मुख्य पुरुष पात्र हो । किरण यस कथाको सत् पात्र हो । कथानकलाई अघि बढाउने कममा किरणको पनि त्यत्तिकै ठूलो भूमिका देखिन्छ । ऊ आफ्नी श्रीमतीलाई धेरै नै माया गर्छ । स्वास्नीको हर दुःख सुखमा साथ दिने, स्वास्नीलाई ज्ञान र अर्ती उपदेश दिएर सही मार्ग देखाउने, श्रीमतीलाई स्वतन्त्र जीवन बिताउन सहयोग गर्ने किरण यस कथाको अनुकूल पात्र हो । ऊ कथाको सुरुदेखि अन्तसम्म आफ्नी श्रीमतीलाई माया गरिरहन्छ । त्यसैले ऊ स्थिर चरित्रको पात्र हो । त्यस्तै कथाको सुरुदेखि अन्तसम्म भूमिका निर्वाह गरेकाले ऊ मञ्चीय पात्र हो । उसैको केन्द्रीयतामा कथानक अघि बढेको  देखिन्छ । त्यसैले ऊ आवध्द पात्रको रुपमा कथामा देखिएको छ ।

शीतलका आफन्तहरु कथाका गौण पात्र हुन् । उनीहरु कथामा प्रतिकूल पात्रका रुपमा प्रयोग भएका देखिन्छन् । लोग्नेले आफ्नी स्वास्नीलाई माया गरेको देखी ईर्ष्या गरेर त्यसमा अवरोध पुऱ्याउने काम गर्न सकिय देखिएका छन् ।

४.१८.३ परिवेश

विवेच्य कथा साँभ्क पर्न लागेको समय, बाहिर पानी परिरहेको ,चराहरुको मीठो गीतले गुञ्जयमान भएको वातावरणलाई अँगालेर अघि बढेको देखिन्छ । प्रकृतिको मनोरम काखमा कथाको पृष्ठभूमि तयार पारिएको छ । दुःख र पीडाले छट्पटिएको जीवनले प्रकृतिको काखमा गएर शान्ति मिल्ने अवस्थालाई कथाले समेटेको छ ।

मध्यम वर्गीय परिवारको वास्तविकता कथाले समेटेको छ । आफ्नो पतिलाई भगवान्को रुप मान्ने शीतल आफ्नो पति माथि लगाइएका विभिन्न लाञ्छनालाई सहन सक्दिन र त्यसबाट ज्यादै दुःखी बन्छे । त्यस दुःखद परिस्थितिलाई  पनि कथाले प्रस्तुत गरेको छ । त्यस्तै प्रकृतिको काखमा हराएका लोग्ने स्वास्नी (किरण र शीतल)का सुखद अवस्थालाई पनि कथाले समेटेको छ । लोग्नेले आफूमाथि गरेको विश्वास, देखाएको सही मार्ग उत्प्रेरित गरेका कुराहरुले शीतल निकै खुसी बन्छे । यसरी कथाको सुखान्त परिवेशमा कथाको अन्त भएको छ ।

४.१८.४ उद्देश्य

विवेच्य कथामा लोग्ने स्वास्नी भनेका एक सिक्काका दुई पाटा हुन् । एक अर्काका जीवनका उज्याला पक्ष हुन् अथवा सिर्जनाका अमूल्य आधार हुन् भन्ने कुरा देखाएको छ । सबभन्दा सुन्दर चिज प्रकृति हो प्रकृतिको काखमा जो कोही पनि रमाउन सक्ने कुरा देखाइएको छ । असत्यले सत्यलाई जित्न नदिन नारीहरुले आफूलाई सही मार्गमा हिडाउने प्रयास गर्नुपर्ने कुरा पनि उक्त कथाले देखाएको छ । रिस मान्छेको जीवनको ठूलो कमजोरी पक्ष भएको र त्यसलाई त्याग्न सकेमात्र मान्छेलाई सुख प्राप्त हुने कुरा देखाइएको छ । लोग्नेको माया देखेर ईर्ष्या गर्नेहरु षड्यन्त्रलाई नष्ट गर्नुपर्ने कुरा पनि उक्त कथामा देखिन्छ । त्यसैले लोग्ने स्वास्नी भनेका एक अर्काका दु:खका कुराहरु लेख्ने खाली कागज हुन् ,उनीहरुका एक अर्काप्रतिको विश्वास रहेमा कसैले पनि केही गर्न नसक्ने कुरा देखाउनु उक्त कथाको मुख्य उद्देश्य देखिन्छ ।

४.१८.५ द्वन्द्व

उक्त कथाकी पात्र शीतलको केन्द्रीयतामा कथाको संरचना तयार गरिएको छ । शीतललाई आफ्नो लोग्नेका विरोधका कुरा आफन्तहरुले गरेको सुन्दा ऊ भित्र भित्रै तड्पिरहेकी छे । तर विरोध गर्न सकेकी  छैन । त्यसैले उसमा आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । आफन्तहरु प्रति विरोध गर्न नसक्नुले उसमा मनोद्वन्द्व पनि पाइन्छ ।

४.१८.६ घटना

प्रस्तुत कथालाई गति दिने क्रममा कथामा विविध घटनाहरुको समायोजन गरिएको छ । आफन्तहरुले दिएको यातनाको बिरोध गर्न नसक्दा शीतल एक्लै वसेर रुनु, लोग्नेलाई सहि कुरा लुकाउन टाउको दुखेको बाहाना गर्नु, भोलीपल्ट प्रकृतिको काखमा गएर मनको धोको फुकाएर सबै कुरा वताउनु, लोग्नेको धेरै माया पाउनु, त्यसको रिस गर्ने आफन्तहरुले मानसिक पीडा दिनु, लोग्नेको विरुध्दमा विभिन्न कुरा सुन्न वाध्य बन्नु आदि घटनाहरुले कथानकलाई गति प्रदान गरेको छ ।

४.१८.७ दृष्टिविन्दु

यस कथामा पात्रहरुको संख्या निकै न्यून देखिन्छ । किरण र शीतलको केन्द्रीयतामा कथा केन्द्रीत देखिन्छ , कथानकलाई लम्ब्याउने क्रममा शीतलका आफन्तहरुको पनि गौण भूमिका देखिन्छ । यसरी कथामा प्रयोग गरिएका पात्रहरु किरण,शीतल र उनका आफन्तहरु सबै तृतीय पुरुष पात्र रहेका देखिन्छन् र तिनैको प्रत्यक्ष भूमिका कथामा रहेकाले बाह्य (सर्वदर्शी) दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

४.१८.८ संवाद

कथाको घटनालाई अघि बढाउने तथा कथानकलाई गति दिने क्रममा संवादको निकै ठूलो भूमिका देखिन्छ । कथामा थोरै पात्रको प्रयोग गरिएको हुँदा लोग्ने र स्वास्नी (किरण र शीतल) का बीचमा नै संवाद भएको देखिन्छ । दुई पात्रका बीचमा भएका पूर्ण संवादले कथानक तयार गरिएको छ । कथाको सुरुदेखि अन्तसम्म संवादको प्रयोग गरेको देखिन्छ । सिङ्गो कथा नै संवादले भरिएको छ । यस कथामा प्रयोग गरिएका पात्रहरुले बोलेको संवाद केही लामा देखिन्छन् । पात्रहरुले अवस्था अनुसार प्रयोग गरिएका संवादले कथालाई स्पष्ट पारेको छ । पात्रहरुको बीचको संवादले कथालाई सुखान्त बनाएको छ ।

४.१८.९ भाषाशैली

सुखान्त कथावस्तु बोकेको उक्त कथाको भाषा यथार्थपरक रहेको छ । नेपाली समाजमा देखिने पारिवारिक घटना प्रस्तुत गरिएको छ । यस क्रममा प्रयोग गरिएको भाषा अत्यन्त सान्दर्भिक देखिन्छ । पात्रको स्तर अनुसारको भाषाको प्रयोग गरिएको पाइन्छ । किरण र शीतलले प्रयोग गरेको भाषाद्वारा कथाले गति पाएको छ । संवादात्मक शैलीको प्रस्तुतिले कथालाई अघि बढाएको छ । उक्त कथामा उद्दहरण चिन्हको प्रयोग अत्यन्तै देखिन्छ । यस भन्दा बाहेक कथामा निपात, प्रश्नार्थक वाक्यहरुको पनि प्रयोग गरिएको छ । समग्रमा भाषाकै कारण सरल र सहज बनेको छ ।

४.१८.१० शीर्षक सार्थकता

यस कथामा किरण र शीतल अत्यन्त मिल्ने पति पत्नी हुन् । उनीहरु एक अर्काप्रति अति विश्वास राख्छन् । त्यो मिलन देखेर उनीहरुका आफन्तहरु ईर्ष्या गर्छन् । उनीहरुको प्रेममा वाधा पुऱ्याउन चाहन्छन् । यो देखेर शीतल निकै चिन्तित हुन्छे । ऊ त्यस्ता व्यक्तिहरुसँग विवाद गर्न सक्दिन । लोग्नेको विरुध्दका नकारात्मक कुरा सुन्न पनि चाहँदिन । त्यो कुरा ऊ लोग्नेसँग भन्न पनि सक्दिन । त्यसैले भविष्यमा यसले विशाल रुप लेला र उनीहरुको जीवनमा कुनै दुःखद घटना घट्ला भन्ने चिन्ताले उसलाई पिरोल्छ । यही पीडा आँशु बनेर बगेकाले उक्त कथाको शीर्षक निकै सान्दर्भिक देखिन्छ ।

## ४.१९ हवाइजहाजसंगै उडेको मन

"हवाइजहाजसगै उडेको मन" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको उनाइसौं कथा हो । नारी विवश्ता र वाध्यतालाई उजागर गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी वर्णन गरिन्छ ।

४.१९.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा ' हवाइजहाजसंगै उडेको मन' कथा संग्रहको उन्नाइसौँ कथा हो । नारी विवशता र वाध्यतालाई उजागर गर्ने उक्त कथाको कथानक अत्यन्त दुःखान्त बनेको छ । कथाकी प्रमुख पात्र पारुको दयनीय स्थितिलाई कथानकले समेटेको छ । परेवाको जोडी देखेर हर्षले विभोर हुने पारु आफ्नो जिन्दगीका यस्तै जोडी भएमा सुखी जीवनको कल्पना गर्दछे । हवाइजहाजले परेवाको जोडी फुटाइ दिएपछि उसको हृदय साह्रै भावविह्वल बन्छ । तीस वर्ष अघिका अतीतलाई पारुले व्यक्त गर्ने क्रममा कथानक अघि बढेको देखिन्छ । हवाइजहाजले परेवाको जोडीलाई फुटाए पछि एउटा परेवा हराउँछ ,त्यसको पीडाले अर्को परेवा आँसु बगाउन वाध्य बन्छ । त्यस्तो परिस्थितिले खिन्न भएको मन लिएर घर फर्कने क्रममा घरमा आएका मान्छेहरु देखेर ऊ भाग्छे तर आमाको आग्रह टार्न नसकी ऊ घरका पाउनाहरुलाई स्वागत गर्न, खाना बनाएर खुवाउन वाध्य बन्छ । यति मात्र नभएर उसको इच्छा विपरित विवाहको मिति समेत तोकिन्छ । विवाह मिति तोकिने क्रममा टीका टालो कार्यक्रममा उसलाई नयाँ लुगा पहिऱ्याएर टीका लगाइन्छ र फागुन महिनामै विवाह गर्ने निर्णय गरिन्छ । उसले त्यो केटा मान्छेको अनुहार सम्म पनि हेर्न पाएकी हुन्न जब ऊ विवाह गरेर पराई घर जान्छे त्यहाँ उसले आधा रातसम्म लोग्नेको प्रतीक्षा गर्छे । बल्लतल्ल कोठामा पसेको उसको लोग्ने उसलाई हातले टाउको छुँदै केही बेरमा आउने वाचा गर्दै बाहिरिन्छ । रात भरिको प्रतीक्षामा रहेकी पारु विहान उज्यालो हुँदा घरमा ऊ हराएको कारण हाहाकार मच्चिएको थाहा पाउँछे । उसले आफ्नो पतिको धेरै खोजी गरी तर ऊ कहिल्यै फर्केर आएन । यसरी उसैको प्रतीक्षामा विताएका तीसौँ वर्ष अघिका पीडाहरुलाई संगालेर उक्त कथानक अघि बढेको छ ।

४.१९.२ पात्र

पारु यस कथाकी प्रमुख नारी पात्रको रुपमा देखिएकी छे । समाज तथा परिवारका स्वार्थका कारण विवाहवन्धनमा वाध्य बनाइएकी पारुले विवाह गरेर गएकै पतिबाट ठूलो धोका पाएकी छे । उसैको प्रतीक्षामा उसका जीवनका तीसौँ वसन्तहरु वितेका छन् । उसका इच्छा र चाहनाहरुमाथि खेलवाड गरिँदा पनि ऊ संघर्ष गर्न सक्दिन । ऊ यस कथाकी सत् पात्रको रुपमा देखिन्छे । कथामा ऊ अनुकूल पात्रको रुपमा देखिएकी छे । बाबु आमाले भनेको केटासँग विवाह गरेर गएदेखि उसका जीवनमा खुसीका दिन कहिल्यै आएनन् । उसले कहिल्यै सुख भोग गर्न पाइन र अर्को विवाह पनि गर्न सकिन । ऊ स्थिर पात्रको रुपमा देखिन्छे । सम्पूर्ण कथा उसैको केन्द्रीयतामा रचिएकोले ऊ यस कथाको मञ्चीय पात्र हो । कथाको सुरुदेखि अन्तसम्म देखा पर्ने पारु कथाको आवध्द पात्र हो ।

त्यस्तै कथामा पारुको लोग्ने यस कथाको सहायक पुरुष पात्र हो । ऊ यस कथाको असत् तथा प्रतिकूल पात्र हो । ऊ कथाको गतिशील पात्र हो । पारुको इच्छा विपरित विवाह गरेर ल्याउनु, घरमा पत्नीको रुपमा पारुलाई स्वीकार नगर्नु, विवाहकै रातमा घर र स्वास्नीलाई छोडेर वेपत्ता बन्नु आदि कारणले गर्दा कथाले गति पाएको ऊ कथाबाट हटाउन नमिल्ने वध्द पात्र हो ।

त्यस्तै पारुका आमा बाबु र केटाका साथ आउने मान्छेहरु यस कथाका सहायक पात्रहरु हुन् । यी सबै पात्रहरु प्रतिकूल पात्र हुन् । पारुको इच्छा विपरित अथवा उसको सोच बिरुध्दको काम गर्ने यी पात्र असत् प्रवृत्तिका देखिन्छन् ।

मानवेत्तर पात्रका रुपमा रहेका परेवाका जोडी पनि यस कथाका गौण पात्रहरु हुन् । उनीहरुले नै कथानकको प्रारम्भ गरेका छन् ।

४.१९.३ परिवेश

खुला आकाश परेवाका जोडी उडिरहेको दृश्यबाट कथाको थालनी भएको छ । तीस वर्ष अघिको अतीतलाई  कथाले समेटेको छ । तीस वर्ष अघि हवाइजहाज एक जोडी परेवालाई छुट्याइदिए पछि पारुको जिन्दगीमा पनि दुःख दिन सुरु भएको अवस्थाको चित्रण कथामा पाइन्छ । आफ्नो इच्छा विपरित विवाह हुँदा केटा हेर्न नपाउँदा पारुका जीवनमा आएका विषम परिस्थितिलाई कथाले समेटेको छ । माइतीघरबाट विवाह गरेर जाँदाको दुःखद वातावरण,पराइ घरमा अथवा केटा पक्षको घरमा भएको रमझमपूर्ण वातावरणलाई कथामा देखाइएको छ । विवाह दिन आफ्नो भित्री पीडा देखेर प्रकृतिले साथ नदिएको प्रकृति धुम्म परेको छ । विवाहको पहिलो साथ लोग्नेलाई कुर्दाको हुने मानसिक पीडा,सिन्दुर नपखालिँदै लोग्ने हराएको पीडाजन्य अवस्थालाई कथाले देखाएको छ ।

४.१९.४ उद्देश्य

यस कथाले नारी विवशता र वाध्यतालाई उजागर गरेको छ । सबै नारीको प्रतिनिधित्व गर्ने यस कथाले समाजमा कतिपय परिवारले केटीको चाहना विपरित,उमेर नै नपुगी, आफू पारिवारिक बोझबाट पन्छिन, लोकको गाल टार्न, विविध कारणले विवाह गरिदिन्छन् । आमाबाबुको इज्जत बचाउन र इच्छा पूरा गर्न वाध्य पारु जस्ता हजारौँ नारीहरु जीवन यसरी नै वर्वाद भएको छ । विवाह कै रातमा छोडेर हिड्ने लोग्नेलाई पनि बर्षौं कुर्न नेपाली समाजका नारीहरु विवश देखिन्छन् । लोग्नेले विवाह मण्डपमा लगाइ दिएको पोते तिलहरी र सिन्दुरले उसलाई उम्कन दिंदैन । त्यही बन्धनमा बाँधिएर उनीहरु जीवन विताउन वाध्य छन् । आमाको आँसुको अघि सबै चिज हार्छ । त्यसैले सहन नपर्ने कुरालाई  पनि उनीहरुलाई सहन बाध्य बनाइन्छ । त्यसको प्रतिवाद गर्न सक्दैनन्  भनी नारी पीडा दयनीय अवस्था प्रस्तुत गर्नु नै उक्त कथाको उद्देश्य देखिन्छ ।

४.१९.५ द्वन्द्व

यस कथाका पात्रहरुमा आन्तरिक र वाह्य दुवै द्वन्द्व देखिन्छ । कथामा पात्रको मनोविश्लेषण भएकाले आन्तरिक द्वन्द्व उलेख्य देखिन्छ । कथाकी नायिका पारुको आमाबाबुले उसको इच्छा विपरित विवाह गराइदिनु, विवाह गरेर भर रात लोग्नेले छाड्नु, भोलीपल्ट लोग्ने हराएको खवरले उसलाई आन्तरिक रुपमा असह्य पीडा भएको देखिन्छ । यसले उसमा आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । तीसौँ वर्षसम्म पनि लोग्ने फर्केर नआउँदा जीवनमा के

गर्ने र कसो गर्ने भन्ने सोचले ऊ मनोद्वन्द्वमा परेकी छे । इच्छा विपरित विवाह गरिदिने बाबु आमा, विवाह गर्न आउने मान्छेहरु र लोग्नेप्रति उसको बाह्य द्वन्द्व देखिन्छ । यसरी कथामा आन्तरिक र वाह्य दुवै द्वन्द्वको प्रयोग गरिएको छ ।

४.१९.६ घटना

कथालाई गति दिने क्रममा कथामा विविध घटनाहरुलाई समावेश गरिएको हुन्छ । आकाशमा उडिरहेका परेवाको जोडीलाई हवाइजहाजले हानेर एउटा परेवा हराउनु अर्को परेवा विलाप गरेर बस्नुले कथाको घटनालाई अघि बढाएको छ । घरमा अपरिचित मान्छेहरु देखेर पारु भाग्नु आमाको आग्रहलाई स्वीकारेर घर आउनु, पाउनाहरुको सत्कार गर्नु, खाना बनाएर खुवाउनु, पारुको इच्छा विपरित विवाहको पक्का गर्नु, तोकिएको समयमा विवाह गरेर पठाउनु, पराइघरमा रातभरिको लोग्नेको प्रतीक्षा गरेर वसेकी पारुले मध्यरातमा वल्ल लोग्नेको दर्शन पाउनु, मध्यरातमै घर छोडेर हराउनु, तीसौं वर्ष कुर्दा पनि ऊ नफर्किनु आदि घटना कथामा समावेस गरिएका छन् ।

४.१९.७ दृष्टिविन्दु

कथानक अघि बढाउने क्रममा प्रमुख पात्र पारुको सक्रिय भूमिका देखिन्छ । कथानकलाई क्रमवध्द गर्ने क्रममा पारुका आमा वुवा, पारुको लोग्ने र लोग्नेसँग आएका अरु मान्छेहरुको सक्रिय भूमिका देखिन्छ । यी सबै तृतीय पुरुष पात्रहरु हुन् । त्यसैले उक्त कथाभित्र बाह्य ( सर्वदर्शी) दृष्टिविन्दुको प्रयोग गरिएको पाइन्छ ।

४.१९.८ संवाद

कथाको घटनालाई अघि बढाउने तथा कथानकलाई गति दिने क्रममा संवादको निकै ठूलो योगदान देखिन्छ । कथामा पारुका बाबु आमा, उसलाई विवाहको लागि आएका पाहुनाहरुका वीचमा संवाद भएको छ । विवाह गएर गएपछि पारुको लोग्नेसँग छोटो संवाद भएको देखिन्छ । कथाको परिस्थिति अनुसार संवादको प्रयोग गरिएको छ । पारुले गरेका संवादहरु छोटा छोटा छन् भने अन्य व्यीक्तहरुले लामा पदावलीको संवाद प्रयोग गरेका छन् । कथामा पारुले आफ्ना छटपटी व्यक्त गर्ने क्रममा मनोवादको प्रयोग भएको देखिन्छ । सिङ्गो कथामा प्रयोग गरिएको परिस्थितिजन्य संवादले कथालाई पूर्णता दिएको छ ।

४.१९.९ भाषाशैली

प्रस्तुत कथा पारुलाई केन्द्रमा राखेर रचना गरिएको छ । यो मनोवैज्ञानिक रचना भएकाले उक्त पात्रको अन्तरंगलाई मूल कथ्य बनाई लेखिएको छ । सुखान्त परिस्थितिलाई समेटेर प्रारम्भ भएको कथाको आन्तरिक पक्ष निकै दु:खान्त देखिन्छ र कथा दु:खान्तमा अन्त्य भएको छ । कथाका सबै पात्रहरु मानसिक रुपले पिडित देखिन्छन् । दु:ख पीडा व्यक्त गर्ने क्रममा संवादात्मक बाक्यहरुले कथामा स्थान पाएका छन् । कथामा कव्य भाषाको प्रयोग पनि

देखिन्छ । अनुकरणात्मक तथा निपातको प्रयोगले भाषामा रोचकता थप्ने काम गरेको छ । सरल पद पदावलि र परिस्थिति अनुकूल भाषाको प्रयोगले उत्कृष्ट बनेको छ । यसरी भाव, भाषा, प्रस्तुति, शिल्पशैली पक्षबाट हेर्दा कथाको भाषा सरल र सहज छ ।

४.१९.१० शीर्षकमा सार्थकता

उक्त कथाको शीर्षक प्रतिकात्मक देखिन्छ । परेवाको जोडी देखेर आफ्नो जीवनमा पनि त्यस्तै जोडी भए जीवन कति सुन्दर हुन्थ्यो भनी कल्पना गर्ने पारुको जीवनमा सोच विपरित घटना घटेको छ । हवाइजहाजले परेवाको जोडी छुट्याएर विचल्ली बनाए जस्तै पारुको जीवनजोडी पनि विवाहकै शत अचानक हराएको छ । एक्लो परेवाले विलाप गरे जस्तै पारु पनि आफ्ना जीवनमा त्यस्तै परिस्थिति भोग्न वाध्य देखिन्छे । नारी इच्छा माथि दमन गरिने तत्कालिन समाजका नारी विवशता र वाध्यताले ल्याएको परिस्थिति भोग्न पारु वाध्य देखिन्छे । आफूले चिनेको जानेको मान्छे भइदिएको  भए उसको जीवन यति दुःखी बन्दैनथ्यो । एक चिम्टी सिन्दुर र तिलहरीले पत्नी बनाउने उसको लोग्नेले मायाको घुम्टो ओडाइ दिन सकेन । तैपनि लोग्नेको सम्भनामा उसको जीवन वितिरहेछ र हवाइजहाजसँगै उसको लोग्नेका सम्भना उडिरहेछ । यसरी हेर्दा तत्कालिन समाजको नारी विवशता र वाध्यताको कारुणिक चित्र प्रस्तुत गर्ने उक्त कथाको शीर्षक उपयुक्त र सार्थक देखिन्छ ।

## ४.२० नितान्त एक्लै

“नितान्त एक्लै” कथा सुस्मिताद्वारा रचित “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहको बीसौं कथा हो । देशमा राजनैतिक अस्थिरता ल्याएको मारका कारण कतिपय आमा युवा युवती घरबार विहिन भएर रहन वाध्य बनेको कुरा प्रस्तुत गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी वर्णन गरिन्छ ।

४.२०.१ कथानक

सुस्मिता नेपालद्वारा रचित हवाइजहाजसंगै उडेको मन कथा संग्रहको बीसौं कथा हो । वाल्यकाल सुखमय वातावरणमा विताएकी कथाकी नायिका ‘म’पात्रले भोगेका यातानाहरुलाई कथाले समेटेको छ । पूर्व घर भएकी उक्त म पात्र राम्रो परिवारकी केटी थिई । स्कुलमा राम्रै पढाइ भएकी म पात्र राम्री विद्यार्थीको रुपमा चिनिएकी थिई । अचानक एक दिन स्कुलबाट फर्कने क्रममा केही व्यक्तिहरुले उसको आँखामा पट्टी वाँधेर अपहरण गरेर लैजान्छन् र घरका प्रत्येक व्यक्तिको वारेमा सोधपुछ गर्छन् । सत्य वताउदा पनि विश्वास नगरी उनीहरुकै समूहमा काम गर्न  दवाब दिन्छन् । तर उसले अस्वीकार गरेपछि उसलाई जंगलमा लगेर छाडि दिन्छन् । त्यहाँबाट आँखाको पट्टी खोलेर घर परिवार सम्भदै घर खोज्दै हिड्ने क्रममा कसैको घरमा वास माग्न पुग्छे तर सबैले तिरस्कार गरेर धपाउँछन् । त्यसैवेला दुइजना मान्छेको विश्वासमा बाटो लागेकी उसलाई तिनीहरुले पुलिस चौकीमा लगेर बुभाइदिन्छन् । पुलिसका सामु सत्यता भन्दा पनि उसलाई आतङ्ककारीको नामले थुनामा राखिदिन्छन् । ऊ पुलिसहरुको इच्छा पूरा गर्ने साधन बन्छे । दुई वर्षसम्म जेल र अनेकौं यातना सहेर आत्मसमर्पण गर्न वाध्य हुन्छे ।

त्यसपछि तीन दिन पछि ऊ आफ्नो घर पुग्छे । घरका सबै परिवार अपहरित भएकाले घर रित्तो थियो । घरमा कोही र केही थिएन । त्यसपछि गाउँ छाडेर ऊ सहरमा वेसहारा भएर पाटीमा बस्ने क्रममा ७० नाघिसकेकी एक वृध्द महिलालाई भेट्छे । ती बूढी महिला पनि आफ्नै अगाडि आतङ्ककारीहरुले छोराको हत्या भएको पीडालाई सहन नसकेर गाउँ छाडेर हिडेकी थिइन् । यसरी सबै सहारा गुमाएका ती दुई पात्रहरु एक अर्कालाई आफ्नो सहारा सम्झी,एक अर्कामा माया ममता बाडेर वस्ने अठोट लिएका छन् । म पात्रले आमा पाएकी छ । आफू ममताको प्रतीक बनेर यस्ता आमाहरुको आँसु पुछ्ने प्रतीज्ञा गरेकी छे । यसरी कथानकको अन्त्य भएको छ ।

४.२०.२ पात्र

यस कथाको म पात्र प्रमुख नारी पात्र हो । उसैको केन्द्रीयतामा कथाको कथानक अघि बढेको छ । द्वन्द्वकालमा भएका विभिन्न हत्या हिँसा अपहरण आदिको सिकार भएका व्यक्तिको प्रतिनिधित्व म पात्रले गरेकी छे । यस कथाको म पात्र सत् चरित्रकी अनुकूल पात्र हो । सुख भोगेकी म पात्र परिवारमा रमाएर वसेकी थिई तर पछि ऊ एक्लो जीवन विताउन वाध्य देखिन्छे । यसरी उसको जीवनमा आएको उतापचडापले उसलाई गतिशील पात्रको रुपमा लिन सकिन्छ । कथाको सुरुदेखि अन्तसम्म देखिने ऊ मञ्चीय पात्र हो भने ऊ कथाबाट अलग गर्न नसकिने वध्द पात्र हो ।

त्यस्तै बूढीआमा पनि यस कथाको मुख्य पात्रको रुपमा देखिन्छिन् । कथानकलाई अघि बढाउने क्रममा उनको भूमिका निकै सक्रिय देखिन्छ । उनी यस कथाकी गतिशील चरित्र हुन् । त्यस्तै गरेर दुःख र पीडाले भरिएका समस्याग्रस्त अनुहारहरु, गाउँमा उनलाई तिरस्कार गर्ने कुनै गाउँका मानिसहरु, झुटो आश्वासन दिएर पुलिस चौकी पुऱ्याउने व्यक्तिहरु, पुलिसहरु, अपहरण क्रियाकलापमा संलग्न व्यक्तिहरु आदि सबै कथाका गौण वा सहायक पात्र हुन् । कथानकलाई अघि बढाउन यी पात्रहरुले प्रत्यक्ष अप्रत्यक्ष रुपमा योगदान पुऱ्याएका छन् । कथामा यी सबै पात्रहरु प्रतिकूल पात्रका रुपमा देखिएका छन् ।

४.२०.३ परिवेश

वाल्यकालको रमाइलो परिस्थितिलाई उजागर गर्दै कथाको सुरुवात भएको छ । समयको अन्तरालसँगै सहरको कुनाकुनामा भौंतारिएर हिड्ने पीडकहरुको अवस्था, सहरका भत्केका पाटीमा जीवन गुजारा गरी बस्ने व्यक्तिहरुको दयनीय अवस्थालाई कथाले समेटेको छ । अपहरणकारीले अपहरण गरेर लाँदाको अवस्था, उनीहरुले दिएको यातना, उनीहरुले जंगलमा छाडेपछि घर खोज्दै हिड्ने क्रममा म पात्रले पाएको दुःखद अवस्थालाई पनि कथामा देखाइएको छ । पुलिसहरुको नियत,अथवा घिनलाग्दो व्यवहार पनि कथाले देखाएको छ । सबै परिवारको अपहरण गरिएपछि त्यहाँको रित्तो घर तथा त्यहाँको विभत्स स्थिति प्रस्तुत गर्दै उक्त कथाको कथानकले गति पाएको छ ।

४.२०.४ उद्देश्य

वाल्यकाल रमाइलो विते पनि सबैको जिन्दगीमा त्यस परिस्थितिले स्थायित्व लिन नसक्ने कुरा म पात्रको माध्यमबाट देखाइएको छ । द्वन्द्वकालमा हुने हत्या, हिँसा,अपहरण गर्ने र त्यस परिस्थितिले सबैको जिन्दगी तथा घरबार सबै तहसनहस हुने कुरा देखाउनु यस कथाको उद्देश्य देखिन्छ । समाजमा राम्रो गर्छु, सहारा दिन्छु भनेर लोभ्याउने मान्छेले नै धोका दिन्छन्, देश र जनताको रक्षक मानिने पुलिस प्रशासन भित्र तुच्छ नियत लुकेको हुन्छ । रक्षकको सट्टा उनीहरु भक्षक बनेर म पात्र माथि शोषण गर्छन् । अपहरणकारी भनेका समाजका दानवहरु हुन् जो आमाबाबु, स्वास्नी ,छोराछोरीकै अगाडि उसका सन्तानहरुको हत्याको विभत्स दृष्य देखाउन पनि पछि पर्दैनन् । यसरी द्वन्द्वकालिन समयको यथार्थता प्रस्तुत गर्नु उक्त कथाको उद्देश्य देखिन्छ ।

४.२०.५ घटना

कथानकलाई गति दिने कममा कथामा विभिन्न घटनाहरु समावेस गरिएका छन् । सुखद जीवन विताइरहेकी स्कुलमा अध्ययन गरिरहेकी म पात्र स्कुलबाट अपहरणकारीबाट अपहरित हुनु, उनीहरुले उनलाई आँखामा पट्टी लगाएर लैजानु, घरका परिवारको वारेमा सत्यता वताउन वाध्य बनाउनु, एक हप्तासम्म थुनेर राख्नु, पछि जंगलमा लगेर छाडिदिनु, जंगलबाट घर खोज्ने कममा सहारा दिने नाटक गर्ने व्यक्तिहरुद्वारा पुलिस चौकीमा बुझाउनु, पुलिसले आतङ्ककारी ठानी थुनामा राख्नु र उनीमाथि अभद्र व्यवहार गर्नु, त्यहाँ आत्मसमर्पण गरेर जेलबाट छुटी घर जाँदा घरका सबै परिवार अपहरित भएको थाहा पाउनु, रित्तो घरमा बस्न नसकेर सहरतिर पस्नु, सहरका पाटीमा आफ्नो आश्रय खोज्नेकममा वेसहारा बूढी आमासँग भेट हुनु र आफ्नो दुःख व्यक्त गर्नु आदि यस कथाका प्रमुख घटनाहरु हुन् ।

४.२०.६ द्वन्द्व

कथानकलाई गति प्रदान गर्ने कममा पात्र पात्रावीच र पात्र स्वयंमा आन्तरिक र बाह्य द्वन्द्व दुवै पाइन्छ । समाजको यथार्थ घटनालाई देखाउने कममा पात्रहरुका वीचमा भएको द्वन्द्व पक्ष पनि व्यवहारिक देखिन्छ । म पात्रको अपहरण भए पछि कथामा द्वन्द्व पक्ष प्रवल हुदै गएको छ । अपहरणकारी र म पात्रका वीच बाह्य द्वन्द्व देखिन्छ ,म पात्रलाई पुलिसकहाँ पुऱ्याउने व्यक्तिका वीचमा र पुलिसको अन्याय र अत्याचारको विरोध गर्ने कममा पुलिस र म पात्रको वीचमा द्वन्द्व उत्पन्न भएको छ । अपहरणकारीको कर्तुतले निम्त्याएको परिस्थितिले उत्पन्न गराएको अवस्थाले म पात्रमा आन्तरिक र मनोद्वन्द्व दुवै पाइन्छ । यसरी कथामा द्वन्द्व पक्ष पनि सशक्त रुपमा देखिएको छ ।

४.२०.७ दृष्टिविन्दु

यस कथामा म प्रथम पुरुषको प्रयोग गरिएको छ । म पात्र नै कथा वाचक भएको र म पात्रकै केन्द्रीयतामा कथानक अघि बढेकाले आन्तरिक दृष्टिविन्दुको प्रयोग देखिन्छ । कथामा बूढी आमा, म पात्रका दाइ, आमा, बाबु,तथा पुलिस, अपहरणकारी आदिको पनि चर्चा गरिएको छ । यी सबै तृतीय पुरुष हुन् । त्यसैले यस कथामा बाह्य दृष्टिविन्दुको पनि प्रयोग भएको देखिन्छ ।

४.२०.८ संवाद

यस कथामा म पात्र र बूढी आमाका वीचमा भएका संवादले कथालाई गति प्रदान गरेको छ । कथामा एकल संवाद,दोहोरो संवाद दुवै पाइन्छ । अपहरणकर्ता पुलिससँग म पात्रको संवाद भएको देखिन्छ । यसरी कथामा यथार्थ पात्रहरु वीचको वार्तालाप संवादका रुपमा आएकाले यसमा प्रयुक्त संवाद जीवन्त र व्यवहारिक देखिन्छन् । कथामा स्तर,उमेर र अवस्था अनुसार संवादको प्रयोग भएका छन् । कथ्य भाषाको पनि प्रभाव कथामा सुहाउँदो किसिमले भएको पाइन्छ ।

४.२०.९ भाषाशैली

आयामगत हिसाबले छोटो मानिएको उक्त कथा सरल भाषामा रचिएको छ । कथाको आन्तरिक पक्ष दुःखान्त देखिन्छ । पात्रको स्तर अनुसार भाषाको प्रयोग गरिएको छ । पात्रहरुका वीचमा कथ्य भाषाको प्रयोग पनि देखिन्छ । म पात्रको जीवन जसरी विश्रृङ्खल रुपमा अघि बढ्छ यसको गतिमा जसरी अवरोधहरु आएका छन् त्यसै अनुसार भाषाको प्रयोग भएको छ । सरल पद तथा पदावलिहरुले कथा सहज बनेको छ । यसरी कथाको भाव, भाषा, प्रस्तुति, शिल्पशैली पक्षबाट हेर्दा कथाको भाषा अत्यन्तै सरल छ ।

४.२०.१० शीर्षक सार्थकता

यस कथामा म पात्र र बूढी मान्छेका दुःख र वेदनाहरु पोखिएका छन् । द्वन्द्वकालमा भएको अपहरणकारीका पशुजन्य क्रियाकलापहरु सबैको घरपरिवार, लोग्ने,छोराछोरीको भविष्य तहसनहस भएको छ । कोही  लुटिए, कोही मारिए, कोही धपाइए, कोही वेपत्ता पारिए जसले गर्दा समाज कोलाहालपूर्ण वातावरणमा बस्न नसकेर मान्छे यताउता लाग्ने क्रममा म पात्र र बूढी आमाको भेट भएको हुन्छ । यी दुवै त्यस्तै परिस्थितिको सामना गर्न नसकेर भावविह्वल हुँदै सहरका कुनाकाप्चा चाहर्दै यस पाटीमा आएका देखिन्छन् । उनीहरु दुवै जना घरपरिवार भएका , सुख र सन्तोष भोगेका व्यक्ति भएता पनि परिस्थितिले उनीहरुलाई त्यस ठाउँमा ल्याइपुऱ्याएको थियो । आज उनीहरुका सबै परिवार मारिएका छन् । जसले नितान्त एक्लै जीवज विताउन वाध्य देखिन्छन् । यसरी नितान्त एक्लै जीवनसँग सँघर्ष गर्दै हिड्ने यी दुवै जीवन कथा समेटिएको उक्त कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.२१ सविना

“सविना” कथा सुस्मिताद्वारा रचित “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहको एक्काइसौं कथा हो । धोकेवाज केटा नविनको झुटो मायाजालमा फसेकी एउटी शिक्षित नारीले आफ्नो विवाह गर्ने उमेर विताएकी छे र अब ऊ सबै कुरा पाएर पनि सुखी बन्न नसकेको परिस्थितिलाई समेटिएर लेखिएको उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

### ४.२१.१ कथानक

सुस्मिता नेपालद्वारा रचित हवाइवजहाजसँगै उडेको मन कथा संग्रहको एक्काइसौं कथा हो । सविना शीर्षक कथा नारी प्रधान कथा मानिन्छ । एउटी नारीको जीवन शिक्षित भएर पनि जागिर खाएर पनि सुख शान्तिपूर्ण  हुन सक्दैन भन्ने कुरा सविनाको जीवनले व्यक्त गरेको छ । सानैमा आमा गुमाउन बाध्य सविनाले बाबुबाट भनेको जस्तो माया पाउन सकिन । आमाको मायाबाट वञ्चित सविनाका जीवनका उताव चडापलाई कथानकले समेटेको  छ । गाउँमा सानैमा आमाको मृत्यु भए पछि उसलाई गाउँजान पनि मन छैन । उसलाई बाबुले गाउँमा बोलाउँदा पनि ऊ जान चाहन्न । अहिले  उसले जीवनका ३५ वसन्त पूरा गरी सकेकी छे । ऊ वी.ए. पास भएको १२ वर्ष पछि एम्.ए.पढ्न कलेज जान्छे । उसको जागिर पनि राम्रै छ । सहरमा तीन तले घर छ । घरभरि भाडामा बस्ने मान्छेहरु छन् । तर ऊ आफूलाई एक्लै पाउँछे । उसले सहि समयमा सहि व्यक्तिको विचार बुझ्न सकिन । नविन जस्ता व्यक्तिको मायाजालमा परेर उसका केही वर्ष वितेका हुन्छन् । त्यही फोस्रो मायाको सिकार बनेर तड्पिएकी  सविना झुटो  आश्वासन दिएर जाने नविनको धेरै खोजी गरेकी हुन्छे तर उसलाई भेट्टाउन सक्दिन । यसले गर्दा उसको विवाह गर्ने उमेर पनि उसले स्वीकार्न सकिन । जागिरबाट शान्ति प्राप्त नभएर ऊ कलेज पढ्न जान्छे । साथी भाइसँगको घुलमिलले आफ्नो अतीत भुल्ने प्रयत्न गर्छे । जीवनमा दुःखसँग सामना गर्न सक्षम बनेकी  सविना कुशल गृहिणी बन्न नसकेकोमा निकै दुःखी देखिन्छे । समाजका विकृतिहरुसँग सँघर्ष गर्दै  उसले  जीवनका सुन्दर क्षणहरु खर्लप्प निलेकी छे । समाजका मानिसहरुको विभिन्न मतमतान्तर देखि ऊ वाक्क भएकी छे । उमेरले भन्दा अध्ययनले मान्छेलाई विविध समस्यासँग जुध्न सक्षम र सफल बनाउने  ठानी ऊ फेरि कलेजमा भर्ना भएर पढ्ने र आफ्नो अतीत भुल्ने उद्देश्यले कलेजमा पढ्न थाल्छे । यसरी शिक्षित नारीको जीवन गाथालाई बोकेर उक्त कथाको कथानकले निरन्तरता पाएको छ ।

### ४.२१.२ पात्र

विवेच्य कथामा सविना मुख्य नारी पात्र हो । सविना नै यस कथाको कथावाचक पनि हो । कथालाई मूर्त रुप दिने काम सविनाको माध्यमबाट गरेको देखिन्छ । सविनाका जीवनका सुख र दुःखलाई समेटेर कथानक अघि बढेको देखिन्छ । वाल्यकालदेखि सँघर्षमय जीवन विताउन वाध्य सविना यस कथाकी सत् पात्र हो । ऊ यसकी अनुकूल पात्र हो । सविना कथाको सुरुदेखि अन्तसम्म नै दुःखमय जीवन भोग्न वाध्य भएकीले ऊ यस कथामा स्थिर

पात्रको रुपमा देखिएकी छे । कथाको सुरुदेखि अन्तसम्म भूमिका निर्वाह गर्ने सविना कथाकी मञ्चीय पात्र हो । कथामा केन्द्रीय भूमिका निर्वाह गर्ने सविना वध्द पात्रको देखिएकी छे ।

कथामा देखा पर्ने विभिन्न पात्रहरु मध्ये नवीन कथाको मुख्य पुरुष पात्र हो । कथानकलाई गति दिने क्रममा नवीनको भूमिका पनि निकै ठूलो देखिन्छ । सविनालाई झुटो माया जालमा फसाएर आफ्नो स्वार्थ पूरा गर्न आफ्ने भोग मिटाउन झुटो आश्वासन दिएर भाग्ने नवीन धोकेवाज व्यक्ति हो । ऊ यस कथाको असत् चरित्र हो । नवीन यस कथाको प्रतिकूल पात्र हो । चरित्र परिवर्तन गर्ने नवीन यस कथाको गतिशील चरित्र हो । नवीन नेपथ्य पात्र हो । ऊ मुक्त पात्र हो ।

त्यस्तै कथामा प्रयोग भएका अन्य नारी पात्रहरुमा रश्मि, पुष्पा र पुरुषपात्रमा सञ्जीव, बाबु सहायक पात्र हुन् । यी पात्रहरुले कथालाई गति दिनेक्रममा सहायक भूमिका निर्वाह गरेका छन् । यी पात्रहरु अनुकूल पात्रहरु हुन् । त्यस्तै सविनाका अन्य साथीहरु गौण पात्रहरुका रुपमा देखिन्छन् ।

४.२१.३ परिवेश

विवेच्य कथाको कथानक पीडाले छट्पटिएको अवस्थालाई समेटेर अघि बढेको छ । मिर्मिरे उज्यालो, व्यस्त सडक, मोटरको आवतजावत, ठिङ्ग उभिएका रुखहरुको दृश्य कथामा पाइन्छ । कलेजका वातावरण,त्यहाँको साथीहरुको विचार, कलेज परिसरमा राजनैतिक अवस्थाले ल्याएको तनावपूर्ण अवस्था समाजका विकृति र विसंगतिपूर्ण वातावरण पनि कथामा पाइन्छ । सविनाले काम गर्ने अफिस,सविना बस्ने घरको वातावरण, नवीनलाई खोज्ने क्रममा त्रिशूलीको वरिपरिको परिवेश पनि कथामा भित्रिएको छ ।

४.२१.४ उद्देश्य

शिक्षित बन्दैमा, जागिर खाँदैमा, घर हुँदैमा पनि नारीलाई सुख र शान्ति मिल्दैन । त्यसको लागि पारिवारिक सुख सबैभन्दा ठूलो सुख मानिन्छ । त्यसैले उक्त कथामा सविनालाई सबै कुरा भएर पनि कुशल गृहिणी बन्न नसकेको ठूलो पीडा छ । नारीले समयमा विवाह गर्नुपर्ने, केटाहरुको झुटो मायाबाट बच्नु पर्ने कुरा पनि कथामा देखाइएको छ । विवाह नगरी बस्दा समाजको हेर्ने नजर पनि नकारात्मक हुने कुरा पनि कथाले देखाउँछ । राजनैतिक अस्थिरताको परिणाम कलेज लगायत कुनै पनि ठाउँमा शान्ति नहुने, कुनै पनि पुरुषमाथि विश्वास गर्न नहुने कुरा देखाउनु यस कथाको प्रमुख उद्देश्य देखिन्छ ।

४.२१.५ घटना

प्रस्तुत कथालाई गति दिने क्रममा कथामा विविध घटनाहरुको समायोजन गरिएको छ । सविनाको दुई वर्ष हुँदा आमा खस्नु, बाबुले भने जस्तो संरक्षण दिन नसक्नु, विवाह गर्ने उमेरमा नवीनजस्ता स्वार्थी प्रवृत्तिका व्यक्तिको माया जालमा फस्नु, विवाह गर्ने विश्वास दिएर नवीन

वेपत्ता हुनु, उसको खोजी गर्दा गर्दै विवाह योग्य समयले डाँडा काट्नु,आदि घटनाहरुलाई समेटेर सिङ्गो कथा तयार गरिएको छ ।

४.२१.६ द्वन्द्व

नारी प्रधान अथवा चरित्र प्रधान यस कथामा कथाका पात्रपात्राको वीचमा वाह्य द्वन्द्व र पात्रका अन्तर्मन भित्रका आन्तरिक द्वन्द्व सबल रहन्छ । यसमा आन्तरिक र बाह्य द्वन्द्व सशक्त छन् । वाह्यद्वन्द्वका दृष्टिले सविना र नवीनका वीचमा द्वन्द्व छ । सविना र समाजका विभिन्न पक्षहरुसँग द्वन्द्व देखिन्छ । त्यस्तै कथामा नवीनले सविनालाई स्वार्थको साधन बनाएर भोग गरेपछि छाडिदिन्छ । यसबाट सविनामा मानसिक पीडाले आन्तरिक द्वन्द्व उत्पन्न गराएको छ । कथामा मनोविश्लेषण पक्षले प्रवलता पाएकोले मनोद्वन्द्व पनि त्यत्तिकै मात्रामा छ । सविनाका जिन्दगीमा आएका विभिन्न मोडहरुले गर्दा आन्तरिक,बाह्य तथा मनोद्वन्द्वले कथामा गति प्रदान गरेको देखिन्छ ।

४.२१.७ संवाद

विवेच्य कथाका प्रमुख सहायक पात्र पात्राबीचको संवादले कथाको गतिमा महत्वपूर्ण भूमिका खेलेको छ । कथामा पात्रको मनोविश्लेषण गर्न एकल संवाद र पात्रको चरित्र उद्घाटन गर्न दोहोरो संवाद प्रयोग भएको पाइन्छ । समाजका यथार्थ पात्रहरु वीचको वार्तालाप संवादका रुपमा आएकाले यसमा प्रयुक्त कथन व्यवहारिक देखिन्छ । शिक्षित पात्रहरुको स्तरलाई ध्यानमा राखेर संवादको प्रयोग भएको छ । शिक्षित व्यक्तिहरुका वीचको संवादमा अंग्रेजीशव्दले प्रश्रय पाएको छ । संवादमा प्रयोग भएका पद पदावलि अन्य कथाको तुलनामा केही लामा देखिन्छन् ।

४.२१.८ दृष्टिविन्दु

यस कथामा सविना नै यस कथाको मुख्य पात्र हो । उसैको केन्द्रीयतामा कथानक अघि बढेको देखिन्छ । कथावाचक पनि सविना नै देखिन्छे । सविना तृतीय पुरुष दृष्टिबिन्दु हो । यसभन्दा बाहेक कथामा रस्मि, सञ्जीव, पुष्पा, नवीन, आमा, बुबा आदि पात्रहरुको उलेख्य भूमिका देखिन्छ । यी सबै तृतीय पुरुष पात्रहरु हुन् । त्यसैले कथामा बाह्य दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

४.२१.९ भाषाशैली

आयामगत हिसावले साढे पाँच पेजमा लेखिएको उक्त कथाको भाषा पनि सरल देखिन्छ । कथाको आन्तरिक पक्ष दुःखान्त देखिन्छ । यस कथामा शिक्षित पात्रहरुलाई स्थान दिइएको छ । त्यसैले उनीहरुले प्रयोग गरेका भाषा स्तरीय देखिन्छन् । कथ्य भाषाको जस्ताको तस्तै प्रयोग गर्ने क्रममा अँग्रेजी  शब्दहरुको प्रयोग गरिएको छ । यस कथामा लामा पदावलिको प्रयोग गरिएता पनि शब्दहरु सरल देखिन्छन् । परिस्थितिलाई दर्शाउने क्रममा प्रयोग गरिएका भाषा निकै सान्दर्भिक र मार्मिक छन् । निपात र अनुकरणात्मक शब्दको प्रयोगले कथाको भाषालाई

मिठासपूर्ण बनाएको देखिन्छ । यसरी कथाको भाव, भाषा, प्रस्तुति, शिल्पशैली पक्षबाट हेर्दा कथाको भाषा अत्यन्तै सरल र सहज देखिन्छ ।

४.२१.१० शीर्षक सार्थकता

कथाकी नायिका सविनाकै नामबाट राखिएको यस कथाको शीर्षक सार्थक छ । यस कथाले सविनाको पूर्ण जीवनको चित्रण गरेको छ । कथा सविना र उसैको सेरोफेरो घुमेको छ । कथामा सविनाको जीवन सुरुदेखि नै कारुणिक बनेको छ । आफूले दर्दनाक जीवन विताएर पनि नवीनको प्रतीक्षामा बस्दा भोग्नु परेका परिस्थितिलाई सविनाले स्वीकारेकी छे । नवीन जस्ता व्यक्तिको झुटो आश्वासनलाई विश्वास गर्दा भोग्नुपर्ने पीडालाई सहन पनि ऊ वाध्य छे । यसरी दर्दहरु दबाएर जीवनमा बाँच्न ठूलो सँघर्ष गरिरहेकी महान नारी सविना एक अनुकरणात्मक पात्र हो । उसैको जीवनमा घटेका विविध घटनाबाट पाठकहरु बढी संवेदनशील बन्ने अवस्थामा लेखिएको यस कथाको शीर्षक सविना पूर्ण रुपमा सार्थक छ ।

## ४.२२ साँझ पर्न लागिसकेको थियो

"साँझ पर्न लागिसकेको थियो" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको बाइसौँ कथा हो । निसन्तान महिलालाई सबैले उपहास गर्छन् भन्ने कुरा प्रस्तुत गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.२२.१ कथानक

सुस्मिता नेपालद्वारा रचित 'साँझ पर्न लागिसकेको थियो' कथा हवाइजहाजसँगै उडेको मन कथा संग्रहको बाइसौँ कथा हो । उक्त कथाको शुभारम्भ शीर्षकबाट नै भएको देखिन्छ । प्रतिकात्मक रुपमा रहेको यो कथाको आन्तरिक स्वरुप दयनीय छ । सन्तान विहिन नारीको कारुणिक यथार्थता यस कथाले प्रस्तुत गरेको छ । सन्तान नभएका नारीले समाजमा पराई तथा आफन्तहरु सबैबाट हेला, घृणा, अपमान र उपहास बाहेक केही पाउँदैनन् । यसै क्रममा म पात्र एकदिन शिक्षित परिवार भित्र पुगेकी हुन्छे । त्यहाँ उसको मर्मको ख्यालै नगरी सन्तान नभएको भनेर उपहास गरेको पाउँछे । त्यहाँबाट ऊ गह्रौं मन लिएर घर फर्कन्छे । त्यस्तै गरेर एक दिन ऊ अर्कै परिवारकहाँ पुग्छे । त्यहाँ उसले त्यस घरका बच्चाहरुका लागि चक्लेट किनेर दिएकी हुन्छे । उसले बच्चाहरुलाई चक्लेट दिएको देखेर उसलाई विभिन्न दृष्टिकोणले हेरिन्छ । ऊबाट बच्चाहरुलाई टाढा गराइन्छ । केही समय पश्चात ऊ फेरि अर्को परिवारभित्र पुगेकी हुन्छे । त्यहाँका बच्चाहरुलाई उसले चक्लेट पनि लगिन र बोलाउन पनि सकिन । विचरा ! ती निर्दोष बालकहरु एकोहोरो उसको मुखमा मात्र हेरिरहे । उनीहरुको त्यो हेराइले उसमा माया उर्लेर आउँछ । सन्तान नहुनेले अर्काको सन्तानलाई माया गर्न नजानेकी भनेर कसैले आरोप लगाइरहेको सुने पछि ऊ भित्र उर्लिएको मायाको छाल त्यत्तिकै बिलाएर जान्छ ।

४.२२.२ पात्र

यस कथाको म पात्र मुख्य नारी पात्र हो । उसैको जीवनको सेरोफेरोमा कथानकले गति पाएको छ । सन्तान जन्माउन नसकेको कारण समाजका विविध प्रकारका व्यक्तिहरुको उपहास सहन बाध्य भएकी  छे । तैपनि उसमा विरोधका, प्रतिशोधका भावना देखिँदैन, ऊ आफ्नो लोग्नेलाई अति धेरै माया गर्छे, लोग्नेबाट पनि त्यस्तै माया भएकी छे । यस्तो निस्वार्थ मायालाई उसले आफ्ना सन्तान मानेकी छे । ऊ यस कथाकी सत् पात्र हो अथवा अनुकूल चरित्र हो । अरुले लगाएको लाञ्छनालाई पर्वाह नगरी जीवनमा अघि बढ्दै जाने म पात्र कथाको स्थिर पात्र हो । उसको भूमिका कथाको सुरुदेखि अन्तसम्म देखिन्छ । ऊ कथाको मञ्चीय पात्र हो । सिङ्गो कथानकलाई डोर्‍याउने म पात्र कथाकी  वध्द पात्र हो ।

कथानकलाई बढाउने क्रममा शिक्षित परिवारका सदस्य (श्रीमान,श्रीमती,५वर्षे बालक) देखिन्छ । यस परिवारका सदस्य मध्ये श्रीमती प्रतिकूल पात्र हो भने श्रीमान र बालक प्रति अनुकूल पात्रका रुपमा देखिन्छन् । बच्चा नभएको नारीको मनको घाउमा चोट पुर्‍याउने काम गरेकीले श्रीमती असत् पात्र हो । अर्काको भावनाको कदर गर्ने श्रीमान र निश्चल स्वभाव भएको वालक सत् पात्र हुन् ।

त्यस्तै म पात्रको श्रीमान यस कथाको सहायक पात्रका रुपमा देखिन्छन् । उनी आफ्नी श्रीमती दुःख पीडा बुझेर व्यवहार गर्न जान्ने सत् पात्र हुन् । उनी यस कथाका अनुकूल पात्र हुन् । आफ्नी श्रीमतीलाई माया गर्ने उनी नेपथ्य पात्र हुन् ।

त्यस्तै कथाका अन्य पात्रहरुमा एउटी तरुनी अनि निर्दोष बालकहरु कथाका गौण पात्रहरु हुन् ।

४.२२.३ परिवेश

साँझको अन्धकारमय वातावरणलाई अगाल्दै उक्त कथाको कथानक अघि बढेको देखिन्छ । कथाकी म पात्र पाहुना मान्न जाने क्रममा शिक्षित घर परिवारको परिवेशलाई कथाले समेटेको छ । शिक्षित परिवारभित्रको घोचपेचले उब्जाएको तनावपूर्ण वातावरणले उसलाई खाना खान पनि गाह्रो भएको देखिन्छ । त्यस्तै विभिन्न घरहरुमा जानेक्रममा ती घरहरुका आन्तरिक परिवेशलाई पनि कथाले समेटेको छ । म पात्रको घरको वातावरण सुखमय भएपनि सन्तान जन्माउन नसक्नाले उसलाई मानसिक पीडा भाग्नु परेको छ । यसरी विभिन्न प्रकारका व्यक्तिहरुको घर परिवारका आन्तरिक परिवेशलाई समेटेर कथानक अघि बढेको देखिन्छ ।

४.२२.४ उद्देश्य

घरमा लोग्नेले माया र पूर्ण विश्वास गरेर जति खुसी दिए पनि नारीका लागि सन्तान जन्माउनु, आमा बन्न पाउनु ठूलो कुरा हो । यसले नै उसको जीवनमा ठूलो खुसी प्राप्त हुन्छ । निःसन्तान नारीले समाजमा बाँच्न अति कठिन देखिन्छ किनकि समाजका विविध लाञ्छनालाई

सहनु पर्ने हुन्छ । समाजका अपमान, घृणा, उपहास सबै ती नारीले सहनु पर्ने देखिन्छ । शिक्षित समाजले पनि त्यस्ता नारीको पीडा बुझ्न सक्दैनन् । जीवनमा कोशिस गरेर पनि राम्रो काम गर्न खोज्दा पनि नभए त्यसमा दुःखी भएर बस्नु उचित नहुने कुरा उक्त कथाले देखाएको छ । लोग्नेका निस्वार्थ माया र सहयोग भएमा नारीले सन्तानको सुखको अनुभूति गर्न सक्छे । अरुका सन्तानलाई माया गर्दा र नगर्दा पनि समाजले उसलाई विभिन्न दृष्टिकोणले हेर्छ र विभिन्न आरोप प्रत्यारोप लगाउँछन् तैपनि नारीले धर्ती बनेर त्यस्ता प्रत्यारोपहरुसंग सामना गर्नु पर्ने बाध्यता र विवशतालाई प्रस्तुत गर्नु उक्त कथाको मुख्य उद्देश्य देखिन्छ ।

४.२२.५ घटना

कथालाई गति दिने क्रममा कथानकले केही घटनाहरुलाई समेटेको देखिन्छ । समाजका शिक्षित परिवारले म पात्रप्रति गरेको उपहासबाट कथाले गति पाएको छ । म पात्रलाई उसको पीडा बुझेर पनि उनीहरु व्यङ्ग्य प्रहार गर्छन् । त्यस्तै गरेर अर्को घरमा जाने क्रममा त्यहाँका बच्चालाई चक्लेट दिँदा घरका अन्य सदस्यहरु बच्चाहरुलाई ऊबाट टाढा पार्नु,अर्को घरमा जाँदा केही बोली उनीहरुलाई हेरिरहँदा, माया लाग्दा पनि माया गर्न नपाउँदा, सन्तान नभएकाले माया गर्न नजान्ने आरोप लगाउनु आदि घटनाहरुले कथानकलाई पूर्ण गरेका छन् ।

४.२२.६ द्वन्द्व

कथानकलाई गति प्रदान गर्ने क्रममा पात्र पात्रविच आन्तरिक र वाह्य दुवै द्वन्द्व कथामा पाइन्छ । सन्तान जन्माउन नसक्नाले र समाजका विविध लाञ्छनाहरुको सामना गर्ने क्रममा मानसिक पीडाले आन्तरिक द्वन्द्व उत्पन्न गराएको देखिन्छ । बाह्य द्वन्द्वका दृष्टिले म पात्र शिक्षित परिवारका वीचमा द्वन्द्व छ । वच्चालाई ऊबाट टाढा राख्ने परिवारसँग र बच्चालाई माया गर्न नसक्दा विभिन्न आरोप लगाउने व्यक्ति वा परिवारसँग द्वन्द्व देखिन्छ । विभिन्न घरमा पाएको अपमानले गर्दा ऊ भित्र भित्रै पिल्सिएकी छे । त्यो पीडा ऊ अरुलाई व्यक्त गर्न पनि सक्दिन जसले गर्दा उसमा मनोद्वन्द्व पनि उत्पन्न भएको छ । यसरी कथामा मनोद्वन्द्व,आन्तरिक र बाह्य द्वन्द्वले स्थान पाएको छ ।

४.२२.७ संवाद

विवेच्य कथामा प्रमुख पात्र र सहायक पात्रहरुका वीचमा भएको संवादले कथालाई गति दिएको छ । यस कथामा एकल र बहुल संवादहरुको प्रयोग गरिएको छ । संवादमा प्रयोग गरिएका पद पदावलि छोटा छन् । समाजका यथार्थ पात्रहरुको वीचको वार्तालाप संवादका रुपमा आएकाले उक्त संवाद व्यवहारिक देखिन्छ । समाजका नकारात्मक र सकारात्मक सोच भएका मानिसहरुले प्रयोग गर्ने संवाद पनि पात्र र परिस्थिति सुहाउँदा देखिन्छन् ।

४.२२.८ दृष्टिविन्दु

यस कथामा म प्रथम पुरुषको केन्द्रीयतामा कथानक अघि बढेको छ । त्यसैले यस कथामा आन्तरिक दृष्टिविन्दुको प्रयोग देखिन्छ । कथामा म पात्रको श्रीमान्, शिक्षित परिवारका सदस्य, अन्य व्यक्ति सबै तृतीय पुरुष पात्रहरु हुन् । यी पात्रहरुले कथानक अघि बढाउने क्रममा सहयोग गरेको देखिन्छ । त्यसैले कथामा बाह्य दृष्टिविन्दुको पनि प्रयोग भएको देखिन्छ ।

४.२२.९ भाषाशैली

आयामगत हिसावले छोटो मानिएको उक्त कथा सरल भाषामा रचिएको छ । कथाको आन्तरिक पक्ष दुःखान्त देखिन्छ । पात्रको सोच र स्तर अनुसार प्रयोग गरिएको भाषा निकै सान्दर्भिक देखिन्छ । पात्रहरुको बीचमा कथ्य भाषाको प्रयोग पनि देखिन्छ । म पात्र विभिन्न स्तर र सोच बोकेका पात्रहरुले प्रयोग गरेको भाषाले कथाले पूर्णता पाएको छ । सरल पद तथा पदावलिहरुको प्रयोगले कथा सरल देखिन्छ । यसरी कथाको भाव, भाषा, शिल्पशैली आदिबाट हेर्दा कथाको भाषा अत्यन्तै सरल देखिन्छ ।

४.२२.१० शीर्षक सार्थकता

कथाको शीर्षकबाट नै कथानक अघि बढेको उक्त कथाको शीर्षक सार्थक देखिन्छ । म पात्रले समाजका विभिन्न सोच र स्तरका मान्छेहरुबाट धेरै लाञ्छना सहेकी छे । बच्चा जन्माउन नसक्नु उसको लागि विडम्बना बनेको छ । यसैलाई आधार बनाएर समाजमा उसलाई बाच्नै नसक्ने स्थितिको सिर्जना भएको छ । उसले कसैको बच्चालाई माया गर्दा पनि रिस गर्छन् । माया गर्न चाहेर नगर्दा पनि माया गर्नै नजान्ने भनी आरोप लगाउँछन् । त्यसैले बाहिरबाट आउने विभिन्न प्रकारका आवाजहरुले यसै साँझ पर्न लागेमा बेलामा उसलाई सताउने गर्छ अनि ऊ एक एक गरेर कम्प्युटरमा त्यसलाई कैद गर्न पुग्छे । यसरी उसका दिनभरीका पीडाजन्य आवाजहरु उसलाई यसै बेला तड्पाउने गरेकाले कथाको शीर्षक सार्थक देखिन्छ ।

**४.२३ अभाव र गरिवीको सडक**

"अभाव र गरिबीको सडक" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको तेइसौं कथा हो । निम्न वर्गीय जीवनको यथार्थता प्रस्तुत गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.२३.१ कथानक

सुस्मिता नेपालद्वारा रचित उक्त कथा हवाइजहाजसँगै उडेको मन कथासंग्रहको तेइसौं कथा हो । उक्त कथामा समाजका अति निम्न वर्गीय जीवनको यथार्थता प्रस्तुत गरिएको छ । समाजका अभाव र गरिबीमा बाँचेका परिवारको प्रतिनिधित्व यस कथाले गरेको छ । कथाको आन्तरिक स्वरुप दयनीय छ । काठमाण्डौका भत्केका सडक, यहाँका जीर्ण मठ मन्दिर, प्रदुषित

वातावरणलाई कथानकले समेटेको छ । यहाँका मठहरु भगवानको मन्दिर नभएर गरीब र अशक्तका आश्रयस्थल बनेका देखिन्छन् । मन्दिर परिशर निकै फोहोर बनाएका छन् । सानो कोठाभित्र धेरै जना अटाएर बसेका देखिन्छन् । त्यसै ठाउँमा सानु र उसकी दिदी पनि त्यही ठाउँमा बस्दै आएका देखिन्छन् । उनीहरु वस्ने कोठा पनि त्यस्तै थियो । त्यस्ता गरीब परिवारका केटाकेटीहरुलाई कुनै कुनै स्कुलले पढ्ने अवसर प्रदान गरेकाले तिनीहरुले निःशुल्क पढ्न पाएका थिए । उनीहरुका आमा पनि नभएको बाबु दिनभरी काममा जाने उनीहरुलाई सम्झाउने बुझाउने कोही नभएर पढाइ गर्न पनि जादैनथे, पढाइको महत्व पनि बुझ्दैनथे । एकछिनको भोक,माया, अभावलाई मात्र बुझ्ने अवोध यी केटाकेटीहरुलाई शिक्षाको महत्व बुझ्न गाह्रो थियो । यसरी शिक्षित बन्नु, सही मार्ग पहिल्याउनु उनीहरुका लागि सपना जस्तै बनेको छ भनी उक्त कथाको कथानकले प्रस्तुत गरेको छ ।

४.२३.२ पात्र

यस कथाको म पात्र मुख्य नारी पात्र हो । म पात्रले गरीब बस्तीका बाल बालिकाहरुलाई शिक्षाको महत्व बुझाउँदै हिडेको देखिन्छ । उसले त्यस्ता गरीब परिवारका केटाकेटीलाई निःशुल्क शिक्षा दिने स्कुलको व्यवस्था मिलाएकी छे । त्यस्ता व्यक्तिहरुलाई पढ्न जोड दिएकी छे । अज्ञानको अन्धकारबाट ज्ञानको उज्यालो ज्योति दिन ऊ लागि परेकी देखिन्छे । त्यस्ता व्यक्तिहरुको उज्वल भविष्यको कामना गर्ने म पात्र सत् वा अनुकूल पात्र हो । ऊ स्थिर चरित्रकी पात्र हो । सहरको प्रदूषित वातावरणमा अभावग्रस्त जीवन देख्दै आएकी म पात्र कथाको सुरुदेखि अन्तसम्म देखिएकी मञ्चीय पात्र हो ।

त्यस्तै सानु, सानुकी दिदी, भाइ, यस कथाका सहायक पात्रहरु हुन् । उनीहरुकै अभावग्रस्त जीवनगाथा बोकेर उक्त कथाको कथानक अघि बढेको छ । छलकपट केही नभएका, केही कुराको ज्ञान नभएका ती अवोध केटाकेटीहरु कथाका अनुकूल ज्ञान नभएका ती अवोध केटाकेटीहरु कथाका अनुकूल पात्र हुन् र स्थिर चरित्रका पात्रहरु हुन् । कथामा देखिएकी बूढी आमा, अवोध केटाकेटीको बाबु कथाको गौण पात्रहरु हुन् ।

४.२३.३ परिवेश

काठमाण्डौका चरक्क चर्केको घामले तातेका सडक, गाडीको धुलो र धुवाँले भरिएको प्रदूषित वातावरणमा कथाको परिवेश सुरु भएको छ । सडकका छेउबाट बोट विरुवा हटाउनाले सहर उजाड देखिन्छ ।

काठमाण्डौका जीर्ण मन्दिरहरुलाई कथामा भिज्याइएको छ । देवताका ती मन्दिरहरु, मन्दिर नभएर गरीबहरुका आश्रयस्थल बनेको देखिन्छ । मन्दिर वरिपरिका वातावरण अत्यन्त फोहरका कारण दुर्गन्धित बनेको छ । थोत्रा काठ र टिन,जस्ता पाताले बनाएका छाप्राहरुले मन्दिरको परिशर ढाकेको छ । गरीब परिवारका वस्ने र सुत्ने कोठा भित्रको यथार्थ चित्र कथाले समेटेको छ । यसरी अभाव र गरिबीमा वाँचेका परिवारले बस्ने साँगुरो अवस्थालाई प्रस्तुत गरेको छ ।

४.२३.४ उद्देश्य

समाजका अभाव र गरिबीमा बाँचेका परिवारको यथार्थता प्रस्तुतगर्नु उक्त कथाको उद्देश्य देखिन्छ । राजधानीको रुपमा रहेको काठमाडौं सहरको प्रदूषित वातावरण अनेकौ पीडाले छटपटिएका मानिसहरुको भीडभाड, भगवानका मूर्तिले भरिएका मठ मन्दिरको जीर्ण अवस्थालाई पनि देखाइएको छ । आजका मठ मन्दिरमा गरीबहरुका आश्रयस्थल बनेका छन् जसले गर्दा मन्दिर परिशर निकै दुर्गन्धित भएको देखाइएको छ । आमाबाबुको राम्रो संरक्षण नपाएका अभावग्रस्त जीवन बिताउन बाध्य यी केटाकेटीहरुलाई शिक्षाको महत्व बुझाएर निःशुल्क पठन पाठनको व्यवस्था मिलाउन सके यिनीहरुको भविष्य राम्रो बन्ने कुरा देखाउनु उक्त कथाको उद्देश्य देखिन्छ ।

४.२३.५ घटना

कथानकलाई अघि बढाउने क्रममा यस कथामा सिमित घटनालाई समावेश गरिएका छन् । काठमाण्डौंका मन्दिरको जिर्णोदार नहुनु, मन्दिरलाई पाटीपौवाका रुपमा प्रयोग गरिनु, गरिबी र अभावमा बाँचेका व्यक्तिहरु साँगुरो कोठामा जीवन विताउन वाध्य हुनु, बाबु आमाको राम्रो स्याहार सुसार यी गरीब परिवारका बच्चाहरुले नपाउनु, शिक्षाको महत्व नबुझ्नु आदि घटनाहरुले कथानकलाई गति दिएका छन् ।

४.२३.६ द्वन्द्व

अभाव र पीडामा बाँच्न बाध्य यहाँका गरीब व्यक्तिहरुको निश्चित वासस्थान छैन । मन्दिरका छत्रछाँया, टिन र प्लाष्टिकले बेरेको कोठामा वस्न पुगेका छन् । सागुरो घेराभित्र धेरै जना अटाउनु पर्ने उनीहरुको वाध्यता छ । शिक्षा प्राप्त गर्ने अवसरबाट पनि वञ्चित छन्, निःशुल्क शिक्षा आर्जन गर्ने मौका पाएतापनि शिक्षाको महत्व नबुझ्नाले स्कुल जाँदैनन् । यस्ता केटाकेटीको भविष्य विग्रने देखी तिनीहरुलाई कसरी सही मार्गमा हिडाउने भनी म पात्रमा द्वन्द्व उत्पन्न भएको छ । विहान बेलुका छाक टार्न धौ धौ भएका यी परिवारका हरेक सदस्यहरुमा आन्तरिक द्वन्द्व देखिन्छ । यसरी कथामा देखिएका यी पात्रहरुमा आन्तरिक द्वन्द्व देखिन्छ । कथामा मनोद्वन्द्व पनि देखिन्छ ।

४.२३.७ दृष्टिविन्दु

यस कथामा म प्रथम पुरुषको प्रयोग गरिएको छ । त्यसैले कथामा आन्तरिक दृष्टिविन्दु प्रयोग भएको देखिन्छ । कथाको कथानकलाई गति दिने क्रममा बूढी आमा, सानु, उसकी दिदी, भाइ र बुबा पनि देखिन्छन् । यी पात्रहरु तृतीय पुरुष पात्रहरु हुन् । त्यसैले कथामा आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग भएको देखिन्छ ।

४.२३.८ संवाद

विवेच्य कथामा प्रमुख पात्र र सहायक पात्रहरुको वीचमा भएको संवादले कथालाई गति दिएको छ । संवादमा प्रयोग गरिएका पद पदावली छोटा छन् । कथामा बहुल संवादभन्दा एकल संवादको बढी प्रयोग भएको देखिन्छ । पात्रहरुले प्रयोग गरेको संवाद परिस्थिति सुहाउँदो देखिन्छ ।

४.२३.९ भाषाशैली

आयामगत हिसावले छोटो मानिएको यस कथाको भाषा अत्यन्त सरल छ । कथाको आन्तरिक स्वरुप दयनीय देखिन्छ । पात्रको स्तर अनुसार भाषाको प्रयोग भएको छ । कथामा प्रयोग गरिएको भाषाले कथामा पूर्णता दिएको छ । सरल पद, पदावलीको प्रयोग भएको छ । यसरी कथाको भाव, शिल्पशैली आलिबाट हेर्दा कथा सरल देखिन्छ ।

४.२३.१० शीर्षकमा सार्थकता

कथाको आन्तरिक पक्षलाई शीर्षकले समेटेको छ । नेपाली समाज, त्यसमा पनि काठमाण्डौका गरीब मान्छेको बाच्नु पर्ने वाध्यता कथामा छर्लङ्ग्याइएको छ । अभावको जिन्दगी उनीहरु सडकका पेटी,मठ मन्दिरका छहारीमा जीवन विताउन वाध्य देखिन्छन् । राम्रो लाउने मिठो खाने, शिक्षा आर्जन गर्ने भन्ने कुरा उनीहरुका धेरै टाढाका विषय मानिन्छन् । भोक, माया, र अभाव वाहेक यिनीहरु केही बुझ्न सक्दैनन् । सानुको परिवार यस्तै दुःख झेल्न वाध्य देखिन्छ । यसरी यिनीहरुलाई कसरी शिक्षित बनाउने, सही बाटोमा हिड्न सिकाउने भन्ने प्रश्नहरुको उत्तर नमिल्नाले अभाव र गरिबीको सडक अझै लम्बिने सम्भावनाको संकेत गर्ने यो कथाको शीर्षक सार्थक देखिन्छ ।

## ४.२४ समयको अनुहार

"समय अनुहार" कथा सुस्मिताद्वारा रचित "हवाइजहाजसगै उडेको मन" कथा संङग्रहको चौबीसौं कथा हो । समयले मानिसको जीवनमा ल्याउने उतार चडाबबारे प्रस्तुत गर्ने उक्त कथालाई कथातत्वका आधारमा यसरी विवेचना गरिन्छ ।

४.२४.१ कथानक

सुस्मिता नेपालद्वारा रचित यो कथा हवाइजहाजसँगै उडेको मन कथा संग्रहको चौबीसौं अर्थात् अन्तिम कथा हो । समयको परिवर्तन पनि गजवको देखिन्छ । समयले नै कसैलाई दुःखी र कसैलाई सुखी बनाएको हुन्छ । त्यस्तै कथाकी म पात्रका जीवनमा पनि यस्तै परिवर्तन समयले ल्याइदिएकाले जीवनमा उसले सबै दुःखसँग सामना गरेकी छे । ऊ जेठ भएर बलेकी छे भने साउन भएर वर्षिनु परेको पनि छ । यस्तै दुःख समयले बाबु र बालक छोराको जीवनमा ल्याइदिएको छ । उनीहरुको दुःख देख्दा सबैलाई नै असह्य पीडा हुने देखिन्छ । गरिबी र

बुढ्यौलीसँग जुद्दै गरेका ती बूढा बाबु र खुट्टा गुमाएको ८ वर्षको बालक छोराको परिस्थितिले हरेकको मन पगालेको छ । प्रकृति पनि स्तव्ध भएको छ । बूढो बाबु छोराको अवस्था देखेर निकै चिन्तित देखिन्छन् । समाजका हरेक व्यक्तिले उनको छोरालाई हेर्ने दृष्टिकोण नै फरक देख्छन् । छोरालाई लङ्गडो भनी सम्वोधन गरेको सुनेर उनी सहन सक्दैनन् तर त्यस्ता व्यक्तिसँग कुनै विवाद गर्न पनि सक्दैनन् । आफ्ने सन्तानको सिङ्गो भविष्य सम्झेर उनी निराश बन्छन् । आफ्नो सकुशल छोरो खेल्न जाने क्रममा सडक दुर्घटनामा परेर खुट्टा गुमाउन वाध्य भएको छ । साथीको सहायतामा वीर अस्पतालको सैयामा आफ्नो छोरालाई फेला पार्दा उनी साह्रै रुन्छन् । आफ्नो मनलाई जसोतसो बुझाए पनि उसको आमाको मन बुझाउन सकेका छैनन् । दुर्घटनाको बारेमा पनि उनीलाई कुनै जानकारी छैन । अब उनको जीवनमा नहुनुपर्ने कुरा भइसकेका खुट्टा गुमाए पनि छोरो बाँचेकामा त्यसैमा उनी चित्त बुझाउन चाहन्छन् । यसरी ८ वर्षको बालकले वैशाखी टेकेर सिङ्गो भविष्य वोकेर हिड्नु परेकाले उक्त कथाको कथानक पनि अत्यन्त दुःख र मार्मिक देखिन्छ ।

४.२४.२ पात्र

यस कथाको म पात्र मुख्य नारी पात्र हो । उसैको केन्द्रीयतामा कथानक अघि बढेको छ । अरुको दुःख र पीडालाई आफ्नो मर्म ठान्ने, अरुलाई सहानुभूति देखाउने म पात्र सत् पात्र हो । ऊ कथाको अनुकूल पात्र हो । त्यस्तै छोराको भविष्यको लागि बाबु आमा कमजोर बनेर अपाङ्ग सन्तानको लागि सहारा बन्नु पर्ने कुराको संदेश दिने नारी पात्र कथाको स्थिर पात्र हो । कथाको सुरुदेखि अन्त्यसम्म विभिन्न मोडमा सहयोग गर्ने क्रममा दुःखी र गरीबको भावना बुझ्ने म पात्र कथाको मञ्चीय पात्र हो । कथामा मुख्य भूमिका निर्वाह गरेकी म पात्र वध्द पात्र हो । बूढा बाबु यस कथाको मुख्य पुरुष पात्र हो । आफ्नो सन्तानको दुःखप्रति सहारा बन्ने, परिवारलाई असाध्यै माया गर्ने यो पात्र अनुकूल पात्रको रुपमा देखिन्छ । सत् चरित्र भएका बूढा बाबु स्थिर पात्र हुन् । त्यस्तै ८ वर्षे बालक पनि यस कथाको मुख्य पात्रको रुपमा देखिन्छ । कथानकले उसैको जीवनको घटनालाई डोऱ्याएर अघि बढेको देखिन्छ । ऊ पनि कथाको अनुकूल पात्र हो र स्थिर चरित्रको देखिन्छ । दुःख र पीडा सहेर वसेको उक्त बालक यस कथाको मञ्चीय पात्र हो ।

त्यस्तै कथामा बालककी आमा, साथी रामु, ड्राइभर, दुर्घटनास्थलमा देखिएका मानिसहरु सहायक पात्रका रुपमा देखिन्छन् । यी पात्रहरुले पनि कथानकलाई डोऱ्याउन केही न केही भूमिका निर्वाह गरेका छन् ।

४.२४.३ परिवेश

उक्त कथा दुःख र वेदनाले भरिएको अवस्थालाई संगालेर अघि बढेको छ । एउटा गरीब परिवारको दयनीय अवस्थालाई चित्रण यस कथाले गरेको छ । आठ वर्षको खुट्टा गुमाएको बालकको दर्दनाक स्थिति बूढा बाबुको दुःख पीडाले छट्पटिएको र भोक र तिर्खाले सताइएको अवस्थालाई पनि कथानकले बोकेको छ । विहान १० बजेतिरको समय प्राकृतिक सुन्दरताले ढाकिएको वातावरण पनि कथामा पाइन्छ । सडक दुर्घटना हुँदा सडक वरिपरिको दयनीय

अवस्थाको चित्रण पनि कथाले गरेको छ । त्यस्तै बालकले खेल्ने परिवेश, दुर्घटना पछि उपचारको क्रममा अस्पतालको वातावरण पनि कथामा पाइन्छ । काठमाण्डौँका रिंगरोडका बाटो, ड्राइभरहरुको लापरवाहीपनले निम्त्याएको अवस्था आदि विभिन्न परिवेशलाई कथानकले समेटेको छ ।

४.२४.४ उद्देश्य

विवेच्य कथामा मानिसको जिन्दगीमा समयले ल्याउने विभिन्न दुःखहरुसँग सामना गर्नु मानिसको वाध्यता नै देखिन्छ । मान्छेले जे कुरा नहोस् भन्ने सोच्छ त्यही दुःख उसले भोग्नु पर्ने वाध्यता नै बनेको छ । बुढेसकालको सहाराको रुपमा हुर्कंदै गएको छोरो अपाङ्ग भइदिँदा पनि मान्छेले सहन विवश बन्दो रहेछ भन्ने कुरा कथाले देखाएको छ । सन्तानको पीडाले बाबुलाई भन्दा आमालाई बढी गहिरो घाउ बनाउने रहेछ । अपाङ्ग सन्तानको भविष्य देखेर आमाबाबु विचलित बनेकोले त्यस्ता बालकको मनोबल गिर्न सक्ने कुरा पनि उद्देश्यले देखाएको छ । त्यसैले अपाङ्ग सन्तानको हेरचाह गर्ने आमाबाबु बलियो बनेर कथा सन्तानको सहारा बन्न पर्ने देखिन्छ । अपाङ्ग व्यक्तिप्रति हेरिने समाजको धारणा फेरिए अपाङ्ग भएका व्यक्तिलाई उत्साह र आँट बढ्ने कुरा पनि कथाले देखाएको छ । खुट्टा गुमाएको सन्तानको लागि बाबुआमा नै बैशाखी बनेर सिङ्गो भविष्यतिर डोऱ्याउन सकेमा अपाङ्ग केटाकेटीको जिन्दगी सफल बन्न सक्छ भन्ने कुरा देखाउनु उक्त कथाको मुख्य उद्देश्य देखिन्छ ।

४.२४.५ घटना

प्रस्तुत कथाको कथानकलाई अघि बढाउने क्रममा विविध घटनाहरु समावेश गरिएका छन् । ८ वर्षको बालकको जीवनसँग कथाको सम्पूर्ण घटनाहरु सम्बन्धित देखिन्छन् । समयको गतिसँगै हुर्कंदै गरेको बालक साथीहरुसँग खेल्न जानु, खेल्न जाँदा गाडीले किच्नु, अवेरसम्म घर नआउनु, खोज्न जाने क्रममा अस्पतालमा फेला पार्नु, उसको एउटा खुट्टा गुम्नु र ऊ अपाङ्ग बन्नु, समाजले ऊप्रति नराम्रो व्यवहार गर्नु, ऊ वैशाखीको सहारामा हिड्न वाध्य बन्नु आदि यस कथाका प्रमुख घटनाहरु हुन् ।

४.२४.६ द्वन्द्व

कथामा बूढा बाबु बालक छोरोको अवस्था देखेर म पात्रमा आन्तरिक द्वन्द्व देखिन्छ । त्यस्तै छोरोको बिग्रदो अवस्था देखेर आमाबाबुमा पनि के गर्ने र कसो गरौँ भनी आन्तरिक द्वन्द्व देखिन्छ । बालकलाई अरु साथीहरु खेलेको हिडेको देख्दा ऊ भित्र भित्रै तड्पिएको छ । यसबाट उसमा पनि आन्तरिक र मनोद्वन्द्व दुवै देखिन्छ । त्यस्तै सडकमा त्यो बालकको दुर्घटना हुँदा सडकका मान्छेहरुमा आन्तरिक द्वन्द्व उत्पन्न भएको देखिन्छ । यसरी कथामा आन्तरिक द्वन्द्व प्रबल रुपमा देखिन्छ । बालकलाई लङ्गडो उपनाम दिएको देखेर उसका बाबु र समाजप्रति वाह्य द्वन्द्व देखिन्छ । यसरी कथामा बाह्यद्वन्द्व भन्दा आन्तरिक द्वन्द्व पक्ष नै बढी सफल देखिन्छ ।

४.२४.७ दृष्टिविन्दु

उक्त कथामा म प्रथम पुरुषको प्रयोग गरी कथानकले गति पाएको छ । त्यसैले आन्तरिक दृष्टिविन्दुको प्रयोग देखिन्छ । त्यस्तै यस कथामा बूढोबाबु, आमा छोराको साथीहरु, रामु, ड्राइभर आदि यस कथाका तृतीय पुरुष पात्रहरु हुन् । कथानकलाई अघि बढाउन सहयोग पुऱ्याउने यी तृतीय पुरुषको प्रयोगले बाह्य दृष्टिविन्दु कथामा भएको मान्न सकिन्छ । यसरी कथामा आन्तरिक र बाह्य दुवै दृष्टिविन्दुको प्रयोग भएको पाइन्छ ।

४.२४.८ संवाद

कथानकलाई गति प्रदान गर्ने क्रममा संवाद पक्ष पनि बलियो मानिन्छ । यस कथामा म पात्र र बूढो बाबुका विचमा संवाद भएको छ । उनीहरुको विचमा भएको संवाद अत्यन्त मार्मिक छ । बूढाबाबु र छोराको अवस्था देखेर म पात्रमा मनोवाद पनि देखिन्छ । कथानकलाई गति दिने क्रममा एकल संवाद र वहुल संवादको प्रयोग गरिएको छ । संवादहरु परिस्थिति र पात्र सुहाउदो देखिन्छ । कथाकारले पात्रको स्तर, अवस्थालाई विचार गरेर संवादको प्रयोग गरिएको छ ।

४.२४.९ भाषाशैली

आयामगत रुपमा छोटा (२ पृष्ट)भनिएको उक्त कथाको भाषाशैली अत्यन्त मार्मिक देखिन्छ । एउटा बालकको जीवन कथालाई प्रस्तुत गर्ने उक्त कथाको आन्तरिक पक्ष पनि दुःखान्त नै देखिन्छ । कथाका पात्रहरु मानसिक रुपले पिडित देखिन्छन् । कथामा सबै पात्रहरुको वीचमा संवादात्मक वाक्यहरुले कथामा स्थान पाएका छन् । कथामा कथ्य भाषाको प्रयोग पनि पाइन्छ । छोटा पद पदावलि तथा सरल वाक्य संयोजनले पनि कथा सरल देखिन्छ । अवस्था अनुसारको भाषाको प्रयोग गरिएको छ । निपातको प्रशस्तै प्रयोगले भाषामा मिठास थपेको छ । यसरी भाव, भाषा, प्रस्तुती, शिल्पशैली पक्षबाट हेर्दा कथाको भाषा सरल र सहज छ ।

४.२४.१० शीर्षक सार्थकता

विवेच्य कथामा समयमा परिवर्तन आउँदा समय कहिले जाडो बन्छ, कहिले गर्मि बन्छ, कहिले साउन बनेर बर्सन्छ भने कहिले जेठ बनेर बल्छ, कहिले शरद भएर फुल्छ भने कहिले शिशिर बनेर उजाडिन्छ । त्यस्तै समयले नै मानव जीवनमा पनि त्यस्तै उतापचडाप ल्याइदिन्छ । सुखसँग हातेमालो गर्दै आफ्नो भविष्यको गोरेटो पछ्याउँदै हिडेको उक्त बालकको जीवनमा ठूलो बज्रपात भएको छ । त्यस परिवारको सारा सपनाहरु टुटेका छन् । छोरामाथि गरेको कल्पना कल्पनामै हराएको छ । परिस्थितिले उसलाई अपाङ्ग बनाइदिएको छ । अब आफूले बुढेसकालको सहारा मानेको छोराको उल्टै आफू सहारा बन्नु परेको छ । त्यसैले उनको जीवनमा अब पीडा भन्दा बाहेक अरु केही छैन । छोराको सिङ्गो भविष्य देखेर बूढा बाबु आत्तिएका छन् । छोराको भविष्य उनको अगाडि ठूलो समस्या बनी तेर्सिएको छ । छोराको वैशाखी बनेर जिउन उनी वाध्य देखिन्छन् । यसरी समयले ल्याउने परिवर्तनलाई उक्त कथाले

स्पष्टसँग प्रस्तुत गरेको देखिन्छ । दुःखान्त कथावस्तु बोकेर अघि बढेको उक्त कथाको सम्पूर्ण परिवेश पनि दुःखान्त नै देखिन्छ । समयले ल्याएको परिवर्तनलाई जो कोहीले पनि सहनु पर्ने कुरा देखाउन सफल यो कथाको शीर्षक सार्थक देखिन्छ ।

## ५.निष्कर्ष

सुस्मिता नेपाल नेपाली साहित्यकी प्रतिभाशाली कथाकार हुन् । उनले खास गरी कथाका फाँटमा पनि आफूलाई परिचित गराएकी छन् । सुस्मिताले साहित्यका अन्य विधाहरु उपन्यास, जीवनी, निबन्ध, तथा कविताको क्षेत्रमा पनि आफ्नो स्थान बनाएकी छन् । सुस्मिता नेपाली समाजका केस्रा केस्रा केलाउन सफल भएकी छन् । उनले पूर्ववर्ती कथाकारहरुले देखाएको बाटो नै अनुशरण गरेकी छन् । उनका कथामा समसामयिक समाजका यथार्थतालाई कलात्मक ढङ्गमा प्रस्तुत गरिएको छ । उनको सूक्ष्म र तीक्ष्ण दृष्टिकोण उनका कथाहरुमा पाइन्छ । उनका कथामा विचार, मानवीय मूल्य, बौध्दिकता, नेपाली संस्कारको चेतनाको नजिक रहेर अभिव्यक्ति व्यक्त भएको देखिन्छ । उनका कथाको मुख्य विचार सकारात्मक रहेको छ । सुन्दर कथाका गहन चित्रण सुस्मिताले गरेकी छन् । उनको कथामा आदर्शता र कलात्मकता झल्किएको पाइन्छ । मानवीय मूल्य, स्वतन्त्रता र अनुभूतिक सार्वभौम स्तरको कञ्चनजंगा हिमाल झैं उच्च बनेर कथाको निर्माण भएको छ । उनका कथाहरुले नयाँ उन्मुक्ति र सिमान्तलाई अनुभूत गराएको पाइन्छ । सुस्मिताको कथायात्रा त्यति लामो मान्न नसकिएता पनि विषयवस्तुगत व्यापकता भएको पाइन्छ । कथाकार सुस्मितामा थोरैमा धेरै भन्ने वा विन्दुमा सिन्धु अटाएर कथालाई कारुणिक स्थितिमा टुङ्ग्याई  पाठकका मन मष्तिष्कलाई आर्द्र बनाउने खुवी रहेको पाइन्छ ।

प्रत्येक लेखक देश, काल र परिस्थितिबाट प्रभावित र प्रेरित रहेको हुन्छ । त्यसैले कथाकारमा सुस्मितामा पनि त्यो प्रभाव परेको देखिन्छ । उनले समकालीन समाजको गहन र सुक्ष्म अध्ययन गरेकी छन् । कथाहरुमा समाजका गरिबी,हत्याहिँसा, प्रेम अधिकाँश घटना समेटिएका छन् । सहरिया जीवन र त्यस वरिपरिका विविध समस्याहरुलाई कथामा भित्र्याएको देखिन्छ । नेपालले समकालिन समाजका विषयवस्तु, पात्र र परिवेशलाई अनुभूतिले टिपेर कल्पनाले खिचेर कथाका रुपमा प्रस्तुत गरेकी छन् । सहरी जीवनका समसामयिक समाजका देखिने अनौठो द्वन्द्व र मनस्थितिमा उभ्याइएका  उनका कथाका चरित्रहरुले आधुनिक समाजको जटिलतालाई चिनाएको छ । उनले आधुनिक समाजले भोगेका सुखद र दुःखद घटनाहरुलाई कुशलतापूर्वक उद्घाटन गरेकी छन् ।

नेपाली पारिवारिक जीवनका दुःख,सुखलाई सर्वाधिक महत्व दिएर मानवीय अनुभूति, संवेदना, रागात्मकताको चित्रण गर्ने सुस्मिता नेपालले आफ्ना कथाहरुमा दयनीयता, सहानुभूति, करुणा, असहाय तथा विपत्तिग्रस्त पात्रहरुका माध्यमले सामाजिक तथा मानसिक जगतका सङ्गति र विसङ्गतिको उद्घाटन गरेकी छन् । रुढिवादीको कट्टरता, समाजको धोका, र प्रपञ्चले ठगिएका पात्रहरुको संयोजनले मानसिक संवेदना र करुणा जगाउन उनका कथा सफल देखिन्छन् । कथा प्रस्तुतिको ढङ्ग, परिवेशको चित्रण, विषयवस्तुको विन्यास, घटनाको संयोजन र कार्यकारण सम्बन्धलाई कथाकार सुस्मिताले आकर्षक रुपमा प्रस्तुत गरेकी  छन् ।

# परिच्छेद पाँच

# उपसंहार

## ५.१ साराँश

२०६६ सालमा सुस्मिताको आठौं सौगातको रुपमा जन्मिएको “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहले नेपाली साहित्यमा नयाँ ईटा थप्ने काम गरेको छ । यस पुस्तकका प्रकाशक बैरागी जेठा रहेका छन् भने किरण मानन्धरले पुस्तकको आवरण भर्ने काम गरेका छन् । यस पुस्तकको मुद्रण सँस्था साथी प्रकाशन रहेको छ । पुस्तकको पृष्ठपोषण गर्ने काम बैरागी जेठाले गरेका छन् । सुस्मिताको यो कथा संङग्रहले राष्ट्रियताको संवर्द्धनमा विशेष बल पुऱ्याउने कुरामा दुई मत देखिन्न । प्रतिभाशाली आख्यानकार सुस्मिताका सहज कथाहरुले आफ्नै महत्व र गौरव गाथा बोकेका छन् । शाश्वत आख्यान, आभ्यासिक आख्यान र औपदेशिक आख्यानका तीन श्रेणी मध्ये आख्याता सहज प्रतिभा नेपालका कथाको कलाले उनलाई उच्च शिखरको दर्जामा गणना गराउने सँकेत उक्त कथाले औंल्याएको छ । सरल, सरस, र सहज नेपाली लिपिमा रचिएको उक्त कथाले नेपाली जनजीवनका समसामयिक विषय वस्तुलाई समेटेको छ । तिनै विषयहरुलाई मौलिक प्रतिभाद्वारा प्राज्वल भाषामा कथाको सिर्जना गरिएको छ । कथाकारको सुक्ष्म र तिक्ष्ण दृष्टिकोण कथाहरुमा बहेका छन् । यस कथामा विचार, जीवनवोध, मानवीय मूल्य, बौद्धिकता, नेपाली संस्कारको चेतनाको नजिक रहेर अभिव्यक्ति उत्कर्षित भएको छ । कथाको मुख्य विचार पक्ष सकारात्मक देखिन्छ । कथा अत्यन्तै सुन्दर र गहन बनेको छ । आदर्श, दार्शनिकता पनि कलात्मक रहेको देखिन्छ । मानवीय मूल्य, स्वतत्रता र अनुभूतिकै सार्वभौम स्तरको हिमाल झैं बनेर कथाको निर्माण भएको देखिन्छ । उनको यस कथाले नयाँ उन्मुक्ति र सिमान्तलाई आनन्द अनुभूत गराउँछ ।

कथा नितान्त सामाजिक विषयवस्तु बटुलिएर तयार पारिएको छ । कथा भरि गरिबी, माया, हाँसो, रोदन, पीडा, प्रतिसोध, आदि देखिन्छन् । विशेष गरि सुस्मिताले आफूले भोगेका सहरिया जीवनको समसामयिक जीवन त्यस वरिपरिका विविध समस्याहरुलाई चपक्क समातेकी छन् । जुन वर्तमान परिस्थितिको बहसका विषय बनेका छन् तर शान्त प्रवाहको शालिन नदीझैं उनका कथाका शब्दहरु बगेका छन् । अनौठो द्वन्द र मनस्थितिमा उभिएका उनका कथाहरुका चरित्रहरुले वर्तमान समाजको जटिलतालाई परिभाषित गरेका छन् ।

सुस्मिताद्धारा रचित “हवाइजहाजसगै उडेको मन” कथा संग्रहमा जम्मा २४ वटा कथा समावेस गरिएको छ । संग्रहको १९सौँ कथा “हवाइजहाजसगै उडेको मन” कथाबाट संग्रहको

नामाकरण गरिएको छ । यस संग्रहका केही कथाहरु पर्वते, मधुपर्क तथा मिमिरेमा पनि प्रकाशित भएका देखिन्छन् । १२० पृष्टमा संरचित उक्त कथाहरु विभिन्न प्रकृतिका छन् । यस संग्रहको सबै भन्दा लामो कथा “को होला मेरो बाबा ?” रहेको छ । यसमा छोरीले आफ्नो सही बाबु पत्तालगाउन डी. एन .ए. परीक्षण सम्बन्धि कथा छ । यसले कथाका विषयहरुमा नयाँपन लिन खोजिएको देखिन्छ । यस संग्रहका ६ वटा कथाहरु छोटा मानिन्छन् । २-३ पेजमा उक्त कथाहरु संरचित छन् । उनको यस संग्रहको लामो कथा ९ पेजमा संरचित छ । अरु ४-६ पेजका मध्यम खालका कथाहरु देखिन्छन् । यस संग्रहका अधिकांश कथाहरु सामाजिक विषयवस्तुलाई समेटिएर लेखिएका छन् । “उसको आँसु”, “को होला मेरो बाबा ?”,जस्ता कथाहरु बाल मनोविज्ञानमा आधारित देखिन्छन् । सविना, छोराछोरीको स्पर्श,आदि नारीप्रधान कथाहरु रहेका छन् । कुनै कथामा आर्थिक रुपमा सम्पन्न पात्रहरुको प्रयोग गरिएको छ भने कुनै कथामा निम्न वर्गीय पात्रहरुले स्थान पाएका छन् । सम्पन्न पात्रहरु पनि कुनै न कुनै रुपमा पीडित देखिन्छन् भने विपन्न पात्रहरु सधैं अभावग्रस्त जीवन जिउन बाध्य भएकाले दुःखी देखिन्छन् । कथामा एउटा अपाङ्ग बालकको दुःखी जीवनको चित्र देखि लिएर विविध विषयहरु समेटिएका छन् । निसन्तान नारी पीडालाई कथाले देखाएको छ । सडक बालिकाको कारुणिक जीवनलाई कथामा समेटिएको छ । आफ्नो कर्तब्यबाट पन्छिने कायर पुरुषको चरित्र द्वैत चरित्रका पुरुष तथा नारीको चरित्रलाई पनि कथाले समेटेको छ । विद्यार्थी र शिक्षकको सुमधुर सम्बन्धका कारण विद्यार्थीले सही जीवन पाउने कुरा पनि कथाले देखाउछ । काठमाडौंमा पानीका समस्यामा तड्पिएका काठमाडौं वासीका पीडा पनि कथामा पोखिएका छन् । आमाका कर्तुतका कारण अर्कै व्यक्तिलाई बाबा भन्नु पर्ने वाध्यताले बाल मष्तिष्कमा परेको प्रभाव पनि कथामा देखिन्छ । प्रसुती गृहका प्रसव पीडामा छटपटिएकी नारी वेदना र त्यहाँको वातावरण पनि कथाले समेटेको छ । नारी र पुरुषका बीचका आरोप प्रत्यारोप देखि लिएर एउटी अविवाहित नारी पीडन पनि कथामा पाइन्छ, पत्नी पीडित पुरुषका वेदनाहरु, वयोवृद्ध महिलाका अतीतहरुले पनि कथामा आफ्नो स्थान पाएका छन् । निसन्तान महिलाले पाएको उपहास, विवाह योग्य उमेर गुमाएकी महिलाले दयनीय पक्षलाई कथामा भित्र्याइएको छ । देशमा राजनैतिक अस्थिरताले गर्दा कतिपय मानिसको जीवन एक्लिएको देखाइएको छ । समयले ल्याउने सुखद र दुःःखद क्षणहरको वर्णन पनि कथामा पाइन्छ । कोही कथा प्रश्नार्थक वाक्यबाट शीर्षक राखिएको छ । कोही कथा शीर्षकमा प्रयोग गरिएको शब्दावलिबाट शुरुवात भएको छ ।“घाम नडुब्दै” शीर्षकबाट नै कथाको शुरुवात भएको कथाले कथामा नयाँपन थपेको छ । कथावस्तु नितान्त नौलौ छ । “हरेक दिन म गुडिरहन्छु” मा एउटा बसको कथा छ । काठमाडौं त्रिपुरेश्वर देखि भक्तपुरसम्म चल्ने एउटा बूढो बस (ट्रलिबस)ले आफ्नो कथा भनेको छ । यस कथाले पनि नयापन दिने कोसिस गरेको छ । यसरी सुस्मिताका अधिकांश कथाहरु घटनाप्रधान र नारीप्रधान देखिन्छन् । कथामा प्रस्तुत घटनाहरु  छिटोछिटो दौड्ने खालका छन् । महिलाका अधिकार सम्बन्धी कथाहरु पनि यस संग्रहले समेटेको छ । यसरी विविध विषयवस्तु खादिएर लेखिएको उक्त संग्रहका कथा लेखनमा कवितात्मक छुवाइहरु पनि देखिन आएका छन् ।

समाजका जटिल आर्थिक एवम् मानवीय स्वरुपको पर्यवेक्षण गर्दै गतिशिल सामाजिक मूल्यमा आस्था राख्ने सुस्मिताले नेपाली समाजका विधमान सम्पूर्ण समस्या र खराबीले उब्जाएको मानिसको दुर्नियति र कठोर यातनाको स्वरुपलाई यस कथामा विश्लेषण गरेकी छन् । कथाको संरचना अन्तर्गत कथावस्तुमा गरिबी र यसबाट उत्पन्न अनेक समस्याका

कुपरिणामबारे गम्भीर चिन्तन गरिएको छ । उनले उक्त कथामा शोषित वर्ग प्रति सहानुभूति व्यक्त गरेकी छन् भने सामन्त वर्ग प्रति व्यङ्ग्य प्रहार गरेकी छन् । समाजका शोषक तथा सवल व्यक्तिहरुकै कारण गरीब र अपाङ्गले नैरास्यता भोग्नुपरेको कुरा पनि कथाले देखाएको छ । समाजका उपेक्षित र  पीडित निम्नवर्गका मानिसहरुको जीवनका संवेदनशील अवस्थाको चित्रण पनि कथामा गरिएको छ । धर्म एवम् नैतिकताको वाह्य आडम्वरको घुम्टो ओडेर अमानवीय घृणित कार्य गर्ने मानिसको पाशविक वृतिको पर्दाफास गर्न पनि पछि परेकी छैनन् । समाज चित्रणका कममा बाहिर भन्दा आन्तरिक द्वन्दलाई बढी महत्व दिइएको देखिन्छ । आर्थिक द्वन्दले मानिसको मानसलोकभित्र सिर्जना गर्ने पीडा, वेदना, विभिन्न संवेगहरुको मर्मस्पर्शी पक्षलाई पनि उनले यसै कथाका पात्रको माध्यमबाट प्रस्तुत गरिएको छ ।

५.२ उपसंहारः

साहित्यकार सुस्मिता नेपालको जीवनी व्यक्तित्व र उनको हालसम्मका कृतिहरुको अध्ययनका आधारमा उनको स्थान स्थापित गर्नु पर्दा उनी सुरुदेखि हालसम्म संघर्षमय जीवनयापन गरी परिवार, समाजको हित चाहने प्रवृत्तिकी देखिन्छिन् । एउटी कुशल गृहिणी, सक्षम आमा, शिक्षण पेशामा आफूलाई समर्पित गर्ने सुस्मिताले उनको जीवनमा आउने हरेक पिंढीलाई शिक्षादीक्षामा प्रेरित गर्दै आएकी छन् । आफ्नो परिवार र जागिर समाजप्रतिको दायित्व यिनले इमान्दारीका साथ पूरा गरेकी छन् ।

साहित्यिक व्यक्तित्वको रुपमा नियाल्दा उनले विविध साहित्यिक विधामा कलम चलाएको देखिन्छ । उनी उपन्यासकार, कथाकार, जीवनीकार, निवन्धकार, कवि, समालोचक आदि व्यक्तित्वका रुपमा चिनिएकी छन् । नेपालले विभिन्न पत्रपत्रिकामा कथा, कविता, निबन्ध, सम्पादकीय लेख, उपन्यास र अन्य लेखहरुका माध्ययमबाट नेपाली साहित्यको क्षेत्रमा आफ्नो योगदान दिइरहेकी छन् ।

उनका आठवटा कृतिहरु प्रकाशित भएका छन् । त्यसमा कविता १, कथा १, ६ वटा उपन्यास पर्दछन् । केही कृतिहरु प्रकाशोन्मुख रहेका छन् । पाठकहरुले उनका अन्य फुटकर रचनाहरु विभिन्न साहित्यिक पत्रपत्रिका र संञ्चार माध्यमबाट समय - समयमा प्रकाशन र प्रशारण भएका सामाग्री हेर्न र सुन्न र अध्ययन गर्न पाइरहेका छन् । सामाजिक, पारिवारिक र पेशागत कार्यक्षेत्रमा व्यस्त रहँदा रहँदै पनि साहित्य क्षेत्रमा उनको योगदान स्मरणीय सहेको छ ।

साहित्यकार सुस्मिता नेपालको कृतिपरक अध्ययनका आधारमा मूल्याङ्कन गर्नु पर्दा उनी सामाजिक यथार्थवादी कथाकार हुन् । उनको “हवाइजहाजसगै उडेको मन” कथा संङग्रह ( २०६६) मा संङग्रहीत २४ वटा कथामा समसामयिक सामाजिक विषयवस्तु, सिमित पात्र, उपयुक्त परिवेश, सरल र सहज भाषा शैलीको प्रयोग गर्न उनी सक्षम देखिन्छिन् । उनले एउटै मात्र कथा संङग्रह प्रकाशन गरे पनि आफ्नो कथा मार्फत समाज परिवर्तन विकास र सामाजिक समस्याका विविध क्षेत्रलाई आफ्नो कथामा समावेश गराएकी छन् । समाज व्यवस्थाका असन्तुष्टि र कमजोरीहरुलाई यथार्थवादी शैलीमा व्यक्त गरी समाजका उत्पीडित वर्गप्रति हार्दिक सहानुभूति दर्शाएकी छन् । समाज चित्रणलाई अर्थपूर्ण एवम् सारगर्भित गहनता

प्रदान गर्न पात्रको स्थिति र पहिचानलाई निश्चित आयतन भित्र स्थापित गरेर उनले आफ्ना कथाको संरचनालाई सुपुष्ट बनाएकी छन् । उनका कथाका विषयवस्तु पूर्णरुपमा यथार्थमा आधारित छन् । यसमा पनि सामाजिक विषयवस्तुकै प्राधान्य रहेको पाइन्छ । समाजका विविध समस्या एवम् विकृति तथा अन्याय अत्याचार प्रभावित नेपाली पारिवारिक जीवनका मार्मिक दुर्घटनाहरुलाई आफ्नो कथाको कथावस्तुमा विषयवद्ध गरेकी छन् । परिवारभित्र उत्पन्न हुने तनावपूर्ण स्थितिदेखि विघटनको स्थितिसम्म व्यक्तिले कुण्ठित भएर बस्नुपर्ने अवस्थाको राम्रो नाटकीकरण उनका कथाहरुमा भएको झलक दिएर रुग्ण र जीर्ण सामाजिक मूल्य र मान्यताकै पृष्ठभूमिमा विषयवस्तुको चयन गरेर उनले आफूलाई सामाजिक यथार्थवादी कथाकारको रुपमा चिनाएकी छन् । यथार्थवादमै केन्द्रीभूत भएर उनले समाजको जीवन्त चित्र उतारेकी छन् ।

एकान्त पनि रुन्छ (उपन्यास), मेरा छातीका कोलाजहरु (उपन्यास), उडेका उमेरहरु ( उपन्यास), काला काला रातहरुमा टेक्दै (उपन्यास), एउटा आवाजको जन्म (उपन्यास), आकाशका हजारौं हातहरु (उपन्यास), ताल - हृदयभित्र (कविता संग्रह), “हवाइजहाजसगै उडेको मन” कथा संङग्रह गरी आठवटा कृति प्रकाशित छन् । यी प्रकाशित कृतिहरुलाई हेर्दा उपन्यास क्षेत्रमा युवापुस्ताका सफल उपन्यासकारको रुपमा देखिन्छिन् । त्यसपछि कथाकारितामा पनि उनी त्यतिकै सफल छिन् । समसामयिक विषयवस्तुलाई आधार बनाइएका उनको कथा संग्रह बालक, युवा, वृद्ध सबैको मन छुने, रोचक र सरल प्रकारका छन् । गद्य र पद्य शैली दुबैमा उनले आफ्नो स्थान जमाएकी छन् । यी बाहेक पत्रपत्रिकाहरुमा पनि फुटकर रुपमा उनका कृतिहरु प्रकाशित भएका छन् केही प्रकाशोन्मुख पनि देखिन्छन् । अन्य विधाका तुलनामा उपन्यास र कथा विधामा उनको दखल रहेको पाउन सकिन्छ । उनको प्रकाशोन्मुख कृतिहरु यथासिघ्र प्रकाशन गरी उनको उचित मूल्याङ्कन गर्न अझै पनि सरोकारवाला व्यक्ति र निकायबाट बाँकी नै रहेको छ । कथाकार नेपालका साहित्यिक जोस जाँगरले आगामी दिनमा पनि निरन्तरता पाइरहून् भन्ने कामना गरिन्छ ।

प्रस्तुत शोधपत्रमा पहिलो परिच्छेद अन्तर्गत विषय परिचय, समस्याकथन, शोधकार्यको उद्देश्य पूर्वकार्यको समीक्षा, औचित्य, सीमाङ्कन, सामग्री संकलन, शोधविधि र शोधपत्रको रुपरेखा प्रस्तुत गरिएको छ ।

दोस्रो परिच्छेद अन्तर्गत नेपाली कथाको सैद्धान्तिक परिचय, कथाको व्युत्पति, कथाको परिभाषा, कथाका तत्वहरु, निष्कर्ष, कथा वर्गीकरणका आधारहरु, निस्कर्ष आदि जस्ता विषयहरु समावेस गरिएको छ ।

तेस्रो परिच्छेद अन्तर्गत ललितपुर जिल्लाको चापागाउँमा मध्यम वर्गीय परिवारमा वि. सं. २०२७ साल बैशाख पूर्णिमाको दिन जन्मिएकी सुस्मिता नेपालको जीवनी विवरण प्रस्तुत गरिएको छ । जन्म, जन्मस्थान, बाल्यकाल, बाल्यकालीन क्रियाकलाप, र अविष्मरणीय क्षण, शिक्षा दीक्षा, धार्मिक कार्य, आर्थिक अवस्था, पेशा, सम्मान पत्र, शिक्षण व्यक्तित्व, भ्रमण, दृष्टिकोण (धार्मिक, राजनैतिक, प्रकृति, जीवन) रुचि, लेखन प्रेरणा, भाषा, वाह्य तथा आन्तरिक व्यक्तित्व, साहित्यिक व्यक्तित्व तथा निष्कर्ष जस्ता विषयहरु समावेश गरिएको छ ।

चौथो परिच्छेदमा कथा सिद्धान्तका आधारमा सुस्मिता नेपालको “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहको कथातत्वका आधारमा विश्लेषण गरिएको छ । उक्त कथाको परिचय पात्र, कथानक, परिवेश, भाषाशैली, दृष्टिविन्दु उद्देश्य, घटना, द्वन्द, संवाद, शीर्षकमा सार्थकता आदिका आधारमा विवेचना गरिएको छ ।

पाँचौ परिच्छेदमा परिच्छेदमा सुस्मिताको “हवाइजहाजसगै उडेको मन” कथा संङग्रहका कथाहरुको साराँश र उपसंहार प्रस्तुत गरिएको छ ।

यसरी सुस्मिता नेपालले नेपाली समाजका विविध पक्षको निरीक्षण गरेकी छन् । उनको सामाजिकता यथार्थमा आधारित छ । समाजका सुख दुःख व्यक्त गर्ने क्रममा प्रायः तृतीय पुरुष वाह्य दृष्टिविन्दुको प्रयोग गरेकी छन् । उनका कथाहरु पढि सकेपछि पाठकलाई करुणाको उद्रेक गराई सहानुभूति बटुल्न सफल भएका छन् । जुनको शिल्पगत वैशिष्ट्य हो । उनले कथामा व्याकरण सम्मत सरल भाषाको प्रयोग गरेकी छन् ।

उनले सामाजिक विषयवस्तुलाई भावनाले रङ्गाएर कथाहरुको रचना गरेकी छन् । उनको समग्र कथाको अध्ययन गर्दा वस्तुपक्ष भन्दा शिल्पपक्ष कमजोर रहेको अनुभूत हुन्छ । उनका कथाका पात्रको संवादमा जीवन्तता अपेक्षाकृत कमजोर रहेको छ । कथानकमा द्वन्दद्वारा सिर्जना हुने कौतुहलपक्ष त्यति बलियो नभएकाले कथामा रोचकता र प्रभावकारिता खस्किएको पाइन्छ । उनका कथामा प्रस्तुति केही कमजोरी भएता पनि उनलाई असफल कथाकार मान्न सकिन्न । उनका विषयवस्तुमा सामाजिकता, यथार्थता र प्रस्तुतिको सरलताले गर्दा नेपाली कथा साहित्यको इतिहासमा एउटा नक्षत्र बनेर चिनिन पुगेकी छन् ।

कथाकार सुस्मिताले नेपाली कथा क्षेत्रमा कुनै वाद वा प्रवृतिलाई आमन्त्रण नगरेतापनि उनले नेपाली कथाको क्षेत्रलाई समृद्ध पार्ने काम गरेकी छन् ।  नारी समस्यामा केन्द्रित तथा आर्थिक रुपमा विपन्न वर्गको चित्रणमा बढी रुचि भएकी सुस्मिता नारीवादी कथाकारको रुपमा बढि चिनिन्छिन् । उनलाई सरल भाषाकी प्रयोक्ताका रुपमा लिन सकिन्छ । भावपक्ष र शिल्पपक्षको संयोजनमा शिथिलता भएकाले मैनाली, कोइराला, भिक्षु, गोठालेका कथा जस्तो स्तरीय नभएको प्रतीत हुन्छ । मैनाली र कोइराला भैंm युगान्तकारी कथाकारका रुपमा स्थापित नभए तापनि आफ्नो जीवनको लामो समयसम्म साहित्य साधना गरेर नेपाली साहित्यलाई धनी बनाउने काममा अघि बढेकी छन् । सामाजिक जीवनका महत्वपूर्ण स-साना विषयलाई कथागत स्वरुपमा ढाली त्यसको प्रसङ्ग अनुसार व्याख्या गर्नु कथाकार नेपालको निजत्व हो । उनले छरिएर रहेका विषयलाई समेट्ने मात्र होइन त्यसको महत्वलाई पनि आफ्ना कथामा प्रकाश पारेकी छन् । बोलीचालीको भाषा, शैलीगत सरलता, विषयचयनको गहनता र सुक्ष्म विश्लेषणात्मकता कथाकार नेपालको पहिचान हो । सामाजिक यथार्थवाद भित्र रहेर विशेष गरी समाजका विपन्न वर्गका समस्यालाई केलाउँदै सरल, सहज र कोमल भाषा एवम् छरितो शैलीमा प्रस्तुत गर्नु नेपालको कथाकारिताको वैशिष्ठ हो ।

यसरी सुस्मिताले सामाजिक असमानता, शोषण, दमनका विरुद्ध कलम चलाएकी छन् । जनस्तरमा उपयुक्त चेतना व्यङ्ग्यात्मक रुपबाट दिन सक्ने क्षमता नै उनको साहित्यिक जीवनको सकारात्मक पक्ष हो । सुस्मिता नेपाल आगामी दिनमा अझ कालजयी साहित्य सिर्जना गर्ने कुरा व्यक्त गर्दै साहित्यमा अगाडि बढेकी बहुमुखी प्रतिभाकी धनी स्रष्टा देखिन्छिन् ।

# सन्दर्भकृतिसूची


अपतन, तुलसी र अन्य (२०३४), **सम्मेलन कथासंग्रह**, दार्जीलिङ्ग : श्याम ब्रदर्श ।

अर्याल, भैरव, (सम्पा.),(२०२५), **साझा कथा**, काठमाडौ : साझा प्रकाशन ।

उपाध्याय, केशवप्रसाद (२०४९), **साहित्यप्रकाश**, पाँ.सं.,काठमाण्डौ :साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद, **आफ्नो कथा**, काठमाण्डौ : चेतना साहित्य प्रकाशन ।

गौतम, अङ्गत, **परशु प्रधानको कथा शिल्प** (२०५३), विराटनगर : वाणी प्रकाशन ।

छोटा प्रेम,(सम्पा.), (२०५३) **धवलागिरिका कथा**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव (२०४९), **पाश्चात्य समालोचनाको सैध्दान्तिक परम्परा भाग २,ते.सं**., काठमाण्डौ : साझा प्रकाशन ।

नेपाल, घनश्याम (इ.१९८७), **आख्यानका कुरा**, सिलगढी : साहित्य प्रचार समिति ।

नेपाल, शैलेन्द्र प्रकाश,(सम्पा.)(२०५५), **नेपाली वाङ्मय**, काठमाण्डौ :नेपाली वाङ्मय प्रतिष्ठान ।

न्योपाने, टङ्कप्रसाद, **साहित्यको रुपरेखा**, दो.सं., (२०४९), काठमाण्डौ : साझा प्रकाशन ।

पोखरेल, केकम नुच्क्यो (२०४०), **सुनगाभा**, विराटनगर : श्याम पुस्तक भण्डार ।

प्रधान, प्रतापचन्द्र (२०४५), **बृहत समालोचना**, सिक्किम : गान्तोक प्रकाशन ।

प्रधान, भिक्टर (२०४४), **नेपाली जीवनी र आत्मकथाको सैध्दान्तिक तथा ऐतिहासिक विवेचना**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

बन्धु, चूडामणि (२०५०), **भाषा विज्ञान, छै.सं**.,काठमाण्डौ : साझा प्रकाशन ।

बराल, ईश्वर, (सम्पा.) (२००७), **झ्यालबाट**, बनारस : नरेन्द्र रेग्मी गङ्गादशहरा ६५,दूधविनायक ।

बराल, ईश्वर, (सम्पा.) (२०४८), **झ्यालबाट**, पाँ.सं. काठमाण्डौ :साझा प्रकाशन ।

बराल, ईश्वर, (प्रधान सम्पा.) (२०५५), **नेपाली साहित्य कोश**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

बराल, ऋषिराज र कृष्णप्रसाद घिमिरे (सम्पा.) (२०५५), **नेपाली कथा भाग ३,**काठमाण्डौ :साझा प्रकाशन ।

बराल, कृष्णहरि र नेत्र एटम् (२०५६), **उपन्यास सिध्दान्त र नेपाली उपन्यास**, काठमाण्डौ :साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५१), **नेपाली साहित्यकार परिचयकोश**, काठमाण्डौ : नेशनल रिसर्च एशोसियट्स ।

भट्टराई, जयदेव (२०५१), **साहित्यकार परिचय र अभिव्यक्ति**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, ताना (२०२७), **नेपाली साहित्यको इतिहास**, काठमाण्डौ : सहयोगी प्रकाशन ।

शर्मा, तारानाथ (२०४०), **नेपाली साहित्यको ऐतिहासिक परिचय, दो.सं.**,विराटनगर : श्यामपुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०४८), **शैली विज्ञान**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, रमा,(सम्पा.) (२०३९), **मोती स्मृति ग्रन्थ**, काठमाण्डौ :नेपाली शिक्षा परिषद् ।

शर्मा, हरिप्रसाद (२०५०), **विश्वेवरप्रसाद कोइरालाका कथा**, काठमाण्डौ : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम (२०३९), **पच्चिस वर्षका नेपाली कथा**, काठमाण्डौ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

सुवेदी, राजेन्द्र (२०५१), **स्नात्तकोत्तर नेपाली कथा, (सम्पा.)**, काठमाण्डौ : साझा प्रकाशन ।

चौहान, शिवराज (ई.१९६६), **आधुनिक कहानियाँ**, दिल्ली : आत्मराम एण्ड सन्स ।

जिज्ञासु, मोहनलाल (ई.१९६३), **कहानी और कहानीकार**, दो.सं.,दिल्ली : आत्मराम एण्ड सन्स ।

हाँडा, सीता (ई.१९७८), **हिन्दी आख्यायिकाका विकास,** दिल्ली : आत्मराम एण्ड सन्स ।

आर.जे.रीज (ई.१९७१), **इङ्लिस लिटरेचर**, मद्रास : द मेकामिलन प्रेस ।

आचार्य, मधुरमण (ई.१९९४), **नेपाल इन्साइक्लोपेडिया**, काठमाण्डौ : नेपाल इन्साइक्लोपेडिया फाउन्डेसन ।

प्रधान, कुमार (ई.१९८४), **हिस्ट्री अफ नेपाली लिटरेचर,** मद्रास : साहित्य एकेडमी ।

घिमिरे, कृष्णप्रसाद (२०४३), **लक्ष्मीप्रसाद देवकोटाका कथाको विश्लेषणात्मक अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.ने.के.वि. ।

घिमिरे, बासु (२०३७), **कथाकार मैनालीमा पाइने आदर्शोन्मुख यथार्थवाद**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.नेपाली शिक्षण समिति ।

पोखरेल, भावना (२०५२), **बालकृष्ण पोखरेलको कथाकारिता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.ने.के.वि. ।

श्रेष्ठ, दयाराम (२०३८), **नेपाली कथा र यथार्थवाद**, अप्रकाशित विद्यावारिधि शोधगन्थ, त्रि.वि.नेपाली शिक्षण समिति ।

देवकोटा, लक्ष्मीप्रसाद (१९९९), **छोटो किस्सा**, काठमाण्डौ : शारदा ।

शर्मा, श्रीहरि (२००९), **कहानीमा सरसता : गुरुजीको मलामी**, उदय, (वर्ष १५,सङ्ख्या १२ ।

बस्नेत, कृष्णबहादुर (२०६३), **आधुनिक नेपाली उपन्यास र कथा**, काठमाण्डौ :दीक्षान्त पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम (२०६०), **नेपाली कथा भाग ४,** काठमाण्डौ : साझा प्रकाशन ।

# परिशिष्ट

प्रश्न १ . तपाईंको जन्म कहिले र कहाँ भयो ?

उत्तर : मेरो जन्म वि सं २०२७ सालको बैशाख पूर्णिमाको दिन ललितपुर जिल्लाको चापागाउँमा भएको हो ।

प्रश्न २. आफ्नो माइतीघरको आर्थिक, सामाजिक अवस्था लगायत दाजुभाइ तथा दिदीबहिनीसहित सम्पूर्ण पारिवारिक अवस्थाको जानकारी दिनुहोस् न ।

उत्तर : माइतीघरको आर्थिक अवस्था मध्यम थियो । सामाजिक अवस्था भने स्वास्नीमान्छेहरूका लागि राम्रो थिएन । लोग्नेमान्छे र स्वास्नीमान्छेका बीच ठुलो भेदभाव थियो ।

मेरो बुवा हँसिलो, गाउँघरमा सबैसँग मिल्न सक्ने, परेको बेलामा अरूको सहयोग गर्न पछि पर्नुहुन्नथ्यो । छोराछोरीलाई पनि एकदमै माया गर्नुहुन्थ्यो । मेरो गाउँमा छोरीमान्छेलाई स्कुल पठाउने चलनै थिएन - मभन्दा पहिला । मेरो बुवाको फराकिलो सोचको कारणले मैले स्कुल जाने मौका पाएँ । म जन्मिएको गाउँबाट स्कुल जाने पहिलो छोरीमान्छे म नै थिएँ ।

मेरो परिवारमा बुवा आमा र कान्छी आमा हुनुहुन्छ । मेरी आमाबाट चार जना सन्तानको जन्म भयो । मभन्दा माथि दाइ र मभन्दा पछि भाइ र बहिनीहरूको जन्म भएको हो । कान्छी आमाबाट पनि एक जना भाइ र एक जना बहिनीको जन्म भयो । यस हिसाबले बुवाका हामी छ जना छोराछोरी हौँ । बुवाले हामी सबैलाई भेदभाव नगरी राम्रो स्कुलहरूमा पढाउनुभयो ।

प्रश्न ३. तपाईंको बाल्यकाल कसरी बित्यो ?

उत्तर : घरकी ठूली छोरी भएको हिसाबले बिहानको पूजा गर्ने, बेलुकाको साँझको बत्ती बाल्ने काम मेरै थियो । त्यस्तै खाना पकाउँदा पनि आमालाई सघाउनु पर्थ्यो ।

घरका सानामसिना कामहरू र स्कुलमा गएर पढ्नुपर्ने पढाइ सँगसँगै मेरो बाल्यकाल अगाडि बढिरहेको थियो । मेरो बाल्यकालले भाइबहिनीहरूसँग निर्धक्क खेल्न पाएन । भाइबहिनीहरूसँग खेल्नुको साटो उनीहरूको जिम्मेवारी बोक्नुपर्थ्यो मैले । त्यतिबेला राम्ररी खेल्न नपाएको मेरो खेल्ने रहर अझै पनि मेरो हृदयमा सलबलाइरहेको छ ।

प्रश्न ४. आफ्नो विवाह र दाम्पत्य जीवनका सबन्धमा जानकारी गराइदिनुस् न ।

उत्तर : मेरो विवाह २०४५ सालमा कवि मञ्जुलसँग भयो । विवाह भएको त्यो दिन मेरो अठारौँ जन्म-दिन थियो । उहाँ उमेरले मभन्दा ठूलो भएपनि म सानो उमेरकी

भनेर मलाई अप्ठेरो लाग्ने व्यवहार उहाँले गर्नुभएन । अहिले पनि गर्नुहुन्न । मलाई आफूजस्तै ठानेर, आफ्नै स्थानमा लगेर राख्नुहुन्थ्यो र त्यसै अनुसारको व्यवहार गर्नुहुन्थ्यो । अहिले पनि त्यस्तै व्यवहार गर्नुहुन्छ । उहाँमा साँच्चै अचमम्को आत्मीयपन, हार्दिकपन र माया रहेछ । उहाँको त्यस किसिमको व्यवहारले म त छक्क पर्थें ।

देशमा उहाँको व्यक्तित्व निकै माथि थियो, अहिले पनि छ । म त सानी मान्छे । तर उहाँले मलाई त्यस्तो महसुस गर्नुपर्ने मौकै दिनुभएन । मैले नबुझेका कुराहरूलाई अनेक तरहले सम्झाएर जसरी भए पनि मलाई बुझाएरै छाड्नुहुन्थ्यो । अरूलाई कुरा बुझाउनमा उहाँ सक्षम हुनुहुन्थ्यो, हुनुहुन्छ । प्रत्येक व्यक्तिको प्रतिभालाई राम्ररी चिन्नुहुन्थ्यो, चिन्नुहुन्छ र त्यसैअनुसार काम गर्ने प्रेरणा पनि दिनुहुन्थ्यो, अहिले पनि दिइरहनुहुन्छ । आफूभन्दा सानाहरूबीच उहाँ एकदमै लोकप्रिय हुनुहुन्छ । शौभाग्य मैले पनि त्यो माया पाएँ ।

प्रश्न ५. आफ्नो उमेरभन्दा धेरै जेठो व्यक्तिसँग कसरी वैवाहिक सम्बन्ध कायम राख्नुभयो ? यसमा पारिवारिक स्विकृति कसरी प्राप्त गर्नुभयो ?

उत्तर : जीवन भन्नु नै एउटा संयोग रहेछ । कवि मञ्जुलसँगको भेटलाई पनि मैले मेरो जीवनको संयोग मान्नु पर्छ । पहिला, पहिला उहाँसँग भएका भेटहरू हेर्दा उहाँसँग मेरो विवाह होला भनेर मैले सपनामा पनि सोचेकी थिइनँ ।

मभन्दा पहिला उहाँले मेरो परिवारलाई चिन्नुभयो । मलाई त पछि मात्र । मेरो परिवारसँग उहाँको राम्रो सम्बन्ध भयो । उहाँको बारेमा सबै कुराहरू मेरो परिवारलाई थाहा थियो । उहाँको विगत र वर्तमान कुनै पनि कुरा, कसैसँग पनि लुकेको थिएन । सबैका लागि उहाँ खुला पुस्तकजस्तै हुनुहुन्थ्यो ।

फराकिलो विचार, देशप्रेम, मानिसहरूलाई गर्ने माया र सहयोग उहाँमा बेजोडै थियो । उहाँको यस किसिमको क्षमतासँग जल्नेहरूले उहाँलाई दिनसम्म दुःख पनि दिएका रहेछन् । उहाँको बिहे भएर पनि छुटिसकेको अवस्था रहेछ । उहाँका दुईजना छोराहरू पनि रहेछन् । उहाँको यो कुरा पनि मेरो परिवारलाई राम्ररी थाहा थियो ।

घरमा मेरो बिहेको कुरा चलिरहेको थियो । त्यही बेला उहाँसँग मेरो राम्रो परिचय हुन पुग्यो । खै के भएर हो उहाँले मलाई मन पराउनुभएको मैले थाहा पाएँ । त्यसपछि मेरो मनमा अनेकौ किसिमका द्वन्द्वहरू पनि पैदा भए । मैले धेरै सोचें - बिहे त मैले एक न एक दिन गर्नै पर्छ । कस्तो मन्छेसँग पो बिहे हुने हो मेरो ।

मैले उहाँजस्तो समाजसेवी मान्छेसँग बिहे गरें भने उहाँले अझै धेरै राम्रो काम गर्न सक्नुहुन्छ । देश र जनताको धेरै भलो गर्न सक्नुहुन्छ भन्ने कुरा मेरो मनमा खेलिरह्यो । यस्तै यस्तै विचारले म उहाँको नजिक हुन पुगें । यस्तै यस्तै विचारले मेरो उहाँसँग बिहे हुन पुग्यो ।

हाम्रो वैवाहिक सम्बन्धले उमेरलाई हेरेन । शौभाग्य, हाम्रो प्रेमलाई मेरो परिवारको स्विकृति प्राप्त भयो । मेरो बुवाको फराकिलो विचार, बाआमाको, दाजुभाइको

मप्रतिको माया, मैले उहाँहरूलाई खुसी पार्न सकेको मेरो आफ्नै व्यवहारको कारणले यो सबै सम्भव भयो जस्तो लाग्छ मलाई ।

प्रश्न ६. मञ्जुलजीको अघिल्लो वैवाहिक जीवन असफल हुनुको कारण के थियो जस्तो लाग्छ ? त्यसमा तपाईं कसलाई दोषी ठान्नुहुन्छ ?

उत्तर : मानवीय जीवनमा विवाह भइसकेपछि एक अर्काबीच प्रेम, विश्वास र समझदारी हुन एकदमै जरूरी हुन्छ भन्ने लाग्छ मलाई । उहाँ(मञ्जुलजी) को अघिल्लो वैवाहिक जीवन असफल हुनुको कारण यिनै कुराहरूको अभाव थियो ।
त्यतिबेला उहाँले जीवनमा निक्कै ठूलो विश्वासघातको सामना गर्नु परेको रहेछ । उहाँहरूको पहिलो दाम्पत्य जीवन टुट्नु त्यतिबेलाको त्यो नराम्रो परिस्थितिले निम्त्याएको त्यही विश्वासघात नै मुख्य दोषी हो भन्ने लाग्छ मलाई ।
मेरो परिवार र मैले उहाँलाई भेट्दा उहाँको जीवन निक्कै दुःखपूर्ण थियो । उहाँ र उहाँसँगै बसेर पढिरहेको उहाँको ठूलो छोराको अवस्था हेर्दा दुवैजनाले पारिवारिक स्नेहको मरुभूमिमा बाँचिरहन बाध्य हुनुपरेको कुरा छर्लङ्ग देखिन्थ्यो ।

प्रश्न ७. तपाईं र श्रीमान्को उमेर अढाइ दशकको फरक भएजस्तै व्यवहारमा पनि त्यस्तै फरक त पाउनुभएको त छैन ?

उत्तर : हाम्रो बिहे भएपछि समाजमा हामीलाई माया गर्नेहरू थिए भने हाम्रो विरोध गर्नेहरू पनि थिए । माया गर्नेहरूले मद्दत गरे, विरोध गर्नेहरूले दुःख दिए । मानिसको जीवनमा यो एकदम स्वभाविक कुरा हो । उमेर फरक गरेर बिहे गरेको हुनाले उहाँलाई फेरि धोका हुन्छ भन्नेहरू पनि थिए ।

बिहे भएपछि मैले नराम्रा परिस्थितिहरूसँग जुझ्नु पर्‍यो । धेरैले मेरो बारेमा उहाँलाई धेरै किसिमका कुराहरू भनेका रहेछन् । उहाँ सबैको कुरा राम्रोसँग सुन्नुहुन्थ्यो, सुन्नुभयो । तर उहाँको मप्रति माया र विश्वास थियो । कुरा सुने पनि उहाँले मलाई नराम्रो हुने कुनै कुरा गर्नुभएन ।

उहाँले मलाई कम उमेरकी, कम पढेकी, आफूभन्दा कम जान्नेबुझ्ने भनेर कहिले पनि नराम्रो व्यवहार गर्नुभएन । उहाँले मलाई जहिले पनि आफू योग्य सम्झनुभयो । आफू सरह व्यवहार गर्नुभयो, पढाउनुभयो । राम्रा राम्रा पुस्तकहरू पढ्न प्रेरणामाथि प्रेरणा थप्दै जानुभयो । यसरी मैले राम्रा राम्रा पुस्तकहरू पढेकी मात्र होइन, पढेर मैले लेख्न पनि थालें ।

हाम्रो बिहे भएको अहिले बाइस वर्ष पूरा भएर तेईस वर्ष लाग्यो । यी वर्षहरूका बीच हामीमा उमेरको कारणले अहिलेसम्म मतभेद भएको छैन र पछिसम्म पनि हुन्छ होला जस्तो लाग्दैन, यो कुराको विश्वास उहाँले मलाई दिनुभएको छ ।

मलाई के अचम्म लाग्छ भने उहाँ मलाई आफूभन्दा पनि अगाडि बढेको, बढीभन्दा बढी अध्ययन गरेको हेर्न चाहनुहुन्छ । मलाई बौद्धिक श्रीमतीको रूपमा देख्न चाहनुहुन्छ । मैले उहाँको त्यस किसिमको भावलाई बुझेर धेरै अध्ययन गर्न कोशिस पनि गरिरहेकी छु । उहाँको यस किसिमको व्यवहारले मलाई अझै विनम्र, अझै अध्ययनशील हुन सिकाएको छ ।

प्रश्न ८. एउटी नारीको पतिसँग विवाह गर्दा उसको अधिकारमा धक्का दिएको झैं हुँदैन र ?

उत्तर : म कसैको राम्रो घर परिवार बिगारेर आफ्नो मात्र सुख हेर्ने स्वास्नीमान्छे हुँदै होइन । यदि उहाँहरू सँगै बस्नुभएको अवस्थामा मैले मञ्जुलजीसँग बिहे गरेकी भए यो कुरा भन्न सुहाउने थियो होला । तर मैले उहाँ (मञ्जुलजी) लाई भेट्दा उहाँ धेरै किसिमका दुःखहरू झेलेर, आफ्नो ठूलो छोरा (सिर्जन) सँग बस्नुभएको थियो । फेरि कहिल्यै पनि नजोडिने गरेर उहाँको दाम्पत्य जीवन टुटिसकेको थियो । नौ वर्षदेखि उहाँ एक्लै हुनुहुन्थ्यो ।

उहाँले पाउनुभएको दुःखले मलाई निकै छोयो । नढाटी भन्नु पर्दा उहाँको बच्चाको पनि मलाई माया लाग्यो । त्यसैले मैले उहाँसँग विवाह गरेँ ।

प्रश्न ९. हाल तपाइँको पारिवारिक विवरण दिनुहोस् न ।

उत्तर : अहिले हाम्रो परिवारमा श्रीमान् छोरी (समिका नेपाल ), छोरा (मिहार नेपाल ) र म छौँ ।

प्रश्न १०. आफ्नो औपचारिक शिक्षा आरम्भ कहिलेदेखि भयो र कतिसम्म शिक्षा प्राप्त गर्नु भएको छ ?

उत्तर : मेरो औपचारिक शिक्षाको आरम्भ म छ वर्षकी हुँदादेखि भयो । कक्षा एकदेखि सातसम्म मैले बज्रबाराही माध्यमिक विद्यालयमा अध्ययन गरेँ । मैले पढेको मेरो बुवालाई एकदमै मन पर्‍यो । त्यसैले अझै राम्रोसँग पढ्न सकोस् भनेर उहाँले मलाई पनि दाइ र भाइ पढेकै ललितपुर माध्यमिक विद्यालयमा (बोर्डिङ स्कुल )मा भर्ना गरिदिनुभयो । मैले आठ कक्षादेखि दश कक्षासम्म यही स्कुलमा अध्ययन गरेँ । यसै स्कुलबाट एस.एल. सी. पास गरेकी हुँ मैले । आइ.ए. देखि एम.ए, सम्मको अध्ययन चाहिँ मैले पद्मकन्या कलेजबाट पुरा गरेँ ।

प्रश्न ११. व्यावसायिक जीवन के कस्तो छ र कसरी बितिरहेको छ ?

उत्तर : हामी दुवैजना पढाउछौं, लेख्छौं र अनुवादका कामहरू गर्छौं । हाम्रो आय आर्जनको बाटो त्यही हो । हाम्रो व्यावसायिक जीवन व्यस्तरूपमा बितिरहेको अनुभव गर्छौं हामीहरू ।

प्रश्न १२. तपाईंले साहित्य लेखन कहिलेदेखि अनि कुन विधाबाट प्रारम्भ गर्नुभयो ? त्यसमा प्रेरणाको स्रोत के वा कसलाई मान्नुहुन्छ ?

उत्तर : औपचारिक रूपमा भन्नु पर्दा मेरो साहित्य लेखन कविताबाट सुरु भएको हो । वि.सं. २०४७ सालमा ' जुनलाई हियाउन खोज्नेलाई ' भन्ने शीर्षकको कविता साहित्यिक पत्रिका 'श्रृङ्खला' मा प्रकाशित भयो ।

साहित्य लेखन प्रेरणाको स्रोत पहिला मेरै घरको वातावरण भयो भने पछि थुप्रै अग्रज साहित्यकारहरू, समकालीन साहित्यकारहरू पनि प्रेरणाको स्रोत बन्नुभयो । यही प्रेरणाले अहिले पनि केही न केही लेख्न, लेखिरहन हौसला थपिरहेको छ मलाई ।

प्रश्न १३. सबैभन्दा बढी प्रेरणाको स्रोत प्राप्त गर्ने कृतिका रूपमा कुन रोज्नुहुन्छ र आफ्नो लिखित र प्रकाशित पहिलो रचनाको जानकारी गराइदिनुहोस् न ।

उत्तर : सबैभन्दा बढी प्रेरणाको स्रोत प्राप्त गर्ने कृतिहरू थुप्रै छन् मेरा लागि । उपन्यास विधाले मलाई विशेषरूपमा प्रेरणा दिएको छ । समग्रमा यस्ता प्रेरणादायी कृतिहरू भन्नु पर्दा - गोपालप्रसाद रिमालको किताब ' आमाको सपना' हो जसले मलाई कविता लेख्न प्रेरित गर्‍यो । मेक्सिम गोर्कीको उपन्यास 'आमा', रमेश विकलको 'अविरल बग्दछ इन्द्रावती', विजयमल्लको 'अनुराधा' सरूभक्तको 'पागल वस्ती' अनि अरू पनि थुप्रै उपन्यासहरू मैले पढें । मैले किताबहरू पढ्दा मेरो श्रीमान् अत्यन्त खुसी हुनुहुन्थ्यो । उहाँलाई खुसी बनाउन पाउँदा मलाई कति खुसी लाग्दो हो - यसको त अन्दाज पनि गर्न सकिँदैन सजिलै ।

उपन्यासहरू पढ्ने क्रममा सरूभक्तको 'पागलवस्ती' पढ्नासाथ मलाई पनि एउटा उपन्यास लेख्ने प्रेरणा भयो । यो कुरा मैले मेरो श्रीमान्लाई भनेँ । सुरुमा त उहाँले मेरो कुरामा विश्वासै गर्नुभएन । मैले मेरो इच्छा र चाहना राम्रोसँग राखेपछि उहाँले नै मलाई सुन्दर कापी र कलम किनिदिनुभयो । मेरो लेख्ने रुचिलाई उहाँले अझै बलियो बनाइदिनुभयो ।

वास्तवमा भन्नुपर्दा मैले कथा नै नलेखी एकैचोटि उपन्यास ' एकान्त पनि रुन्छ' लेखें । यो मेरो पहिलो कृति हो र यो २०५३ सालमा प्रकाशित भयो । यो उपन्यास लेखनमा, प्रकाशनमा मेरो श्रीमान् मञ्जुल र मैले अत्यन्त आदर गरेको मेरो प्रिय काका रमेश विकलको ज्यादै ठूलो हात छ । रमेश विकल काकाको अविरल बग्छ इन्द्रावती पढेर मैले उहाँलाई एउटा चिठी लेखेकी थिएँ । मेरो चिठी पढेर रमेश विकल काकाले मलाई पत्रिका मार्फत दिनुभएको त्यो चिठीको जवाफ मेरो साहित्यिक

जीवनका लागि कोसेढुङ्गा नै साबित भयो । **पागल वस्ती** पढेर उपन्यास लेखेकी थिएँ त्यो कुरा फोन मार्फत थाहा पाएर दाजु सरूभक्त मलाई अझ प्रेरणा दिन पोखरादेखि मेरो कार्यक्रममा भाग लिन काठमाडौँ आउनुभयो । मलाई मेरा अग्रज र समकालीनहरूले दिनुभएको प्रेरणा र प्रोत्साहनको सबै कुरा गर्ने हो भने यो उत्तर धेरै लामो बन्छ । छोटकरीमा भनौँ नेपाली साहित्यको बगैँचामा मैले सुन्दर वातावरणमा हुर्कने मौका पाएँ । त्यसो त त्यो उपन्यास मैले लेखेकै होइन मञ्जुलले आफैले लेखेर मेरो नाममा छपाइदिएको हो भन्नेहरू पनि देखा परे । तर मलाई र मेरो लेखनलाई चिन्ने अनि मलाई माया गर्ने मेरा अग्रज साहित्यकार दिदीहरूले त्यसो भन्नेहरूलाई यस्तो मजाले प्रहार गरिदिनुभयो - मेरो स्वाभिमान सगरमाथाझैं उठ्यो र मलाई प्रहार गर्नहरू भुइँ नभएको पहाडझैँ भएर ढले ।

प्रश्न १४. यहाँको विचारमा साहित्य के हो ?

उत्तर : जीवनमा घट्ने विभिन्न किसिमका घटनाहरूलाई अनुभूतिका माध्यमबाट कलात्मक भाषामा लेखिने सिर्जना नै साहित्य हो भन्ने लाग्छ मलाई ।

प्रश्न १५. सिर्जनाका प्रेरक तत्व के के हुन् भन्ने ठान्नुहुन्छ ?

उत्तर : सिर्जनाका प्रेरक तत्व भनेको मेरो विचारमा समाज, परिवेश, मन छुने घटनाहरू साथसाथै स्वदेश र विदेशका राम्रा राम्रा पुस्तकहरूको अध्ययन हो । खुसी भएर गर्न मन लाग्ने आफ्नो लेखन-अभ्यास हो, विभिन्न चरित्र र स्वभाव भएका मानिसहरू सँगको भेटघाट हो ।

प्रश्न १६. तपाईंका हालसम्म प्रकाशित कृतिहरू कुन कुन विधासँग सम्बन्धित छन् ती मध्ये आफूलाई मन पर्ने विधा र मन पर्ने कृति कुन हो ? किन ?

उत्तर : मेरा हालसम्म प्रकाशित कृतिहरू हुन्,

१ एकान्त पनि रून्छ (उपन्यास , २०५३)
२ मेरा छातीका कोलाजहरू (उपन्यास, २०५५)
३ उडेका उमेरहरू (उपन्यास, २०५९)
४ काला-लाका रातहरूमा टेक्दै (उपन्यास, २०६१)
५ एउटा आवाजको जन्म (उपन्यास,२०६१)
६ आकाशका हजारौँ हातहरू (उपन्यास, २०६५)
७ ताल-हृदयभित्रको (कविता सङ्ग्रह, २०६४)
८ हवाइजहाजसँगै उडेको मन (कथा सङ्ग्रह, २०६६)
९ पत्रैपत्र (उपन्यास , सहलेखन २०६८) हुन् ।

मेरा प्रकाशित कृतिहरू उपन्यास, कथा र कविता विधाका छन् । यी कृतिहरूको सिर्जना गर्दा मेरो भित्री मन एक प्रकारले आनन्दित भइरहेको थियो । त्यसैले मलाई यी सबै कृतिहरू मन पर्छ ।

प्रत्येक मानिसको जीवन नै एउटा सुन्दर उपन्यास हो भन्ने मलाई लाग्छ त्यसैले मलाई मन पर्ने विधा चाहिँ उपन्यास नै हो ।

मैले निबन्ध पनि लेखेकी छु तर ती निबन्धहरू किताबको रूपमा छापिएका छैनन् ।

प्रश्न १७. तपाईंलाई मन पर्ने साहित्यकारहरू को को हुनुहुन्छ र उहाँहरूको कस्तो प्रवृतिले यहाँलाई छुन पुग्यो ?

उत्तर : मलाई मन पर्ने साहित्यकारहरू धेरै हुनुहुन्छ । महाकवि लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल, शङ्कर लामिछाने, पारिजात, भूपि शेरचन, रमेश विकल, विजय मल्ल, तारानाथ शर्मा, जनकप्रसाद हुमागाइँ, ईश्वरबल्लभ, ध्रुवचन्द्र गौतम, मञ्जुल, भुवन ढुङ्गाना, भागिरथी श्रेष्ठ, सरूभक्त, दिनेश अधिकारी, तीर्थ श्रेष्ठ, प्रतिसरा सायमी, उषा शेरचन, विमल निभा, रमेश क्षितिज आदि र अरू पनि थुप्रै ।

समग्र रूपमा समाजमा रहेका विसङ्गतिका बारेमा लेख्नु नै यी सबै साहित्यकारहरूको मुख्य प्रवृति हो । नराम्रा कुराहरूलाई हटाई सुन्दर समाजको कल्पना गर्ने उहाँहरूको त्यस किसिमक कलाले मेरो मन छुन पुग्यो ।

प्रश्न १८. सिर्जना र समालोचनालाई विभिन्न रङले रङ्गाउने गरिन्छ त्यस सम्बन्धमा आफूलाई कुन मान्यताप्रति आस्थावान् ठान्नुहुन्छ ?

उत्तर : सिर्जना र समालोचना दुवै आ-आफ्ना किसिमका छन् । यी दुवै विषयका स्वभाव र प्रकृतिहरू पनि आ-आफ्ना किसिमका छन् ।

म रचनाको सिर्जना गर्दा मानवीय जीवनको गरिमालाई, त्यसको परिवेश र सङ्घर्षलाई, उसको सुख दुःखलाई हेरेर लेख्छु । सिद्धान्तलाई अप्नाएर सिर्जनात्मक कृतिहरू रचना गर्ने मेरो बानी होइन । मेरो विचारमा स्रष्टाले सिर्जना गरेको कृतिलाई समालोचकले अध्ययन गरेर यो कृति कुन सिद्धान्तमा निहित छ भन्ने कुरा ठम्याउँछन् - यस्तो मलाई लाग्छ । सिद्धान्तलाई अगाडि राखेर साहित्यिक कृतिहरूको सिर्जना गर्ने स्रष्टाहरू पनि हुनुहुन्छ तर मेरो चाहिँ बाटो त्यो होइन ।

प्रश्न १९. राजनीतिको प्रभावविना पनि साहित्य सम्भव छ ?

उत्तर : राजनीतिको प्रभावविना साहित्य सम्भव छैन भन्ने मलाई लाग्छ किनभने कुनै न कुनै रूपमा मानिसको जीवनलाई राजनीतिले असर पारिरहेको हुन्छ । कुनै साहित्यिक कृतिमा राजनैतिकले बढी प्रभाव पारेको हुन्छ त कुनैमा कम...।

प्रश्न २०. लेखनबाहेक अर्को कुनै पेसामा संलग्न हुनुहुन्छ ?

उत्तर : मैले माथि नै भनेँ लेखनबाहेक म अध्यापन पेसामा संलग्न छु । विश्वभाषा क्याम्पस, एम्स एकेडेमी, एसियन कलेज, ब्राइट फ्युचर कलेजहरूमा पढाइरहेकी छु । पढाउन मलाई आनन्द लाग्छ, लेख्नुजस्तै ।

प्रश्न २१. नेपाली साहित्यको वर्तमान अवस्थालाई कसरी हेर्नुहुन्छ ?

उत्तर : पहिलेको साहित्यिक अवस्थाले भन्दा अहिलेको साहित्यिक अवस्थाले अझै फैलिने मौका पाएको छ । पाठकहरू पनि मज्जाले बढेको अनुभव हुन्छ मलाई । वर्तमान अवस्थाको साहित्यिक लेखनमा गरिएका नयाँ नयाँ प्रयोगहरूले पनि साहित्यिक कृतिहरू झन ओजपूर्ण भएको जस्तो लाग्छ । लेख्नेहरू पनि खुसी छन्, पढ्नेहरू पनि खुसी छन् । योभन्दा सुन्दर कुरा के हुन सक्छ साहित्यमा ? विदेशका सुन्दर कृतिहरूको नेपाली भाषामामा अनुवाद र नेपालका सुन्दर कृतिहरूको विदेशी भाषामा अनुवादको अभाव एकदमै खट्किन्छ ।

प्रश्न २२. वर्तमान अवस्थामा साहित्यिक स्रष्टाहरूको दायित्व के होला जस्तो लाग्छ ?

उत्तर : देशको अवस्था कुनै कुरामा राम्रो हुँदै गएको छ भने कुनै कुरामा झन् झन् खस्कँदै पनि गएको छ । खासगरी यो खस्कँदो अवस्थालाई कसरी राम्रो बनाउने भन्ने कुरा मनमा राखेर स्रष्टाहरूले आफ्ना कृतिहरू सिर्जनाहरू गर्नु पर्छ ।

प्रश्न २३ साहित्य सिर्जनका लागि कस्तो र कति समय छुट्याउनुहुन्छ ?

उत्तर : साहित्य सिर्जनका लागि यति नै समय भनेर त मैले कहिले पनि छुट्याएकी छैन । लेख्नका लागि कहिले समय हुन्छ तर कहिलेकाहीँ समय पटक्कै हुँदैन ।
मैले लामो समयसम्म केही नलेखी बसेँ भने मेरो श्रीमान्ले मलाई लेख्नको लागि उचित वातावरण बनाइदिनुहुन्छ ।

प्रश्न २४. नेपाली उपन्यास र उपन्यासकारबाट सबैभन्दा बढी आफूलाई परेको प्रभावबारे जानकारी दिनुहोस् न ।

उत्तर : अध्ययन गर्ने क्रममा उपन्यासकार रमेश विकलको उपन्यास 'अविरल बग्दछ इन्द्रावती' ले मलाई प्रभावित बनायो । माझी समुदायको सङ्घर्षपूर्ण जीवनलाई

नजिकबाट हेरेजस्तो लाग्यो । यो उपन्यास पढेपछि समाजमा केही गर्ने उत्साह ममा थपियो । उपन्यासकार सरूभक्तको उपन्यास 'पागलवस्ती' ले विसङ्गतिले भरिएको समाजको गजबको चित्रण गरेको छ । यो उपन्यास पढेपछि मलाई पनि उपन्यास लेख्ने जमर्को चल्यो । मैले 'एकान्त पनि रून्छ' उपन्यास लेखेँ ।

प्रश्न २५. साहित्यका धेरै विधाहरूमध्ये यहाँको कलमले धेरै उपन्यास नै रोज्नुको कुनै कारण छ कि ?

उत्तर : मलाई साहित्यका सबै विधाहरू मन पर्छ । खै के भएर हो, उपन्यास विधामा मेरा मनका भावहरू सजिलै फुक्छन् । यी भावहरूका लागि उपन्यासमा मैले सधैँ खुला आकाश पाउने गरेकी छु । म काव्यात्मक शैलीमा गद्यको रचना गर्ने कोशिस गर्छु । उपन्यास-सिर्जनाले मलाई सधैँ यो मौका दिन्छ ।

प्रश्न २६. साहित्य सिर्जनामा पारिवारिक सहयोग कस्तो पाउनुभएको छ ?

उत्तर : केही त मैले माथि पनि भनिसकेँ । पारिवारिक सहयोग बिना त म कसरी साहित्य सिर्जना गर्न सक्छु र ? मैले लेखिरहेको बेलामा मलाई कुनै वाधा पो हुन्छ कि भनेर मेरो श्रीमान्‌ले सधैँ विचार गरिदिनुहुन्छ । लेखिरहेको बेलामा उहाँले एकान्त र शान्तिलाई एकदमै महत्व दिनुहुन्छ । तातो चिया ल्याएर मेरो अगाडि राखिदिनुहुन्छ । उहाँको यस किसिमको सहयोग र माया मेरो लेखनले प्राप्त गरेको छ । यस कुरामा म आफूलाई भाग्यमानी ठान्छु ।

कुनै घटनाबाट आफैले अनुभव प्राप्त गर्नु जस्तो नै हो कुनै कृति पढेर त्यसबाट ज्ञान हासिल गर्नु । तर मञ्जुलजी आफूले पढेका राम्रा कृतिहरूको चर्चा मसँग बरोबर गरिरहनुहुन्छ । त्यसैले ती कृतिहरूसम्म पुग्न, तिनीहरूबाट ज्ञान हासिल गर्न पनि मलाई पारिवारिक सहयोग मिलेको छ ।

प्रश्न २७. तपाइँका कृतिहरू मध्ये उपन्यास विधाले प्राथमिकता पाएको छ; नेपाली उपन्यासका खास प्रवृतिहरू बताइदिनुहुन्छ कि ?

उत्तर : उपन्यास विधा लोकप्रिय विधा हो । मैले साहित्यको अध्ययन गर्ने क्रममा उपन्यासहरू नै धेरै पढेँ । लेख्ने क्रममा पनि उपन्यासहरू नै बढी लेखेँ । नेपाली साहित्यमा देखा परेका औपन्यासिक प्रवृतिहरूमा सबैभन्दा पहिला आदर्शोन्मुख यथार्थवाद हो । नेपाली उपन्यासका खास प्रवृतिहरूमा भन्नु पर्दा स्वच्छनदतावादी, सामाजिक यथार्थवादी, ऐतिहासिक यथार्थवादी, मनोविश्लेषणवादी, अतियथार्थवादी, आलोचनात्मक यथार्थवादी, नारीवादी, प्रकृतवादी, विसङ्गतिवादी, अस्तित्ववादी, प्रयोगवादी, मिथकीय प्रयोगहरू हुन् । यस्ता प्रवृतिहरू बोकेका उपन्यासहरू नेपाली साहित्यमा आइसकेका छन् ।

अहिलेको समाजमा व्याप्त जातपात, छुवाछुतका कुराहरू पनि व्यापक रूपमा आइरहेका छन् । त्यसैले उपन्यासका क्षेत्रमा  कुराहरू, त्यस्तै जनजाती चेतनाका बारेमा अनि द्वन्द्वले ग्रसित भएको मानवीय परिवेशलाई लिएर पनि उपन्यासहरू लेखिएका छन् ।

आफूले भोगेको सत्यलाई आत्मकथ्यका रूपमा प्रस्तुत गर्ने प्रवृति पनि एकदमै मौलाएर आइरहेको छ ।

प्रश्न २८. तपाईंका उपन्यासहरूको सामाजिक सन्देश के हो ?

उत्तर : समाजमा विभिन्न खाले मानिसहरू छन् । तिनीहरूका विभिन्न खाले स्वभावहरूले सामाजमा केही न केही प्रभाव पारिरहेको हुन्छ । मेरो विचारमा, मानिसहरूले नजानेरभन्दा जानेरै धेरै राम्रा कामकुराहरू गरिरहेका हुन्छन् । त्यस्तै जानेरभन्दा बढी नजानेर धेरै गल्तीहरू पनि गरिरहेका हुन्छन् । मानिसहरूले नराम्रो परिस्थितिबाट निकासा पाउनु पर्छ । सबैले स्वतन्त्र र शान्तिपूर्ण रूपमा यो समाजमा बस्न पाउनु पर्छ । म पात्रहरू टिप्दै जान्छु, तिनीहरूको स्वभाव अनुसार तिनीहरूलाई उपन्यासमा बुन्दै जान्छु । उपन्यास तयार भएपछि आफसेआफ तयार हुने मेरा उपन्यासहरूको सन्देश यही हो भन्ने मलाई लाग्छ ।

प्रश्न २९. नेपाली साहित्य लेखनको भविष्य कस्तो देख्नुहुन्छ ?

उत्तर : नेपाली साहित्य लेखनको भविष्य एकदम सुन्दर देख्छु ।

प्रश्न ३०. साहित्यभित्र पनि ठूलै राजनीतिक घुसपैठ हुन्छ भनिन्छ । तपाईंलाई के लाग्छ ?

उत्तर : तपाईंले भनेको सही हो । तर वास्तविक साहित्य आफ्नै स्वभावले मौलाउँछ । कालिदाश, शेक्सपियर, बाल्जाक, फेदोर दस्तोएभ्स्की, रविन्द्रनाथ टेगोरजस्ता महारथीहरू कुनै पार्टीको सदस्य भएर ठूला लेखक भएका होइनन् र कुनै पार्टीले ठूला लेखक बनाइदिएकाले ठूला लेखक भएका पनि होइनन् । ती आफ्नै प्रतिभा र आफ्नो कार्यले ठूला भएका हुन् ।

प्रश्न ३१. साहित्य क्षेत्रमा पदार्पण गर्ने नयाँ सर्जकलाई के सल्लाह दिनुहुन्छ ?

उत्तर : अध्ययन र अभ्यासले नै यस क्षेत्रमा केही गर्न सकिन्छ । साहित्यको क्षेत्रमा लाग्ने  हरेक नयाँ सर्जकलाई म यही सल्लाह दिन्छु । मानिस मुख्य कुरा हो । उसको जीवन मुख्य कुरा हो । तर ऊ उसको प्रकृति र संस्कृतिले निर्मित हुन्छ ।

प्रश्न ३२. तपाईं कस्तो लेखनलाई उत्कृष्ट ठान्नुहुन्छ ?

उत्तर : वास्तविक जीवनलाई समेटेर र समाजको कुनै पनि पक्षसँग इमान्दार भएर लेखिएको लेखन मलाई उत्कृष्ट लाग्छ, जुन लेखनले समाजलाई अघि बढ्न केही उर्जा दिन सकोस् ।

प्रश्न ३३. आफ्नो विशेष रुचि तथा सोखका विषयमा भन्नु पर्दा ?

उत्तर : लेखन कला मेरो विशेष रुचि हो । जसरी साहित्य लेख्दा मलाई आनन्द लाग्छ त्यसै गरी खाना पकाएर अरूलाई खुवाउन पाउँदा पनि आनन्द लाग्छ । यसको साथै पढाउन पनि मन लाग्छ । विभिन्न ठाउँहरू घुम्न, नयाँ नयाँ कृतिहरूको अध्ययन गर्न, सङ्गीत सुन्न, बगैँचामा फूलहरू फुलाउन, नयाँ मानिसहरूसँग भेट्न, नानीहरूसँग खेल्न मलाई साह्रै मन लाग्छ ।

प्रश्न ३४. भविष्यमा साहित्य सिर्जनाका क्षेत्रमा यहाँको के कस्तो योजना रहेका छन् ?

उत्तर : मेरो जीवनको महत्वपूर्ण समय पढ्ने र लेख्ने कार्यमा नै बित्यो । यसमा म खुसी पनि छु । भविष्यमा पनि लेखन कार्यलाई अझै बलियो बनाएर अगाडि लैजाने मेरो योजना छ । पहिले उपन्यास त्यसपछि अरू बिधामा कलम चलाउँछु होला । मेरो लागि उपन्यास-लेखन कुनै मन मिल्ने घनिष्ट सँगिनीसँग समय बिताउनु जस्तै हो ।

प्रश्न ३५ राम्रो लेखक बन्न के के कुराको आवश्यक देख्नुहुन्छ ?

उत्तर : राम्रो लेखक बन्नलाई विनम्र हुनुपर्छ । घमण्डी हुनुहुँदैन, तर अरू असल मानिसहरूभैँ लेखकले पनि स्वाभिमानी चाहिँ हुनु पर्छ । सत्य कुरालाई आत्मसात गरेरर लेख्न सक्नुपर्छ भन्ने मलाई लाग्छ । त्यस्तै निरन्तर अध्ययन र निरन्तर अभ्यासले लेखकमा राम्रा राम्रा कुराहरू लेख्ने उत्साह सधैँ थपिरहन्छ भन्ने कुरा पनि मलाई सही लाग्छ ।

प्रश्न ३६ आफ्नो साहित्यिक यात्रामा तपाईँ कति सन्तुष्ट रहनुभएको छ ? किन ?

उत्तर : अहिलेसम्म मैले जति पनि कृतिहरू लेखेँ । म खुसी त भएँ तर सन्तुष्ट भने हुन सकेकी छैन । किनकि जुनरूपमा मैले हाम्रो समाजको वास्तविक यथार्थलाई आफ्ना रचनाहरूमा भित्र्याउन खोजेँ त्यसरूपमा, अथवा भनौँ आफूले चाहे जस्तो परिस्कृत रूपमा, अझै पनि भित्र्याउन सकेकी छैन ।

प्रश्न ३७. श्रीमान्कै दवावका कारण तपाईं साहित्यमा लाग्नुभएको त होइन ?

उत्तर : होइन, एकदमै होइन । सुरुमा चाहिँ श्रीमानलाई बुझ्ने क्रममा साहित्य र सङ्गीतको अध्ययनमा लागेँ । तर कतिबेला, कतिबेला आफैले पनि राम्ररी थाहै नपाई म साहित्यिक रचनातिर तानिएछु ।

साहित्य दवावकै कारणले सिर्जना हुने भए हाम्रो वास्तविक समाजको चित्र कस्तो हुने थियो होला ? तपाईं नै सोच्नुस् त, के स्रष्टाहरूले रमाएरै यति राम्रा रचनाहरूको सिर्जना गर्थे होलान् त ?

मेरो श्रीमान् आफै पनि यो देशको परिचित साहित्यकार हुनुहुन्छ । साहित्यको सिर्जना दवावबाट होइन, आफूले अनुभूत गरेको अनुभूतिलाई कुनै न कुनै रूपमा व्यक्त गरूँ भन्ने स्रष्टाको तीब्र चाहनाले हुन्छ भन्ने कुरा उहाँलाई राम्ररी थाहा छ । त्यसैले प्रतिकूल परिस्थितिले मलाई दवाव दिएर कहिलेकाहीँ मैले साहित्यको सिर्जना गर्न नपाएको बेलामा चाहिँ मेरो साथ दिएर त्यो प्रतिकूल परिस्थितिको विरुद्ध जुझ्न मेरो श्रीमान्ले मलाई साथ दिनुहुन्छ र मेरा लागि साहित्य सिर्जना गर्ने वातावरण बनाउन हरकिसिमले मद्दत गर्नुहुन्छ ।

प्रश्न ३८. धर्ममा कत्तिको विश्वास छ ? मूर्ति पूजाका सम्बन्धमा तपाईंको कस्तो धारणा रहेको छ ?

उत्तर : धर्ममा मलाई विश्वास छ । मान्छेमा धर्म भयो भने मात्र उसले समाज र मानव हितकोलागि केही गर्छ भन्ने मलाई लाग्छ । हाम्रो परम्परामा एकअर्कोलाई नजिक ल्याउने कुरा पनि धर्म नै हो । अहिलेको समाजमा मानवीयपन हराउँदै जानुको कारण पनि धर्मलाई नमानेर हो कि जस्तो लाग्छ मलाई ।

धर्मको अर्थ हरेक दिन मूर्ति पूजा गर्नै पर्छ भन्ने कुरामा भने म विश्वास गर्दिनँ । कहिले, कहिले मन्दिरमा गएर पनि पूजा त गर्छु, मनको शान्तिको लागि तर सधैँ होइन । धर्म भन्नु नै काममा विश्वास गर्नु हो भन्ने लाग्छ मलाई ।

प्रश्न ३९. तपाईं आफ्ना कृतिहरूमा कुन पक्षलाई बढी प्राथमिकता दिनुहुन्छ ?

उत्तर : म आफ्ना कृतिहरूमा शैली पक्षलाई बढी जोड दिन्छु ।

प्रश्न ४०. आफूलाई आर्थिक र पारिवारिक दृष्टिले कुन वर्गमा राख्नुहुन्छ ?

उत्तर : मध्यम वर्गमा ।

प्रश्न ४१. तपाईँ जीवनमा कुनै पुरस्कारबाट पुररस्कृत हुनुभएकोभए त्यसको पनि विवरण दिनुस् न ।

उत्तर :

| | | |
|---|---|---|
| १ कविता लेखन | सान्त्वना | जाउलाखेल युथ क्लव ( २०५१) |
| २ साहित्य नव प्रतिभा चयन | नवप्रतिभा पुरस्कार | प्रष्फुटन परिवार (२०५१) |
| ३ कविता लेखन | तृतीय | नेपाली काङ्ग्रेस कपन गाउँ एकाइ काठमाडौं (२०५३) |
| ४ निबन्ध-लेखन उपत्यका व्यापी स्नातकोत्तर स्तरीय बिबन्ध प्रतियोगिता | तृतीय | साहित्य कुञ्ज नेपाली केन्दीय विभाग त्रि वि कीर्तिपुर (२०५४) |
| ४ कविता-लेखन (राष्ट्रिय कविता महोत्सव) | तृतीय | नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान(२०५४) |
| ५ कविता-लेखन(युवा कवि मोतिराम भट्टको १३२ औँ जन्म जयन्ति समारोह) | प्रथम | पद्मकन्या बहुमुखी क्याम्पस(२०५४) |
| ६ उत्कृष्ट कविता-लेखन छनौट | उत्कृष्ट कवयत्री | शब्दघर (२०५५) |
| ७ उपन्यास लेखन | रामराज पन्त स्मृति सम्मान | वाणी प्रकाशन, विराटनगर(२०५५) |
| ८ सयपत्री राष्ट्रिय सम्मान -२१६७ | सम्मान | सयपत्रीप्रतिष्ठान नेपाल (२०५१) जनगाल, काभ्रे |

प्रश्न ४२. साहित्यिक सिर्जना र पुरस्कारका बारेमा तपाईंको कस्तो धारणा रहेको छ ?

उत्तर : पुरस्कार पाउनकै लागि भनेर कुनै पनि साहित्यकारले साहित्यको सिर्जना गर्छ जस्तो मलाई लाग्दैन । आफूले सिर्जना गरेको कामलाई कदर गरेर कसैले पुरस्कृत गर्छ भने त्यो चाहिँ खुसीको कुरा हो । यसले स्रष्टालाई आफ्नो कामलाई अघि बढाउन थप प्रेरणा मिल्छ भन्ने मलाई लाग्छ ।

प्रश्न ४३. यहाँले आफ्नो दाम्पत्य र पारिवारिक जीवनलाई कस्तो ठान्नुभएको छ ?

उत्तर : मैले आफ्नो दाम्पत्य र पारिवारिक जीवनलाई एउटा सुन्दर पुस्तकजस्तै ठानेकी छु ।

प्रश्न ४४. साहित्यिक स्रष्टा भएर आफ्नो परिवारप्रतिको दायित्व कसरी पूरा गर्नुभएको छ ?

उत्तर : हामी स्रष्टाहरूले साहित्यिक कृतिहरूको रचान गर्नुको उद्देश्य भनेकै सुन्दर परिवारको, व्यवस्थित राष्ट्रको अपेक्षा गर्नु हो । त्यसैले परिवारप्रतिको दायित्व बहन गर्दै मैले आफ्ना रचनाहरूको सिर्जना गर्ने गर्छु । मेरो श्रीमान्को उपचार गर्ने, साहित्यकारको रूपमा उहाँलाई माया गर्ने डाक्टरहरूले भन्नुहुन्छ म एउटी नर्सजस्तै छु । यो सुनेर खुसी लाग्छ मलाई । सिर्जना गर्ने वातावरण सुन्दर छ मेरो लागि । यस कुरामा म आफूलाई भाग्यमानी ठान्छु ।

अध्ययन गर्न, कृतिहरूको सिर्जना गर्न मैले रातको समयलाई धेरै मात्रमा चुन्ने गर्छु । किनभने शान्त समयमा लेख्नुको आनन्द नै अर्कै हुन्छ । कुनै रचना मैले छिटै लेख्नु पर्‍यो भने मलाई मेरो श्रीमान्ले सहयोग गर्नुहुन्छ ।

प्रश्न ४५. साहित्यमा नारीवादी साहित्यलाई कत्तिको स्थान दिनुहुन्छ ?

उत्तर : साहित्यमा नारीवादी साहित्यलाई म स्थान दिन्छु । साहित्य सिर्जनाको लागि यो महत्वपूर्ण पनि छ । नारीहरूले पनि पुरुषहरूजस्तै समानता पाउनुपर्छ । एउटा परिवारमा जसरी बुबाको सम्मान हुन्छ त्यसरी नै आमाको पनि सम्मान हुनुपर्छ । प्रकृतिले दिएको मानवीय स्वभावलाई हामी कसरी बदल्न सक्छौं र ? स्वास्नीमान्छेको स्वभाव स्वास्नीमान्छेकोजस्तो र लोग्नेमान्छेको स्वभाव लोग्नेमान्छेकोजस्तो भएन भने अथवा त्यसलाई परिवर्तन गर्न खोजियो भने मानव जातिको अस्तित्व कहाँ रहन्छ र ? जसरी लोग्नेमान्छेहरूले स्वास्नीमान्छेहरूलाई दुःख दिए त्यसरी नै स्वास्नीमान्छेले लोग्नेमान्छेलाई दुःख दिनुपर्छ भन्ने विचारसँग चाहिँ म सहमत छैन । दुःख दिनु, दबाउनुजस्ता कुराहरू कसैले कसैलाई गर्नुहुन्न ।

प्रश्न ४६. समाजमा आफ्नो परिचय कसरी दिनुहुन्छ ?

उत्तर : समाजको लागि हित हुने काम गरेर, त्यसमा पनि साहित्य र अध्यापनमा मन छुने किसिमको आफ्नो बेग्लै परिचय बनाएर ।

प्रश्न ४७ तपाईंको विचारमा एउटा लेखकले लेख्नु बाहेक के गर्न सक्छ जस्तो लाग्छ ?

उत्तर : एउटा लेखकले ती सबै कामहरू गर्न सक्छ जो सामान्यतया अरू मानिसहरूले गर्न सक्छन् । लेख्नु त उसको प्राथमिकता मात्र हो । एउटा लेखकले लेख्ने मात्रै वातावरण पाए अझ सुन्दर रचनाहरू सिर्जना हुन सक्थे कि ? तर आमा मानिसहरूबीच रहेर, सगोलको जिन्दगी बाँचेर लेख्नुको आनन्द पनि अर्कै छ । जेहोस् लेख्नका लागि उसले अरूभन्दा अलि बढी समय चाहिँ पाउनै पर्छ ।
एउटा लेखकले लेख्नु बाहेक अरू धेरै कुराहरू गर्न सकेको हामीले हाम्रै समाजका लेखकहरूको जीवनबाट देखिसकेका छौं नि, होइन र ?

प्रश्न ४८. एउटै सूत्रमा भन्नुपर्दा जीवन र जगत् के होला ?

उत्तर : जीवन र जगत् प्रकृतिले दिएको एउटा सुन्दर वरदान हो ।

प्रश्न ४९. भाग्य र पुरुषार्थमा तपाइँ कुनलाई बढी महत्व दिनुहुन्छ ? कारणसहित स्पष्ट परिदिनुहोस् न ।

उत्तर : भाग्यलाई भन्दा म पुरुषार्थलाई बढी महत्व दिन्छु । मेरो विचारमा असल काम गर्नु नै सुन्दर भाग्य हो ।

प्रश्न ५०. समाजसेवाका क्षेत्रमा कुनै विशेष उल्लेखनीय कार्य गर्नुभएको भए बताइदिनुस् न ।

उत्तर : साहित्य र अध्यापन क्षेत्रमा मैले काम गरिरहेकी छु । ती दुवै काम समाजसेवाकै लागि गरेकी हुँ । आफूले गरेको कामको अगाडि विशेष, उल्लेखनीयजस्ता विशेषणहरू राख्न मलाई अप्ठ्यारो लाग्छ, मन लाग्दैन । मेरो विचारमा, त्यो त मेरो काम हेरेर अरूले भन्ने कुरा हो । मेरो काम हेरेर अरूले त्यस्तो भन्ने स्तरमा अहिले म पुगिसकेकी छैन ।

प्रश्न ५१. तपाइँको जीवनी, व्यक्तित्व र कृतित्वबारे हुन लागेको शोध सम्बन्धमा कस्तो धारणा राख्नुभएको छ ?

उत्तर : कुनैपनि कार्यमा निरन्तरता दिँदै गएपछि त्यसको मूल्याङ्कन हुने रहेछ । मैले पनि साहित्यको क्षेत्रमा निरन्तरता दिँदै आइरहेकी छु । मैले गरेका साहित्यिक कामहरूको मूल्याङ्कन भएछ । मेरो जीवनी, व्यक्तित्व र कृतित्वबारे हुन लागेको शोध सम्बन्धमा मलाई एकदमै खुसी लागेको छ ।

प्रश्न ५२. तपाइँका अवस्मरणीय सुखद र दुःखद क्षणहरूको बारे बताइदिनुहोस् न ।

उत्तर : सुखद क्षणहरू धेरै छन् । अहिलेको मेरो पारिवारिक परिवेश पनि मेरो सुखद क्षण हो । मेरो जीवनमा घटेका दुःखद क्षणहरू पनि धेरै छन् । तर दुखद क्षणहरूलाई फर्की-फर्की किन सम्झिनु र ? जुनबेला ती क्षणहरू घटे त्यतिबेला सहन साह्रै गाह्रो भयो तर तिनै क्षणहरूको तीव्र अनुभूतिले नै दिए मलाई सुन्दर सिर्जनाहरू जसलाई पढेर मेरा पाठकहरूले पनि मनपराइदिनुभयो ।

प्रश्न ५३. मेरा प्रश्नमा नपरेका तर तपाइँले भन्न चाहेका केही कुरा छन् भने बताइदिनुस् न ।

उत्तर : सुस्मिता भनेर तपाइँले मलाई चिन्नुहुन्छ । वास्तवमा मेरो नाम सुस्मिता नै हो । साहित्यमा म यही नामले परिचित छु, यही नामले नै परिचित हुन चाहन्छु पनि । लेख्न थालेपछि मैले आफैले राखेको नाम हो यो । तर मेरो नागरिकतामा, स्कुल,

कलेजका प्रमाणपत्रहरूमा चाहिँ मेरो नाम सुन्दरी हो । म बगाले थापाकी छोरी हुँ त्यसैले मेरो नाम सुन्दरी थापा हो । मेरो श्रीमान्को थर नेपाल हो । हाम्रो चलन अनुसार अब मेरो नाम सुन्दरी ( थापा ) नेपाल हो ।

बाबाकी पहिली छोरी म । खुबै राम्री देखिएछु मेरो बाबाको नजरमा म -त्यसैले भन्न चाहनुभयो - सुन्दरी । उहाँ मेरो नाम फेर्न चाहनुहुन्न । उहाँ त्यही नामले बोलाउनुहुन्छ मलाई । म पनि मीठो मानेर हजुर भन्छु । तर तपाईं चाहिँ मलाई सुस्मिता नै भन्नुस् है । साहित्यमा मेरो नाम सुस्मिता नै हो ।